ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक



किरण पुस्तकालय
तम्घास, गुल्मी

# चन्द्रकोट गाउँपालिकामा रहेका मठमन्दिर र दर्शनीय स्थलहरू




शान्तिपुर बजार



टिमुरे ताल



दिब्रुङ्ग मन्दिर



अर्जेवा झरना

# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

❏ वर्ष : ४८ ❏ अङ्क : ३ ❏ सम्पूर्णाङ्क : ९० ❏ वैशाख-असार, २०७८

**सम्पादक**
शशि पन्थी

**सह-सम्पादक**
दीन पन्थी

**सहायक सम्पादक**
भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**
गोपाल पन्थी
राधा पन्थी
हिमकला राना
ईश्वर वि.क.

**किरण पुस्तकालय**
तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)
सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)
मो.नं. : ९८५११४८८०७, ९७४७००२०७९
E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com

मूल्य : रु.१००/-

*कम्प्युटर सेटिङ : ईश्वर वि.क.*
*मुद्रक : सुशिला प्रिन्टर्स, गुल्मी ०७९-५२०४५०*
*E-mail : spgulmi 33@gmail.com*

आवरण पृष्ठ : चन्द्रकोट गाउँपालिकामा अवस्थित ऐतिहासिक चन्द्रकोट देवी मन्दिर

# हाम्रो पुरुषार्थ (त्रैमासिक)


*काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ०१-४८२०२२१

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**कृष्णप्रसाद भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

*रूपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

*चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

*दाङ प्रतिनिधि*

**अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

*पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

*पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

*विदेश प्रतिनिधि*

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**हरिनारायण सापकोटा**
७१९-सेमेका एभेन्यू, १ आर, रिजबुड, क्वीन्स, जिप्कोड-११३८५, न्यूयोर्क, अमेरिका
फोन नं. १-३४७-५१०-२७७१

**सम्पादकीय**

# बुद्धम् शरणम् गच्छामि

- यहींबाट छरिएथ्यो एउटा ज्योति टाढाटाढासम्म । युगयुग ननिभेर त्यसले बाटो देखाउनेछ सबैलाई । त्याग, तप, सत्य, शान्ति र करुणाको त्यो मृत्युञ्जय ज्योतिलाई सादर नमन ।

- बुद्ध एउटा विचार हो । बुद्ध एउटा आचार हो । बुद्ध शान्ति हो । बुद्ध क्षमा हो । बुद्ध शील हो । बुद्ध प्रज्ञा हो । बुद्ध आनन्द हो । राजगद्दी छोडेर भिक्षुक बनेको एउटा त्यागमूर्ति । मैत्री, करुणा, मुदिता र उपेक्षाका भावनाहरूबाट उद्दीप्त एउटा करुणामूर्ति ।

- हाम्रो लुम्बिनी बुद्ध खोजेर रोइरहेछ । हामी बुद्धभूमिमा उभिएर बुद्ध खोजिरहेछौं । बुद्धका पाउ पुज्छौं हामी । धूप बाल्छौं-धूपको सुमधुर गन्धमा बुद्ध खोज्छौं । बुद्धको शरणमा जान सकेनौं हामी । आचारबाट बुद्धपथमा हिंड्न जानेनौं हामी ।

- शुद्ध, निर्दोष र पवित्र जीवन बाँच्नुपर्छ भन्ने बुद्धको आदेश हो । हिंसा, चोरी, व्यभिचार, असत्य, मद्यपान बढिरहेको राष्ट्रमा बुद्धका शीलहरू बबुरा बनिरहेछन् । हामी आचारमा बुद्धलाई बेचिरहेछौं फगत् ।

- काषाय वस्त्रले र मालाले मात्र बुद्धको अनुसरण हुँदैन । अहिंसा, सत्य, त्याग, करुणा, मैत्री, प्रज्ञा र संयमको बाटो हो बुद्धको । शील अर्थात् सदाचारको मार्ग हो बुद्धको । बुद्ध जप्छौं तर बुद्धको बाटोमा हिंड्दैनौं हामी ।

- विचारले पनि, आचारले पनि हामी बुद्धपथमा हिंड्न सिकौं । लुम्बिनीको सन्देश सुनौं-पञ्चशीलको । सम्झौं हाम्रा विभूतिलाई राष्ट्रका । उनका मूर्ति र मन्दिरको चर्चा होइन, उनका विचार र आचारहरूलाई हृदयंगम गरौं । पच्चीस सय पैंसट्ठीऔं बुद्धजयन्तीमा महात्मा बुद्धप्रति भक्ति र गौरवबोध गर्दछौं । बुद्धं शरणं गच्छामि ।


-ooo-

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| १. | हाम्रो संस्कार, संस्कृति र धर्मसमेत... | पुरुषोत्तम उपाध्याय | १ |
| २. | हाम्रो पुरुषार्थ | डा. लक्ष्मीकान्त पन्थी | ५ |
| ३. | नेपाली भाषाको शुद्धीकरण | दिवाकर प्रधान | ६ |
| ४. | नयाँ वर्षको शुभकामना | मोहन ज्ञवाली | १२ |
| ५. | कोरोना | कृष्णप्रसाद कोइराला | १३ |
| ६. | स्वाभिमान कवितासङ्ग्रहमा नारीवादी... | टंकप्रसाद पन्थ | १५ |
| ७. | यै देशमा बाँच्न र मर्न पाऊँ | विजयराज भट्टराई | ३० |
| ८. | काग र स्याल | रमेश गौतम 'पाल्पाली' | ३२ |
| ९. | मनुको 'सिम-सिम पानी' | पुष्कर अथक रेग्मी | ३३ |
| १०. | 'पश्चात्ताप'प्रति एक दृष्टि | स्व.डा. टीकाराम पन्थी | ३९ |
| ११. | म त आकाश हो | कृष्णप्रसाद खनाल 'कुश्मा' | ४१ |
| १२. | केही मुक्तकहरू | डा. श्यामप्रसाद न्यौपाने | ४४ |
| १३. | गुल्मी बसाइको सुनौलो अनुभूति | रोहितप्रसाद ज्ञवाली | ४५ |
| १४. | कर्णाली यात्रा | चन्द्रकान्त आचार्य | ५० |
| १५. | दुष्ट व्यक्ति आफन्त कहिल्यै हुँदैन | पद्मप्रसाद शर्मा | ५९ |
| १६. | टिमुरको झोल कथासङ्ग्रहको ... | डा. शंकरप्रसाद गैरे | ६२ |
| १७. | निजामती पुरस्कार | अरूणबहादुर खत्री 'नदी' | ६९ |
| १८. | महिला-राज्य | कृष्ण बजगाईं | ७० |
| १९. | थोपा | मेघराज ढकाल (विद्यावारिधि) | ७१ |
| २०. | युवा उमेरमा नैतिक शिक्षाको सार | डा.नातीमैञा मानन्धर भण्डारी | ७३ |
| २१. | डोरोफेरो वन, कति रुँदो हो ... | हरिप्रसाद भण्डारी | ७७ |
| २२. | शिक्षाक्षेत्रको तीतो सत्य | नारद गौतम | ८२ |
| **स्थायी स्तम्भहरू** | | | |
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | डा. लक्ष्मीकान्त पन्थी | १ |
| ३. | अनुभव/अनुभूति | हीरामणि सापकोटा | ८३ |
| ४. | चन्द्रकोट गाउँपालिकाको परिचय | चन्द्रप्रकाश उपाध्याय | ८७ |
| ५. | पुस्तकालय परिचय | भारद्वाज | ९३ |
| ६. | किरण पुस्तकालयको पातो | सचिव | ९७ |
| ७. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | ९९ |
| ८. | यताउताबाट | बुद्धिराम गैरे | १०४ |
| ९. | पाठक-प्रतिक्रिया | (क) दुर्गादत्त पौडेल | १०८ |
| | | (ख) रामचन्द्र पन्थी | १११ |
| | | (ग) भक्ति उपाध्याय | ११६ |
| १०. | किरण पुस्तकालयका आजीवन सदस्यहरूको परिचय | | १२२ |
| ११. | हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू | | १२३ |


०००

# हाम्रो संस्कार, संस्कृति र धर्मसमेतको भविष्य अन्धकारपूर्ण देखिन्छ ।



✍ **पुरुषोत्तम उपाध्याय**

*(पौरस्त्य वाङ्मयअन्तर्गतका विविध शास्त्रहरू न्याय दर्शन, वैशेषिक दर्शन, सांख्य दर्शन, योग दर्शन, पूर्वमीमांसा, उत्तर मीमांसा एवं व्याकरण, ज्योतिष, गणित, धर्मशास्त्र आदि अनेक विषयका मूर्तिमान् विद्वान्, लामोसमय पिण्डेश्वर संस्कृतविद्यापीठ धरानमा प्राध्यापन गरी मेहन्द्र संस्कृत विश्वविद्यालयको शिक्षाध्यक्ष हुँदा विश्वविद्यालयका क्रियाकलापहरूबाट असन्तुष्ट भई १८ महिनामै राजिनामा गरेर सेवानिवृत्त हुनुभएका ९३ वर्षीय गुरु पं. पुरुषोत्तम उपाध्याय भट्टराईज्यूसँग हाम्रो पुरुषार्थका लागि भेटघाट गरी लक्ष्मीकान्त पन्थीद्वारा सोधिएका केही प्रश्नहरूको उहाँबाट संक्षिप्त रूपमा प्राप्त उत्तरहरू यसप्रकार छन्–**सम्पादक**)*

**१. हजुर नमस्कार छ गुरु ! म आज हजुरसँग हाम्रो गुल्मी जिल्लाबाट प्रकाशित हुने 'हाम्रो पुरुषार्थ'का लागि केही प्रश्नहरू लिएर आएको छु । सर्वप्रथम हजुरको स्वास्थ्य कस्तो छ ? स्वास्थ्य रक्षाका लागि कस्तो उपाय गर्दै रहनुभएको छ ?**

❑ केही महिना पहिले त म बिरामी भएको थिएँ । बिस्तारै सञ्चो लाग्यो । अहिले मेरो स्वास्थ्यमा केही गडबडी छैन । म यथास्थितिमा छु ।

**२. हजुरको पारिवारिक पृष्ठभूमिसहित कहाँबाट के कस्तो शिक्षा-दीक्षा कसरी प्राप्त गर्नुभयो ?**

❑ मेरा मातापिता भारतको दार्जिलिङ् जिल्लाअन्तर्गत दिलाराम भन्ने गाउँमा बस्ने गर्नुहुन्थ्यो । त्यहाँ उहाँले ज्योतिष हेरी फलादेश गर्ने र कर्मकाण्ड सम्बन्धी कामसमेत गर्दै जीवन चलाइरहनुभएको रहेछ । मेरी एक दिदी र

मसमेत मेरा दुई भाइहरूको जन्म पनि त्यहीं भएको हो । मेरो जन्म १९८५ साल कार्तिक १५ गते भएको थियो । मेरो ८ वर्षको उमेर हुँदा त्यहीं नै पिताजीको देहान्त भयो । त्यसपछि हामी आफ्नो घर भएको भोजपुरको झुल्के भन्ने गाउँमा फर्क्यौं । त्यहाँ केहीसमय बसी म बूढामावलीको घर सिक्तेल भन्ने गाउँमा आएर बसें, । त्यहाँ बसेर गोगने पाठशालामा पं. जयदेव गुरुसँग मध्यकौमुदी पढ्दै गरें । त्यसपछि म १९९२ सालमा काठमाडौं आएँ । त्यहाँ रानी पोखरीस्थित संस्कृत प्रधान पाठशालामा कौमुदीको अवशिष्ट भाग तथा पाठ्यक्रमसमेत पढेर वि.सं. २००० सालमा प्रथमा परीक्षा दिएको थिएँ । त्यसपछि राजज्योतिषी पं. राधानाथ लोहनी गुरुसँग ४ वर्षसम्म ज्योतिष विषय पढें । त्यसपछि परीक्षा पनि दिनुपर्छ भन्ने विचारले २००५ सालमा वाराणसी पुगें । वाराणसी पुगेपछि दर्शनशास्त्र पढ्न थालें । त्यहाँ लगभग ३ वर्ष जति दर्शनशास्त्र पढेर वि.सं. २००७ सालमा सम्पूर्ण मध्यमा परीक्षा दिएर द्वितीय श्रेणीमा उत्तीर्ण भएँ ।

यसपछि पनि वाराणसीमा नै बसेर पढ्दै गरें । त्यहाँ पढाउँदै पनि रहें । यसरी इसवीसन् १९६० मा नव्यन्याय विषयमा आचार्य परीक्षा दिएको हुँ । द्वितीय श्रेणीमा उत्तीर्ण भएँ । त्यसपछि म नेपालमा फर्किएँ ।

**३. त्यसबेलामा हजुरले विद्याआर्जन गरी नेपालमा फर्केपछि यहाँ योग्यता अनुसारको जागिरमा लाग्न सहज भयो कि ? कठिनाइ भएको भएमा कसरी अगाडि बढ्नुभयो ?**

❑ आफ्नो गाउँ भोजपुर जिल्लामा त योग्यताअनुसारको ठाउँ पाउन सम्भव थिएन । लगभग ४ वर्ष जति अस्थायीरूपमा कहिले कहाँ कहिले कहाँ गर्दै ६/७ ओटा स्कूलहरूमा पढाएर बिताएँ । यस्तो जागिर स्थायी होस् भन्ने अपेक्षा पनि गरिएन । किनकि मेरो विषयअनुसार थिएन । यसपछि २०२१ सालमा म काठमाडौं आएँ । काठमाडौं आएपछि मैले तथ्याङ्कविभागमा सुब्बा भएर काम गर्ने अवसर पाएँ । यो जागिर पनि मेरो विषय र योग्यता अनुसार थिएन । तैपनि २०२५ साल भाद्र महिनाको १४ गतेसम्म सुब्बा भएर काम गर्दैथिएँ ।

**४. गुरु ! हजुरले औपचारिक अध्यापन वृत्ति कहाँबाट शुरू गर्नुभयो ? कहिलेसम्म कति वर्ष सेवा गर्नुभयो ?**

❑ सुब्बा भएर काठमाडौं बसेकै बेला २०२५ साल भाद्र १५ गतेदेखि त्रि.वि. अन्तर्गत पिण्डेश्वर संस्कृत महाविद्यालय धरानका लागि न्यायविषयमा अध्यापनार्थ नियुक्त भएँ । अन्यत्र कतै सरूवा पनि भएन । त्यहाँ २०५२ सालसम्म पढाएर बसें । २७ वर्ष सेवा गरें । त्यसपछि सेवा निवृत्त भएँ ।

**५. हजुरले पढाउने गरेका विषयहरू के के हुन्थे ? कुनैबेला कुनै ठाउँमा प्रशासनिक वा शैक्षिक पदासीन पनि हुनुभयो कि ?**

❑ मेरो विषय न्यायदर्शन हुनाले विशेष रूपमा न्यायविषय नै मैले पढाउने गरें । कुनै बेला आवश्यकता हुँदा क्याम्पसमा गणित विषय पनि मैले पढाएँ । यसै समयभित्र २ कार्यकालका लागि क्याम्पसप्रमुख भएँ । त्यसपछि २०४७ सालमा महेन्द्र संस्कृतविश्वविद्यालयको शिक्षाध्यक्ष पदमा नियुक्त भएँ । त्यहाँ रहँदा संस्कृत विषयको उन्नयन, संरक्षण र संवर्द्धनका लागि विश्वविद्यालयबाट हुनुपर्ने क्रियाकलाप नभएका हुँदा म असन्तुष्ट रहेको कारणले १८ महिनापछि राजिनामा दिएर त्यो पद छोडें ।

**६. गुरु ! हजुरले प्राध्यापन गरेको विषय न्यायदर्शन हो भन्ने त थाहा भयो । यो न्यायदर्शन भनेको के हो ? यसले बुझाउने विषयवस्तु के हुन् भन्ने कुरा अहिलेका मानिसहरूले बुझ्ने गरी संक्षेपमा सरल भाषामा खुलस्त पारिदिनुभयो भने राम्रो होला कि ?**

❑ न्यायदर्शनका दुईवटा हाँगा छन् । १. प्राचीनन्याय २. नव्यन्याय । प्राचीनन्याय भनेको संसारमा रहेका या संसारमा देखिने सम्पूर्ण पदार्थहरूको विवेचना गर्ने शास्त्र हो । त्यसैले यसलाई पदार्थशास्त्र पनि भन्ने गरिन्छ । 'नव्यन्याय' भनेको जुनसुकै कुराको प्रमाणको खोजी र त्यसको विवेचना गर्ने शास्त्र हो ।

**७. गुरु ! वर्तमान समयका बहुसङ्ख्यक विद्यार्थीहरूको संस्कृत विषय पढ्ने प्रवृत्ति देखिंदैन । यस स्थितिमा व्यवहारमा न्यायदर्शनको उपयोगिता भनौं या सार्थकता कसरी सिद्ध होला ?**

❑ संस्कृत पढ्नमा प्रवृत्ति नै नभएपछि त त्यसको कुनै औषधि नै भएन नि ।

यो नव्यन्याय विषय खास गरी न्यायशास्त्र तथा अन्य शास्त्रहरू बुझ्नका लागि साधनस्वरूप उपकारक विषय हो । यसले प्रमाणहरूको अध्ययन गर्दछ । प्रमाणका बलले न्याय पढेका विद्यार्थीहरू न्यायेतर अन्य शास्त्रहरूको पनि रहस्य उद्घाटन गर्न सक्षम हुन्छन् । अन्यथा हुन सक्दैनन् । जसले साहित्य, व्याकरण, धर्मशास्त्र आदि पढ्दैन भने त्यसलाई न्याय किन पो चाहियो र ? त्यसैले त्यस्ताका लागि न्यायशास्त्र उपकारक हुन सक्दैन भन्नुपरेको हो । तसर्थ संस्कृत पढ्ने प्रवृत्ति जगाउन प्रथमतः राष्ट्र लाग्नुपर्‍यो र सम्बन्धित विज्ञहरू उत्पादन गर्नुपर्‍यो । अनि त्यसको संरक्षण सम्वर्धन गर्नुपर्‍यो । यसो गरेमा पढ्ने प्रवृत्तिको विकास हुनुका साथै सम्बन्धित विषयको उन्नति पनि हुन सक्छ ।

**८. सेवा निवृत्त जीवन के कसरी बिताउँदै हुनुहुन्छ ?**

- ❑ संस्कृतको संरक्षण र सम्वर्द्धनका निमित्त संस्कृतविद्यासंवर्द्धिनी समितिको स्थापना गरी त्यसमार्फत गुरुकुल, मा.वि. तथा संस्कृतविद्यापीठसमेत अद्यावधि संचालन गरिरहेको छु ।

**९. धरानमा हजुरले सञ्चालन गर्दै आउनुभएको संस्कृतविद्यासंवर्द्धिनी समितिले के कसरी काम गर्दै आएको छ ? यसको सञ्चालनविधि वा प्रक्रियाले विद्यार्थीहरू कत्तिको लाभान्वित भएका छन् ? यसमा हजुर कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

- ❑ संस्कृतको संरक्षण तथा संवर्द्धनका निमित्त सरकारी नियम कानुनले तथा छात्र अभिभावकहरूले एवं सामाजिक परिवेशले गर्दा लक्ष्यअनुसार काम गर्न बाधा परेकाले त्यति सन्तुष्ट हुनसकेको छैन । तथापि भएजतिका विद्यार्थीहरूले पढेका छन् र पढ्दै पनि छन् । यी विद्यार्थीहरूको भोजनादि व्यवस्था संस्कृतप्रेमी दाता महानुभावहरूको सहयोगबाट चलेकै छ ।

**१०. हजुरले पढेको विद्यालाई प्रकाश पार्ने केही कृतिहरू लिखित वा प्रकाशित पनि छन् ? भएमा ती के के हुन् ? बताइदिनुहोस् ।**

- ❑ अध्यापन कार्यमा बढी अभिरुचि भयो । पुस्तक लेख्न जरूरत देखिएन । त्यसैले मेरा लिखित कृति छैनन् ।

**११. वर्तमान समयमा हाम्रो समाजमा संस्कृत शिक्षाको पठन-पाठन प्रणालीलाई अझै बढाउन, खासगरी यसको उन्नयन गर्न अथवा गेहे गेहे जने जने गराउन के के उपायहरू गर्नुपर्ला जस्तो लाग्छ ? कृपया बताइदिनुहोस् ।**

- ❑ प्राचीन गुरुकुलीय शिक्षा पद्धतिबाट आधारभूत शिक्षा प्राप्त गराई उच्च शिक्षा लिने व्यवस्था मिलाएमा मात्र संस्कृतको संरक्षण हुन्छ । त्यसपछि कसले के विषयमा उच्च शिक्षा लिन चाहन्छ भन्ने त स्वैच्छिक कुरा हो । जसले जे चाहन्छ त्यो पढ्न सक्छ । वस्तुतः शिक्षामा सरकारी नियन्त्रण रहनुहुँदैन । गुरुको विचारअनुसार तथा विद्यार्थीको क्षमताअनुसार गुरुले शिक्षा दिने र विद्यार्थीले लिने प्रणाली भएमा मात्र संस्कृतको संरक्षण संवर्द्धन हुनसक्छ । अन्यथा अविलम्ब धराशायी हुनसक्छ ।

**१२. नेपाली भाषा र साहित्यको वर्तमान अवस्था कस्तो देख्नुहुन्छ नि ?**

- ❑ अहिले हेर्दा सबैतिर राम्रो देखिएको छ । यो मेरो विषय नभएकोले यसमा के कस्ता गतिविधिहरू भएका छन् भन्ने विशेष जानकारी भने मलाई छैन ।

**१३. अहिले हाम्रो नेपाली समाजमा विदेशी शिक्षा मात्र होइन, रहन–सहन, चाल चलन र संस्कृति नै भित्रिन लागेजस्तो देखिन्छ । यसले अब हाम्रो सामाजिक अवस्था कस्तो होला ? हजुरको विचार जान्न पाऊँ ?**

❑ वर्तमान अवस्थामा हिन्दुजगत् नै सुषुप्तिअवस्थामा रहेको देखिएकाले यसमा सुधार हुन समय लाग्ने ठान्दछु ।

**१४. हजुरको दृष्टिमा जीवन के हो ? र जीवन दर्शन कस्तो हुनुपर्छ भन्ने ठान्नुहुन्छ ? सो पनि कृपया बताइदिनुहोस् ।**

❑ जसले यो सृष्टि गर्‍यो, उसले आफ्नो सृष्टि सञ्चालन गर्नका लागि मेसिनरीको व्यवस्था पनि मिलाएको छ । त्यो के हो त भने श्रुति स्मृतिहरूद्वारा निर्दिष्ट क्रियाकलाप हुन् । त्यसकारण श्रुतिस्मृतिनिर्दिष्ट मार्गको अवलम्बन गरे मात्र मानव जीवनको सार्थकता भनौं उद्देश्य पूरा हुन्छ । अन्यथा मनोमानी गरेमा मानव जीवनको लाभ प्राप्त हुन सक्तैदन ।

**१५. नयाँ पुस्तका विद्यार्थीहरूका लागि हजुरको केही सन्देश छ कि ?**

❑ हामीहरूको जन्म खान-लाउनका लागि मात्र नभएर नित्य आनन्द प्राप्तिका लागि प्रयास गर्न पनि हो । त्यस्तो उपाय ऋषिमुनि प्रतिपादित मार्ग नै हो । त्यसकारण फेरि फेरि दुःख कष्ट भोग्न नपरोस् भनी त्यस्तो बाटो चल्नु आवश्यक छ । त्यस्तो नित्य आनन्द भनेको परब्रह्म परमात्माको स्वरूप हो । त्यसको खोजी गर्नमा निरन्तर अभ्यास गर्दै रहनुपर्छ । यति गर्न नसकेमा मानवजन्म लिएको सार्थकता हुँदैन । तसर्थ मानव जन्मलाई सार्थक बनाउन कोसिस गर्न नछोड्नू यहीं मेरो सन्देश हो ।

ooo

# हाम्रो पुरुषार्थ

✍ **डा. लक्ष्मीकान्त पन्थी**
**धुर्कोट गा.पा.-७, वाग्ला, बडाचौर, गुल्मी**
**हाल : काठमाडौं**

हाम्रो हो 'पुरुषार्थ' यो गजबले पढ्ने गरौं बेसरी
छापेका रचनाहरू सब बुझौं भित्री कुरा राम्ररी ।
यो 'हाम्रो पुरुषार्थ' सार्थक हुँदै जाओस् अगाडी सधै
हामी नै अब सारथि प्रबल भै यस्लाई बोकौं अझै ॥
(१)

यस्मा जे रचना र लेखहरू छन् हामी सबै ती पढौं
लेख्ने क्यै छ कुरा भने त मनमा लेखौं र छाप्ने गरौं ।
नब्बे अङ्क पुगीसके अब छिटो यस्को शयौं अङ्क होस्
यस्को जन्मशताङ्क हेर्न सहजै हाम्रो सदिच्छा पुगोस् ॥
(२)

ooo

# नेपाली भाषाको शुद्धीकरण

✍ **दिवाकर प्रधान**
**भारतीय भाषा विभाग, कला संकाय,**
**काशी हिन्दू विश्वविद्यालय,**
**वाराणसी, उत्तर प्रदेश**

विदेशी आगन्तुक शब्दहरूको खाडलमा नेपाली भाषा पस्नै आँटेको थियो । फारसी, अरबी, उर्दू, हिन्दी भाषाका शब्दबिना नेपाली लेख्न-बोल्न नै नहुने ठानिएको बेला ईशाब्द १९५६-तिर काशीका विद्यार्थी बालकृष्ण पोखरेल, तारानाथ शर्मा, वल्लभमणि दाहाल आदि सचेतहरूले झर्रोवादी आन्दोलन थालेका थिए । नेपाली भाषाको मौलिकतालाई जोगाउन, नेपाली भाषा सम्पन्न, समृद्ध र स्तरीय बनाउने दिशामा यो आवश्यक भाषिक अभियान थियो । उनीहरू विश्वविद्यालय स्तरमा गुरु बनेपछि यस अभियानमा विश्वास गर्नेहरू धेरै भएका थिए । अब उनीहरू कति दिवङ्गत भइसके, कति सेवा निवृत्त भइसके । यत्तिकैमा हिन्दी टीभी सिरियल र सिनेमाबाट नेपालीभाषी समाजले ह्वात्तै विदेशी शब्द समातिहाल्यो । यसमा उता नेपाल सरकारको सहयोग पनि भएन । नेपालको सरकारी र न्यायिक कामकाज नेपालीको नाममा अरबीमै हुनथाल्यो । सम्झाइदिने-बुझाइदिने मान्छे भएका भए राजा महेन्द्रले त बुझ्दथे होला तर राजप्रासाद गएर तेलेहरूले उल्टो भने - 'दरवारमा दरवारी भाषा' अर्थात् मध्यकालीन दिल्ली दरवारको जस्तो । राजप्रासादको सहयोग पाएको भए झर्रोवादले चाहेको नेपाली भाषा रक्षा अभियान सफल हुनेथियो । अचेल उताका थुप्रै लेखक र पत्रकारहरूले कनिकनी विदेशी आगन्तुक शब्द लाएर नेपाली लेख्न थाले । पाँच वर्षअघिसम्म सुन्दै नसुनेका शब्दहरू नेपाली लेखनमा देखिन थालेका छन् । यो चिन्ताको विषय भएको छ । भाषा मरे जाति नासिन्छ ।

विदेशी आगन्तुक शब्दहरूको खाडलमा मराठी भाषा पस्नैआँटेको बेला प्रशासक नै सचेत बनेका थिए - छत्रपति शिवाजी महाराज अन्यथा शिवाजी राजे भोसले (१६३०-१६८०) । उनी भारतका महान् योद्धा एवं रणनीतिकार थिए । उनले नै ईशाब्द १६७४-मा पश्चिम भारतमा मराठा साम्राज्यको बीज रोपेका थिए । धेरै वर्ष औरङ्गजेबको मोगल साम्राज्यसित संघर्ष गरे । १६७४-मा रायगढमा उनको राज्याभिषेक भयो । यसरी उनी छत्रपति बने । शिवाजी महाराजले आफ्नो अनुशासित सेना एवं सुसङ्गठित प्रशासनिक प्रभागको सहायता लिएर एउटा योग्य एवं प्रगतिशील प्रशासन प्रदान गरे । उनले समर-विद्यामा अनेक नवाचार ल्याए तथा छापामार युद्ध (Gorilla War)-को नव शैली (शिवसूत्र) विकसित गरे । सबैभन्दा ठूलो काम प्राचीन हिन्दू राजनीतिक प्रथा तथा प्रासादीय शिष्टाचार पुनर्जीवित गरीकन फारसीको स्थानमा मराठी एवं संस्कृतलाई राजकाजको भाषा

बनाए । भारतको स्वतन्त्रता सङ्ग्राममा कैऔं मानिसले शिवाजीको जीवनचरित्रबाट प्रेरणा लिएर भारतको स्वतन्त्रताका लागि आफ्ना तन, मन धन आहुति दिएका थिए । शिवाजी महाराजले राज्य व्यवहारमा भाषालाई विशेष महत्त्व दिए । राज्य सञ्चालनमा अपभ्रंश तथा मिश्रित शब्दका स्थानमा संस्कृतनिष्ठ मराठी शब्द चयन गरे, अनि तिनीहरूको प्रयोग प्रारम्भ गराए । प्रयत्नपूर्वक तिनीहरूलाई राज्य व्यवहारमा स्थापित गराए । स्वराज्यको शासनव्यवस्थाका लागि उनले १४०० शब्दका कोश बनाए । चयनित शब्द सङ्ग्रहलाई नाम दिए -'राज्य व्यवहार कोश' । भाषाले देश र प्रदेश बचाउँछ भनेको यही हो । नेपाली भाषा नै अर्को भाषामा विलय भयो भने गोर्खाल्यान्डै पाएर पनि गोर्खाल्यान्ड रहने छैन । नेपाल पनि अहिले नै सचेत हुनपर्छ । भूमिहीन जाति संसारमा धेरै छन् तर भाषा बचाएर जातिलाई जीवित राखेका छन् । भाषा बचाएरै यूरोपमा देशहरू बनिए, भारतमा राज्यहरू बनिए, इज्रायल बनियो, सोभियत सङ्घबाट धेरै देश बनिए । भाषा बनिबनाउ राखे नबनिएका प्रदेश र देशहरू पनि बनिनेछन् । भाषा नबचाए बनिएका पनि मासिनेछन् । शिवाजी महाराजले जस्तै भाषा, साहित्य, संस्कृति तथा सांस्कृतिक मूल्यलाई शासन एवं प्रशासनमा स्थापित गरेर स्वराज्य मन्त्र सिद्ध गर्नसक्नुपर्ने आवश्यकता छ ।

नेपाली भाषाको सन्दर्भमा भन्नुपर्दा, यतिखेर सबै विषयलाई राजनीति र समाज-आर्थिक विषयअन्तर्गत चर्चा-परिचर्चा गरिन्छ तर नेपाली भाषा कहिले यस्तो चर्चाको केन्द्रबिन्दु हुन सकेन । भाषाको मान्यता एउटा पक्ष हो तर भाषाको मानकताबारे पनि विद्वत्वृत्तमा छलफल हुन आवश्यक छ । 'मेरो गोरूको बाह्रै टक्का' र 'एक भाइ हिङ भए घरै नपस्ने अर्को भाइ हिङ नभए घरै नबस्ने' ढिपी छोडेर भाषाका सन्दर्भमा रूढिवादी अवधारणा र "फलानो र ढिस्कना भाषामा यस्तो छ त" भन्ने प्रभाववादी नभएर भाषालाई सबैको क्षमताभित्र पुऱ्याउनसक्ने प्रक्रियामा लाग्नुपर्छ ।

विदेशी आगन्तुक शब्दहरूले गर्दा उत्तर भारतमा हिन्दूस्थानी भाषा टुक्रिएबाट दुःखी वीर विनायक दामोदर सावरकरले मराठी मर्यादा जोगाउने उद्देश्यले १९२६-मा एउटा महत्त्वपूर्ण ग्रन्थ रचना गरे - 'मराठी भाषाचे शुद्धीकरण' । यस ग्रन्थभित्र भएका कतिपय लेख बाल गङ्गाधर तिलकको पत्रिका 'केशरी'-मा १९२०-देखि नै प्रकाशित गराउँदैथे । महाराष्ट्र राज्य साहित्य संस्कृति मण्डलले १९५८-मा यसको दोस्रो संस्करण प्रकाशित गऱ्यो । आफ्नो भाषालाई 'परकीय' शब्ददेखि जोगाएर 'स्वकीय' गौरव प्रदान गर्नुपर्ने सवारकर महोदयको आग्रहलाई मराठी मानुषले अझ स्वागत गर्दछन् । उनको दलित उत्थान अभियान अर्को महनीय कार्य छ । उनको 'स्वतन्त्रता सम्भव, शस्त्र सङ्घर्ष' अर्को चिन्तनीय

विषय हो । जुनसुकै राजनीतिक दलमा लागे पनि जतिसुकै जातका कुरा गरे पनि मराठीहरूले शिवाजी र सावरकर भुल्दैनन् ।

गोपालसिंह नेपालीले १९५०-को दशकमा हिन्दी चलचित्रका गीत अरबी-उर्दूमय भएको बेला शुद्ध हिन्दी भाषामा गीत दिएर उद्योगलाई चकित बनाएका थिए । यही कारण हिन्दी साहित्य र संगीतमा उनी श्रद्धाका पात्र बने । आफ्नोपन रक्षा गर्नै सदैव सम्मानित हुन्छैहुन्छ । बिचरा गोपालसिंह १९६३-मा बिते । उनको प्रयास थाँतीमै रह्यो । उता फिल्म उद्योगमा पूँजीपति हाजी मस्तानहरूको हात थियो । १९६६-मा शिवसेना बनिएर बाल ठाकरेले स्वत्वको रक्षा गरेका थिए । फिल्म उद्योगको कथा लामो छ ।

पहिले इस्लामी कालमा उत्तर भारतमा हिन्दुस्तानी भाषा बोलिन्थ्यो । पछि लेख्य साहित्य संस्कृत तत्सम शब्द चलाएर लेखिए, त्यो हिन्दी भयो अनि अरबी आगन्तुक चलाएर पनि लेखिए त्यो उर्दू भयो । उर्दू अहिलेसम्म अरबीकै भरमा रह्यो, उदार भएर संस्कृतलाई ग्रहण गरेन । हिन्दीचाहिँ उदार भएर संस्कृत लत्याएर अरबीमा भर पर्न थाल्यो । हिन्दीले मौलिकता निर्वाह गरेन । दुइतीनेक सचेतहरूले हिन्दी भाषा जोगाउने प्रयास गर्छन् तर सबै सञ्चार माध्यम र लेखन मौलिकताप्रति सचेत छैनन् । हुन ता हिन्दीभाषी क्षेत्र सोझै इस्लामी शासनको अधीनमा धेरै वर्ष बसेको हुनाले पनि हो । नेपालीमा तर यस्तो कुनै बाध्यता छैन । नेपालीले विदेशी आगन्तुक शब्द ल्याउनु भनेको स्वाङ मात्र हो । स्वाङ र ढर्रा त अलिकति पनि सचेत बने हटिहाल्ने हो । हिन्दीले त सक्लाजस्तो छैन तर नेपालीले सक्छ ।

गोरखपुरको गीता प्रेसबाट छापिने 'कल्याण' पत्रिकामा शुद्ध हिन्दी रूप पाइन्छ । यसका लेखहरूमा विदेशी आगन्तुक शब्द भेटिँदैन । यस पत्रिकामा व्याकरणको तत्सम नियम मानेर नेपालीले जस्तै मिलित क्रिया र विभक्ति जोड्ने गर्दछन् । विदेशी आगन्तुक शब्द नचलाईकन सबैले बुझ्ने मीठो भाषा पाठकमा प्रसारित गरेकै छ । विदेशी आगन्तुक शब्दबिना भारतीय भाषा लेखनको भाव सम्प्रेषण असम्भव छ भनी निहुँ खोज्नेहरूलाई कल्याणले सम्भव बनाएर देखाइदिएको छ । यस्तो सत्कार्यलाई सराहना गर्नुपर्दछ, अनुसरण र अनुकरण गर्नुपर्दछ । सहृदयी उदारमना सत्यनिष्ठ समर्पित सेवकहरूको सहकार्यमा स्थापित गीता प्रेसले भाषा संरक्षणमा पुर्‍याएको योगदान स्तुत्य छ । भाषा शुद्धीकरणमा प्रकाशन संस्थाको भाषिक निष्ठाले पनि व्यापक भूमिका निर्वाह गरेको हुन्छ । काशी नागरी प्रचारिणी सभाले नागरी पत्रिका निकालेर शुद्ध हिन्दी भाषा प्रचार गरेको बेग्लै इतिहास छ ।

अहिले नेपाली भाषा लेखनमा विदेशी आगन्तुक शब्द हुरूरू हुलेर आफ्ना राम्रा-राम्रा शब्दहरू पाखा लाग्दै गरेको स्थिति छ, छप्पनकै जस्तो । त्यत्ति बेला झर्रोवादले जोगाएको थियो । अहिले त आफै जोगिनु पर्ने भएको छ ।

झर्रोवादपछि अरू-अरू साहित्यिक आन्दोलनहरू भए । राम्रा र स्तरीय साहित्य रचिए । १९९०-को दशकदेखि भारतले स्वतन्त्र अर्थव्यवस्था अवलम्बन गरेपछि सञ्चार माध्यम सक्रिय बन्दै गयो । यसको प्रभाव नेपाली भाषामा पनि पर्‍यो । बाहिरका कुरामा आसक्त हुनेहुँदा सामान्य बोलचाल र लेखाइमा हिन्दीले चलाउने विदेशी आगन्तुक शब्द नेपालीमा बग्रेल्तै प्रयोग हुन थाले । नेपालको नेपाली भाषा त अझ रमाउँदै विदेशी आगन्तुक शब्दको मोहजालमा पर्नगयो । नेपालका समाचारपत्रहरू अरबी शब्दकोश नराखी बुझ्नै नसक्ने भइसकेका छन् । नेपालको सिको गरेर भारततिर पनि यसो पो गर्नुपर्ने रहेछ भनेर कनिकनी विदेशी आगन्तुक शब्दलाई नेपालीमा ल्याउने हुँदा भाषालेखन हास्यास्पद हुँदै गइरहेछ । अर्काको स्वामीत्व स्वीकार गरेको नेपाली भाषामा स्वतन्त्रता दिवस र भाषा मान्यता दिवस मनाउन परिरहेछ । यो सोचनीय अवस्था हो ।

उत्तर लीला प्रकल्पले नेपाली भाषालाई विदेशी आगन्तुक शब्ददेखि जोगाउने परियोजना बनाएको सुनेर मन शान्त भएको छ । यिनीहरूजस्ता उत्साही युवाहरूलाई किन सहयोग नगर्नु !

नेपाली भाषाका शुभचिन्तकहरूको परामर्श लिएर यस वर्षको स्वतन्त्रता दिवसमा 'हिमालय दर्पण'-मा 'भालेको डाक' शीर्षकमा एउटा लेख लेखेर नेपाली भाषामा विदेशी आगन्तुक शब्दहरूका ठाउँमा चलाउनुपर्ने नेपाली शब्दहरूको सूची छापिएको थियो । काशीबाट गरिएको उक्त प्रकल्पले चाँडै भव्य समर्थन पायो । धेरै विद्यालय, महाविद्यालय र विश्वविद्यालयमा मित्र र विद्यार्थीहरूबाट सकारात्मक काम हुनथालेको कुरा सुन्नमा आयो । लेखक पत्रकारहरूले विदेशी आगन्तुक शब्दका ठाउँमा नेपाली शब्द प्रयोग गर्दै रहेछन् । दैनिक पत्रिकाहरूको भाषामा पनि सुधार आयो । यो सकारात्मक परिणाम हो । आँटे सकिँदो रहेछ । सामान्यजनले पनि घरमा नेपाली शब्द बोलचालमा प्रयोग गर्न उक्त सूची उपयोगी भएको कुरा भने । केही पुराना लेखकलाई भने गाह्रो परेको थाहा लाग्यो तर उनीहरूले पनि प्रयास गर्दै रहेछन् । उक्त लेख फेसबुकबाट पनि प्रसारित गरियो । धेरैले साझा पनि गरे यसरी फैलँदैगयो । आफ्ना शब्द हुँदाहुँदै विदेशी आगन्तुक शब्द किन चाहिने भनेर नेपाली शब्दलाई नै चलाउनमा गर्वबोध गर्नेहरूको सङ्ख्या बढ्दोछ । अर्काकै शब्दको दास हुन रुचाउनेलाई विरोध गर्नु हुँदैन । पछि आफै बुझ्दै जानेछन् । कति शब्द नेपाली नै होलान् भनी झुक्किएर चलाउनेहरूले त्यो सूची हेरेर थाहा पाएछन् र नेपाली शब्द नै चलाउन थालेछन् ।

दार्शनिक, शिक्षाशास्त्री, लेखक, अनुवादक, मुद्रक, प्रकाशक, उद्यमी, सुधारक एवं मानवतावादी व्यक्ति ईश्वरचन्द्र विद्यासागरलाई बङ्गला भाषाको गद्यलेखनलाई स्वकीय, सरल एवं आधुनिक बनाउने आदर्श व्यक्तिका रूपमा स्मरण गरिन्छ । उनले बङ्गला लिपिको वर्णमालालाई पनि सरल एवं तर्कसम्मत बनाए । संस्कृत भाषाको प्रचार-प्रसारका लागि प्रयास गरे । सेवानिवृत्त हुँदासम्म उनी संस्कृत कलेज, कलकत्तामा संस्कृतका प्राध्यापक थिए । उनले संस्कृत व्याकरणका सजिला नियमबारे पुस्तक लेखेर संस्कृतप्रति जनतालाई श्रद्धालु बनाए । बङ्गला भाषालाई विदेशी आगन्तुक शब्दबाट जोगाउनुपर्ने अभियान सफल पारे । उनको संस्कृत प्रेमलाई लेखकहरूले आफ्ना रचनामा प्रयोग गरेर विश्वप्रसिद्ध कृतिहरू दिए । जनगणले पनि स्वीकारे ।

बङ्गला भाषा संस्कृत-वेष्ठित भएको हुनाले कति मीठो छ । बङ्गलाको सिको गरेर लेखिएको रूपनारायण सिंहको भ्रमरको भाषालाई सबैले सर्काउँछन् । संस्कृत हाम्रो आफ्नो परम्पराको संस्कारित भाषा हो । अरबीको खाडलमा नहालेर संस्कृतकै शिखरमा नेपाली भाषा राख्नू भनेको होइन । मीठो सजिलो नेपाली सललल लेख्नसकिए उत्तम । नेपाली जहाँ पुग्दैन त्यहाँ संस्कृतको सहयोग लिँदा सुन्दर भएको हुन्छ । बङ्गलाजस्तै मलयलम्, तेलुगू आदि भाषाले संस्कृतलाई सश्रद्धा स्वीकारेका हुनाले ती भाषाको विश्वमै प्रतिष्ठा छ । उर्दू शब्दको सट्टा नेपाली शब्द चलाउने अभियान सफल पार्न मित्र विजयकुमार राईले उर्दू-नेपाली शब्दकोश निकालेका छन् । भर्खरै काशीमा भेला गरिएका विदेशी शब्दहरूको विकल्प नेपाली सूची हिमालय दर्पणमा छापिसकिएको छ । अरूको समर्थन र सहयोगबाट अरू धेरै शब्द प्राप्त भइरहेका छन् । शुभचिन्तक र शोधार्थीहरू लागिपरेका छन् । पुस्तिका बनिने सम्भावना छ । उक्त भाषा शुद्धीकरण पुस्तिका प्रत्येक प्रयोक्ता र विशेष नव पिँढीमा सजिलो गरी उपलब्ध गराउने योजना बन्दैछ ।

सकेसम्म हामीले नेपाली भाषाकै झर्रा शब्द चलाउनमा गर्व गर्नु पर्दछ । यसमा हाम्रो मौलिकता छ । नेपाली भाषाका मिथकहरूलाई कवितामा समेत प्रयोग गरेर सुन्दर कविता लेखेका उदाहरण धेरै छन् । वैरागी काइँलाले 'चेत्ता' चलाए, गुमानसिंह चामलिङले 'गुराँस-गुँरास' चलाए, ईश्वरवल्लभले 'भाट-भटेनी' चलाए, राजेन्द्र भण्डारीले 'स्त्राठ' चलाए, केवलचन्द्र लामाले 'छे छेरिङ्गो ' चलाए । यसरी हाम्रै जातभाषाका शब्द पनि सहज ढङ्गले ल्याउनसके उत्तम हुने हो । यसो गरे जातेहरूको पनि मन रहन्छ । हुन ता जातेहरूलाई पनि चाहिने त नेपाली भाषा नै हो । इतिहासदर्शन र विविध ज्ञानकला जानेर नेपाली भाषाको विज्ञान र ललितकलालाई ओजस्वी बनाउन जात भाषा त के विदेशी भाषाहरू नै सिक्नसके राम्रो हुने हो तर त्यसको अर्थ विदेशी शब्दकै स्वामीत्व स्विकार्नुचाहिँ उचित होइन ।

संस्कृतबाट प्राकृत-अपभ्रंश हुँदै आएका तद्भवहरू सह्माल्न सक्नु पर्दछ । जहाँ नेपाली भाषा भाव प्रकाशनमा अक्षम हुँदछ, त्यहाँ संस्कृतबाट सहायता लिनु पर्दछ । यो भारतीय संविधानसम्मत कुरा हो । हिन्दी भाषाको विकास सन्दर्भमा भारतीय संविधान अनुच्छेद ३५१-ले यस्तो निर्देश दिएको पाइन्छ -

"उसकी प्रकृति में हस्तक्षेप किए बिना हिंदुस्थानी में और आठवीं अनुसूची में विनिर्दिष्ट भारत की अन्य भाषाओं में प्रयुक्त रूप, शैली और पदों को आत्मसात् करते हुए और जहां आवश्यक या वांछनीय हो वहां उसके शब्द-भंडार के लिए मुख्यतः संस्कृत से और गौणतः अन्य भाषाओं से शब्द ग्रहण करते हुए उसकी समृद्धि सुनिश्चित करें । "

यही काम नेपाली भाषाको विकास सन्दर्भमा पनि उचित ठहर्दछ । संविधानले भनेजस्तो शब्द भण्डारका लागि संस्कृतको भर परेमा उपकार हुने हो । नेपालीका आफ्नै झर्रा शब्द कति मिठा छन् कति । त्यसमा अझ जातभाषाका उपयुक्त र अनुकूल शब्द सहज ढङ्ले आउनसके उत्तम हुनेछ । त्यत्तिले नपुगे हामीलाई संस्कृतको संरक्षण प्राप्त छ भने पुगिसरी हुनेछ । हामीलाई नेपाली भाषाको मौलिकता रक्षा गर्नु, नेपाली भाषा सुन्दर बनाउनु र संस्कृतको संरक्षणमा राख्नुसित चासो छ । यहाँ यसो त मैले गरेको भनेर नाक घोत्राउनु छैन । मौलिक, शुद्ध र सुन्दर भाषा नै सबैतिर प्रतिष्ठित हुँदछ भन्ने बुझौँ ।

फारसी-अरबी-तुर्की-ल्याटिन-अङ्ग्रेजी आदि धनी विदेशी भाषाहरू हुन् । विभिन्न तत्त्वान्वेषी विषयका साधकहरूको प्राज्ञिक मनीषाबाट भव्य ज्ञानराशि ती भाषामा सञ्चित भएको सत्य स्विकार्नै पर्दछ । ती भाषाबाट ससम्मान सिकेका ज्ञानले नेपाली साहित्यदर्शन र कला पनि धनी बनाउनमा उद्यत रहनुपर्दछ । यसको अर्थ आफू दास भएर उनीहरूकै स्वामीत्व स्वीकार गर्नु भनेको होइन । नेपाली भाषामा भएको उनीहरूको भाषिक अतिक्रमणबाट मुक्तिपथ आविष्कार गर्ने समय यही हो । आगन्तुक अतिक्रमणले नेपाली भाषाका निधि मानिने मौलिक झर्रा शब्द, नेपालीका तत्सम र तद्भव शब्द विलुप्त र विस्मृत हुँदैछन् । भारतीय स्वतन्त्रता दिवसमा नेपाली भाषालाई विदेशी आगन्तुक शब्दको अतिक्रमणबाट मुक्ति दिने संकल्प गरौं । अब गोर्खा जातिकै जातभाषाका सुहाउँदिला स्वदेशी शब्दलाई नेपालीमा स्थान दिने, नेपाली मौलिक झर्रा शब्द उपयोगमा ल्याउने, तद्भव शब्द सम्हाल्ने अनि संस्कृतको संरक्षणमा सुरक्षित हुने काम थालौँ ।

फारसी-अरबी नराम्रो भनेको होइन । अवेस्ताजस्तो महान् ग्रन्थ दिनसकेको फारसी समृद्ध भाषा हो । १५०० ई.पू.-तिर जोरष्ट्री धर्मगुरु जरथुस्त्रले बोल्ने भाषा हो । फिरदौसी, खय्याम, अन्वरी, रूमी, सादी आदि कविहरूको भाषा हो । अल खाँसाजस्ता कवयित्री, अल क्वाइस, अबु नुवास, अल मुतनब्बीजस्ता कवि र

पैगम्बर महम्मदको भाषा हो अरबी । ई.पू. ३३०-तिर अलेक्जाण्डरको ग्रीक सेनाले, ई.पू. ५०-तिर रोमन सेनाले र ई.६५०-मा भएको अरबी आक्रमणले फारसी जोरष्ट्री मान्छे, मन्दिर, पुस्तकालय भुर्कुट पारेर पनि मासिनु नसकेको, १२२०-को मङ्गोल आक्रमण भोगेको तर जागेको जाति र भाषा हो फारसी । यी भव्य भाषालाई भक्ति गर्नुपर्दछ तर स्वामीत्व स्विकारेर होइन । यी भाषाको भव्य परम्पराको प्रभावले भर्खर उर्भिंदैगरेको आधुनिक भारतीय भाषा नेपाली चाहिएभन्दा धेरै ग्रस्त भएकोमा टिठ लाग्दो अवस्था छ । अब ती भाषाजस्तै नेपाली भाषा पनि समादरणीय हुनपर्ने हो । प्रभावदेखि सर्वथा मुक्ति त असम्भव छ किनभने हाम्रा बहादुर/बहादुरी नै तुर्की-फारसी शब्द हुन् । भारतीय भाषामै नभएका साबुन, हुक्का आदि शब्द मध्यपूर्वबाटै आएका हुन् । यस्ता उदाहरण धेरै छन् । नभएका आए राख्यौँ । भएकालाई खेद्न पनि आए । अतिशय आगन्तुकले अधीर बनाए । आगन्तुकले गृहसदस्य विस्थापित नगरून् भनेर यो अभियान आरम्भ गरिएको हो किनभने आगन्तुक शब्दमोहले आफ्ना शब्द भुल्दैजानु राम्रो होइन । नेपाली भाषालाई आफ्नो मौलिक प्रकृतिमा हुर्कन दिने काम गर्नुपर्ने आवश्यकता छ । नेपाली भाषाको प्रतिष्ठा बढाउन शुद्धीकरणमा लागौँ । शुचि, शुचि, शुचि ।।

ooo

# नयाँ वर्षको शुभकामना

**✍ मोहन ज्ञवाली**
**कपिलवस्तु**

नयाँ दिन नयाँ वर्ष, नयाँ संकल्प जीवन ।
भय त्रासविना रम्दै, जावस् नेपाली जीवन ॥
मग्मगाई यहाँ सारा, फुलोस् नेपाल देश नै ।
नेपाली पसिना थोपा, खसून् नेपाल देशमै ॥

कोइली गान गर्दैछ, जुरेली नाच गर्दछन् ।
मञ्जरी चामरै हम्की, फूल स्वागत गर्दछन् ॥
ठाँटमा रथमा आयो, नयाँ वर्ष हिमालमा ।
सौभाग्य सिंदुरै छर्दै, स्वर्णिम यो प्रभातमा ॥

सबैको ओंठमा हाँसो, हातमा काम भैदियोस् ।
मुटुमा देशको माया, विशाल मन भैदियोस् ॥
शोक सन्तापको छायाँ, नपरोस् यस देशमा ।
नयाँ वर्ष सधै ल्यावस्, सुख औ शान्ति देशमा ॥

ooo

# कोरोना

✍ **कृष्णप्रसाद कोइराला**
**बुटवल, रूपन्देही**

कोरोना काल आयो अबुझ मनुजको भीडमा यो रमायो
खित्का छाडेर हाँस्दै मनुज-तन पसी श्वास संयन्त्र खायो ।
सर्दै सर्दै छ बढ्दै त्वरित गति लिंदै विश्वव्यापी बनेर
मान्छे आहार गर्दै अझ सबल बनी रूप अर्को धरेर ॥
(१)
सर्दै सर्दै छ हामीहरूतिर अहिले काल आखेट गर्दै
नाना बाना छ फेर्दै मनुज-तन पसी हिंड्छ यो प्राण हर्दै ।
कैले यो बन्छ हैजा बिफर त कहिले डेंगु स्वाईन औलो
ऐले फ्याँक्दैछ ठूलो मनुज-उदधिमा कोरना जाल नौलो ॥
(२)
विश्वव्यापी बनेको अतिशय मसिनो जीव यो कालरूप
श्वासस्पर्शादि द्वारा मनुज-तन पसी दिन्छ कंकालरूप ।
विज्ञाता बुद्धिजीवी धनिकजन तथा राजनेता महात्मा
काम्दैछन् जिल्ल पर्दै मति अब सबको जम्न थाल्यो विपत्मा ॥
(३)
देखूँ देखिन्न केही अनि पछि करले छाम्छु छामिन्न केही
पक्रूँ पक्रिन्न केही अनि श्रवण गरूँ कान पर्दैन केही
केही नै छैन जस्तो तर पनि सब यो वायुमा फैलिंदैछ
नौलो साह्रै विषैलो अणुमय तनुले प्राण हाम्रो लिंदैछ ॥
(४)
दाग्यौं विष्फोट धेरै गगनतल गर्यौं धूम फाली विषैलो
धर्ती फोर्यौं र खोल्यौं प्रकृतिकन दियौं दर्दको मात्र थैलो ।
छोड्दा उछ्वास मानों कुपित प्रकृतिले जन्मियो क्रूर काल
गर्दै मान्छे अहारा जगतभर अहो डुल्छ यो मुण्डमाल ॥
(५)
हाम्रा केही अवस्थाबीच मनुजहरू मानिंदैथे अछूत
यद्वा क्यै जातिवर्गादिक पनि पहिले मानिंदैथे अछूत ।
गल्दै गल्दै गएथ्यो कलुषित मनको भावना त्यो अछूत
ऐले यो कोरनाले सकल जन भयौं आफू-आफू अछूत ॥
(६)

सारा पक्षीहरू छन् गगनतल पुगी वेग मार्दै उडेका
माछा- गोहीहरू छन् अतलजल पसी खेल खेल्दै बुडेका ।
गाई गोरू बिराला कुकुरहरु पनी छन् ... हिंडेका छपक्कै
मान्छे मात्रै छ बस्दै डरसित घरमा काम छाडी थपक्कै ॥
(७)
जाहाँ हुन्थ्यो सदा नै चहल-पहल वा गुड्दथे यान धेरै
मुर्दा झैं छन् ति गल्ली अनि सडकहरू मौन निस्तब्ध धेरै ।
देखिन्छन् फैलिएका सडकतटभरी व्योमचुम्बी हवेली
हारेका झैं जुवाडे मन-मगज सबै खालमा द्यूत खेली ॥
(८)
सर्ने थाहै नपाईकन अति सजिलै सासले छोइनाले
बँच्ने एकान्तवासी बनिकन पटकै हात यी धोइनाले ।
देशै ताल्चा लगाए सकल मुलुकले कोरना छेक्न भन्दै
छौं हामी गेहवन्दी उकुस-मुकुस भै निस्कने बार गन्दै ॥
(९)
नेपाली छित्रिएका विविध मुलुकमा रोजगारी निमित्त
कोरोनाले पिरोलेपछि तिनिहरू छन् फर्कने दत्तचित्त ।
कामै भो बन्द ऐले नभ- जल -थलमा यान दोकान बन्द
आएका पैदलै ती निज सरहदमै हा भयो द्वार बन्द ! ॥
(१०)
जन्म्यो जाहाँ समस्या सँगसँग उसमा नै समाधान हुन्छ
झट्टै सुझ्दैन केही तर मगज खुले खोजले जुक्ति चुम्छ ।
हैजा औलो र टीवी बिफरसित लडी जुक्तिको भो निकास
तेस्तै नै निक्लिएला अब पनि यसको बन्न छाडौं हताश ॥
(११)

ooo

**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।**

# स्वाभिमान कवितासङ्ग्रहमा नारीवादी चेतना

✍ **टंकप्रसाद पन्थ**
**तानसेन, पाल्पा**

**लेखसार**

प्रस्तुत लेखमा साहित्यकार सरस्वती ज्ञवालीको सामान्य परिचयका साथै उनको लेखनधर्मलाई सङ्केत गरिएको छ । लालटिनको उज्यालोमा आत्मकथात्मक कृतिबाट चर्चामा आएकी ज्ञवालीले आफ्नो कवित्व प्रतिभालाई यस कृतिका माध्यमबाट मुखरित गरेकी छन् । यस लेखमा नारीवादको सैद्धान्तिक परिचय उठान गर्नुका साथै ज्ञवालीको 'स्वाभिमान' कवितासङ्ग्रहका कवितामा व्यक्त भएको नारीकेन्द्री विषयलाई प्रकाश पारिएको छ । कवितासङ्ग्रहभित्र नारीकेन्द्री विचार र विषयको खोजीलाई समस्याका रूपमा उठाई त्यही समस्याको निदानमा अध्ययनको उद्देश्यलाई केन्द्रित गरिएको छ । यस सङ्ग्रहका डेढदर्जनभन्दा बढी कवितामा नारी भावना र मुद्दा मुखरित भएर आएको पाइन्छ । यहाँ मातृवात्सल्य भावनाको सजीव प्रस्तुति पाइनुका साथै नारी भएर जन्मनुलाई गौरवका रूपमा लिइएको छ । नारीका भावना र भोगाइको प्रस्तुति नारीद्वारा मात्र हुने विचार पनि केही कवितामा व्यक्त भएको पाइन्छ । कविताहरूको अध्ययन गर्दा नारी समस्याको उठानका क्रममा कतै सम्झौतावादी देखिएको, कतै खिन्न बनेर नारी विभेदप्रति चिन्ता प्रकट गरिएको र कतै नारी विद्रोहको स्वरसमेत सशक्त रूपमा मुखरित भएर आएको पाइन्छ । नारी चेतनालाई उठाउनुका साथै नारीको मनोविज्ञान र अहंपूर्ण एषणालाई पनि यहाँ अवतरण गराइएको छ । यिनका कवितालाई नारीवादी चेतनाका कोणबाट अध्ययन गर्ने विविध आधार रहेको पाइन्छ ।

**शब्दकुञ्जी**

उत्पीडन, लैङ्गिक विभेद, नारीवाद, पितृसत्तात्मक, वञ्चितीकरण, सबाल्टर्न ।

## १. विषयप्रवेश

पाल्पाको मदनपोखरामा जन्मेर गुल्मी कर्मघर भएकी साहित्यकार सरस्वती ज्ञवाली समाजिक, राजनीतिक तथा साहित्यिक व्यक्तित्वका रूपमा परिचित छन् । पहिलेदेखि नै कविता तथा लेख रचनामा कलम चलाउने ज्ञवाली आत्मकथात्मक कृतिको प्रकाशनसँगै नेपाली साहित्यमा चर्चामा आएकी हुन् । यिनको प्रथम प्रकाशित कृति 'लालटिनको उज्यालोमा' आत्मकथा (२०७४) लाई पाठकले औधी

रुचाएका कारण एकै वर्षमा दोस्रो संस्करण निस्केको देख्न सकिन्छ । उक्त कृतिको प्रकाशन र लोकप्रियतापछि ज्ञवालीले दोस्रो कृतिका रूपमा 'स्वाभिमान' कवितासङ्ग्रह (२०७७) पाठकहरूका सामु ल्याएकी छन् । नेपाली समाजका उतार-चढाव र परिवर्तनलाई नजिकबाट देखेभोगेकी ज्ञवालीका रचनामा समकालीन नेपाली समाजका सामाजिक, राजनीतिक, सांस्कृतिक आदि जस्ता पक्षहरू प्रतिबिम्बित भएर आएको पाइन्छ । यसै गरी नेपाली नारीहरूले भोग्नुपरेका प्रतिकूल अवस्था अनि सामाजिक, सांस्कृतिक रूपमा थोपरिएका अपमानजनक व्यवहारलाई पनि यिनले आफ्ना रचनाद्वारा प्रकाश पारेको पाइन्छ । नारीलाई दोस्रो दर्जाको नागरिक ठानेर उनीहरूमाथि थोपरिएका लाञ्छना र भेदभावलाई पनि यिनले नजिकबाट नियालेको देख्न सकिन्छ । 'लालटिनको उज्यालोमा' कृतिद्वारा एउटी नारीका कथाव्यथा, मानसिकता र सङ्घर्षलाई आत्मकथात्मक शैलीमा पाठकका माझमा ल्याएकी ज्ञवालीले प्रस्तुत 'स्वाभिमान' कवितासङ्ग्रहमा पनि नारीचेतना र अस्तित्वका विषयलाई प्रमुख स्थानमा राखेर हेरेको पाइन्छ । प्रस्तुत लेखमा यिनको 'स्वाभिमान' कवितासङ्ग्रहमा नारीवादी चेतनाको सम्प्रेषण के कसरी भएको छ भन्ने समस्यालाई अगाडि राखेर अध्ययन गरिएको छ । यस सङ्ग्रहभित्रका कवितामा प्रस्तुत भएको नारी चेतनामा केन्द्रित रही प्रतिनिधिमूलक रूपमा कविताको विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ । विषयको सैद्धान्तिक उठानका साथै कविताको विश्लेषण गर्नका लागि पुस्तकालयको उपयोग गरी सामग्री सङ्कलन र विश्लेषण गर्ने प्रयास गरिएको छ । कविताभित्र प्रस्तुत मर्मलाई नारीवादी चेतनाका विविध पृष्ठभूमिमा विश्लेषण गर्ने काम यहाँ गरिएको छ ।

## २. नारीवादको सैद्धान्तिक परिचय

समाजमा लिङ्गका आधारमा गरिने भेदभाव र समानताका लागि आवाज उठाउने एउटा सशक्त अभियान नारीवादी चेतना हो । नारीवादी चिन्तनका आधारमा साहित्यिक कृतिको विश्लेषण र मूल्याङ्कन गर्ने काम पछिल्लो समयमा नेपाली साहित्य र समालोचनाका क्षेत्रमा प्रखर रूपमा अगाडि बढेको पाइन्छ । नेपाली समाजको स्वरूप, इतिहास अनि प्रथा र प्रचलनहरूलाई हेर्दा परम्परादेखि नै नारीहरूलाई शोषण-दमन गरी दोस्रो दर्जाको नागरिकका रूपमा राखिएको पाइन्छ । यस्तो अपमानजनक विभेदलाई केन्द्रित गरी साहित्यलाई हेर्ने काम पाश्चात्य साहित्य चिन्तनमा मूलतः १९६० को दशकसँगै अगाडि बढेको देख्न सकिन्छ । लिङ्गका आधारमा गरिने भेदभावलाई कलङ्कका रूपमा लिई शारीरिक तथा मानसिक रूपमा नारीहरू सबल रहेको र राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षबाट उनीहरूलाई किनारामा पारिएको भन्ने मान्यतासँगै यो अभियान सशक्त रूपमा अगाडि बढेको देखिन्छ । सामाजिक अनि आर्थिक संरचनाले महिलाको विकास अनि भावनालाई कुण्ठित गरेको पाइन्छ ।

महिलाको सहज स्वाभाविक चारित्रिक विकास हुन सक्ने पारिवारिक–सामाजिक–राष्ट्रिय परिवेशको सिर्जना नभएसम्म उसबाट भए गरेका गल्तीकमजोरीको जिम्मेवार पनि उसलाई मान्न सकिन्छ । पितृसत्तात्मक सामाजिक संरचनाको घेराभित्र निर्मित उसको मानसिक र चारित्रिक स्थितिले नै उसबाट त्यस्ता गल्तीकमजोरी देखिएका हुन्छन् (त्रिपाठी, २०६७ : १९४) । यसको निदान नभएसम्म एउटी महिला समाजमा आफूलाई निर्भीक रूपमा प्रस्तुत गर्न हिच्किचाउपर्ने अवस्था रहिरहन्छ । समाजको वैचारिक क्षितिजभित्र स्त्रीलाई सांस्कृतिक परम्पराको संरक्षकका रूपमा लिइन्छ भने पुरुषलाई आधुनिकताको सक्रिय कर्ताका रूपमा । यसै गरी नारीलाई घरभित्रको आन्तरिक स्थलसँग जोडिन्छ भने पुरुषलाई घरबाहिरको संसारसँग । यस किसिमको पितृसत्तात्मक सोचअनुरूप नारीको शरीर, मनोभावना र व्यवहारले राष्ट्रिय तथा पारिवारिक दुवै किसिमका परम्पराको प्रतिरक्षा गर्नुपर्छ (उप्रेती, २०६८ : २३४) । यसरी हेर्दा पतृसत्तात्मक सोचमा नारीलाई भिन्नै कक्षमा राखेर हेरेको पाइन्छ । समयको चेतनाका साथमा नारीअस्तित्व र अधिकारका क्षेत्रमा सशक्त आवाजहरू मुखरित भएको पाइन्छ ।

नारीका विषयमा लेख्ने र कृतिभित्र नारीको भावना, चरित्रचित्रण तथा स्थानका बारेमा आवाज उठाउने काम बीसौँ शताब्दीको उत्तरार्द्धतिरबाट सशक्त रूपमा हुन थालेको पाइन्छ । यस अभियानलाई समृद्ध तुल्याउनमा नारीवादी समालोचनाले कडीको काम गरेको देख्न सकिन्छ । यसले केही रूपमा पुरुष वा पुरुषकेन्द्रको विरोध गरे पनि यसको मुख्य उद्देश्य भनेको पुरुषसरह नारीको पनि स्थान कायम हुनुपर्छ भन्ने नै रहेको छ । यसका केही रूप पुरुषविरोधी र अतिवादी देखिए पनि पुरुषकै बराबर स्वतन्त्रता, समानता र अवसर नारीहरूले पनि पाउनुपर्ने आवाज साहित्यिक कृतिमार्फत उठाउनु नै रहेको पाइन्छ (पौड्याल, २०७० : १०८) । श्रमशोषण तथा अधिकारविहीन बनाई नारीहरूलाई किनारामा पारिएको कुरालाई पनि नारीवादीहरूले जोड दिएको पाइन्छ । महिलाहरूको श्रम र पसिनाका मूल्यको खोजी गरी भूमिका र योगदानको लेखाजोखा हुनुपर्ने कुरामा पनि यसले जोड दिन्छ । सबैले स्वीकार्नै पर्छ, सबाल्टर्न पात्रहरू जताततै छन्, सधै सक्रिय छन् । उनीहरू परिश्रम र पसिनाका धनी छन् । उनीहरू समाजका आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक हरेक क्षेत्रमा महत्त्वपूर्ण योगदान दिँदै आएका छन् (श्रेष्ठ, २०६८ : ४४) । विभेदको सिकार बनेका अधिकारविहीन नारीहरूलाई सवाल्टर्नका कित्तामा राखेर अध्ययन गरिएको पाइन्छ । महिलामाथि थोपरिएका विभेद अनि वञ्चितीकरण गरी किनारामा पारिएका सवालमा पनि यस अध्ययनले जोड दिएको पाइन्छ । नारीवादी चिन्तन र दृष्टिकोणमा पनि भिन्नभिन्न मान्यता र अवधारणाहरू अस्तित्वमा रहेको देख्न सकिन्छ । नारीले लेखेजति सबै लेखन नारीवादी लेखन हो भन्ने एउटा मत

देखिन्छ र अर्को मत अनारीवादी चिन्तनमा अडेको नारी लेखकका लेखनहरू नारीवादी लेखन होइन भन्ने मत पनि पाइन्छ । नारी विषयक र नारीमूलक चिन्तनमा केन्द्रित लेखन नारी पुरुष जसले लेखे पनि नारीवादी लेखन हो भन्ने मत पनि पाइन्छ (सुवेदी, २०६८ : ७०) । यसरी हेर्दा कट्टर नारीवादीहरूले नारीद्वारा नारीकै विषय र मुद्दामा केन्द्रित रहेको लेखनलाई नारीवादी कित्तामा राखेको पाइन्छ । यद्यपि एउटा पुरुषले पनि नारी संवेदना र समस्यालाई मसिनो गरी चित्रण गर्न सक्छ अनि नारीसमानता र अधिकारका पक्षमा आफ्नो अभिमत प्रकट गर्न सक्छ । नारीका समस्या र पक्षमा कति योगदान भएको छ भन्ने कुरामा केन्द्रित रही विषयलाई हेर्नु नै उपयुक्त हुन्छ ।

## ३. विश्लेषणको प्रारूप

'स्वाभिमान' कवितासङ्ग्रहमा कविको नारी भावना र अनुभूतिका सूक्ष्म विचारहरू मुखरित भएर आएको पाइन्छ । यहाँ राष्ट्र, राष्ट्रियता, मानवीय मूल्य, स्वाभिमानका साथै जीवनका विविध पक्षहरू प्रतिबिम्बित भएर आएको पाइन्छ । समाजका विकृति र विसङ्गतिप्रति पनि कविको कलम सशक्त बनेको देख्न सकिन्छ । कवि हृदयको संवेदना प्रस्तुत हुने क्रममा नारी चेतना र अनुभूतिका जीवन्त पाटाहरू यहाँ सल्बलाएको देख्न सकिन्छ । केही टुक्राहरू शीर्षकसहित यस कृतिमा कुल एकाउन्नवटा कविताहरू सङ्गृहीत भएको पाइन्छ । यीमध्ये डेढदर्जनभन्दा बढी कविताहरूमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा नारी चेतना र समस्यालाई उजागर गरिएको पाइन्छ । यस सङ्ग्रहका चौधवटा कविताहरू २०५२ - २०५४ को अवधिमा रचिएको देखिन्छ भने अरू कविताहरू २०७४ - २०७७ को अवधिमा रचिएको पाइन्छ । बीचको लामो समयको अन्तरालमा कविता नलेखेको पाइए पनि कवितामा तात्कालिक समयचेतनाका साथै राजनीतिक, सामाजिक तथा सांस्कृतिक अवस्थाको सघन छाप पनि पाउन सकिन्छ । प्रजातान्त्रिक समयमा भएका गैरप्रजातान्त्रिक आचरणहरू अनि समाजमा नारीलाई हेय तथा कमजोर पात्रका रूपमा हेरिने मानसिकताका झलकहरू यहाँ अभिव्यक्त भएको पाउन सकिन्छ । प्रस्तुत लेखमा स्रष्टा सरस्वती ज्ञवालीको 'स्वाभिमान' कवितासङ्ग्रहमा समेटिन आएका नारी समस्यामा केन्द्रित कविता र तिनको मर्मलाई समेट्ने प्रयास गरिएको छ । उक्त उद्देश्यको प्राप्तिका लागि नारी भावना तथा नारीहरूमाथिको विभेद अनि अधिकारका विषयलाई समेट्ने गरी निम्न बुँदामा केन्द्रित रही कविताको विश्लेषण गरिएको छ ।

(क) मातृवात्सल्य भावनाको प्रस्तुति

(ख) नारीमाथिका भेदभावपूर्ण व्यवहारको प्रस्तुति

(ग) नारीको जन्म र कर्मप्रतिको गौरवबोध

(घ) नारीका वास्तविक अनुभूतिको प्रस्तुति

(ङ) नारी अधिकार र परिचयको आग्रह

(च) नारी सङ्घर्ष र विद्रोही स्वर

मूलतः यी उपशीर्षकलाई आधार बनाई सरस्वती ज्ञवालीको 'स्वाभिमान' कवितासङ्ग्रहको विश्लेषण गर्ने काम यहाँ गरिएको छ ।

## ४. स्वाभिमान कवितासङ्ग्रहमा प्रस्तुत नारीवादी चेतनाको अध्ययन

सरस्वती ज्ञवाली स्वयम्मा नारी प्रतिभा हुन् । एउटी सचेत नारीको भावना, कुण्ठा र जीवन भोगाइका अनुभूतिहरू यिनका कवितामा प्रतिबिम्बित भएर आएको पाइन्छ । यस कवितासङ्ग्रहमा प्रकृति र जीवनको सम्बन्ध, राष्ट्र, राष्ट्रियता र देशभक्तिको भावना, सामाजिक तथा राजनीतिक क्षेत्रमा भित्रिएका विकृति, विसङ्गतिको प्रस्तुति, एउटा जागिरका लागि आफ्नो स्वाभिमान र प्रतिष्ठा गुमाएर लम्पसार पर्नुपर्ने अवस्था, स्वतन्त्रता, मानवतावाद, अनि जीवनवादी चिन्तनका स्वरहरू मुखरित भएको पाइन्छ । यी विविध प्रवृत्तिका साथै यस कवितासङ्ग्रहमा प्रतिबिम्बित भएको अर्को महत्त्वपूर्ण पाटो नारी भावना, मनोविज्ञान र विद्रोहको अभिव्यक्ति रहेको छ । प्रस्तुत लेखमा यस कवितासङ्ग्रहका कविताहरूमा प्रतिबिम्बित भएको नारीकेन्द्री पक्षलाई विश्लेषण गर्नु रहेको छ । प्रस्तुत कवितासङ्ग्रहमा नारीवादी भावनाका विविध अवस्थाहरू मुखरित भएको पाइन्छ । जुन निम्नलिखित रहेका छन् :

### ४.१. मातृवात्सल्यको प्रस्तुति

सरस्वती ज्ञवाली आफैमा महिला भावना प्रबल भएकी व्यक्तित्व हुन् । महिलाका विभिन्न भूमिकाका साथै आमा हुनुको गौरव अनि आमाको मनोविज्ञान पनि स्वाभाविक रूपमा यहाँ प्रतिबिम्बित भएर आएको पाइन्छ । यस सङ्ग्रहका केही कवितामा कवि ज्ञवालीकै जीवन भोगाइका प्रतिछायाहरू मुखरित भएको अनुभूति पाठकले गर्दछ । सन्तानप्रतिको आमाको ममताभावका साथै आमाप्रतिको सन्तानको देखावटी औपचारिकता जस्ता कुराका साथमा आमाको सन्तानप्रतिको त्यागपूर्ण भावनालाई यहाँ प्रकाश पारिएको छ । 'भक्कानिएकी आमा', 'मातृ औँसी', 'एउटा आवाज', 'जागिर' जस्ता कवितामा मातृवात्सल्य भावनाको यथार्थ अभिव्यक्ति जीवन्त रूपमा प्रस्तुत भएको पाइन्छ । समयको प्रवाहसँगै सामाजिक, सांस्कृतिक क्षेत्रमा भित्रिएका विकृति अनि नयाँ पुस्तामा आएको पाश्चात्य संस्कृतिको प्रभावलाई पनि यहाँ झल्काइएको छ । भविष्यका कर्णाधारहरू पथभ्रष्ट हुँदै गएको देख्दा एउटी आमाको छाती चिरिन पुग्छ भन्ने विचार कविको रहेको छ । 'भक्कानिएकी आमा' शीर्षकको कवितामा आमाको मानसिकता र मर्मको यस्तो विचार सञ्चार भएको पाइन्छ :

म एउटी आमा
पीडाले भक्कानिन्छु
भविष्य निर्माण गर्ने
देशका कर्णधार युवाको
यो हाल देखेर । (पृ. ५०)

यसै गरी 'मातृ औँसी' कवितामा आमाको महिमा र उनको त्यागलाई झल्काउनुका साथै अहिलेका सन्तानमा आएको कर्तव्यविमुखको अवस्थालाई संवेदनशील रूपमा उठाइएको छ । आमाको त्याग र सत्कर्मको गाथा कुनै दिवस र अवसरमा मात्र सीमित हुन नहुने विचार पनि यहाँ प्रतिबिम्बित भएको अनुभव हुन्छ । आमाप्रति असल सन्तानले राख्ने शुभेच्छाभाव यहाँ यसरी मुखरित भएको छ :

**आमा !**

के सकिएला र एकदिन
गाएर तिम्रो महिमा
तिमी स्वस्थ र सुखी रहनू
हरेक दिन
सँगै बस्न र रमाउन पाइयोस्
हरेक क्षण । (पृ. ७१)

एउटी आमाको भावना कति संवेदनशील हुन्छ भन्ने कुरा 'एउटा आवाज' शीर्षकको कवितामा ध्वनित भएको पाइन्छ । सन्तानको खुसीका लागि एउटी आमाले सबै अवसर र सम्पन्नतालाई त्याग्न तयार हुन्छिन् भन्ने भाव यस कवितामा मुखरित भएको पाइन्छ । छोरीको अवस्थाबाट भावुक बनेकी कवि सन्तानको मायाले झस्काउने वास्तविकतालाई यसरी प्रस्तुत गर्दछिन् ।

थोरै टाढा हुँदा पनि
एउटा आवाज गुञ्जिरहन्छ
शान्त हुन सक्दिनँ म
केही चिजले मुटु चिमोटिरहन्छ । (पृ. ७५)

यस्तै 'जागिर' शीर्षकको कवितामा पनि एउटी जागिरे आमाको विवशता र वाध्यतालाई उद्घाटन गरिएको पाइन्छ । जागिरमा पुरुष पनि जान्छ तर छोराछोरी र घरव्यवहारप्रति ऊ त्यति चिन्तित र भयभीत हुँदैन तर आमालाई भने मातृत्वले पोल्दछ । आमाभित्रको संवेदनशील मानसिकता र द्विविधात्मक नारी भावनालाई यसरी प्रस्तुत गरिएको छ ।

जागिर गर्न जानैपर्ने
छोराछोरी छोडी
मनभित्र सम्झनाको
ठूलो भारी बोकी । (पृ. १०४)

## ४.२. नारीमाथिका भेदभावपूर्ण व्यवहारको प्रस्तुति

नेपाली समाजमा अझै पनि नारी र पुरुषका बीचमा विभेदका पर्खालहरू खडा रहेको देख्न सकिन्छ । सामाजिक तथा राजनीतिक सहभागिताका तहमा नारीहरूले सहज रूपमा अवसर पाएको देखिँदैन । नारीमाथि युगौँदेखि अत्याचार हुँदै आएको छ । आधुनिक कालमा आएर उनीहरूले कानुनी अधिकार र शिक्षा प्राप्त गर्दै छन् तर पनि नारीमाथि हुने अत्याचारमा कमी आएको छैन । नारीमाथि गरिने अत्याचारको शृङ्खलामा नयाँ अध्याय थपिएको छ गर्भे भ्रुण समाप्त गर्ने चिकित्सा विज्ञानमार्फत (ज्ञवाली, २०७७ : १२) । समाजको चिन्तन र पूर्वाग्रही भावनालाई चिर्न अझै पनि हम्मे परेको देखिन्छ । परम्परागत मान्यता र रूढिग्रस्त चिन्तनले महिलालाई घरभित्रै चुलोचौकोमा सीमित गरेको छ । सरस्वती ज्ञवालीका कवितामा नारीमाथि भएका यस्तै भेदभावपूर्ण व्यवहार र थिचोमिचोको अवस्था देख्न सकिन्छ । 'खानुपर्ला गोता' शीर्षकको कवितामा पुरुषले वृद्ध उमेरमा पनि दोस्रो विवाह गरी नारीका भावना र रुचिलाई कुल्चेर एकलौटी शासन गर्ने प्रवृत्तिप्रति खबरदारी गरिएको पाइन्छ । उमेर ढलेर पनि दोस्रो विवाह गर्न उद्यत लोग्नेप्रति लक्षित गरिएको कवितांश यस्तो रहेको छ :

आफ्नै घर बनोस् भनी सबै कष्ट सहेँ
प्रसवपीडा सही सही सृष्टि धानिदिएँ
अधबैँसे उमेरमा दियौ अहिले धोका
खानु पर्ला स्वामी राजै बुढेसकालमा गोता । (पृ. ४१)

समयको विकास अनि विज्ञानको प्रभावको युगमा छोरीहरू जन्मनैबाट वञ्चित हुनुपरेको यथार्थ मर्मलाई 'सीता र भृकुटीको माटोमा' कवितामा झल्काइएको देखिन्छ । सीता, भृकुटी र पासाङ जस्ता छोरीहरूले धर्तीमै अवतरण गर्न नपाउने अवस्थाको मार्मिक प्रस्तुति यहाँ पाइन्छ । परम्पराले गाँजेको समाजमा आमा वा नारीहरूमा पनि पुरुषकेन्द्री चिन्तन र आग्रह कायम रहेको यथार्थलाई पनि यहाँ प्रकाश पारिएको छ ।

आमाकै गर्भबाट जन्मलिएका
सभ्य र शिक्षित बाबुहरूले
स्वर्ग जाने सपना देखेर
छोरीहरूले जन्मन पाउने अधिकार खोस्दै छन्

अनि कुरै नबुझी लहै लहैमा
आफू पनि नारी भएको यथार्थ बिर्सेर
नारीको जन्मन पाउने अधिकार खोस्न
सघाउँदै छन्
कतिपय निरीह आमाहरू । (पृ. ५५-५६)

'टाढा कतै' शीर्षकको कवितामा पति र पत्नीमा रहेको विभेद अनि एउटी पत्नीको पतिप्रतिको अपेक्षाभाव मुखरित भएको पाइन्छ । व्यस्त पतिले पत्नी र छोराछोरीलाई समय नदिँदा छाएको निराशा पनि यहाँ अभिव्यक्त भएको देखिन्छ । यहाँ निराशाका साथमा पुरुषसत्ताले नारीलाई ताडना दिएको आसय व्यक्त भएको पाइन्छ ।

अनगिन्ती रहरहरू
सधैँ मनमा पाल्नुपर्ने
तिम्रो बाटो हेर्दाहेर्दै
आफैसँग हार्नुपर्ने । (पृ. ८५)

## ४.३. नारीको जन्म र कर्मप्रतिको गौरवबोध

कवि सरस्वती झवालीले नारी भावना र संवेदनालाई जीवन्त रूपमा प्रकाश पारेकी छन् । यिनका केही कवितामा 'म जस्तै मेरी आमा पनि छिन् भनेर गौरवबोध हुन्छ' भन्ने नारीवादीहरूको आग्रह मुखरित भएर आएको पाइन्छ । 'पासाङको सम्झनामा', 'नियति' जस्ता कवितामा नारीको जन्म र कर्मलाई गौरवका रूपमा लिइएको पाइन्छ । 'पासाङको सम्झनामा' कवितामा पासाङल्हामु सेर्पाले सगरमाथाको सफल आरोहण गरी प्रथम नेपाली महिला आरोहीको उपाधि पाएर सम्पूर्ण नेपाली नारीको शिर माथि उठाउन सफल भएको मर्मलाई झल्काइएको छ । नारी ऊर्जा र साहसको पाटोलाई यस कवितामा प्रकाश पारिएको पाइन्छ ।

पुग्न त तिमी पुगिछौ पासाङ हिमालको शिरैमा
परन्तु जीवन गुम्यो नि तिम्रो अक्करे भिरैमा
विश्वकै सामु उँभियौ तिमी वीर छोरी भएर
नारीको शक्ति देखायौ तिमीले उचाइ चुमेर । (पृ. ४६)

यसै गरी 'नियति' शीर्षकको कवितामा आफ्नी छोरी गर्भमा हुँदाका खुसीका क्षणहरूको अभिव्यक्ति यसरी भएको देख्न सकिन्छ । भविष्यका सुनौला आशा र कल्पनामा रमाउने आमाको मनोविज्ञान पनि यहाँ प्रकट भएर आएको पाइन्छ ।

आयौ गर्भमा जब तिमी
कति उत्साहित थियौँ हामी

सन्तान सुखको कल्पना गर्दै
सुन्दर स्वच्छ मुटुमा प्राण भर्दै
एउटा सपना देख्दै थियौँ । (पृ. ८१)

## ४.४. नारी मर्म र अनुभूतिको प्रस्तुति

यस सङ्ग्रहभित्रका केही कवितामा नारी जीवनको मर्म र वास्तविक अनुभूति मुखरित भएर आएको पाइन्छ । नारी मनको कोमल भावना अनि सामाजिक संरचनाले निम्त्याएको अभिशापपूर्ण अवस्थालाई केही कवितामा प्रस्तुत गरिएको पाइन्छ । 'सहर पसेकी छोरी', 'पुरानो चिठी', 'सुनाखरी', 'आकाश एउटै धर्ती एउटै' जस्ता कवितामा नारी संवेदनाको गहन प्रस्तुति भएको पाइन्छ । 'सहर पसेकी छोरी' शीर्षकको कविताका पृष्ठभूमिमा गाउँमा आमाहरूले खेपेका बुहार्तनको अवस्थालाई झल्काइएको पाइन्छ । हुन त गाउँले जीवनको क्रियाशीलता स्वस्थताको कारण रहेको कुरालाई सङ्केत गरी सहरिया निष्क्रिय जीवनले रोग र विकृति निम्त्याउने सन्दर्भमा नारीका मर्मको उद्घाटन भएको पाइन्छ ।

हतार-हतार टाढा पँधेराबाट
ठूलो गाग्रीभरि सकी नसकी
पानी ल्याउँदा पनि स्वस्थ थिइन्
मेरी आमा
कति फुर्तिली थिइन्
ठूलो जहान परिवारका बीचमा पनि । (पृ. ८६)

यस्तै 'छोरी' शीर्षकको कवितामा पनि नारीमर्म र संवेदनाको अनुभूति जीवन्त रूपमा प्रस्तुत भएको पाइन्छ । छोरी भएर जन्मदैमा अभिशाप भोग्नुपर्ने नियतिको मर्म यहाँ प्रस्तुत भएको पाइन्छ । अबोध छोरीहरू कामुक र हिंस्रक पुरुषहरूको सिकार बन्नुपर्ने वास्तविक मर्मलाई यहाँ झल्काइएको पाइन्छ ।

सयौँ छोरीहरूले
आफ्नो अस्मिता
के हो भन्ने थाहा नपाउँदै
लुटिएर बस्नुपर्दा
सारा सुनौला सपनाहरू
अनायासै मार्नुपर्दा
मेरो हृदय भरिन्छ । (पृ. ९३)

'पुरानो चिठी' शीर्षकको कवितामा पनि नारी भावनाको जीवन्त प्रस्तुति पाइन्छ । आफ्ना जीवन साथीले अतीतमा लेखेको चिठीको महत्त्व रहेको तर त्यस्ता चिठी

जोगाएर राख्न नसकिएको भाव यहाँ मुखरित भएको पाइन्छ । यहाँ अतीतका घटनाप्रतिको नारी संवेदना मुखरित भएर आएको पाइन्छ ।

उनको पहिलो चिठी थियो आदर्शको कथा
हृदयमा लुकाऊँ कि लुकाऊँ कता कता । (पृ. १०८)

'सुनाखरी' शीर्षकको कवितामा प्रकृतिको प्रेमका साथमा माइतीप्रतिको ममताभाव प्रकट हुनुले नारी भावना र संवेदनाको पक्ष प्रबल रहेको पाइन्छ । माइतीको फराकिलो संसारबाट दाम्पत्यको साँघुरो घेरामा प्रवेश गरेको सन्दर्भ यहाँ कलात्मक रूपमा अभिव्यक्त भएको पाइन्छ । माइतीको फराकिलो परिवेशमा हुर्किएकी एउटी नारी विवाहपछि घरको औपचारिकतामा सङ्कुचित भएर बस्नुपर्ने यथार्थको मर्म यहाँ ध्वन्यात्मक रूपमा अभिव्यक्त भएको पाइन्छ ।

जङ्गल नै माइती मेरो
जङ्गल नै घर
तिम्रो सानो गमलामा
बस्न नलाऊ कर । (पृ. ११३)

## ४.५. नारी अधिकार र परिचयको प्रस्तुति

कवि सरस्वती ज्ञवालीका कविताको अध्ययन गर्दा नारीहरूका विभिन्न अवस्था र प्रवृत्तिको अभिव्यक्ति पाउन सकिन्छ । कतै सम्झौतावादी अनि कतै आदर्शवादी नारीका अवस्थाको झलक पनि पाइने यिनका कवितामा कतै नारीअस्तित्व र पहिचानको प्रस्तुति सशक्त र मार्मिक बनेर आएको पाइन्छ । 'परिचय' तथा 'अब बोल्नुपर्छ' जस्ता कवितामा नारी अधिकार र पहिचानको विषयलाई प्रखररूपमा प्रस्तुत गरिएको पाइन्छ । आमाप्रति सम्बोधन गरिएको 'परिचय' शीर्षकको कवितामा सामाजिक ढाँचा संरचना र त्यसले सिर्जना गरेको चिन्तन प्रस्तुत भएको पाइन्छ । परम्पराका बन्धन र पर्खालहरूलाई तोडेर नारीको पहिचानका साथमा बाँच्ने अठोट व्यक्त गरिएको प्रस्तुत कवितामा नारीवादी चेतना सशक्त रूपमा मुखरित भएको पाइन्छ ।

आमा

तिम्री छोरीले
आफ्नै परिचय लिएर
बाँच्न चाहन्छे
नाच्न चाहन्छे
आफ्नो भविष्यको माला
आफै गाँस्न चाहन्छे । (पृ. ७८)

'अब बोल्नुपर्छ' शीर्षकको कवितामा पनि नारीवादी चेतना सशक्तरूपमा प्रतिबिम्बित भएको पाइन्छ । हिंजो हेपिएका र दबाइएका नारीहरू समयको चेतनासँगै आफ्नो हक, अधिकार र अस्तित्वका लागि लड्नुपर्ने उद्घोषका साथमा विद्रोही चेतना पनि सशक्त रूपमा अभिव्यक्त भएको पाइन्छ । नारीका पीडा, वेदना र भावनाहरू अरूबाट नभई नारीहरूबाटै अभिव्यक्त हुनुपर्ने विचारका साथमा कसैले आफ्नो बारेमा बोलिदिँदैन आफ्ना कुरा आफै राख्नुपर्छ भन्ने नारीवादी चेतनाको सशक्त आग्रह यहाँ पाउन सकिन्छ । आफ्ना कुरा सशक्त रूपमा प्रकट गर्न नपाएकै कारण नारीहरू सहभागिता र अवसरबाट वञ्चित हुनुपरेको ठहर कविको रहेको छ ।

नबोले त हाम्रा कुरा
कसले थाहा पाउँछ र
के भयो हँ तिमीलाई भनी
सोध्न यहाँ को आउँछ र ? (पृ. ८८)

यसै गरी 'फरक' शीर्षकको कवितामा पनि नारीभावना र पहिचानको अभिव्यक्ति प्रखर रूपमा भएको पाउन सकिन्छ । पुरुष र नारीका सोच, चिन्तन र भावनाहरू स्वभावतः फरक हुने विचार यहाँ प्रकाश पारिएको छ । शारीरिक संरचना र अनुभव तथा संवेदनाका तहमा नारी र पुरुषका बीचमा भिन्नता भएको मर्म यहाँ प्रकट भएको पाइन्छ ।

## ४.६. नारी जागरण र विद्रोही स्वर

यिनका केही कवितामा नारी जागरणका साथमा विद्रोही स्वर पनि सशक्त रूपमा मुखरित भएर आएको पाइन्छ । कवि सरस्वती ज्ञवाली अन्तर्मुखी र चिन्तनशील स्वभावकी स्रष्टा हुन् । यिनका अभिव्यक्तिमा ठाडो नाराबाजी नभई विषयलाई गम्भीर रूपमा उठाइएको पाइन्छ । कवितासङ्ग्रहको शीर्षकका रूपमा चयन गरिएको 'स्वाभिमान' शीर्षकको कवितामा नारी अहं र प्रतिष्ठालाई उच्च महत्त्व दिएको देख्न सकिन्छ । राजनीतिक स्वतन्त्रता अनि परिवर्तनप्रतिको आस्थाका साथमा परम्परागत पुरुषकेन्द्री सोच र चिन्तनप्रतिको विद्रोही भाव पनि यहाँ सशक्त रूपमा मुखरित भएको पाइन्छ । कसैको लहैलहैमा लागेर सत्यलाई बङ्ग्याउने र भ्रम पैदा गर्ने कुरामा कविको सशक्त विमति रहेको पाइन्छ ।

मेरो शरीरको प्रत्येक नसामा
रक्तसञ्चार भइरहन्छ
मेरो शरीरको अङ्ग अङ्गमा
चेतनाको प्रवाह बगिरहन्छ
जबसम्म रक्तसञ्चार भइरहन्छ नसाहरूमा

चुपचाप चुपचाप
सेतोलाई कालो र कालोलाई सेतो
भन्न सक्दिनँ म । (पृ. ४२-४३)

यसै गरी 'अब बोल्नुपर्छ' शीर्षकको कवितामा नारीहरू सधैँभरि चुपचाप लागेर बस्न नहुने भाव व्यक्त गरिएको पाइन्छ । इतिहासमा धेरै अपमान र चोट सहेका नारीहरू अब अधिकारका लागि जुर्मुराएर उठ्नुपर्छ भन्ने आग्रह यहाँ मुखरित भएको छ । आवश्यक परेमा नारीहरूले विद्रोहको ज्वाला सल्काउनुपर्ने उद्घोषका साथमा कविभित्र निहित विद्रोही चेतना सल्बलाएर आएको देख्न सकिन्छ । वास्तवमा विचार सम्प्रेषणका लागि धेरै शब्द र पंक्ति थोपर्नु आवश्यक छैन । इतिहासको मौनताबाट पाठ सिकी अब सशक्त रूपमा प्रतिवाद गर्ने बेला आएको विचार यहाँ प्रवाहित भएको पाइन्छ ।

अब बेला आएको छ
विद्रोहद्वार खोल्नुपर्छ
चोट मात्र खाने होइन
ऐया भनी बोल्नुपर्छ । (पृ. ८९)

यसै गरी 'विद्रोह' शीर्षकको कवितामा नारी विद्रोहको मर्म सशक्त रूपमा अभिव्यक्त भएको पाइन्छ । बधूशिक्षाका नाममा नारीहरूलाई पशुका कक्षमा राखिने प्रवृत्तिलाई झल्काउनुका साथै भित्री इच्छा र भावनालाई दबाएर नारीहरू दुखी-पीडित हुने होइन बरू अब विद्रोह गर्ने बेला आएको छ भन्ने भाव यहाँ अभिव्यक्त भएको पाइन्छ । पुराणमा वर्णन गरिएका नारीहरू जस्तै महाकाली, भैरवी र रणचण्डी बन्नुपर्ने चेतना यहाँ सल्बलाएर आएको देख्न सकिन्छ । संक्षिप्तताभित्र सघन भाव र मर्मका साथमा कविभित्र निहित विद्रोहको ज्वाला यहाँ प्रकट भएर आएको पाइन्छ ।

समाजका अविश्वास र विकृतिलाई
अङ्कमाल गर्नुहुँदैन हामीले
सम्पूर्ण मातृत्वले
विद्रोह गर्ने बेला आएको छ
देवीभागवत्का नारीहरूले जस्तै
रणचण्डी भएर । (पृ. १२५)

सरस्वती ज्ञवालीका कवितामा नारी अनुभूति र मनोविज्ञान सशक्तरूपमा मुखरित भएर आएको देख्न सकिन्छ । यिनका कविताले नारीहरूको अधिकार खोज्छन्, समाजमा नारीमाथि थोपरिएका अभिशापप्रति प्रश्न र प्रतिप्रश्न गर्छन् । परम्परागत रूपमा दबाइएका नारीहरूको अवस्था झल्काई आजको वैज्ञानिक युगमा छोरीहरू

जन्मनबाटै वञ्चित रहेको यथार्थलाई मार्मिक रूपमा उठाई पाठकलाई नै संवेदनशील बनाउँछन् । यसै गरी इतिहासका सुकिला अनि साहसी नारीहरूका पदचिह्नलाई पछ्याएर अगाडि बढ्नुपर्ने सन्देश यिनका कवितामा पाइन्छ । नारी अस्मिता र आत्मसम्मानलाई माथि उठाउनमा ज्ञवालीका सिर्जनाले उत्प्रेरकको काम गरेको देख्न सकिन्छ । यिनको चेतना र लेखनी नारीकै पक्षमा केन्द्रित रहेको पाइन्छ । आमा, पत्नी, साथी, शिक्षक, कर्मचारी, राजनीतिक अगुवा, समाजसेवी आदि जस्ता भूमिका सम्पादन गर्दै घरधन्दा र सन्तान हुर्काउनका लागि नारी नै अग्रसर हुनुपर्ने हाम्रो सामाजिक संरचना र चिन्तन पनि मसिनो गरी यहाँ प्रस्तुत भएको पाइन्छ । प्रत्यक्ष रूपमा नारीभावना र आग्रहको उठान नपाइने कवितामा पनि नारीमनको हार्दिकता, कोमलता, आदर्शको आग्रह तथा निष्ठाप्रतिको प्रतिबद्धता सबल रूपमा मुखरित भएको पाइन्छ । यसै गरी राष्ट्र, समाज र पूर्वीय संस्कृतिप्रतिको अनुराग पनि यिनका कवितामा अभिव्यक्त भएर आएको पाइन्छ ।

## ५. निष्कर्ष तथा उपयोगिता

सरस्वती ज्ञवाली नेपाली साहित्यमा गद्य तथा पद्य विधामा कलम चलाउने प्रतिभा हुन् । नेपालको सामाजिक, राजनीतिक तथा सांस्कृतिक अवस्थालाई राम्ररी अनुभव गरेकी छन् । यिनका लेखनमा समसायिक जीवनका वास्तविकतालाई झल्काइएको पाइन्छ । यिनको लेखनमा समकालीन नेपाली समाजका नारीको अवस्था र भोगाइका यथार्थ अवस्थालाई प्रस्तुत गरिएको पाइन्छ । राजनीतिक, सामाजिक तथा जागिरका कार्यक्षेत्रमा नारीलाई हेय दृष्टिले हेर्ने र अपमान गर्ने कुराहरू यिनको आत्मकथा 'लालटिनको उज्यालोमा'मा जीवन्त रूपमा आएको पाइन्छ । नारीको सहनशीलता, पारिवारिक उत्तरदायित्व र उत्साह पाएर नै एउटा पुरुष वा पति सफलताको यात्रामा अगाडि बढ्न सक्छ भन्ने दृष्टान्त स्वयं ज्ञवालीको जीवनबाट स्पष्ट हुन्छ । नारीका विविध भूमिकालाई समाजले आदर गर्नुको सट्टा उल्टै नारीमाथि दमन गरेको कुराको खरो विमति यिनको लेखनमा प्रतिबिम्बित भएको पाइन्छ । यसरी हेर्दा सरस्वती ज्ञवालीका कृतिलाई नारीवादी चिन्तन र प्रवृत्तिका आधारमा विश्लेषण गर्न सकिने प्रशस्त आधारहरू रहेका छन् ।

ज्ञवालीको 'स्वाभिमान' कवितासङ्ग्रहका कविताहरूको अध्ययन गर्दा नारीभावना र आस्थाको सशक्त अभिव्यक्ति भएको पाइन्छ । सैद्धान्तिक हिसाबले नारीवादमा आधारित नभए तापनि समाजमा नारीले भोग्नुपरेका यथार्थलाई अभिव्यक्ति दिँदा यिनका कवितामा नारीवादी चेतना सघन बनेर आएको पाइन्छ । नारीको समस्या, अस्तित्व, समानतापूर्ण अधिकारलाई केन्द्रमा राखी जीवनको व्याख्या गर्ने काम यिनले गरेकी छन् । यिनका कवितामा नारीका आमा, साथी, गृहिणी,

वीराङ्गना तथा दैवी रूपलाई उपस्थित गराइएको पाइन्छ । अपाङ्गता भएकी आफ्नी छोरीलाई ईश्वरको अर्को रूपमा लिई आफ्ना सबै अवसरलाई त्यागेर छोरीकै खुसीमा तल्लीन हुनुले आम नारीको मातृत्वको गौरवशाली पहिचान कवितामा झल्किन पुगेको पाइन्छ । सीता, भृकुटी, पासाङ जस्ता साहसी नारीको उत्प्रेरणा लिई नारीहरू अगाडि बढेर आफ्नो अस्तित्व उचाइमा पुऱ्याउनुपर्ने उत्प्रेरणा पनि यिनका कवितामा प्रतिबिम्बित भएको देख्न सकिन्छ । समाजमा नारीमाथि भएका विभेद, अत्याचार अनि यौनशोषणको सिकार बन्न विवश अबोध चेलीहरूको अवस्थाद्वारा नारीमाथि हुने पुरुषशोषणको यथार्थ अवस्थालाई यहाँ प्रकाश पारिएको छ । नारी भएर जन्मनुको गौरवबोध पनि यिनका केही कवितामा प्रस्तुत भएको पाइन्छ । यिनका कवितामा सल्बलाएको वास्तविक पक्ष भनेको नारी संवेदना र अनुभूतिको जीवन्त प्रस्तुति हो । नारी अस्मिता र स्वाभिमानका साथै राष्ट्र र समाजप्रतिको कर्तव्यबोध पनि जीवन्तरूपमा मुखरित भएको पाइन्छ । नारीहरू अझै पनि अवसर र अधिकारबाट वञ्चित भएको कुरा यिनका कवितामा प्रकाश पारिएको छ । वर्तमान समयमा विकास भएको वैज्ञानिक प्रविधिले छोरीहरूलाई जन्मनबाटै रोक लगाएको कुरालाई संवेदनशील रूपमा उठाइएको पाइन्छ । महिलाहरूले विद्रोही चेतनाका साथमा सङ्घर्ष गर्नुपर्ने विचार यिनका कवितामा सल्बलाएको पाइन्छ ।

लैङ्गिक विभेदले निम्त्याएका समस्यालाई उठाई समाजमा नारी र पुरुषका बीचमा समानता कायम गर्ने उद्देश्यमा यिनका कविताहरू केन्द्रित रहेकाले यिनका कवितामा नारीवादी चेतना सशक्त रूपमा आएको पाइन्छ । नारी संवेदना र इमानका स्वरहरू यिनका कवितामा पोतिएको पाइन्छ । कवित्व कला र शिल्पसौन्दर्यका दृष्टिले मध्यम स्तरमा रहे पनि विषयको उठान अनि नारीचेतना र अभिमानका दृष्टिले यिनका कविताहरू सशक्त रहेको पाइन्छ । यिनका कविताको जीवन्त पक्ष जनजिब्रोको लय ढाँचालाई समाई कतै मुक्त र प्रायः लोकलयात्मक ढाँचालाई पछ्याइएको पाइन्छ । छोटो आयाममा संरचित हुनु पनि यिनका कविताको विशेषता मान्नुपर्दछ । समाजलाई नीति र आचारतर्फ अभिप्रेरित गरी महिलाको अवस्था र समस्यालाई उठाउने कुरामा यिनको कवित्व जीवन्त बनेर आएको पाइन्छ । सरस्वती ज्ञवालीका कवितालाई नारीवादी चेतना तहमा बोध र मूल्याङ्कन गर्नका लागि यो लेख उपयोगी रहेको छ । यसै गरी यिनको जीवन भोगाइ र सिर्जनाको पाटोलाई नियाल्नका लागि यो लेख उपयोगी रहेको छ । नारीवादको परिचयात्मक पृष्ठभूमि पहिचान गरी यिनको 'स्वाभिमान' कवितासङ्ग्रहका कवितामा के कस्तो रूपमा नारीका विषयको उठान गरिएको छ भन्ने कुराको अध्ययन गर्नका लागि पनि यो लेख उपयोगी रहेको छ । अन्य विविध कोणबाट यस कृतिको अध्ययन गर्नका लागि पनि यसले आधार प्रदान गर्दछ ।

## प्रमुख सन्दर्भस्रोत


उप्रेती, सञ्जीव, (२०६८), **सिद्धान्तका कुरा**, काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

गौतम, लक्ष्मणप्रसाद, (२०६६), **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना**, काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

ज्ञवाली, सरस्वती, (२०७७), **स्वाभिमान**, काठमाडौँ : साथी प्रकाशन ।

त्रिपाठी, सुधा, (२०६७), **नारीवादको कठघरामा नेपाली साहित्य**, ललितपुर : साझा प्रकाशन ।

पौड्याल, एकनारायण, (२०७०), **समालोचनाको स्वरूप र पद्धति**, चितवन, विमर्श नेपाल ।

श्रेष्ठ तारालाल, (२०६८), **शक्ति, स्रष्टा सबाल्टर्न**, काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

सुवेदी, राजेन्द्र, दोस्रो संस्क. (२०६८), **नेपाली समालोचना : परम्परा र प्रवृत्ति**, काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।


ooo


**विद्यालय तथा शैक्षिक संस्थाहरूलाई अनुरोध**

***विश्वभर कोरोना भाइरसको महामारी फैलिइरहेको वर्तमान परिप्रेक्ष्यमा जिल्लास्थित सम्पूर्ण शैक्षिक संस्थाहरूले उच्च स्वास्थ्य सतर्कता अपनाई विज्ञान र प्रविधिको भरपुर प्रयोग गर्दै सिकाइ कार्यमा निरन्तरता दिई शैक्षिक क्षति हुनबाट जोगाउनुहुन अनुरोध छ ।***

अनुरोधक

**शिक्षा विकास तथा समन्वय इकाइ**

**गुल्मी**

# यै देशमा बाँच्न र मर्न पाऊँ

✍ **विजयराज भट्टराई**
**कुलेश्वर, काठमाडौं**

खुशी भए आफू खुशी खुशी छ
दुःखी भए आफू जगै दुःखी छ
आफू रुँदा लाग्दछ, एकसाथ–
संपूर्ण सृष्टिसित धर्ती रुन्छ ॥१॥

खुशी खुशी देख्न म पाउँ सृष्टि
सर्वत्र शान्तिमय होस् धरित्री
बढेर मैत्री करूणा र प्रेम
हाँसी खुशी हुन् सब चित्तवृत्ति ॥२॥

गरीबको बास बनिरहूँ म
निराशको आश बनिरहूँ म
पीडितको त्राण बनिरहूँ म
अनाथको नाथ बनिरहूँ म ॥३॥

म प्रेम बाँडेर हँसाई राखूँ
म सुख्ख बाँडेर रमाई राखूँ
म शान्ति बाँडेर खुशी बढाऊँ
म आशको ज्योति सदा फिजाऊँ ॥४॥

मलाई हार्नु अनि जित्नु छैन
निराश बन्नु पनि कत्ति छैन
रुनु र हाँस्नु पनि केही छैन
म गर्छु सेवा अरु काम छैन ॥५॥

यो जिंदगीमा जीत हार हुन्छ
यो खेल जस्तै गरी खेल्नुपर्छ
यो खेलमा जीवन हार्न हुन्न
यो खेलमा मानिस हार्न हुन्न ॥६॥

जित्ने स्वयंले पछि हार्न सक्छ
हार्ने स्वयंले पछि जित्न सक्छ

पैले रुने नै पछि हाँस्न सक्छ
सदैव एकै स्थिति के रहन्छ ? ।।७।।

हाँसो म साटूँ लिई आँसु आफू
खुशी म साटूँ लिई दुःख आफू
छायाँ म साटूँ लिई ताप आफू
मुस्कान साटूँ लिई घाउ आफू ।।८।।

आत्मा म हुँ भन्दछ आफूलाई
र प्रश्न गर्दै छ नि क्वै मलाई
जवाफ देउ ऊ भनिरहेछ
मभित्र आवाज उठिरहेछ ।।९।।

उ न्याय आफै किन न्याय माग्छ ?
उ सत्य आफै किन तथ्य माग्छ ?
इमान आफै किन लोभ गर्छ ?
विवेक आफै किन प्रश्न गर्छ ? ।।१०।।

प्रकाश आफै किन ज्योति माग्छ ?
आवाज आफै किन वाणी माग्छ ?
माग्दैछ आँखा किन दृष्टि आज ?
वाणी स्वयं यो किन चूपचाप, ? ।।११।।

परन्तु निष्काम र मौन नै म
स्वयं प्रभु आई भने पनि ल -
गर्‍यौ यी सेवा तिमीले यति कि
क्यै माग दिन्छु कुनै चाह छन् कि ।।१२।।

मागी लिनेको तल हात पर्छ
खाँचो नपर्दा किन माग्नुपर्छ
गल्ती भए यो त क्षमा म माग्छु
गल्ती भए त्यो नि क्षमा म माग्छु ।।१३।।

क्यै पाउने छैन मलाई चाह
क्यै भोगी भेट्ने पनि छैन चाह
निष्पाप भै कर्म म गर्न पाऊँ
यै देशमा बाँच्न र मर्न पाऊँ ।।१४।।

**ooo**

# काग र स्याल

✍ **रमेश गौतम 'पाल्पाली'**
**पाल्पा**

दिया मिस कक्षा कोठामा आएपछि सबै विद्यार्थी भाइबहिनीहरूले उठेर नमस्ते गरे । मिसले कालोपाटीको नजिक गएर भन्नुभयो– "नानी बाबू हो ! सबै आ–आफ्नो ठाउँमा बस । ल अब भन त आज के पढ्ने होला ?"

राधाले उठेर भनिन्– "मिस आज त काग र स्यालको कथा भन्छु भन्नुभएको थियो नि, पहिले कथा भन्ने होइन र ?" अरू विद्यार्थीहरूले पनि "हो हो मिस ! पहिले कथा सुन्ने । हामीलाई कथा सुन्न कस्तो मन पर्छ । कथा सुनेरमात्र किताब पढ्ने ।" भनेर एकै स्वरमा भने ।

"ल त्यसो भए कथा नै भन्छु सबै जना हल्ला नगरी बस्ने है त ।" "हुन्छ मिस ! हामी हल्ला गर्दैनौं ।" राधाले भनिन् ।

"एउटा ठूलो जङ्गलमा सिमलको ठूलो रूख थियो । त्यसको माथि काग बस्थ्यो भने स्याल फेँदमा बस्थ्यो । कागले स्याललाई दाइ भन्थ्यो र स्यालले कागलाई भाइ । ती दुबैले मासु खान्थे । कुन ठाउँमा जनावर मरेको छ ? भनेर कागले पत्ता लाउँथ्यो र दुबै जना गएर पेटभर खान्थे र साँझ त्यही रूखमा आएर बस्थे ।

एक दिन स्याल धेरैबेर सुतेको देखेर कागले भन्यो–"होइन दाइ ! भोक लागेको छैन ? खान जाने होइन ?" "के भनौं भाइ ! आजकाल पटक-पटक पिसाब लाग्छ । रातिमा राम्रोसँग सुत्न सक्दिनँ । आलस्य भइरहेको छ । आज त झन् दुबै घुँडा दुखेर हिँड्न पनि मिलेको छैन । म त यसै मर्ने भएँ ।"

"चिन्ता नगर्नुस् दाइ ! कहाँ त्यसै मरिन्छ । ऊ त्यो ढलेको विजयसालको टोंड्काभरि पानी छ । दिनको तीनचार पटक त्यो पानी खानुस् पिसाब कम हुन्छ । अनि ऊ त्यो आँकको हाँगो भाँच्नुस् । त्यसबाट सेतो चोप आउँछ । त्यो लगाएपछि घुँडा दुखेको निको हुन्छ ।" "हो र भाइ ! सजिलो उपाय बतायौ त ।"

"अझ आँकको पात वा रातीगेडीको पातमा सर्सिउँको तेल दलेर आगोमा सेकाएको पात घुडामा राख्न पाए झन् राम्रो । त्यस्तै तुलसीको पात, अँणेरको पात र सिधेनुन मिसाएर दुखेको ठाउँमा लाए पनि हुन्छ ।" "कागले भनेअनुसार स्यालले औषधि गऱ्यो । दुई तीन दिनमा त उसलाई धेरै आराम भयो । उनीहरू पहिलेजस्तै सुखपूर्वक बस्न थाले । भन त यो कथा कस्तो लाग्यो ?"

"धेरै राम्रो मिस, मान्छेलाई पनि काम लाग्ने रहेछ । " सबैले भने ।

०००

# मनुको 'सिम्-सिम् पानी'

✍ **पुष्कर अथक रेग्मी**
**तानसेन, पाल्पा**

### १. प्रारम्भ

लुम्बिनी प्रदेश गुल्मी जिल्ला इस्मा गाउँपालिका वडा नं. २, मैनडाँडा निवासी माता प्रेमकुमारी खत्री र पिता गोविन्द भक्त पौड्याल (प्रभु) का माहिला सुपुत्र मनबहादुर खत्री 'मनु'को जन्म वि.सं. २०३९ साल असार ३१ गते भएको हो । अंग्रेजी शिक्षामा स्नातकोत्तर उत्तीर्ण गरेका मनु शिक्षण /प्राध्यापन पेशामा संलग्न रहेका छन् । नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य, सिद्धबाबा माध्यमिक विद्यालय, तम्घास, गुल्मीका आजीवन सदस्य, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान गुल्मीका संस्थापक कोषाध्यक्षसमेत रहेका मनुको रुचि साहित्य र संगीतको क्षेत्रमा रहेको छ । विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कविता, गीत, गजलहरू प्रकाशित गर्दै आएका मनुको गजल-सङ्ग्रह गजल चालिसा (२०७७) सार्वजनिक भएको छ ।

### २. विषय प्रवेश

'सिम्-सिम् पानी परेको याद आयो' गजलका स्रष्टा उदियमान युवा गजलकार मनबहादुर खत्री 'मनु' हुन् । किरण पुस्तकालय तम्घास, गुल्मीद्वारा प्रकाशित गजल चालिसा (२०७७) भित्र मनुका चालीसवटा गजलहरू सङ्गृहीत रहेका छन् । पृष्ठ ४० मा अन्तिम गजलको रूपमा 'सिम्-सिम् पानी' गजल रचना संरचित छ । उनको यही गजललाई सङ्कथन विश्लेषण गर्ने प्रयास गरिएको छ । सङ्कथन भन्नाले कुनै गंभीर विषयवस्तुमा गरिएको भाषण, तार्किक प्रस्तुतीकरण, निर्दिष्ट वर्णन, कथनका साथै लेखकीय भाषिक अभिव्यक्ति हो । सङ्कथनलाई कुनै पनि सम्बन्ध विषयको आदिदेखि अन्त्यसम्मको धारावाहिक भाषिक अभिव्यक्तिको रूपमा परिभाषित गरिएको पाइन्छ । यसमा वक्ता, श्रोता र विषय अपेक्षित हुन्छ ।

### ३. गजलको मूल पाठ

सिम्-सिम् पानी परेको याद आयो
खेत रोप्न झरेको याद आयो

हिलो छेप्दै वालीको तालमा
नाच्दै छेउँ सरेको याद आयो

पौडी खेली रमाउँदै निस्तीमा
हात छोपी तरेको याद आयो

कोदो रोप्दै बारीमा जोतेर
टेपमा गीत भरेको याद आयो

तीजको राम ताल्तुङ्ग डाँडैमा
हल्का रङ्ग गरेको याद आयो

## ४. संरचना

गजल पाँच शेरमा संरचित रहेको छ । शेर मतलामा ' सिम्-सिम् पानी परेको याद आयो' मिसरा ए उला र 'खेत रोप्न झरेको याद आयो' मिसरा ए सानीको रूपमा आएका छन् । 'परेको, झरेको, तरेको, भरेको, गरेको' शब्दहरू पूर्ण काफियाको रूपमा आएका छन् । 'याद आयो' शब्द स्वतन्त्र रदिफको रूपमा दोहरिरहेको छ । मिठो रदिफले गजललाई गेयात्मक बनाएको छ । अन्तिम शेर मकतामा तखल्लुस प्रयोग भएको छैन । समाप्ति सशक्त ढंगले भएको गजल मुरद्दफ रहेको छ ।

## ५. सङ्कथन विश्लेषण

## (क) पहिलो शेर (मतला)

| | |
|---|---|
| शेर (मतला) | सिम्-सिम् पानी परेको याद आयो (मिसरा ए उला)<br>खेत रोप्न झरेको याद आयो (मिसरा ए सानी) |
| अन्तर्निहित भाषिक रूप | मलाई सिम्-सिम् पानी परेको त्यो दिन याद आयो<br>उनीसँगै खेत रोप्न सँगै झरेको याद आयो |
| ध्वनि वैशिष्ट्य | सिम्, याद, खेत, रोप्नमा 'अ'को आवृत्ति ।<br>पानी, याद, आयो मा 'आ'को आवृत्ति ।<br>परेको, झरेकोमा 'ए'को आवृत्ति । |
| भाषिक संरचनात्मक वैशिष्ट्य | म (मेरो) उनी (उनको) को लोप ।<br>सिम्-सिम् पानीले असार-साउने झरीको बोध गराउँछ ।<br>पानी परेको देख्दा सदैव उनीसँग खेत रोप्न झरेको याद दिलाउँछ । |
| सन्दर्भन | समाख्याताको एकालापीय कथन । पानी पर्दा कसैलाई संझिएर बसेको अवस्था । खेत रोप्न झरेको अवस्था । |
| पूर्वापर जिज्ञासा सम्बन्धन | सिम्-सिम् पानी किन पऱ्यो ?<br>खेत रोप्न किन झरियो ?<br>कसैको याद किन आयो ? |

## (ख) दोस्रो शेर

| | |
|---|---|
| शेर | हिलो छेप्दै वालीको तालमा<br>नाच्दै छेउँ सरेको याद आयो |
| अन्तर्निहित भाषिक रूप | वाली (असारे गीत) को तालमा गाउँदै हिलो छ्यापेको । नाच्दै नजिक–नजिक सरेको याद आइरहन्छ । |
| ध्वनिवैशिष्ट्य | यादमा 'अ' को आवृत्ति । वालीको, तालमा, नाच्दै, याद, आयो मा 'आ' को आवृत्ति । छेप्दै, छेउ मा 'ए' को आवृत्ति । हिलो, वालीको, सरेको, आयो मा 'ओ' को आवृत्ति । |
| भाषिक संरचनात्मक वैशिष्ट्य | 'म' र 'उनी' को लोप । हिलो छ्यापेको, नाचेको, नजिक सरेको संझन बाध्य बनाएको । |
| सन्दर्भन | असारे रोपाइँ, वाली भाकामा गीत गाएको, धान रोपेको, नाचेको, हिलो छ्यापाछ्याप गरेको, नजिक सरेको, मायाले मन परेको, नथामिएको मन याद आयो । |
| पूर्वापर जिज्ञासा सम्बन्धन | वालीको तालमा नाचेको किन होला ?<br>हिलो छ्यापेको किन होला ?<br>नाच्दै छेउ सरेको किन होला ? |

## (ग) तेस्रो शेर

| | |
|---|---|
| शेर | पौडी खेली रमाउँदै निस्तीमा<br>हात छोपी तरेको याद आयो |
| अन्तर्निहित भाषिक रूप | निस्ती खोलामा पौडी खेली रमाएको,<br>हात समाती खोला तरेको याद आइरहन्छ । |
| ध्वनिवैशिष्ट्य | हात, याद, आयो मा 'आ' को आवत्ति,<br>पौडी, खेली, निस्ती, छोपीमा 'ई' को आवृत्ति,<br>तरेको, आयो मा 'ओ' को आवृत्ति । |
| भाषिक संरचनागत वैशिष्ट्य | 'म' र 'उनी' को लोप । पौडी खेलेको, निस्ती खोलामा रमाएको, हात समाएर खोली तरेको संझन बाध्य बनाएको । |

| | |
|---|---|
| सन्दर्भन | हरेक प्रहरका साथै रमाइलो मनोरञ्जनका पलहरूको याद आइरहन्छ । पौडी खेलेको, निस्ती खोला हात समाएर तरेको झन् याद आएर एकोहोरिएको अवस्था । |
| पूर्वापर जिज्ञासा सम्बन्धन | निस्ती खोलामा पौडी खेलेको किन होला ?<br>रमाउनु पर्ने कारण के होला ?<br>हात समातेको किन होला ? |

## (घ) चौथो शेर

| | |
|---|---|
| शेर | कोदो रोप्दै बारीमा जोतेर<br>टेपमा गीत भरेको याद आयो |
| अन्तर्निहित भाषिक रूप | मलाई कोदो रोप्दै बारी जोतेकोमा ती दिनहरू याद आइरन्छ<br>टेपरेकर्डरमा सालैजो गीत रेर्कड गरी भरेको याद आइरहन्छ । |
| ध्वनि वैशिष्ट्य | टेप, गीत, यादमा 'अ' को आवृत्ति । बारीमा, टेपमा 'आ' को आवृत्ति । कोदो, रोप्दै, जोतेर मा 'ओ' को आवृत्ति । |
| भाषिक संरचनागत वैशिष्ट्य | 'म' र 'उनी' को लोप ।<br>बारी जोतेर कोदो रोपेको याद आउँछ । टेपरेकर्डरमा उनी र म भएर सालैजो गीत भरेको याद आउँछ । |
| सन्दर्भन | समाख्याताको एकालापीय कथन । कोदो अन्न र टेप सामग्रीको प्रयोगको अवस्था । बारी जोतेको, टेपमा गीत भरेका यादहरू संझिएर बसेको अवस्था । |
| पूर्वापर जिज्ञासा सम्बन्धन | बारी किन जोतियो ?<br>कोदो किन रोपियो ?<br>उनीहरूले टेपमा गीत किन र कसरी भरेका होलान् ? |

## (ङ) पाँचौ शेर (मकता)

| | |
|---|---|
| शेर (मकता) | तीजको राम ताल्तुङ्ग डाँडैमा<br>हल्का रङ्ग गरेको याद आयो |
| अन्तर्निहित भाषिक रूप | तीज पर्वको बेलामा ताल्तुङ्ग डाँडामा राम (मेला) लाग्छ । उनीसँग रङ्ग रमाइलो गर्दै घुमिरहेको झलझली याद आइरहन्छ । |
| ध्वनि वैशिष्ट्य | राम, रङ्ग, यादमा 'अ' को आवृत्ति । राम, ताल्तुङ्ग, डाँडै, याद, आयोमा 'आ' को आवृत्ति । तीजको, गरेको, आयो मा 'ओ' को आवृत्ति । |
| भाषिक संरचनागत वैशिष्ट्य | 'म' र 'उनी' को लोप ।<br>ताल्तुङ्ग डाँडामा तीजको बेलामा लाग्ने मेलाको याद आइरहन्छ । मेलामा उनीसँग रमाइलो गर्दै हिडेको याद झलझली आँखामा आइरहन्छ । |
| सन्दर्भन | समाख्याताको एकालापीय कथन । नारीहरूको पर्व तीज, रमाइलो मेला र ताल्तुङ्ग डाँडा जस्ता कार्य /स्थानको प्रयोगको अवस्था । डाँडामा मेला लागेको बेलामा रङ्ग रमाइलो गरी उनलाई एकोहोरो सम्झिएर बसेको अवस्था । |
| पूर्वापर जिज्ञासा सम्बन्धन | तीजमा राम किन लाग्छ ?<br>ताल्तुङ्ग डाँडामा नै मेला किन लाग्छ ?<br>मेलामा उनीसँग कस्तो हल्का रमाइलो किन गरिएको होला ? |

उल्लिखित गजलमा समाख्याताले उनी (मन परेकी मायालु) लाई दिन दुगुना, रात चौगुना संझिएको अवस्था छ । सिमसिम पानी पर्दा सदैव उनको याद आउँछ । विगतका हरेक यादमा उनको याद आउँछ । झलझली आँखावरिपरि उनकै उपस्थिति रहेको छ । उनको यादले समाख्याता पलपल छटपटिएको छ । गजल एकालापीय मनोवादको रूपमा रहेको छ । उसले आफ्ना यादहरूलाई पनि तीब्र बनाएको छ कि ऊ, उनीसँग फेरि ती अतीत दोहऱ्याउन चाहन्छ । किनकि उसको सबैथोक नै उनी हो । सिम्सिम् पानी पर्दा उसले सदैव विगतका हरपलहरू संझिरहन्छ ।

गजल शृङ्गारिक रहेको छ । अर्थात् शृङ्गार रसले भरिपूर्ण गजल रहेको छ । शृङ्गार रसको स्थायी भाव रति हो । ॠतु, प्रियसी, गायन, नृत्य, भ्रमण,

मुस्कुराहट, दर्शन, स्पर्शबाट नै गजलमा संभोग शृङ्गार रसको उत्पत्ति भएको छ भने अनुराग, अभिलाषा, समय, संझना, विरह आदिबाट नै विप्रलम्भ शृङ्गार रसको उत्पत्ति भएको छ । समाख्याताको स्मृति अनुराग अत्यन्त उत्कृष्ट छ तर मायालुसँग प्रत्यक्ष भेटघाट हुन सकिराखेको छैन । उसले आफ्ना अनुभूतिहरूलाई यसरी पोखिरहेको छ कि ऊ, उनीलाई शीघ्र भेट्न र विगतमा बिताएका प्रत्येक क्षण पुनः दोहऱ्याउन चाहन्छ । किनकि सिम्सिम् पानी पर्दा ऊ यति व्याकुल हुन्छ कि 'उनी' नै उसको सबैथोक हो, जीवन र जीन्दगी हो । यसरी मायालुको संझना जीवनमा कहिल्यै नमेटिने अमिट छाप र प्रेरणा बनेर रहेको कुरालाई गजलकारले मार्मिक ढंगले प्रस्तुत गरेका छन् । गजलको धर्म र मर्म नै शृङ्गारिकता भएकोले 'मनु' को 'सिम्सिम् पानी' गजल शिष्ट, श्लील र उत्कृष्ट रहेको छ ।

(लेखक एकसय एक गजल संग्रह अन्ततः र सचित्र बहरबद्ध बाल गजल-संग्रह 'अनुरोध' प्रकाशित गरिसकेका गजलकार हुन् ।)

**सन्दर्भ-सामग्री**


खत्री, मनबहादुर (२०७७) **गजल चालिसा**, किरण पुस्तकालय, गुल्मी ।

रेग्मी, पुष्कर अथक (२०७६) **'साउने झरी'** गजलको सङ्कथन विश्लेषण, वाटिका, वर्षः१७, अङ्क :१८, पृष्ठ २०९-२१३, पाल्पा ।

भट्ट, पुष्करराज (२०७२), **'कति बसूँ पर्खिएर...'** गजलको सङ्कथन विश्लेषण, घोडाघोडी रिभ्यू:१, पृष्ठ १४१-१५०, कैलाली ।


ooo


**विद्युत् चोरी गर्नेलाई सामाजिक वहिष्कार गरौं ।**

- विद्युत् चोरी गर्नु कानूनी तथा सामाजिक अपराध हो ।
- विद्युत् चोरी गर्दा दुर्घटनासमेत हुन सक्दछ ।
- विद्युत् चोरी एक जघन्य अपराध हो ।
- विद्युत् चोरी जस्तो समाज र देशविरुद्धको गम्भीर अपराध हुनबाट रोकी सामाजिक दायित्व पूरा गरौं; सबै सधैं नैतिकवान् बनौं ।

**नेपाल विद्युत् प्राधिकरण**

गुल्मी वितरण केन्द्र

# 'पश्चात्ताप'प्रति एक दृष्टि

✍ **स्व.डा. टीकाराम पन्थी**
**रेसुङ्गा नगरपालिका -३, भाडगाउँ, गुल्मी**

बागलुङ - निवासी श्री दीनबहादुर थापाको तीन अङ्की नाटक "पश्चात्ताप" पढ्ने मौका पाएँ । नाटक दृश्य साहित्य भएकोले आँखाको माध्यमबाट आनन्दमय अनुभूति प्रदान गर्ने हुँदा श्रव्य पाठ्य साहित्यभन्दा बढी रोचक र स्थायी प्रभाव पार्ने हुन्छ । नाटक लेख्नु चानचुने कुरा होइन । कालिदास आदि प्रख्यात पूर्वीय साहित्यकारहरूले खण्डकाव्य- महाकाव्य लेखिसकेपछि परिपक्व प्रौढ प्रतिभाद्वारा नाटक लेखेका थिए । नाटकान्तं कवित्वम्, नाटक अभिनय-योग्य हुनुपर्छ । अन्यथा त्यसको सफलता मानिदैन ।

प्रस्तुत नाटक पश्चिमी शैलीमा लेखिएको छ । यसमा स्थानान्विति, कालान्विति र कार्यान्विति-अन्वितित्रयको निर्वाह गरिएको छ । पात्रहरूको घुइँचो छैन, चनकको घर र गल्कोट खोलाको किनार जस्ता एक दुई स्थानमात्र दृश्य स्थल हुनाले स्थानान्विति निर्वाहित छ । पूर्वीय नाटक वियोगान्त र हत्यात्मक दृश्य भएका अनुचित मानिन्छ । प्रस्तुत नाटकको वियोगान्त र हत्याका दृश्य पश्चिमी शैलीको हो । नेपाली वियोगान्त नाटक पर्याप्त लेखिएका छन् । यो नाटक अभिनेय छ, केवल हत्यामय घटनाको अभिनय केही असजिलो पर्न सक्छ ।

यस नाटकमा बाग्लुङ, गल्कोट क्षेत्रको ग्रामीण वातावरण, परिवेश र भाषा शैली छ । ग्रामीण समाज भए पनि पात्रहरू सचेत शिक्षित छन् तैपनि भाषा, संवाद, परिवेश, वातावरणमा स्थानीयताको झल्को प्रशस्तै पाइन्छ । प्रत्येक अंकमा दुदुई दृश्यको योजना गरी ६ दृश्यमा नाटक सकिएको छ । प्रथम अंकको दोस्रो दृश्य संयुक्तात्मक छ । चनकको घरका तीन दृश्यलाई एक दृश्यमा जोडेको छनक पाइन्छ, विलास र नरेशको चनकसँग संवाद बढी गनथन बनेको छ ।

नाटकले भौतिक पक्ष-धनको बलभन्दा आत्मिक पक्षः- विशुद्ध प्रेम ठूलो हो भन्ने तथ्य प्रस्तुत गर्दै धनको बलमा गुण्डाहरू प्रेम किन्न खोज्छन्, आत्मबलले पूर्ण स्वाभिमानी सज्जनलाई मार्छन् भन्ने कुरा देखाउन चाहेको छ । तर गल्कोट जस्तो गाउँठाउँमा विलासले दीपकलाई मारे जस्तो असामान्य घटना घट्छ वा घट्दैन ? यसमा यथार्थताको मात्रा कति छ ? भन्ने प्रश्न उठाउन सकिने पर्याप्त अवकाश छ । अथवा हत्यारा पक्ष, विकास र नरेशले दीपकलाई लातमुड्कीले बेसरी गोदेर मर्‍यो भन्ने निश्चयले पल्टाई छोड्दा हुन्, दीपक ज्यूँदै रहंदो हो, नाटकमा देखाए जस्तै दीपक मरेकै विश्वासमा प्रेमिका जुनुलगायत सबै पछुताउँदा हुन्; पुनः अर्को दृश्यमा जुनु र दीपकको मिलन (प्रेमविवाह) हुँदो हो त नाटक साह्रै राम्रो संयोगान्त बन्ने थियो ।

प्रेम-पक्षमा दीपकको जुनुप्रति प्रेम स्थिर छ, अविचल छ, जुनुको दीपकप्रति प्रेम काँचो छ । जुनु दीपकसँग घनिष्ठ प्रेम छँदाछँदै आमा र साथी चमेलीको लहैलहैमा राम्रो र धनी छ भन्नेबित्तिकै एक्कासि कसरी उसले घनिष्ठ प्रेम, आफूप्रति दीपकको समर्पणलाई लत्याइदिई ? जुनुको यही प्रमाद, सच्चा प्रेमी बुझ्न नसक्ने असमर्थताले दीपकको हत्या हुने परिस्थिति सृजना गरेको छ र पछि मात्र उसले पछुताउनुपर्छ । जुनु, चमेली, चनक, विलास, नरेश-यी सबै पात्रहरूको पछुतो देखाएर नाटक समाप्त गरिएको छ । पछुताउने सबै पात्रहरू एकाएक पछुताउँछन्, पछुतोको शृङ्खलित पृष्ठभूमि तयार पारिएको छैन ।

यो नाटक प्रारम्भिक-आभ्यासिक नव-प्रतिभाको उपज हो । दीनबहादुरले दीनहीन-आर्त-पीडित जीवन बिताइरहेका हाम्रा ग्रामीण जनजीवनका विभिन्न पक्ष, समस्या र घटनाहरूलाई लिएर बाग्लुङ्को बुर्तिबाङ्देखि बाग्लुङ् बजारसम्मको ग्रामीण समस्यालाई नाटकीय अभिव्यक्ति दिन सक्ने प्रतिभाको विकास गर्न सक्नुभयो भने हाम्रो नाटक -साहित्यमा एउटा नौलो प्रयोग हुनेछ भन्ने आशा गर्दछु, उहाँको प्रतिभा विकसित हुँदै जाओस् ।

०००


# हाम्रो सुरक्षा हाम्रै जिम्मेवारी

**कोभिड-१९ बाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।**

**स्वास्थ्य मापदण्डको पालना गरौं, कोभिड-१९ पोजेटिभ देखिएका व्यक्ति र परिवारलाई कुनै किसिमको दुर्व्यवहार नगरौं, सद्भाव राखौं, मनोसामाजिक सहयोग गरौं ।**

# नेपाल रेडक्रस सोसाइटी

**जिल्ला शाखा, गुल्मी**

# म त आकाश हो

✍ **कृष्णप्रसाद खनाल 'कुश्मा'**
**रेसुङ्गा न.पा.-५, भुवनपानी**

छोरा !
किन तिमीसँग खौज्दैछु मेरो अतीत
जुन मेरो हो
के सरोकार तिमीसँग
भन्दै छु म त बाबु
तिम्रो मान्यजन, आदरणीय, पूजनीय
खोज्दैछु जिम्मेबारी र कर्मको फलको आसा
भन्दैछु त्यो क्षण
जुन क्षण संझन्छु त्यो खुशी, गद्‌गद
तिमी यस धर्तीमा पाइला टेक्दा बाबा भन्ने पद र पहिचान थपिएको दिन
रवि नै मेरो कुटीमा आए जस्तो
जतातते प्रकाशमय
ठूला सपना, आशा र भरोशा
मेरो भरोशाको दीयोको ज्योति थप्दै तेल भर्दै जाँदा
एउटा जिम्मेबारीको भारी थपिएको थाहै पाइएन ।
एक चम्चा दूध, लिटोको लागि बगाएको पसिनामा खुशी र भरोसा थियो
तिमी हुर्किदै जाँदा मेरा सपना झाँगिदै थिए
कख एबिसिडि र अंक सिक्दै गर्दा
मेरो ज्ञानको रित्तो भकारी भरिदै गरेको आभास मिल्थ्यो
तिमीले लेख्ने शिशाकलम र कपी किन्न
हुर्काउन, पढाउन र अगाडि बढाउनका लागि साहूको ऋण लिन गएको
श्रम गर्दा हातमा परेका ठेलामा
मुग्लान पस्दाको यात्रामा
केवल आशा र भरोशा
पैत्रिक सम्पत्तिको नासो वेदाग तिमीलाई सुम्पिन पाएकोमा
तिमीलाई सक्षम, योग्य र आफ्नै खुट्टामा उभिने बनाउन सकेकोमा

आफैमा मान
अभिमान थियो
हातको ठेलामा सुखद अनुभूति
मुग्लानको मेरो यात्रामा हर्षबढाइ !
कामना छ गर्छु पनि
बालादेखि आजसम्मको तिम्रो अतीतकालमा म रमाउँदो छु
भन्दै छु
मेरै काँधमा चढेर तिमी माथि पुग्यौ
तिम्रो अनुहारमा खुसी र सुख देख्न निरन्तर मैनभैं जल्दै सकिंदै
गए मेरा सबै तागत
निस्तेज छन् मेरा जिन्दगीभर कुँदिरहँदाका तनहरू
गलित पदचापहरू
अनुहारमा चाउरिएर बनेका वक्ररेखाहरू
अविरल मेरा आशा र भरोसा ओरालो लाग्दै
बाध्य छु देखाउन मेरो कृत्रिम मुस्कान
हातको ठेलामा खोजेको सुखानुभूति वेदनै वेदनाको पोको
मुग्लानको मेरो यात्रा विस्मयकारी हुँदै गरेको
पराइ हुँदै गरेका नयनहरू
विश्वासहीन कर्णहरू
ढल्नै लागेको बूढो रुख जस्तो शरीर,
हात, खुट्टा सबैले शत्रुता साँच्दो छ
आँगन तीर्थ हुँदो छ
खुशी हराउँदो छ
सुनाउँदै छु आज अर्थहीन मेरा अतीतहरू
वर्तमानको निराश, निसहारा, निशब्दमा भन्दै छु
तिमीहरू जस्तै थिएँ म पनि
परिवार
आशा र भरोसा सन्तान
जतातत‌ै वाह-वाहमा
संझाउन खोज्दैछु सम्झन नखोजेको इतिहास
पढाउन खोज्दैछु छरपष्ट अध्ययन सामग्री
म त बुबा
बुबा त आकाश हो ।

ooo

# हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, बसाइसराइ, विवाह, सम्बन्धबिच्छेद) घटेको ३५ दिनभित्र सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा दर्ता गराऔं ।
- सामाजिक विकृतिहरूविरूद्ध सङ्गठित भई समुन्नत समाज निर्माणमा जुटौं ।
- स्थानीय संरचना निर्मााण गर्दा अनिवार्य रूपले सम्बन्धित स्थानीय तहमा घर/भवन नक्सा पास गराई अनुमति लिएर मात्र निर्माण कार्य गरौं ।
- समयमै कर तिरौं ।

**चन्द्रकोट गाउँपालिका, गुल्मी**

# केही मुक्तकहरू

✍ **डा. श्यामप्रसाद न्यौपाने**
**सुनवल-१२, नवलपरासी**

नङ्ग्याउँदै छन् द्रौपदी भारी सभामा दुःशासनहरू
भन्दैनन् कहिल्यै कुन्तीलाई आमा दुःशासनहरू
छलकपट त यिनको बायाँ हातको खेल न भयो
न्यायालयलाई पनि लाइदिन्छन् जामा दुःशासनहरू

जमाना यस्तो आउला सोचिएकै थिएन
बेइमानले खुट्टो घुमाउला सोचिएकै थिएन
परिवर्तन त बिसम्भार भैसकेछ यहाँ तर
मानवता यसरी हराउला सोचिएकै थिएन

मुसा खाएर बिरालो कहिले अघाएको थियो र प्रभु
पानीलाई कसले कहिले चपाएको थियो र प्रभु
साँढेलाई नाङ्गै देखेर आँखा किन छोप्नु पर्‍या छ र
छाडा साँढेले कट्टु कहिले लगाएको थियो र प्रभु

धूर्त अगुवालाई महान् सिकन्दर मान्यो, बस्यो
तीतो फट्याइँलाई पवित्र धरोहर मान्यो, बस्यो
यसरी त कहिले सुध्रिएला र हाम्रो समाज मित्र
दुर्गन्धित रछानलाई अमृतसरोवर मान्यो, बस्यो

सेवाको नाममा समस्यामा पार्नु कस्तो राजनीति ?
नशा तन्काउने निहुँमा हातै बटार्नु कस्तो राजनीति ?
माया, प्रेम, सद्भावबाट राजनीति गर्न सकिन्न र प्रभु !
कोरोना सिर्जी दुनियाँ ज्यूँदै मार्नु कस्तो राजनीति ?

ooo

बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा
सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

**सम्पादक**
**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# गुल्मी बसाइको सुनौलो अनुभूति

✍ **रोहितप्रसाद ज्ञवाली**
**तानसेन-२, मेहलधारा, पाल्पा**

समय त निकै छिटो दौडेछ । गुल्मी-तम्घास बसाइको समय पनि अहिले उन्तीस-तीस वर्ष पुरानो भएछ । म सरकारी सेवामा रहँदा पहिलो सरूवा - पदस्थापनाको लागि बहाली हुन गुल्मी जिल्ला शिक्षा कार्यालय आएको थिएँ । त्यस अघि साढे दुई वर्ष भवन शाखा अर्घाखाँची सन्धिखर्कमा बसाइ थियो ।

मैले गुल्मीमा दुई पटक गरी नौ वर्ष जति लामो समय बिताएछु । त्यस बसाइमा केही तीता-मीठा, धेरै सुनौला अनुभव गर्ने अवसर पाएँ । त्यसै अनुभवले मलाई जीवनमा शिक्षाको रूपमा पढाएको छ । सिकाएको छ । मलाई लाग्दछ कि, जीवनको भोगाइ र घोत्ल्याइले व्यक्तिको जीवन सपार्न सहज हुन्छ, सरल पर्छ । मानिसहरू यो कुरा बुझ्न खोज्दैनन् कि - अप्ठेरो परिस्थितिले नै मान्छेको परीक्षा लिएको हुन्छ । उसलाई जीवनको अर्थ र उपलब्धि हासिल गर्न या शिक्षा दिन आएको हुन्छ । त्यसैले उसलाई परिस्थितिजन्य संघर्षमय बनाउँदछ । यसै कारण भनिन्छ कि समय नै सबैको गुरु हो ।

मलाई पनि सरकारी सेवाको दौरान गुल्मी-तम्घास, उपल्लो तम्घास आदिको बसाइले विविध खाले अनुभवले शिक्षा लिने मौका परेको छ ।

(क) प्रशासनिक अनुभवमा - अनुशासनको लागि पाँच रातको हिरासत ।

(ख) कर्तव्य निर्वाहको क्रममा कार्यालयगत तथा चुनावी खटनका क्रममा ०५०/०५५ विद्यालयको भ्रमणमा १ दर्जन गा.वि.स.को मुकाम गरेको अनुभव ।

(ग) प्राविधिक सिकाइको अनुभव

(घ) तत्कालीन व्यापकता छाएको आध्यात्मिक संस्था द रेयूकाईलाई नजिकबाट बुझ्ने क्रममा परम्परागत सनातन धर्म र बोधिसत्व बोधको अभ्यास ।

(ङ) लेखन-सत्संगले साहित्यिक भावनाको विकास

हाम्रा देशका प्रमुख तीन पार्टीका भातृ-भगिनी संस्थाको रूपमा दावीका साथ कर्मचारीहरूको पनि एउटा छुट्टै प्रकारले सांगठनिक गतिविधि चल्दै थिए । प्रारम्भको निजामती कर्मचारी संगठनले पनि आफ्नो सक्रियता बढाइरहेको थियो र म पनि यसअन्तर्गत समाहित थिएँ ।

राजनैतिक पार्टीका भातृ-भगिनी संगठन भनिए पनि खासमा पेशागत हकहितको लागि ऐक्यबद्ध एउटा जुझारू समूह नै त थियो । एक महिला थिइन् जसले

मलाई यस मार्गमा राम्रै डोस्याइन् । हरदम आफ्नै सामीप्यमा राख्ने महत्वाकांक्षाले उनमा प्रेमोत्कर्षको भावना बढ्दै गएछ । मैले पनि नौलो हरकतका साथ विकर्षण ल्याउने प्रयास गर्दथें । किनकि म अर्को कसैको स्थायी रूपले भइसकेको थिएँ । २०४८ सालमा प्रथम संसदीय चुनाव भयो । म पनि चुनावमा खटिएर पहिलो अनुभवका साथ जुभुङ्ग पुगें । चुनाव समग्रमा सु-सम्पन्न भयो । देशको प्रमुख पार्टीको रूपमा स्थापित नेपाली काँग्रेसको बहुमतका साथ पूर्ण सरकार आयो । चुनावी चर्चा, समीक्षाको लहड सँगसँगै नयाँ आर्थिक वर्षको आगमन हुँदै थियो र भयो पनि ।

प्र.सु.आ. (प्रशासनिक सुधार आयोग)को प्रतिवेदनअनुसार त्यस वर्षको बजेटबाट तलब सुविधा बढाउने पालो पनि थियो तर ३/४ वर्षसम्म पनि तलब नबढेकाले कर्मचारी मात्र होइन सम्पूर्ण वेतनभोगी दिक्क थिए । नि.क.सं.ले अग्रणी भूमिका लिंदै देशव्यापी आम हड्तालद्वारा माग पूरा गराउने प्रयास गऱ्यो । गुल्मी जिल्लाको क.सं.को माहोल वर्णन गर्दा हाम्रो शिक्षा कार्यालयमा २ अधिकृत दुबै पक्ष-विपक्षका जि.का. समितिका अध्यक्ष महोदय हुनुहुँदा प्रष्ट देखिनुपर्ने बाध्यताले हड्तालमा सहभागी हुन पुगियो । सो हड्तालको प्रतिकारको लागि कर्मचारी संघ र विद्यार्थी यूनियनले जुलुस निकाले । संगठनको हड्ताल नसुहाउँदो सावित गरियो । हड्ताल गर्ने समूहका शीर्ष व्यक्तिहरू प्रक्राउ र निलम्बनमा परे, हड्ताल पूर्णतया साम्य पनि भयो । मैले पनि कडा चेतावनीका साथ सेवामा बहाली फिर्ता पाएँ ।

अन्ततः बहुमत ल्याएको सत्तापक्ष पार्टी पनि कुन्नि के कारणले आदर्शवादी बन्दै सत्ताबाट पछि हटे थाहा भएन । यसै बीचमा देशका पार्टीका प्रजातान्त्रिक अभ्यासमा कमजोर भएका कारण नै होला, किनबेच, तेरो, मेरो गुट, खेमा जस्ता अवधारणाको विकास हुँदै गयो । अस्वस्थ प्रजातान्त्रिक अभ्यासका कारण मुलुकले अस्थिर सरकार पटक-पटक बेहोर्नुपऱ्यो । तै, यसै बीचमा ०५१ को लाग्दो मंसिरमा माध्यावधि चुनाव हुने घोषणा भयो ।

यता कार्यालयतर्फ जिल्लास्तरीय परीक्षाको तयारी समय जोडतोडका साथ चलेको थियो । स्टाफहरू आपसमा यहीं परीक्षा सञ्चालन विषयलाई लिएर आपसमा द्वन्द्व, विवाद पो हुन थाल्यो । यहीं द्वन्द्वको भूमरीमा मलाई पनि घान हालियो । अनाहकमा मलाई समेत प्रहरी हिरासतमा पाँच रात बिताउनुपऱ्यो । त्यसपछि विभागीय कारबाहीको पहिलो चरणमा दुई पटक स्पष्टीकरण सोधियो, निर्भीक भई जमेर उत्तर लेखें । कसो-कसो भएर आममाफीका साथ सेवामा फिर्ता गराइयो । कोही-कोहीले चुनाव आएर पो बचिस् नत्र त्यहीं पच्थिस् पो भन्थे । के नै ठूलो अपराध गरेको थिएँ र मैले त्यहीं पच्ने ? वास्तवमा त्यस सालको बडा दशैंको बिदा शुरू हुँदै थियो । आखिर २०५१ को मध्यावधि चुनाव

पनि नजिकियो । मलाई उत्तर-पश्चिम गुल्मी सीमाना अर्घाखाँची चुनावमा खटाइयो । त्यहींताका माताश्रीको तीथि पर्ने थियो त्यस्तै भयो ।

यस चुनावमा त झन् कुनै पार्टीको प्रष्ट बहुमत नआएको र सरकार बनाउने अनुकूलता एमालेको परेछ । सस्तो लोकप्रियता भनिए पनि नौ.स. सूत्रका कार्यक्रमबाट जनतालाई रिझाउने प्रयास गर्‍यो । तलब नसही महङ्गी भत्ता भए पनि वेतनभोगीका लागि बढ्यो ।

गुल्मी मेरो पहिलो पटकको बसाइँताका नै द रेयूकाई आध्यात्मिक संस्थाको निक्कै चहलपहल थियो । युवा जोश सबै त्यतै खनिएका थिए । म पनि अछूतो रहन सकिनँ । आफू सदस्य बनेर स्टाफमा समकक्षीय साथीहरूमा सदस्य वृद्धि गर्दै गएँ । सार्वजनिक तथा अतिरिक्त बिदाका दिन त्यही रेयूकाई संस्थामा बिताएँ । यसमा वर्षे र हिउँदे अभ्यास भनी हप्ता/दश दिनका कार्यक्रम हुन्थे । त्यसमाथि वनभोजसमेत थप गरी त्यहीं संस्थाको उद्देश्य पूरा गर्ने कार्यमा लागि परियो । क्षेत्रीय भेलामा लुम्बिनी, परासी, केन्द्रीय भेलामा काठमाडौं पनि पटक-पटक पुगेको छु ।

खास यस संस्थामा सदस्य विस्तार गर्ने, अन्तरआत्माको विकास, नैतिकवान् हुनुपर्ने, जीवनका स्रोत पूर्खाप्रति आदरभाव, दिवंगत पूर्खाप्रति आभारी, धन्यवाद, कृतज्ञता जाहेर गर्नुपर्ने जस्ता संहिता साथै बौद्ध महिमाका क्रियाकलाप हुन्थे । यति हुँदा हुँदै पनि मान्दै आएका परम्परागत सनातन कर्मलाई कुनै आँच आउन दिनु हुँदैन पनि भनिन्थ्यो । यही अन्तिम मान्यताले नै ढुक्क बनाएपछि अरू कर्म त बसाइ हुन्जेलको बसिबियालो हो भन्ने ठानें ।

गुल्मी तम्घासको मध्यभाग, प्रशासनिक क्षेत्र नजिक रहेको किरण पुस्तकालयमा जमघट, चहलपहल भइरहन्थ्यो । धेरै सम्पर्कमा नभए पनि दुई तीन पटक अवश्य वाचनालयमा गई बौद्धिक आर्जन गरेको पनि छु । रेयूकाई संस्थाको पछि लाग्दा यतातर्फ ध्यान जान नसकेको स्वीकार्नुपर्दछ मैले ।

सप्त गण्डकी यता यदि पुण्यभूमि छ भने नजिकैको रेसुङ्गा तपोभूमि नै हो । त्यहीं भनेर म पनि दुई पटक पुगेको छु । त्यहाँको यज्ञशालाको अद्भुत विशेषता, ढुङ्गे मन्दिर, ढुङ्गे ठूलो पोखरी, धर्मशाला, रामवाणको प्रहारले निस्केको मूल आदि हाम्रा आस्थाका सबुत धरोहर ऐतिहासिक रूपमा रहेका छन् । अर्कोतर्फ अर्जुन डाँडाको चुचुराको मन्दिर गोशाला भएका क्षेत्रहरूसमेतको रेसुङ्गा तपोभूमिको बारेमा त्यहींको बसाइमा एक पटक "स्वामी शशिधर" भनेर पढे जस्तो पनि लाग्दछ । पछि, यस किरण पुस्तकालयको प्रकाशनबाट 'हाम्रो पुरुषार्थ' पुस्तिकाले गुल्मीको बारेमा जानिराख्न ध्यानाकर्षण गरायो ।

यस पुस्तिकामा शास्त्रार्थ सामर्थ्यका प्रकाण्ड विद्वत् वर्गहरूको अन्तर्वार्ता, जीवनी, संस्कृत-साहित्य, शास्त्रीय, चेतनाका लेख पढ्न पाइन्छ । समग्रमा भन्नुपर्दा "किरण पुस्तकालय" र "हाम्रो पुरुषार्थ"ले गुल्मीको स्मरण गराउँदछन् ।

मेरो दोस्रो पटकको बसाइ २०५४ को स्थानीय निर्वाचनपछि भयो । त्यस्तै गरी कार्यालयको खटनमा सौभाग्यवश विद्यालयको शिक्षक दरबन्दीसम्बन्धी फर्मेट लिएर बुझ्न फोक्सिङ्, भुर्तुङ्, पूर्तिघाट, खड्गकोटमा मुकाम गरी बसेको पनि छु । त्यही बखत जि.वि.स. मार्फत सञ्चालित इ.इ.सी. आयोजना कार्यक्रमअन्तर्गत माथिका यिनै गा.वि.स.का विद्यालयमा भौतिक संरचनाको मर्मत स्टिमेटसम्बन्धी काममा पनि प्राविधिक सिकाइ गर्ने अवसर मिलेको छ । एस्.एल्.सी. परीक्षामा प्रतिनिधि भएर धुर्कोट-वस्तु खटिएको छु । यी सबै अवसरहरूमा ध्यान दिंदा वास्तवमै विविध खाले अनुभव गर्ने अवसर गुल्मीले दिएको छ मलाई ।

गुल्मी उपल्लो-तम्घासको दुबै पटकको एउटै स्थानको बसाइले पनि मलाई केही भावुक पनि बनायो । हाम्रा स्टाफ एक अधिकृत पनि उपल्लो-तम्घास बस्नुहुन्थ्यो । पहिलो बसाइमा उहाँ पनि साहित्यमा अभ्यस्त व्यक्तित्व हुनुहुन्थ्यो । छन्दोबद्ध कविता मात्र होइन कि, संस्कृत, शास्त्रीय ज्ञानवर्धक धार्मिक लेख पनि लेख्नुहुन्थ्यो ।

उहाँसँग मैले जानी नजानी मनमा लागेका उत्कण्ठा उतार गरेर देखाउन पनि पुग्दथें । उहाँले लेखिरहने बानी गरियो भने आफै चेक जाँच गर्न सकिने भइन्छ भनी प्रेरित गर्नुहुन्थ्यो । यसरी मैले उहाँसँग साहित्यिक सत्संग गर्न शुरू गरें ।

फलतः एक महिलाको प्रेमोत्कर्षको हर्कतले हड्बडाएर "द्विविधा" चरण-१, चरण-२ लेखें, लेख्न सक्ने भएँ । त्यसपछि यस प्रकार लेख-रचना सिर्जना गरी छापिएका पनि छन् ।

१. शिक्षा कार्यालयको प्रकाशनबाट :

(क) दीप ज्योति-२०५५ "धर्तीमाताको आँसु" - आर.पी. होप्लेस् नामबाट ।

(ख) शिक्षा ज्योति-२०५६ "नमस्ते-नमस्कार", "फेसन" सन्देशात्मक कविता पनि ।

२. कालिका स्मारिका - अ.खा. पुस्तिकामा ।

(क) हिन्दूधर्मका मान्यता र औंल्याइएका प्रसङ्गहरू-२०५६ ।

(ख) धर्म, आत्म-संयम र उपासना-२०५७ ।

(३) मेरा कृति प्रकाशन :

(क) उपन्यास - आशाका अङ्कुरहरू-२०७३ मा

(ख) विविध सङ्ग्रह -"यात्रा एक तरङ्ग अनेक"-२०७४ मा

मेरो पहिलो पटक शिक्षा कार्यालयको प्रकाशनमा "धर्तीमाताको आँसु" गद्य कविता छापिएपछि "क्यावात्-स्याबास" र "पटमूर्ख" आदि दुबै थरीको प्रतिक्रिया प्राप्त भएको थियो ।

मेरो लेखनसत्संगले साहित्यिक भावनाको विकास हुँदै गयो । यसको श्रेय आदरणीय उत्तरकुमार पराजुली गुरुलाई जान्छ ।

मैले साहित्यिक लेखन जानी नजानी लेखिरहने, पढ्दा चित्त नबुझे च्यात्चुत पार्ने, मन परेकालाई पुनर्लेखन गर्ने गर्नाले लेखिरहने बानी भयो । वास्तवमै भन्नुपर्दा मेरो पहिलो कृति उपन्यासको ड्राफ्ट, तम्घास, गुल्मीबाट शुरू गरेको हो । म २०५६ को संसदीय चुनावको खटाइमा शान्तिपुर पुगेको छु । यसरी १-२-३ गरी सबै चुनाव क्षेत्रमा पुग्दा शान्तिपुर केही टाढा भए पनि उच्च स्थानमा रहेको मनोरम उपत्यका भएको लाग्यो ।

यसरी मेरो गुल्मी-तम्घास बसाइको समय अत्यन्तै सुखद रहेको छ । जसरी तीतो, पीरो, टर्रो, अमीलो, नुनिलो, गुलियो गरी स्वादका षड्रस हुन्छन्, त्यस्तै प्रकारले क्रमसँग दुरुस्त भई बहुआयामिक अनुभव सङ्ग्रह गर्न सफल भएको छु म ।

त्यसैले यस बसाइको क्षणलाई "गुल्मीको बसाइको सुनौलो अनुभूति" भन्न रूचाउँदछु म ।

ooo


**नववर्ष २०७८ को हार्दिक मंगलमय शुभकामना**

**कोभिड-१९ बाट जोगिन निम्न कुरामा ध्यान दिने गरौं ।**

- भिडभाड हुने स्थानमा नजाऔं ।
- कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं ।
- मास्कको प्रयोग गरौं । साबुनपानीले हात धुने बानी बसालौं ।
- सतर्क रहौं, सुरक्षित बनौं ।

**राष्ट्रिय ग्रामीण तथा सामुदायिक विकास केन्द्र (नार्डेक), नेपाल**
**गुल्मी**

# कर्णाली यात्रा

✍ **चन्द्रकान्त आचार्य**
**वाङ्ला, अर्घाखाँची**
**हाल : नयाँ वानेश्वर, काठमाडौं**

गर्ग गोत्री आचार्य समाजका सुर्खेतका बन्धुहरूले मिति २०७६ जेठ २५ मा वीरेन्द्रनगरमा बैठक राखेर आमन्त्रण गरेअनुसार काठमाडौं, बाग्लुङ्, देवघाट, गैंडाकोट र बुटवलबाट सत्र जना महिला र पुरुषको टोली मिति २०७६ जेठ २५ मा सुर्खेततिर लागेको हो । सम्झनाको लागि टोलीमा सम्मिलित बन्धुहरूको नाम यस प्रकार छः समाजका अध्यक्ष बालचन्द्र आचार्य श्रीमती नारायणी आचार्यसहित, सल्लाहकार निर्मलकुमार आचार्य श्रीमती रमिला आचार्यसहित, पंक्तिकार चन्द्रकान्त आचार्य श्रीमती निर्मला आचार्यसहित, ज्ञानेन्द्र आचार्य श्रीमती सरस्वती आचार्यसहित, उपाध्यक्ष यममाया आचार्य, उपाध्यक्ष गोकर्ण आचार्य, सचिव एकारत्न आचार्य, पूर्व अध्यक्ष हेमराज आचार्य, पूर्व उपाध्यक्ष बाबुराम आचार्य, कार्यसमिति सदस्य महेन्द्र आचार्य, आजीवन सदस्यहरू बालकृष्ण आचार्य (कावासोती), बालकृष्ण आचार्य (बुटवल) र काशीराम आचार्य ।

सुर्खेत उपत्यका अति सुन्दर लाग्यो । वीरेन्द्रनगर नगरपालिका क्षेत्रको विकास तीब्ररूपले हुँदै गरेको देखियो । सुर्खेत उपत्यका लम्बाइ चौडाइ दुबैतिर बृहत् आकारको रहेछ । उपत्यकामा भएको नगर विकास र यसका वरिपरिका सुन्दर हरिया पहाडहरू देखेर हामी रमायौँ । सुर्खेतका बन्धुहरूले हाम्रो न्यानो स्वागत गरे । समूहको बसाइ र समूहमै सहभोजनको व्यवस्थाले हामीहरूबीच मित्रताको गाँठो बलियो बन्दै गयो । अर्को दिन बिहानै त्यहाँका बन्धुहरूले हामीलाई सुर्खेत भ्रमण गराए । आचार्य कुलायन मन्दिर, काक्रे बिहार, देउतीमाई मन्दिर र बुल्बुले ताल आकर्षणका केन्द्र रहे ।

सुर्खेतका बन्धुहरूको भेला अत्यन्त उत्साहजनक रह्यो । कार्यक्रम भव्यतासाथ सम्पन्न गरियो । विभिन्न समूहमा विभाजित बन्धुहरूबाट आफ्ना कुरा राख्ने रमाइलो प्रविधि अपनाइएको र सम्पूर्ण सहभागीलाई आफ्नो परिचय प्रस्तुत गर्ने अवसर मिलेकाले सबैमा उत्साह थपिएको थियो । देवघाटदेखि बाहिर यति संगठित र यति उत्साहजनक सहभागितासाथ सम्पन्न भेलाले समाजका सबै सदस्यलाई सक्रिय हुन ऊर्जा थपेको अनुभव गरिएको छ ।

सुर्खेतको कार्यक्रम सम्पन्न गरी मौसम अनुकूल भएकाले मुगु जिल्लामा रहेको राराताल भ्रमण गर्न र जुम्लाका बन्धुहरूसँग भेटघाट गर्ने योजना बनाएर त्यसै दिन अर्थात् २०७६ जेठ २५ गते बेलुकी ६ बजे टोली दैलेखतिर प्रस्थान गऱ्यो । दैलेख, रारा र जुम्ला भ्रमणमा जान लागेको टोलीमा देवघाटदेखि आएका सत्र भाइमध्ये महेन्द्र आचार्य र कावासोतीका बालकृष्ण आचार्य विशेष कामले फर्केका

र सुर्खेतबाट जयप्रसाद आचार्य, जानकी देवकोटा आचार्य र कृष्णलाल आचार्य थपिएकाले अठार भाइ-बहिनीको रमाइलो टोली सायंकालतिर उपत्यकाबाट दुईटा गाडीमा उत्तरतिर उकालो लागेर गुराँसे पुग्यो । वीरेन्द्रनगर बजारदेखि एक घण्टाभन्दा अलि बढी समय लाग्ने उच्च विन्दुमा अवस्थित गुराँसे रमणीय पर्यटक गन्तव्य रहेछ । सुर्खेतदेखि वनभोजको लागि आउने रमाइलो थलोको रूपमा गुराँसे प्रख्यात रहेछ । त्यहाँबाट एकातिर सुर्खेतका सुन्दर बस्तीहरू र वीरेन्द्रनगरका रमणीय बजार क्षेत्र सन्ध्याकालीन प्रकाशको झिलिमिलीमा रमाइला देखिन्थे भने अर्कोतिर दैलेख जिल्लाका विभिन्न पहाडी क्षेत्रमा अवस्थित गाउँ बस्ती र सुन्दर हरिया पहाडले विशेष आकर्षण थप्तै थिए । अब अँध्यारो बढ्दै गयो, गाडीहरू दैलेख सदर मुकाम पुग्ने धुनमा त्यहाँबाट ओरालो लागे । पहिले ओरालो अनि उकालो र फेरि ओरालो गरेर राति साढे नौ बजेतिर दैलेख सदर मुकाम नारायण नगरपालिकामा बास बसियो ।

२०७६ जेठ २६ गते साढे ६ बजे शुभ प्रभातको समयमा सूर्यका किरणले बिलासपुर बटुक भैरव मन्दिरलाई स्पर्श गरिरहेका छन् । हामी त्यहाँबाट दुल्लूदेखि धुलेश्वरसम्मको रमाइलो पहाडी श्रृङ्खला हेर्दै घामको सुमधुर प्रकाशमा रमाइरहेका छौं ।

भुर्ती : अब हामी पुग्दैछौँ आफ्ना पुर्खाको मूल थलो भुर्ती । पहिले माथि डाँडामा गाउँ भेटियो । रमाइलो त्यस गाउँलाई खुर्सानीबारी भन्ने रहेछन् । त्यहाँ भेट भए त्यस क्षेत्रका नेपाली कांग्रेस जिल्ला सभापति गणेशप्रसाद आचार्य र अर्का बन्धु ताराकेशर आचार्य । उनीहरूबाट अवगत भएअनुसार हाम्रो पुर्खाको मूल थलो भुर्ती त्यहीं तलपट्टि रहेछ । त्यहाँसम्म पुग्न छोटो बाटो पैदल नै ओरालो लागियो । नारायण नगर पालिका वार्ड नं. ६ मा पाखो जग्गामा पर्ने सानो गाउँ भुर्ती रहेछ । भुर्तीमा पाण्डवहरूले वनवासको समयमा आफूहरू बस्न बनाएका भनेर चर्चामा रहेका पञ्च देवल देखियो । ठूला पत्थरका कलात्मक खम्बाहरू जसमा भित्र सानो कोठाको आकार-प्रकारसमेत रहेको छ, तिनले पाण्डवका समयको प्रतिनिधित्व गर्ने कुरा बताइयो । हाल पञ्चदेवल उद्यान बनाउन गुरुयोजना बनेको र सोअनुसार पाँच करोडको बजेटमा उद्यान बनाउने योजना रहेको कुरा गणेशप्रसाद आचार्यले बताउनुभयो । भुर्तीको त्यो पञ्चदेवल क्षेत्र चर्चित रहेछ । हामी त्यही रहेको समयमा यौटा गाडीमा अरू दुई जना जिज्ञासु व्यक्ति आइपुगे । संयोगवश एक जना हाम्रै बन्धु सञ्चयकोषका पूर्व महाप्रबन्धक कृष्ण आचार्य पर्नुभयो । एक छिन भला कुसारी भयो । पुर्खाको थलो सबैलाई प्यारो भन्ने कुरा हामीले अनुभव गर्‍यौं ।

भुर्तीबाट फर्केर दैलेख सदरमुकामहुँदै गाडीहरू ओरालो बाटो लागे र खोलामा पुगी दैलेखका अति प्रसिद्ध ठाउँ श्रीस्थान र नाभीस्थान पुगियो । नाभीस्थानमा कहिल्यै न निभ्ने ज्वालाहरू दुई ठाउँमा रहेछ्न् । त्यस ठाउँमा खानी तथा भूगर्भ

विभागबाट सर्भेक्षण हुँदा पेट्रोलियम पदार्थ प्रचुर मात्रामा रहेको भन्ने समाचार पनि प्रसारित गरिएको छ । त्यहाँबाट अघि बढी रमाइलो दुल्लू बजारमा रहेको दुल्लू सांस्कृतिक संग्रहालय अवलोकन गरेर हामी दुल्लू-धुलेश्वर शृङ्खलाको तेर्सो बाटो अघि बढ्यौँ र मन्दिर पुगेर धुलेश्वर महादेवको दर्शन गरियो । दुई गाडीमा रहेका बन्धुहरूबीच सम्पर्क कायम हुन नसक्ता अघि पछिका दुई गाडी फरक बाटाहरूमा गुडेकाले अघिल्लो गाडीमा रहेका बन्धुहरू छिटो कर्णाली राजमार्गमा पुग्नुभयो र भोजनको तारतम्यमा लाग्नुभएछ भने हामी धुलेश्वरतिर लागेर केही ढिलो गरी कर्णाली राजमार्गतिर झर्‍यौँ ।

कर्णाली राजमार्ग अति सहज सडकको रूपमा निर्माण गरिएको रहेछ । हामी दैलेखको बाटो गएकाले यस राजमार्गलाई कर्णाली नदीको किनारामा भेट्यौँ । दैलेख जिल्लाको पश्चिमी भागको रूखा सुखा जमीनमा कच्ची सडकमा यात्रा गर्दै थकित भएका हामी पारि अछाम जिल्लाका रसिला पहाड र तल अपार ऊर्जासहित बगिहेको बृहत् कर्णाली नदी देख्ता त्यसै भावुक थियौँ भने त्यही कर्णालीको बायाँ किनारामा नदी झैँ बग्ला जस्तो कालीकोट, जुम्ला र मुगुतिर पुग्ने कर्णाली राजमार्ग देखेर रमायौँ ।

केही बेर कर्णाली राजमार्गमा यात्रा गरेपछि माल्तडा भन्ने सानो बजारमा अघिल्लो गाडी र त्यसमा रहेका गर्ग गोत्री आचार्य समाजका अध्यक्ष बालचन्द्र आचार्यसहितका नौ जना बन्धुहरूसँग भेट भयो । पछिको गाडी लामो समयसम्म गायब रहदा बन्धुहरू चिन्तित हुनु स्वाभाविकै थियो, तर अब अपार खुशीकासाथ हामी दिवा भोजनतिर लाग्यौँ । त्यसपछि साँझ कालिकोट सदरमुकाम मान्मा बस्ने गरी उज्यालैमा त्यहाँ पुग्न हाम्रा गाडीहरू मान्माको दिशामा अघि बढे । बाटोमा चर्चित ठाउँ राकम भेटियो । पारिपट्टि अछाम जिल्लातिर सडकहरू बनिरहेका र ठाउँ ठाउँमा रसिला खेत बारीहरू पनि देखिए ।

अब वारि दैलेख पारि अछामका दृश्य परिवर्तित भएर वारिपारि दुवैतिर कालिकोट जिल्लाले रजाइँ गर्न थाल्यो । अपार ऊर्जा लिएर बगिरहेको कर्णालीले कालिकोटलाई चिनाउदै रह्यो । तलैबाट देखियो सुन्दर नगरी मान्मा । कता कता पाल्पा तानसेनको झझल्को दिन खोज्ने तर बढी भिरालो पाखोमा अवस्थित सेता घरहरूले सुशोभित कालिकोटको सदर मुकाम मान्मा हेर्दै अघि बढियो ।

कालिकोट : पहिले अति दुर्गम मानिने जिल्ला । लाग्थ्यो त्यहाँ पुग्न असम्भव छ । एक पटक २०४५ सालतिर बैतडीको पाटन जाने प्रक्रियामा अछामको साँफे बगरमा हवाइजहाज रोकिएको थियो । त्यहाँबाट पूर्वतिर अग्लो डरलाग्दो भिरालो पहाडको चुचुरो देखिएको थियो । त्यो पहाड कालिकोटमा पर्ने कुरा सुनेकाले त्यहाँदेखि पूर्व रहेका जिल्लाका अरू क्षेत्र पनि त्यस्तै विकट छन् होला भन्ने लागेको थियो । अहिले ३० वर्षको अन्तरालमा दैलेख जिल्लाका विभिन्न ठाउँ हुँदै

कर्णाली राजमार्गमा आइपुग्दा आफ्नो सोचाइ विपरीत अत्यन्त सुगम क्षेत्रमा प्रवेश गर्दै कर्णालीको किनारै किनार रमाइलो यात्रा गरियो । दायाँबायाँ अग्ला पहाड तिनको बीच गहिरो खोँचमा कर्णाली नदी ठूलो बेगले बगिरहेको र बायाँ किनारामा कर्णाली राजमार्गमा यात्रा गर्दा अति नै रमाइलो लाग्यो । अलि अघि बढ्दै जाँदा तिला नदी भेटिने र मान्मातिर उकालो लाग्ने ठाउँभन्दा पहिल्यै चट्टानी क्षेत्र भएकाले राजमार्ग साँगुरियो । अर्घाखाँची सुपा द्यौराली मन्दिरको आसपास साँगुरो सडकमा गरिने यात्राको स्मरण भयो । हामी पहाडी जनजीवनमा हुर्केका, भीर पहिरा चट्टानमा दौड्ने गरेका यात्रीलाई त्यो साँगुरो सडक पनि त्यति डरलाग्दो लागेन, तर यस बेला कुनै ठूलो बस या ट्रक अर्कोतिरबाट आएमा के हुन्छ होला भन्ने कल्पना गर्दागर्दै दुई भीमकाय ट्रक बाटोमा तेर्सिए । अब हाम्रा दुई साना गाडी पछि सर्दै जादा कतै चक्का बाटोबाट पर उछिट्टिन्छन् कि भन्ने डर थपियो, तर कुशल चालकहरूले सजिलै पास गराए । अहिले हामीसँगै यात्रा गरिरहेकी मेरी जीवनसँगिनी निर्मलालाई पछुतो भयो । केही वर्ष पहिले ग्रामीण विकास सेवा, नेपालका तर्फबाट कालिकोटका विभिन्न ठाउँमा गरिने खाने पानी सर्भेक्षणको कार्यमा टोली प्रमुखको दायित्व पाएर पनि यही सडकको विकटताका कुरा सुनेर आफ्नो दायित्व अरूलाई सुम्पेको कुराको स्मरण भयो । जे होस् अब हामी कालिकोट आइपुग्यौँ । त्यस्तो विकट ठाउँ खान बस्न कस्तो दुःख हुन्छहोला भन्ने पहिलेको सोचाइ विपरीत कालिकोटमा ह्वइट हाउस् अतिथि गृहमा रमाइलो गरी बसियो र मीठो खाना उपलब्ध भयो ।

२०७६ जेठ २७ गते बिहान ६:१५ मा कालिकोट जिल्ला खाँडाचक्र नगरपालिकाको केन्द्र मान्माबाट राराको लागि हाम्रा दुईटा गाडी अघि बढे । जेठ २४ मा बुटवलबाट त्यहाँका बन्धुहरूसँग बिदा हुँदा राजेन्द्रकुमार आचार्यले कालिकोटमा खाँडाचक्र हेर्न न छुटाउनुहोला भनेको कुरा सम्झे पनि अहिले रारा पुग्ने हतारोमा त्यता लागिएन, जुम्लाबाट फर्कदा खाँडाचक्र हेर्ने विचार गर्दै हामी अगाडि बढ्यौँ । बाटो उस्तै साँगुरो हुँदै अघि बढ्दा तिला नदीको किनारमा पुगियो र फेरि कर्णाली राजमार्गले ठूलो आकार लियो । दुबैतिर कालिकोट जिल्लाका भिराला पाखाहरूको बीच खोँचमा अति तेजिलो र सुन्दर लाग्ने तिला नदीको दायाँ किनारमा उत्तर बढिरहेको सुगम लाग्ने सडकमा कुनै ठाउँमा पैरो खसिरहेको कच्चा भाग हुँदा अलि सतर्कता अपनाउनुपर्ने ठाउँ भेटिए । तिला नदीको किनारै किनार लामो बाटोमा गुडेपछि नाग्मा पुगियो र खाना खाने व्यवस्थामा लागियो ।

नाग्मा : कर्णाली राजमार्गको एउटा प्रसिद्ध ठाउँ । जुम्ला खलङ्गाबाट आउने तिला नदी र उत्तरतिरबाट आउने हिमा नदीको सङ्गममा छ नाग्मा बजार । बजारदेखि ३०० मीटर परबाट हिमाको किनारा हुँदै मुगु जाने बाटो छ भने त्यस नदीमाथि बेली बृज तरेर तिलाको दायाँ किनारमा जुम्ला जाने कर्णाली राजमार्ग

अघि बढ्छ । हामी पहिले रारा जाने विचारमा हुँदा मुगु जाने बाटो हिमाको किनारतिर लागियो । हिमा नदीको वारिपारिको भागलाई सिञ्जा उपत्यका भनिने रहेछ । नाग्माबाट पूर्वतिर तिलाको किनारको खोँच हुँदै जुम्लाको एउटा उपत्यका आकारको जमीन रहेछ भने यता उत्तरतिर हिमाको किनारको खोँच हुँदै ठूलो सिञ्जा उपत्यका रहेछ ।

सिञ्जा : सिञ्जा उपत्यका हरियो, रसिलो र रमणीय लाग्यो । नदीको वारिपारि रसिला फाँट रहेछन् । त्यहाँ धान रोप्ने रोपाहा महिलाहरूका रमाइला समूह देखिए । विचित्रता त के देखियो भने एउटा गरामा धान रोपाइ भैरहेको छ, अर्कोमा लहलह गहूँ फलिरहेको छ । अर्कोतिर तोरी फुलिरहेको देखिन्छ । केही माथि अति मिलेका बस्ती छन् । सुन्दर घरहरू पुराना र आधुनिक प्रविधि प्रयोग गरेर बनाइएका प्रशस्त देखिए । कृषि व्यवसाय फस्टाउनुका साथै त्यहाँ भेटिएका युवा, प्रौढ अथवा किशोर जो हुन् रसिला र हँसिला देख्ता अहिलेको जुम्ला अति रमणीय लाग्यो । नाग्मामा भेटिएकी आचार्यकी छोरी सुशिलाले शाह ठकुरीसँग बिहे गरेकी छु भनेर रमाइला कुरा गरेको सुन्दा र खाना खान दिने महिलाहरूका सक्रियता देख्ता यो क्षेत्र पहिले सोचेजस्तो रूखो नभएर रमाइलो र विकासमा अघि बढेको जस्तो लाग्यो ।

सिञ्जामा आचार्य लिही भन्ने गाउँ रहेछ । त्यस गाउँको नाम सुनेर हामीले त्यहाँ आचार्य बन्धुहरू भेट्ने जमर्को गऱ्यौँ, तर त्यहाँका आचार्य कौडिन्य गोत्री भएको कुरा अवगत भएकाले हामी आफ्नो बाटो अघि बढ्यौँ । २०४७ सालतिर गर्ग गोत्री आचार्य वंशावली बनाउने प्रक्रियामा जुम्ला पुगेर बन्धुहरूसँग भेटघाट गरी घोडामा सिञ्जा आएको कुरा बन्धु निर्मलकुमार आचार्यले गर्नुभयो र आफू आएको पहाडको बाटो बताउँदै कनका सुन्दरी मन्दिर भएको ठाउँ पनि बताउनुभयो । सिञ्जाको माथिल्लो भागमा यौटा थुम्कोमा राम्रो ठूलो कनका सुन्दरी मन्दिर रहेछ, टाढैबाट अवलोकन गरियो र फोटो पनि खिचियो ।

कनका सुन्दरी मन्दिर क्षेत्रबाट सडक उकालो लाग्यो । अहिलेसम्म त जुम्ला सुगम मात्र लागेको थियो, तर जति उकालो चढिदै गयो भीर पखेरा चट्टानी बाटो हुँदै निस्कदा साँगुरो बाटो भएको र तल हेर्दा भीर देखेर अब बाटो विकट र डर लाग्दो लाग्न थाल्यो । तर यो डर धेरै बेर टिकेन । जति माथि चढिदै गयो सल्लाका रूखहरूसहित हरियाली बढी देखिन थाल्यो र सुगम टोपोग्राफी देखिन थाल्यो । अनि त देखिन थाले प्रकृतिका सुन्दर उपहार ! त्यति धेरै उचाइमा रहेको रसिलो र रमाइलो ठाउँ भुल्भुले पुगियो । अघि बढ्ने बित्तिकै ठूला चौरहरू र हरिया जङ्गल यत्र तत्र देखिन थाले । चौरमा विभिन्न जातका फूलहरू गमलामा सजाएको जस्तो देखिदा अचम्म लाग्यो । यस्तो हरियाली रहेका दायाँ बायाँका पहाडहरूको बीचमा भेटियो रारा राष्ट्रिय निकुञ्जको प्रवेशद्वार ।

राष्ट्रिय निकुञ्ज प्रवेशद्वारमा सबैका नाम लेखेर प्रति व्यक्ति सय रूपियाँ दस्तुर लिई निकुञ्ज प्रवेश गर्न दिइयो, अनि केही समय उपत्यका जस्तो टोपोग्राफीमा हरियो जङ्गल र चौरमा गाई, घोडा चरिरहेका मनमोहक दृश्य देखिए । त्यति धेरै उचाइमा रहेको त्यो रमणीय समथर क्षेत्र देख्ता अब रारा ताल नजीकै छ भनेर दङ्ग परेको बेलामा बाटो फेरि तलतिर ओर्लियो । मुगु जिल्लाका पहाड र गाउँ बस्ती हेर्दै तलतिर लागियो । जुम्लाभन्दा अलि फरक ढाँचामा गुजुमुज्ज परेका गाउँहरू देख्ता विकट पहाडी भूभागमा प्रवेश गरेको अनुभव भयो । निकै तल झरेर तेर्सो बाटो अर्को पहाडतिर लाग्यो र पुनः उकालो शुरू भयो । टोपोग्राफी सजिलै भए पनि कमजोर ढुङ्गे माटो, ठाउँ ठाउँमा पैरो गइरहेका दृश्यले ठूलो पानी परेमा बाटो तुरून्तै बन्द हुनसक्ने देखियो । अन्ततः ताल्चा विमान स्थलतिर जाने र रारातिर जाने बाटा छुट्टिए । हामी रारातिर लाग्यौं । अब उस्तै हरियाली देखिन थाल्यो । सुनौलो सायंकालमा राराको नजिकै सल्लेरी भन्ने ठाउँमा हामी पुग्यौं । उस्तै समतल टोपोग्राफी, उस्तै हरियाली ! आइपुगियो प्रकृतिकी रानी राराको रमणीय क्षेत्रमा !

त्यहाँ रहेको लजमा जसोतसो बस्ने खाने व्यवस्था हुने कुरा पहिल्यै थाहा भएको थियो, त्यसैले सबै बन्धुहरू विभिन्न समूहमा मिलेर बस्ने कोठा मिलाइए र हामी प्रसन्न भयौं । राति ३ बजेतिर घनघोर मेघ गर्जनसाथ पानी पर्न शुरू गर्‍यो । 'त्यता गएको बेलामा एक झर पानी पर्‍यो भने त्यतै ठप' भन्दै काठमाडौंमा मित्रहरूले भनेको सम्झियो र बेलुकी पख आउँदा पैरो जानसक्ने बाटोको थिति पनि मनमा आयो । तर ठूलो कुरा हामी रारा आइपुगेका थियौं, अब रारामा रमाउन कुनै शक्तिले हामीलाई रोक्ने छैन, त्यसपछि जेहोला भन्ने मन गराएर आरामले सुतियो । बिहान उठ्दा पानी रोकिएको थियो, आकाश नीलो एकदम सफा । आफ्नी रानी रारालाई नुहाइ धुआइ चिटिक्क पार्न प्रकृतिले सेचन गराएको मात्र रहेछ । हामी विशेष सौभाग्यशाली यात्री रहेछौं जस्तो लाग्यो ।

रारा : २०७६ साल जेठ २८ गते ३००० मीटर उचाइको धरतीको हरियो टुक्राबाट शुभ प्रभात ! बिहानी पखको एक झर पानीले सेचन गरेर धुलो मारेको र हरियालीले ताजगी प्रदान गरेको सुनौलो प्रकृतिलाई प्रातःकालीन सूर्यका किरणले चुम्ने बेलामा हामी रारा ताल पुग्यौं । गाडी गुड्ने बाटोबाट एक घण्टा पैदल हिडेपछि समतल टोपोग्राफीमा लमतन्न परेर सुतेको नीलो सागर प्रतीत हुने उच्च स्थानको सबभन्दा विशाल सरोवर रारा ताल ! दायाँ बायाँ हरिया पर्वत शृङ्खला, अलि पर छेउँमा सेतो हिमाल पनि टल्केको र तल अति मिलेको शोभनीय जङ्गल । यता नजीकै हरियो चौरमा यति बिहानै पनि पानीको छेउँसम्म गएर चरिरहेका गाईवस्तुहरू ! ५ किलोमीटर लामो र अधिकतम चौडाइ ३ किलोमीटर भएको राराको सुन्दरतामा निख्खरता थप्नेरहेछन् जेठदेखि असोजसम्म फुल्ने विभिन्न फूलहरूले । तलको त्यस्तो उराठ जमीन हुँदै माथि आउँदा यस्तो

हरियालीको बीचमा यति शान्त वातावरणमा स्वर्गको जस्तो बगैंचामा यति सुन्दर सरोवर ! हामी धन्य भयौँ र विभिन्न ठाउँबाट ताल र वरिपरिका पहाड आउने गरी फोटो खिच्न शुरू गर्‍यौँ ।

डेढ घण्टा अरू घुमेपछि पुगिने अर्कोपट्टि होटल र डुँगा लाग्ने ठाउँ । मानिस विभिन्न समूहमा आउने र दुई तीन दिन बस्ने रमाइलो ठाउँ रारा ताल ! भेट भए रूपन्देहीबाट आएका एक जना भाइ र भलाकुसारी गरियो । 'तीन दिन भयो होटलमा बसेका छौँ, रमाइलोसँग घुमेका छौँ' भन्दै घोडामा माथि डाँडामा जान सल्लाह दिए उनले हामीलाई । त्यहाँबाट पानको पातजस्तै सम्पूर्ण तालको मनमोहक सुन्दरता देख्न सकिने कुरा गरे उनले । हामी जुम्लाका बन्धुहरूसँग भेटघाट गर्ने र छिटो आफ्ना ठाउँमा फर्कनुपर्ने धेरै ठाउँका विभिन्न पेशाका बन्धुहरूसँग त्यति लामो समय कहाँ थियो र माथि डाँडामा जाने ? घोडामा त चढ्यौँ तर फोटो खिच्न र फर्कने समयको अलिकति उकालो बाटो काट्न मात्र !

खाना खाएर साढे दस बजेको समयमा हामी राराबाट बिदा भयौँ र जतिसक्यो छिटो जुम्ला सदरमुकाम खलङ्गा पुग्ने उद्देश्यले ओरालो लाग्यौँ । ताल्चा विमानस्थलतिर जाने यात्रीहरूलाई हेर्दै त्यति नजीकैको मुगुको सदरमुकाम गमगढी जान नसकेकोमा पछुतो भयो । दुई चार दिन बढी बस्न पाएको भए कति रमाइलो हुँदो हो ! रारामा बढी समय बिताउनुको साथै प्यारो जिल्ला मुगुको सदरमुकामसम्म देख्न पाइन्थ्यो होला । तर सोचेर मात्र के गर्ने ? आफ्नो देशका सबै ठाउँको माटो प्यारो लाग्ने रहेछ । मुगु त कमसे कम देख्न र छुन पाइयो, हुम्ला र डोल्पाको त माटो पनि छुन पाइएको छैन भन्ने सोच्दै मन बिरक्तियो ।

जुम्ला : २०७६ जेठ २८ गते अपरान्ह ४ बजेतिर नाग्मा आएर जुम्लातिर लागियो । यहाँ जुम्ला भन्नाले सदरमुकाम खलङ्गालाई इङ्गित गरिएको छ, अन्यथा जुम्लाको आधा भाग त यात्रा गरिसकियो । तीला नदी र हिमा नदीको सङ्गम नाग्माबाट हिमाको दुवै किनारामा फैलिएको सिञ्जा उपत्यका (त्यहाँ सिञ्जा दरा भनिन्छ ) को रमाइलो यात्रा गरेर हामी मुगु जिल्ला प्रवेश गर्दै रारा पुगेका हौँ । अब नाग्माबाट हिमा नदीमाथि बेली ब्रिज तरेर तिला नदीको दायाँ किनारको कर्णाली राजमार्गमा हाम्रा दुवै गाडी जुम्ला सदरमुकाम खलङ्गातिर अघि बढे ।

कति रमाइलो उपत्यका आकारमा फैलिएको धरती हो ! अचम्म लाग्न थाल्यो । यस्तो मिलेको जमीन, यति ठूलो तिला नदी, पारीपट्टि पनि उस्तै समतल जमीन अनि अलिकति उठ्दै गरेको पाखो ! हरिया वनस्पति, कृषिको उत्तिकै सम्भाव्यता, जति अघि बढ्दै गयो उति फैलिदैछ उपत्यका र देखिदैछन् वरिपरिका रमाइला

पर्वत शृङ्खला । नदीको किनारमा पक्की सडक कर्णाली राजमार्ग, कति सुन्दर बस्तीहरू ठाउँ ठाउँमा र दायाँ बायाँ हरियाली ! समग्रमा भन्नुपर्दा धरतीको स्वर्ग ! यस्तो ठाउँ जुम्ला परापूर्वकालदेखि अलि दुर्गम अलि विकट मानेर पछि पारिएको रहेछ कि ? मेरो मनमा भावुकता छचल्कियो । बाल्यकालको स्मरण भयो ।

२०१८ साल चैततिरको कुरा हो । ठुल्दाइ यज्ञप्रसाद आचार्य नेपाली कांग्रेसद्वारा प्रजातन्त्र पुनःस्थापनाको लागि गुल्मी अर्घाखाँचीमा सञ्चालित सशस्त्र क्रान्तिमा लागेको परिप्रेक्ष्यमा पिताजी पोमनारायण आचार्यलाई पाल्पा, तानसेनको जेलमा राखिएको थियो । त्यहाँ वाङ्लाका अन्य क्रान्तिकारी युवाहरू पनि राखिएका र तिनीहरूमध्ये बुद्धिबहादुर बस्यालका पिता बलबहादुर बस्याल छोरा भेट्न तानसेन जान लागेको कुरा थाहा पाएर सानो भए पनि तत्काल घरमा रहेको छोरो म बाबा भेट्न तानसेन जानुपर्ने भयो ।

खुशी भएर म तानसेन पुगेको हुँ । बाबा जेलमा भएको कुरा बिर्सेर तानसेन हेर्ने आकर्षणमा रमाउँदै त्यहाँ पुग्दा मलाई सुनाइयो - 'पोमनारायणजीलाई जुम्ला पठाउने कुरा थियो ।'

'ओहो जुम्ला ! कहाँ हो कहाँ ! डर लाग्दो ठाउँ ! बाबालाई त्यस्तो ठाउँमा पठाए ! अब के गर्ने ?' त्यस बेला मैले कालापानी भन्ने नाम सुनेको थिइनँ र पछि थाहा पाएको रूसको साइबेरिया पनि सुनेको थिइनँ । रूसमा बन्दीहरूलाई काम गराउँदै कठोर जीवन बाँच्न बाध्य गराउन साइबेरिया पठाउने कुरा पछि सुनेको हुँ । तर मेरो बालहृदयले त्यस बेला जुम्लालाई साइबेरिया सम्झ्यो र त्यस्तै दुःख दिन बाबालाई त्यहाँ पठाएको अनुभव गऱ्यो । जसरी तसरी रात बिताएँ । अर्को दिन सूर्य उदाए । सबै तयार भई आफन्त भेट्न जेल जान तयार भए । म पनि उनीहरूको साथमा जेलमा उनीहरूका आफन्त भेट्न जान तयार भएँ । त्यसै बेला 'पोमनारायणजीलाई पनि यही राख्ने भएछन्, जुम्ला पठाएनन्' भनेर तिनै व्यक्तिले भने । म प्रसन्न भएर तानसेन नगरीको रमाइलो हेर्दै बाबा भेट्न जेलतिर लागेको हुँ ।

त्यति बेला मलाई जुम्ला डरलाग्दो र विकट लागेको हो । बाबालाई त्यहाँ न पठाएको र तानसेनमा नै भेट्न पाएकाले औधि खुशी भएको हुँ । त्यसरी मेरो मनमा प्रवेश गराइएको विकट ठाउँ जुम्ला पछि बुझ्दै गर्दा हाम्रा पुर्खाको थलो रहेछ भन्ने अवगत हुँदै गयो । गर्ग गोत्री आचार्य वंशावलीको भूमिकामा जुम्लाको बारे पढेपछि र यस समाजमा आबद्ध त्यहाँका बन्धु रमानन्द आचार्यलाई भेटेपछि आफ्नो पुर्खाको थलोमा जानुपर्ने विचार मनमा आउन थाले । त्यही थलोमा पुग्दा अहिले यति सुन्दर जुम्ला देखेर आश्चर्यचकित हुनुपऱ्यो ।

२०७६ जेठ २८ गोधुली साँझको समयमा हामी जुम्ला बजार प्रवेश गर्‍यौँ । कृष्ण मन्दिरको अगाडि बन्धु रमानन्द आचार्यको अगुवाइमा धेरै बन्धुहरूबाट न्यानो स्वागत पायौँ । त्यहाँको प्रसिद्ध चन्दननाथ मन्दिरमा बेलुकी र अर्को दिन बिहानको समेत आरतीमा समावेश भयौँ ।

२०७६ जेठ २९ गते शुभ प्रभातको समय ७ बजे हामी आचार्य बाडाको ठूलो चौरमा भेला भयौँ । जुम्लाको सुन्दर समतल भूभाग सिद्धिने पूर्वीद्वारमा सानो पहाडको काखमा रहेको आचार्यबाडामा सर्वप्रथम सूर्यका किरणले स्वागत गरे, ज्येष्ठ नागरिक बन्धु कालीप्रसाद आचार्यले सबैलाई टीका लगाइदिएर र महिला दिदी-बहिनीले मङ्गल गान गरेर स्वागत गरियो । पुर्खाको थलोमा रमाइलो भेला, दिदी-बहिनीले गाउने मङ्गल गानमा अर्घाखाँचीमा हाम्रा आमाहरूले गाउने मङ्गल गानकै लय र भाका भेटाउँदा पुर्खाको थलोमा भावुकता उर्लियो । कार्यक्रमको बीचमा त्यहाँका दिदीबहिनीले उठेर गोलाकार वृत्त बनाई घुमेर रमाइला गीतमा नृत्य गर्ने मौलिक संस्कृति प्रस्तुत गर्न लाग्दा हाम्रो टोलीका दिदीबहिनीहरू पनि त्यस वृत्तमा सामेल भएर दुबै हात अगाडि पछाडि गराउँदै गीतको लयमा नाच्दा अत्यन्त रमाइलो भयो । प्रौढ बन्धुहरूका साथै युवा भाइहरूका सक्रियताले हामीलाई अत्यन्त प्रभावित गर्‍यो । तिनीहरूका सक्रियताले जुम्लाको उज्ज्वल भविष्यको संकेत गरेको छ भन्ने लाग्यो ।

समयले हामीलाई सधै खेदिरहेको हुन्छ, यहाँ पनि उसले किन छोड्थ्यो । रारा तालको किनारमा जसरी उसले हामीलाई बस्न नदिएर तानेर हिडाएको थियो त्यही प्रकृति उसले यहाँ पनि देखायो । भाइ बहिनीहरूसँग दिनभरि रमाऔँ, त्यो पल्लो पाखोमा सबै बन्धुहरूसँगै घुम्न जाऔँ, यहाँका कुना कन्दरामा कति रमाइला ठाउँहरू होलान् सबै हेरेर यौटा राम्रो रचना तयार गरौँ, कतै बन्धुहरूसँग यस भू-स्वर्गको भ्रमण गर्दा कविता पो फुर्थे कि ? यस्ता विचार आए पनि हतारिएको समयका अगाडि तिनको कुनै अर्थ रहेन । उसले त हामीलाई खेदिरह्‍यो । भाइ महेश आचार्यको घरमा मीठो भोजन गरिसक्न र तिनकी पत्नीको शुभ जन्मोत्सव परेको त्यस पुण्य दिनमा तिनलाई शुभ कामना दिनसम्म पर्खेर समयले हामीलाई खेदिहाल्यो । प्रिय बन्धु रमानन्द आचार्यले अतिथि गृहसम्म आएर हामीलाई बिदा गर्नुभयो । छौँटो बसाइमा पनि अत्यन्त न्यानो माया पाएर हामी भावुक हुँदै बिदा भयौँ । बाटोमा तातो पानी भएको ठाउँमा एकछिन रमाउन फुर्सद निकाल्यौँ । अब हाम्रा दुईटा गाडी रात साँझ सुर्खेत पुग्ने गरी नाग्मा हुँदै कालिकोटको दिशामा अघि बढे ।

००० 

# दुष्ट व्यक्ति आफन्त कहिल्यै हुँदैन

✍ **पद्मप्रसाद शर्मा**
**दाङ**

माध्यमिक कक्षामा पढ्दा कण्ठस्थ पारेको नीतिश्लोक यतिबेला याद आयो जो यस प्रकार छ - "तक्षकस्य विषं दन्ते मक्षिकायास्तु मस्तके । वृश्चिकस्य विषं पुच्छे सर्वाङ्ग दुर्जने विषम् ॥ "अर्थात् नाग याने सर्पको विष दाँतमा हुन्छ, झिंगाको विष टाउकोमा हुन्छ, बिच्छीको पुच्छरमा विष हुन्छ भने दुष्टको शरीरभरि विष हुन्छ । यो हरेकको जीवनमा अति काम लाग्ने कुरा हो जस्तो लाग्छ । यसै अनुसार आफू होसियार हुने हो भने धेरै कुरामा सचेत हुन सकिन्छ । सर्पको दाँतको टोकाइबाट बच्ने, झिंगाको सुँडको डसाइबाट बच्ने, बिच्छीको पुच्छरबाट बच्ने हो भने शरीरमा विष लाग्दैन । तर दुर्जनको पूरै शरीर विषमय हुने भएकाले उसको शरीरसंग निकट हुनबाट बच्न बचाउन सकेमात्र विषाक्त हुनबाट बच्न सकिन्छ । यस्ता विषाक्त दुष्ट व्यक्तिहरू हरेक स्थानमा हुन्छन् । अझ राजनीतिमा धेरै भेटिदा रहेछन् ।

राजनीति राज्य सञ्चालन गर्ने नीति हो । यो सधै स्वच्छ हुनुपर्दछ । राजनीतिमा संलग्न हुनेहरू पनि स्वच्छ छवि भएको हुनु जरूरी छ । यसले हरेक क्षेत्रलाई प्रत्यक्ष प्रभाव पार्दछ । जसले सबैलाई प्रभाव पार्ने हो त्यही आफै कुरूपमा आयो भने अरूमा पनि नराम्रो असर पार्दछ । राजनीतिज्ञहरू आचरणले स्वच्छ बनेनन् भने यसलाई स्वच्छ बनाउने काम आम नागरिकको हो । मतदाताको हो । मतदाता र नागरिकको जागरणविना राजनीतिज्ञ आफै सुध्रिदैनन् । राजनीतिमा लागेको कालो धब्बा मेटाउनका लागि कसैका पछाडि कुदेरभन्दा पनि सत्यको नजिक पुगेर हेर्नुपर्दछ । राजनीतिमा नातागोता हुँदैन । नातागोता भन्दा पनि विचार प्रधान हुन्छ । हिंजो सँगै काम गरेको भन्ने पनि हुँदैन । चरित्रवान् नैतिकवान् भए समर्थन जनाउने र त्योदेखि टाढा भइसकेकाहरूको सामीप्यमा रहन कुनै जरूरी छैन ।

नेपाली काँग्रेसका नेता मातृकाप्रसाद कोइरालाका पुत्र कमल कोइराला जीवनभर कम्युनिष्ट भएर बसेका छन् । कतिपय कम्युनिष्टका छोरा काँग्रेस वा पहिलेका पञ्च भएका पनि छन् । यो राजनीति हो । यस्ता उदाहरण निकै छन् । बाबुलाई राम्रो लाग्ने विचार छोरालाई पनि राम्रो लाग्नुपर्छ भन्ने छैन । विचारमा विविधता आउनुपर्दछ । विविध विचारले व्यवहारमा फरक पार्छ भन्ने पनि छैन । एउटै विचार मान्ने भित्र पनि धमिरो लागेर भित्रैदेखि धेरै धुजाधुजा भएको अवस्था हुनसक्छ । यो धमिरोले कति गहिराइसम्म धुजाधुजा पार्दै लैजान्छ अहिल्यै भन्न सकिने अवस्था छैन । यदि यसले कोल्टो फेर्ने कुरा कसैलाई थाह हुन्थ्यो भने

पार्टीहरू आपसमा मिल्न चाहने थिएनन् । नेपालको राष्ट्रिय प्रजातन्त्र पार्टी धेरै पटक टुक्रियो र धेरै पटक जुट्यो । फुट्नु र टुट्नु उसका लागि सामान्य कुरा भएको छ । पार्टी फुटेकोमा पनि कसैलाई पश्चात्ताप छैन र जुटेकोमा पनि खासै हर्ष छैन । कहिले नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टीभित्र पनि विग्रह आउने गर्दछ । पार्टीहरूमा विग्रह आउँछ अनि त विभिन्न नाम व बाहानामा विभिन्न सहरहरूमा राजाको आवश्यकता भएको नारा लाग्ने गर्दछ । नेपालका लागि पार्टी जुट्नु फुट्नु यो निरन्तर चलिरहने प्रक्रिया जस्तै भएको छ । नेपाली काँग्रेसबाट पहिलो पटक जगन्नाथ आचार्यले विद्रोह गरेका हुन् । त्यसपछि शेरबहादुर देउवाले नेपाली काँग्रेस प्रजातान्त्रिक पार्टी गठन गरेकै हुन् । अहिले उनी नेपाली काँग्रेस पार्टीको सभापति भएका छन् । यहाँ फुट्ने र जुट्नेको चर्चा लामो हुन सक्छ । यसका बारेमा लामो बहस र छलफल चलाउन सकिन्छ । नेपालमा एउटै पार्टी फुट्ने र जुट्ने त सामान्य जस्तै बनेको छ । त्यतिमात्र नभएर संसद्मा कसैको बहुमत नभएको अवस्थामा विभिन्न पार्टीहरूमा आपसी जोड घटाउ गरेर सरकार बनाउने र ढाल्ने खेल निकै चल्यो । एकै ध्रुवका मात्र नभएर विपरीत ध्रुवका भनिने राजनीतिक दलहरूका बीचमा पनि कहिले पवित्र र कहिले अपवित्र गठबन्धन गरेर सरकार बनाउने र ढाल्ने खेल चलेको नेपाली नागरिकले निकै चाखेका छन् । यस्ता प्रयास नसुहाउने गरी पनि चले । अहिलेसम्म पनि त्यो धङधडीले कसैकसैलाई छोडेको छैन । त्यसकारण हरेक दलहरूभित्र समयसमयमा विग्रह चलेको देखिन्छ ।

हरेक समयमा दलहरूमा एकता हुनु र दलहरू मिलाउनका लागि कसैले प्रयास गरेको हुन्छ तर त्यहीभित्र केही दुष्टहरू रहेका हुन्छन् । उनीहरूको खेल नै दलमा विग्रह ल्याउनु रहेको हुन्छ । दलहरूमा एकमना एकता भएको उनीहरूको मनले सहन सक्दैन अनि दलहरूभित्र विग्रह जन्माउन लाग्दछन् । दलहरूभित्र एक होइन अनेक प्रश्नहरू उठिरहेका हुन्छन् । यसरी हेर्दा सत्ता प्राप्त गर्नका लागि विभिन्न तिगडम गर्न पर्ने रहेछ भन्ने देखाउँछ । यो कतिसम्म सत्य हो ? यस्ता खेलहरू कहिलेसम्म चल्ने हुन् ? सायद कसैसंग यसको जवाफ छैन होला ।

हरेकले आफूले सत्ता हत्याउनका लागि के के खेलहरू गरियो ? कस्ता चालबाजी गरियो ? कसकसलाई खुस्काइयो र कसकसलाई उकासियो ? भन्ने कुरा एक पटक राम्ररी सत्तामा पुगेकाहरूले र पुग्न चाहेकाहरूले आत्ममूल्याङ्कन गरे धेरै कुरा खुल्दै जानेछन् । आफूलाई पद चाहिएको छैन भन्नु र बिरालोले मुसाहरू खाँदैन भनेर बाचा गर्नु उस्तै कुरा हो । राजनीतिक दलहरूमा आएको विग्रहमा आफू जसरी पनि माथि उक्लनुपर्दछ भन्ने भावनाले काम गरेको पाइन्छ । हरेक कुरामा विधि हुन्छ । विधान हुन्छ । नियम हुन्छ । विनियम हुन्छ । कानून हुन्छ । त्यसकै आधारबाट सबै कुरा चलेको हुन्छ । जीवन पनि

एकप्रकारको खेल हो । यसका पनि आफ्नै नियमहरू हुन्छन् । यसलाई नियमसंगत ढंगले चलाउनुपर्दछ । कसैले दलभित्र विधि नमानेको हो भने उनलाई विधिसम्मत ढंगबाट फिर्ता बोलाउनुपर्दछ । बलमिच्याँइबाट गएकाहरूलाई त्यही बल प्रयोग गरेर हटाउने र विधिअनुसार गएकोलाई सोही विधिअनुसार फिर्ता बोलाउँदा बढ्ता संगति हुन्छ । मुलुकमा विधि खोज्ने हो भने विधानअनुसार पहिले आफू चल्ने वाचा गर्नुपर्दछ । सबैलाई आफ्नो मुठ्ठीमा राख्छु भन्नु पनि सर्वथा गलत हो । नीतिभित्र पहिले आफू रहने अनि त्यही नीतिमा अरूलाई बस्न लगाएको खण्डमा सबै कामहरू उपलब्धिपूर्ण हुनेछन् । दुष्टहरूको कम प्रवेश हुने सम्भावना रहन्छ ।

कसैलाई किचलो मन पर्छ होला । त्यसैले पाइलै पिच्छे खुट्टा तानेको तान्यै गर्छन् । अरूका खुट्टा तान्न त सजिलो हुन्छ होला । त्यसरी खुट्टा तान्न पाएकोमा आनन्द पनि लाग्छ होला ? अर्कालाई लडाउँछु भनेर जमर्को गरिएका व्यक्तिका हातले कुनै दिन आफ्ना खुट्टा तान्यो भने अन्यथा हुनेछैन । कहिलेकाहीं अरूको क्षमता विचार नगरी अर्कालाई गर्ल्याम्म लडाउँछु भन्दा आफ्नै शक्ति नपुगेर आफै लडने सम्भावना रहन्छ । नपत्याउने खोलाले बगाउँछ भन्छन् । यस्तै खेल भएर त्यसो हुनसक्छ । यो खेल कतै नपत्याउने खोलाले बगाउँछ भने जस्तो हुने गर्दछ । अरूको विष कहाँ हुन्छ भनेर जानकारी भएकाले बच्न सजिलो होला तर दुष्टको विष शरीरभर हुन्छ । त्यसैले दुष्टको पूरै शरीरबाट बच्नका लागि हरेक समय प्रतिवाद गरिरहनुपर्दछ । दुष्ट आफन्त हुन सक्दैन । त्यसैले दलभित्रका त्यस्ता दुष्टहरूबाट सधै टाढा रहने चेष्ट गर्नु असल नागरिकको कर्तव्य हो । किनकि दुष्ट व्यक्ति कहिल्यै आफन्त हुँदैन ।

ooo

***किरण पुस्तकालय, तम्घास, गुल्मीबाट डेढ दर्जनभन्दा बढी पुस्तकहरू प्रकाशित भइसकेका छन् । यी पुस्तकहरू एकपटक पढ्न नबिर्सनुहोला ।***

# टिमुरको झोल कथासङ्ग्रहको परिचयात्मक अध्ययन

✍ **डा. शंकरप्रसाद गैरे**
**त्रिभुवन बहुमुखी क्याम्पस**
**तानसेन, पाल्पा**

विश्वप्रेम अधिकारी २००३ सालमा स्याङ्जा जिल्लामा जन्मिएका हुन् । रूग्मागद र लीलाका सुपुत्र अधिकारी बहुविधामा कलम चलाउने स्रष्टा हुन् । औपचारिक शिक्षाका निम्ति भारतको बनारस पुगेका अधिकारीले विद्यार्थीकालमै साहित्यमा आफूलाई सक्रिय बनाएको पाइन्छ । बनारसमा रहँदा २०१९ मा कल्याणी वार्षिक पत्रिकाको प्रकाशन र सम्पादन गरेका अधिकारीले नेपाली साहित्यका शीर्षस्थ प्रतिभा लेखनाथ पौड्यालजस्ता व्यक्तित्वसँग सम्पर्क, पत्राचार गरी लेख सङ्कलन तथा कल्याणीको प्रकाशनलाई प्रभावकारी तुल्याएको पाइन्छ । त्यही क्रममा २०२३ मा रहर त्रैमासिक पत्रिकाको समेत प्रकाशन आरम्भ गरेका अधिकारीले नेपाल फर्किएपछि पनि स्याङ्जामा केन्द्रित रहेर साहित्यिक गतिविधिलाई सक्रिय तुल्याएको पाइन्छ । शिक्षण पेशाका साथै राजनैतिक रूपमा सक्रिय अधिकारीले जेलनेल समेत भोग्नुपरेको थियो । 'स्याङ्जा साहित्य प्रतिष्ठान' नामक साहित्यिक संस्था स्थापना गरेर त्यसको नेतृत्व गर्दै रजस्थल त्रैमासिक पत्रिका प्रकाशन र सम्पादन गर्दै आइरहेका अधिकारीले संस्थागत रूपमा मात्र नभएर व्यक्तिगत रूपमा समेत आफूलाई साहित्यमा सक्रिय तुल्याएको पाइन्छ । उनका प्रकाशित कृतिहरूमा मेरी छोरी कवितासङ्ग्रह (२०४९), बन्दीको मनस्थिति कवितासङ्ग्रह (२०५२), आमा स्मृतिकाव्यसहितको सङ्कल्प कवितासङ्ग्रह (२०५५), आँधिखोले लोकसंस्कृति र लोकगीत (लोकगीत-सङ्कलन) र विश्लेषणात्मक कृति (२०५७), पश्चिमाञ्चलका लोकगीत र परम्परा सङ्कलन तथा विश्लेषणात्मक कृति (२०५८), आँधिखोले लोकसाहित्य - प्रस्तुति र विश्लेषण समालोचना (२०५९), अचाडू मनका स्वरहरू (कवितासङ्ग्रह २०६१), स्याङ्जाली साहित्यकार र तिनका सिर्जनाहरू (२०६१), सम्झनाका बिम्बहरू संस्मरणात्मक निबन्धसङ्ग्रह (२०७१), काव्यत्रयी (काव्यसङ्ग्रह २०७३) रहेका छन् । पछिल्लो समयमा यिनी स्याङ्जाली साहित्यको इतिहास लेखनको कार्यमा सक्रिय छन् (पन्थ, २०७७ : ७१) । टिमुरको झोल कथासङ्ग्रह (२०७४) यिनको पछिल्लो कृति हो ।

शिक्षा, साहित्य तथा सामाजिक कार्यमा गरेको योगदानको मूल्याङ्कन गर्दै अनेक संघसंस्थाहरूबाट दुई दर्जनभन्दा अधिक पुरस्कार प्राप्त गरेका अधिकारीको टिमुरको झोल कथासङ्ग्रहमा पाँचवटा कथाहरू समाविष्ट छन् । यो कृतिभित्रका कथाहरू धेरै अगाडि लेखिएका र प्रकाशनको पर्खाइमा रहेको देखिन्छ ।

रजस्थलको प्रकाशन आरम्भ भएपछि मात्र ती छापिएको पाइन्छ । लेखकको भनाइअनुसार उनले २०२२ सालबाट कथा लेख्न थालेका हुन् । उनको पहिलो कथा 'नौलो मान्छे' युगभाषा पत्रिकाको चौथो/पाँचौँ अङ्कमा छापिएको थियो । (अधिकारी, २०७४ : भूमिका) । २०३१/०३२ सालको बन्दी जीवनमा लेखिएका कथाहरू रजस्थलका विभिन्न अङ्कमा छापिए भने २०७४ मा टिमुरको झोल शीर्षकमा कथासङ्ग्रहका रूपमा प्रकाशित भयो । उनको लेखनका दृष्टिले पहिलो वा दोस्रो कथा 'माझी कान्छो' हालसम्म प्रकाशित भएको पाईंदैन (अधिकारी, २०७४ : भूमिका) । गुरुप्रसाद मैनाली र विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूको प्रभाव पाइने (प्रमोद पंज्ञानी, भूमिका) अधिकारीका कथाहरू मूलतः सामाजिक यथार्थका अभिव्यक्ति हुन् । उनका कथाले स्थानीय परिवेश वा वातावरणलाई ज्यादै प्रभावकारी ढङ्गले प्रस्तुत गरेको पाइन्छ ।

## टिमुरको झोल कथासङ्ग्रहका कथाहरूको अध्ययन

विश्वप्रेम अधिकारीद्वारा लिखित टिमुरको झोल कथासङ्ग्रह २०७४ सालमा प्रकाशित भएको हो । मूलतः २०३१ सालतिर जेलजीवनका क्रममा लेखिएका र पछि रजस्थलका विभिन्न अङ्कहरूमा प्रकाशित पाँचवटा कथाहरूको सङ्ग्रह हो । यस सङ्ग्रहभित्र 'टिमुरको झोल', 'स्वर्ग र पितृ', 'सुवेदारकी छोरी', 'पुजारी कान्छो', 'कामको बाँडफाड' शीर्षकका कथाहरू छन् । आकारका दृष्टिले 'स्वर्ग र पितृ' ज्यादै लामो कथा हो भने 'कामको बाँडफाँड' लघु आकारको कथा हो । अन्य तीन कथाहरू औसत आकारका छन् । विषयगत दृष्टिले विविधता बोकेका यिनका कथाहरू उद्देश्य प्राप्तिका दृष्टिले पनि केही भिन्न प्रतीत हुन्छन् । सङ्ग्रहमा समाविष्ट कथाहरूको यहाँ संक्षिप्तमा प्रकाश पारिएको छ ।

## टिमुरको झोल कथा

'टिमुरको झोल' शीर्षकको कथामा मूलतः बालमनोविज्ञानको प्रस्तुति गरिएको छ । कुनै पनि विषयमा बालबालिकाले राख्ने जिज्ञासा र अभावग्रस्त जीवन बाँच्नुपर्दा आफ्ना बालबच्चाको इच्छा पूर्ति गर्न नसक्ने अभिभावका पीडालाई कथामा प्रस्तुत गरिएको छ ।

कथाको बालपात्र शम्भुको बाबु जेल परेकोले घरमा ऊ आफ्नी आमा सुशीला र दिदीसँग बस्छ । लोग्नेको अनुपस्थितिमा सुशीला घर चलाउन बाध्य छ । बर्खाको बेला झैँक्रोमा चिचिन्डाको झालमा चिचिन्डो फलेदेखि नै बालक शम्भुको त्यसप्रति आसक्ति बढ्छ र ऊ त्यो खान आमासँग आग्रह गर्छ । तर सुशीला तीजमा खाजासँग खानुपर्छ भनेर सम्झाउँछे । मिठो खान पर्व नै आउनुपर्ने हुनाले सुशीला शम्भुलाई तीजमा खाने भन्छे । बालक शम्भु तीज आउँछ र चिचिन्डोको सब्जी खान पाइन्छ भनी पर्खिरहन्छ । एकदिन छिमेकमा जाँदा तीजको दर पाकेको थाहा पाएर ऊ घरमा आउँछ र आमालाई चिचिन्डो पकाउन

भन्छ तर चिचिन्डो काट्दा कुहिएको देखेपछि ऊ निराश हुन्छ । सुशीला टिमुरको झोल पकाउँछे । निराश शम्भु अगेनोको छेउमा गुन्द्रीमा निदाउँछ ।

यस कथाले कुनै पनि विषयप्रति उत्सुकता राख्ने बालमनोविज्ञानलाई प्रस्तुत गरेको छ भने अभावग्रस्त जीवन बाँच्नुपर्दा परिवारमा उत्पन्न हुने दयनीय अवस्थालाई ज्यादै प्रभावकारी ढङ्गले प्रस्तुत गरेको छ ।

## स्वर्ग र पितृ कथा

सङ्ग्रहको दोस्रो क्रममा रहेको 'स्वर्ग र पितृ' कथा सङ्ग्रहभित्रको सबैभन्दा लामो कथा हो । यो कथा आकारका दृष्टिले मात्र नभै यसमा वर्णित समयावधिका दृष्टिले पनि कथाले निकै लामो समयावधिलाई आफूभित्र समावेश गरेको छ । कथाको क्रम वक्र गतिमा पछि फर्किएको छ । यहाँ तीनवटा भिन्नभिन्न सन्दर्भहरूलाई जोडिएको छ । कथाको आरम्भमा र अन्त्यमा ती कथाहरूले क्रम निर्माण गरेका छन् ।

दसैँको महाष्टमीमा सबै ठिटाठिटीहरू चौतरिया कान्छा शाहज्यूकहाँ कालरात्रि पूजा हेर्न गएपछि राजेन्द्र र नरेन्द्र कुनै मीठो कथा सुन्न पाइन्छ भनी पण्डित गुणाखरकोमा पुग्छन् । उनीहरू पुग्दा तमाखु तान्दैगरेका गुणाखरले आफ्नी आमालाई काशी लिएर जाँदा गोरखपुर रेलवेस्टेसनमा रेल पर्खिरहेको अवस्थामा भेटिएका एक नेपालीसँग परिचय गर्न खोज्दा उनले आफ्नो नाम पितृ र घर स्वर्ग बताएपछि जिज्ञासु बनेर उनीबारे चासो राख्दा ती व्यक्तिले सुनाएको कथा नै यस कथाको मूल कथ्य विषय हो ।

गुणाखरले भेटेको त्यो व्यक्ति गुल्मी वाङ्ला निवासी गोविन्द झवालीको छोरा नरेन्द्र झवाली हुन्छ । ऊ आफ्नी आमा र गर्भिणी श्रीमती शीलालाई छोडेर १९ वर्षको उमेरमा सन् १९३५ मा भारतको गोर्खापल्टनमा भर्ना हुन्छ । तत्कालीन दोस्रो विश्वयुद्धमा ब्रिटिस सरकारको तर्फबाट युद्धमा भाग लिएको भारतको गोर्खा पल्टनका तर्फबाट सहभागी भएको नरेन्द्र युद्धबाट बँचेर अफ्रिकाको एउटा गाउँमा आश्रय लिन पुग्छ । रवर्ड जोसेफको घरमा बस्दाबस्दै उसैकी छोरी मार्गरेटसँग विवाह गर्छ । मार्गरेट शिक्षित युवती हुन्छे । उसले मार्गरेटसँग घरबार गरेर छोराछोरी पाउँछ । आर्थिक दृष्टिकोणले विपन्न भए पनि सभ्य परिवारकी मार्गरेट उसको मन जित्न सफल हुन्छे । त्यहाँको चलनअनुसार नागमणि खोज्न घना जङ्गलमा गएको नरेन्द्र मणि प्राप्त गर्न सफल हुन्छ र त्यसैबाट सम्पन्न पनि हुन्छ । उसले अफ्रिकामा सत्र वर्ष बिताउँछ । दिन बित्दै गएपछि नरेन्द्रलाई मातृभूमिको सम्झना आउन थाल्छ । ऊ मार्गरेटसँग आफ्नो कुरा राख्छ । प्रारम्भमा सम्झाउने प्रयत्न गरेकी मार्गरेटले राहदानी बनाएर उसलाई बिदा गर्छे । पानीजहाज र हवाइजहाज हुँदै गोरखपुर, नौतनवाबाट नेपाल आउँछ । त्यहाँ भेटिएका ढाक्रेहरूसँग आफ्नो परिचय लुकाएर कुराकानी गर्ने क्रममा

उसले आफ्नै ज्वाइँलाई पनि भेट्छ तर एक ढाक्रेबाट नरेन्द्र रणमा मरेको चिठी आएपछि घरकाले काजक्रिया गरेको र श्रीमतीले पेन्सन बुझ्नेगरेको भन्ने थाहा पाउँछ । आमाको समेत निधन भैसकेको थाहा पाउँछ । आफ्नो क्रिया भैसकेको ठाउँमा नजाने अठोट गर्दै ज्वाइँका हात एउटा चिठी र केही नासो दिएर फर्कन्छ । ऊ पुनः अफ्रिका जान चाहन्छ तर राहदानी नपाएपछि अलपत्र पर्छ । त्यसपछि गोरखपुर फर्केर कुनाघाटमा बस्न थाल्छ । त्यहीँ एक अधबैसे नेपाली विधवासँग बिहे गरेर बस्छ र नेपाल तथा अफ्रिकामा पत्राचार गर्छ । एकदिन रेलको डिब्बामा सालनालसहित भेटिएको एक बालकलाई कोख लिएर पाल्छ । नेपालबाट छोरीज्वाइँ भेट्न आउने गरको तर श्रीमतीसँग नभेटेको बताउँछ । आफ्नो कुनाघाटको सम्पत्ति नाति (छोरीको छोरा) र पालेको छोरालाई आधाआधा गरिदिन्छ । आफू जीवित छँदै पत्नीबाट तर्पण र श्राद्ध हुने गरेकोले ऊ आफूलाई पितृ र आफ्नो घर स्वर्ग बताउँछ ।

नरेन्द्रले आफ्नो कथा बताइसक्दा काशी जाने रेल आइपुगेको हुन्छ र नरेन्द्रसँग गुणाखरले बिदा मागेको प्रसङ्ग सकिनासाथ कालरात्रि पूजा हेरेर गाउँले ठिटाठिटीहरू त्यही बाटो आएकोले राजेन्द्र र नरेन्द्र पनि बिदा मागेर घरतिर हिँडेको प्रसङ्गमा कथा समाप्त भएको छ ।

यस कथाले मूलतः दोस्रो विश्वयुद्धमा ब्रिटिस सरकारको तर्फबाट लड्न जाने नेपालीहरूको जीवन कसरी अस्तव्यस्त हुन पुगेको थियो भन्ने विषयलाई प्रस्तुत गरेको छ । नेपालमा श्रीमती हुँदाहुँदै अफ्रिकामा घरजम गर्न पुगेको नरेन्द्र नेपाल फर्किएको भए पनि जीवित अवस्थामै तर्पण पाएको थाहा पाएपछि न अफ्रिका जान सक्छ न नेपाल आउन सक्छ । दुवै परिवारमा सन्तान हुँदाहुँदै पनि एक विधवासँग घरबार गरेर गोरखपुरको कुनाघाटमा लावारिस बालकलाई पालेर बस्न बाध्य भएको विषयलाई कथामा प्रस्तुत गरिएको छ ।

## सुबेदारकी छोरी कथा

टिमुरको झोल कथासङ्ग्रहको तेस्रो क्रममा रहेको कथा हो 'सुबेदारकी छोरी' । यस कथामा पोखरा पृथ्वीनारायण क्याम्पसमा बी. ए. मा अध्ययनरत छोरी आशालाई सुबेदार मानसिंह के. सी. चिठी पठाउँछन् । चिठी लिएर आशा सरासर नदीपुरस्थित आफ्नो डेरामा पुग्छे र पत्र पढ्छे । पत्रमा कसैगरी शनिवार घर आउनु भन्ने लेखेकोले उसको मनमा अनेक तर्कहरू खेल्छन् । ऊ अर्को दिन बिहानै घर जान भनी हिँड्छे । बाटोमा साथी विमलसँग उसको भेट हुन्छ । विमलले सोधेपछि आशा बुबाले बोलाएको बताउँछे । विमलको बिहेको लागि त होइन भन्ने अप्रत्यासित कुराले आशालाई लाज लाग्छ । ऊ विमलको कुरा सम्झदै स्याङ्जा घरतिर लाग्छे । घर पुग्दा मानसिंह बैठकमा हुन्छन् । उनी सुबेदार शान्तजङ्गका छोरा वीरजङ्ग र उनका फुपाज्यू रेमानसिंह थापासँग कुरा

गरिरहेका हुन्छन् । छोरी आएको थाहा पाएपछि बैठकमा बोलाएर चिनाउँछन् र छोरीलाई भित्र पठाउँछन् । आशाले आमालाई को हो भनी सोद्धा सबै कुरा बताएर वीरजङ्गसँग बिहेको कुरा चलेको बताउँछिन् । आशाले विरोध गर्न सक्दिन । उसको वीरजङ्गसँग विवाह भएको तीन महिनापछि ऊ नोकरीमा फर्कने तरखर गर्छ । आशाले त्यो सबै बुझेर थाहा पाएर पनि कुनै प्रतिक्रिया जनाउँदिन तर उसको उदासी देखेर वीरजङ्ग नै सोध्छ । उसले आशासँग आफ्ना सैनिक जीवनका बाध्यताहरू सुनाउँदै सम्झाउने प्रयत्न गर्छ । आशा सुक्कसुक्क रोएपछि तिम्रो निम्ति जस्तोसुकै त्याग गर्छु भनी वीरजङ्गले वचन दिएपछि आशा वीरजङ्गलाई सम्झाउँदै विदेशको लागि नभै देशकै निम्ति लागिपर्न अनुरोध गर्दै प्रजातान्त्रिक आन्दोलनमा सरिक भएर निरङ्कुशताको विरूद्धमा उभिन अनुरोध गर्छे । अर्को दिन वीरजङ्ग सन्तेलाई साइत सारेको जनै र पेटी झिकी ल्याउन भन्छ । सन्तेले त्यो ल्याएर राखिदिएपछि दुवै एकअर्कोलाई हेरेर गम्भीर रूपमा हाँस्छन् ।

यस कथामा भर्खर छोरीमान्छेलाई पढाउन थालिएको समयको विषयलाई प्रस्तुत गरिएको छ । मूलतः सैनिक जीवन बिताएका लोग्नेमान्छेको मनोविज्ञान प्रस्तुत गरिएको कथामा पढेलेखेकी छोरीलाई समेत विवाहका लागि सल्लाह नगरिने नेपाली परम्परा प्रस्तुत भएको छ । नेपालमा प्रजातान्त्रिक आन्दोलन चलिरहेकोले विदेशीको लागि लड्नुभन्दा देशकै लागि केही गर्नुपर्छ भन्ने मूलभाव प्रस्तुत गरिएको यस कथामा कथाकारले आशाका माध्यमबाट आफ्नो अभीष्ट प्रस्तुत गरेको पाइन्छ ।

## पुजारी कान्छो कथा

'पुजारी कान्छो' कथा विश्वप्रेम अधिकारीको टिमुरको झोल कथासङ्ग्रहमा समाविष्ट चौथो कथा हो । स्याङ्जाको सोलीघोप्टेको नजिकैको कुनै जेललाई मुख्य घटनास्थल बनाइएको यस कथामा एक मानसिक रूपमा रोगी मानिएको पात्रलाई केन्द्रीय कथ्य बनाएर प्रस्तुत गरिएको छ । जेलभित्र भोजन गरेर बिस्तरामा पुगेको मपात्रले जेलमा नयाँ र परिचित आवाज सुनेको प्रसङ्गसँगै कथा प्रारम्भ भएको छ । कुनै नयाँ कैदीलाई जेलमा ल्याइएको सङ्केत प्राप्त हुन्छ । म पात्र अरूसँगै जिज्ञासु भएर हेर्छ । सुरक्षा ऐन २०१८ को मुद्दामा हरिमाधव जसलाई सबैजना पुजारी कान्छो भन्ने गर्छन्, थोत्रो बोराको कुम्लो बोकेर जेलभित्र पस्छ । सम्पत्ति भएर पनि अभावमा बाँचेको, कुलकुटुम्ब भएर पनि तिरस्कारमा बाँचेको पुजारी कान्छो पहिला पुजारी बनेको हुन्छ र पनि मागेर खान्छ । जेलभित्र खानतलासीका क्रममा कैदीको नाइकेले उसँग भएको सबै कुरा लिइदिन्छ र ऊ रित्तो हुन्छ । जेलभित्र उसको पीडा कसैले सुन्दैन । यहाँ ऊ मनोरञ्जनको पात्र बन्दछ । उसलाई जेलभित्र कसैले पकाएर दिँदैन । पन्ध्र मुठी भुससितको कनिका काँचै खाँदा ऊ बिरामी पर्छ । चौकिदार उसलाई

सराप्दै तँ यहीँ मर्छस् भन्छ । तर ऊ जेललाई नर्क भन्दै आफू त्यहाँ मर्न नचाहेको बताउँछ । म पात्र उसलाई दार्शनिकजस्तै ठान्छ ।

दसैँको बेला ऊ मासु रोटी सम्झिएर चिच्याउँछ तर पागल सम्झेर कमान्डरले उसलाई ठेँड्कोमा बाँध्ने आदेश दिन्छ । ठेँड्कोमा बाँधिएको पुजारी कान्छोको नलीहाडबाट बुलबुल रगत चुहिन्छ ।

यस कथामा लेखकले तत्कालीन व्यवस्थाप्रति तीव्र व्यङ्ग्य र आक्रोश प्रस्तुत गरेको पाइन्छ । समाज, परिवार र इष्टमित्रबाट समेत पागल भनी तिरस्कृत गरिएको व्यक्तिलाई उद्धार गर्नुपर्नेमा उल्टै जेलमा थुनेर अनेक यातना दिने निरङ्कुशतावादी राज्यव्यवस्थाको भ्रत्सना यस कथामा गरेको पाइन्छ ।

## कामको बाँडफाँड कथा

पूर्वस्मृति शैलीको प्रयोग गरेर प्रस्तुत गरिएको 'कामको बाँडफाँड' शीर्षकको कथा टिमुरको झोल कथासङ्ग्रहको अन्तिम कथा हो । यो लघु आकारको कथा हो । यस कथालाई लघुकथाअन्तर्गत राख्न सकिन्छ । यो विचारको प्रधानता भएको कथा हो । यस कथामा कथाकी पात्र अनिताले केही वर्ष अघिको कथा सम्झिएकी छ । साउनको मुसलधारे पानी परेको बेला रातको समय गोठको बलेसीमा टाउकोमात्र ओतेर पति राजेशले पत्नी अनितालाई आफू आन्दोलनमा लाग्न अनुमति मागेको (धर्ती हँसाउने अभियानमा लाग्न अनुमति मागेको) सन्दर्भ छ । अनिताले आफू र तीन महिनाकी छोरीलाई समस्याका रूपमा प्रस्तुत गर्दै राजेशलाई रोक्न खोज्दा छोरी रजनीको जिम्मा अनितालाई लगाएर नितान्त निःस्वार्थ अभियानमा हिँडेको सन्दर्भ कथामा छ । राजेश भन्छ "मेरो कुनै स्वार्थ छैन, पद र पैसाको लिप्साले पनि होइन अनिता । मेरो कर्तव्य पो त" (पृ. ६०) । राजेशको "म समयको आवश्यकतालाई बोक्छु तिमी रजनीलाई बोक" भन्ने अभिव्यक्तिमा निहित घरको जिम्मेवारी अनिताको र राज्यको जिम्मेवारी राजेशको देखिन आएको कथालाई कामको बाँडफाँडको संज्ञा दिइएको छ ।

## निष्कर्ष

टिमुरको झोल कथासङ्ग्रह विश्वप्रेम अधिकारीको पहिलो कथासङ्ग्रह हो । कविता, काव्य र लोकसाहित्यका थुप्रै कृतिहरू प्रकाशित गरिसकेपछि प्रकाशित गरिएको यस कथासङ्ग्रहभित्रका कथाहरूको लेखन भने २०३१ सालतिर लेखक जेलमा रहँदा भएको हो भन्ने कृतिको भूमिकाबाट स्पष्ट हुन्छ । २०५२ मा स्याङ्जा साहित्य प्रतिष्ठानको स्थापना र रजस्थलको प्रकाशन आरम्भ भएपछि यस सङ्ग्रहका कथाहरू अलगअलग रूपमा प्रकाशित भएका हुन् । २०७४ सालमा तिनलाई सङ्कलन गरी कथासङ्ग्रहको रूप प्रदान गरिएको हो । यस सङ्ग्रहभित्र पाँचवटा लामा छोटा कथाहरू समाविष्ट छन् । आकारका दृष्टिले 'स्वर्ग र पितृ' ज्यादै लामो आकारको कथा हो भने 'कामको बाँडफाँड' लघु

आकारको कथा हो । अन्य कथाहरू औसत लम्बाइका छन् । कथामा कतै रैखिक र कतै वृत्ताकारीय ढाँचाको प्रयोग गरिएको छ भने कुनै पूर्वस्मृतिका रूपमा प्रस्तुत छ । प्रथम पुरुष (परिधीय) तथा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएका यिनका कथाहरू सरल र सुबोध्य छन् । उद्देश्यका दृष्टिले 'टिमुरको झोल' मा अभावग्रस्त जीवन व्यतित गर्नुपर्ने एक बालकको बालमनोविज्ञानलाई प्रस्तुत गरिएको छ भने 'स्वर्ग र पितृ' कथामा दोस्रो विश्वयुद्धमा जहान परिवार छोडेर लडाइमा गएका नेपाली युवा विदेशमै अलपत्र भएपछि घरमा उसको मृत्युको खबर आएर श्राद्ध हुन थालेको र त्यस्ता युवाले भोग्नुपरेको अस्थिर जीवनको नियतिलाई कथामा प्रस्तुत गरिएको छ । नेपाल र अफ्रिका दुवैतिर जहान परिवार तथा सन्तान भएर पनि परिवन्दले प्रौढ विधुवा नारीसँग विवाह गरेर अनाथ बालकलाई काख लिनुपर्ने विडम्बनापूर्ण जीवनको कथालाई यसमा प्रस्तुत गरिएको छ । 'सुबेदारकी छोरी' कथामा एकातिर शिक्षित छोरीलाई समेत एकशब्द नसोधी विवाह गरिदिने पितृसत्तात्मक समाजको सङ्केत पाइन्छ भने अर्कोतर्फ नेपाली युवाहरूले अन्य देशका लागि लड्नु हुँदैन । आफ्नै राष्ट्रका लागि केही गर्नुपर्छ । प्रजातन्त्र लोकतन्त्र ल्याएर आफ्नै देशलाई समृद्ध तुल्याउनुपर्छ भन्ने सन्देश दिइएको छ । 'पुजारी कान्छो' कथाले निरङ्कुश एकतन्त्रीय शासन व्यवस्थाप्रति व्यङ्ग्य गरेको छ । परिवार, समाज र समुदायबाट समेत तिरस्कृत भएका विक्षिप्त र निरपराध व्यक्तिलाई विभिन्न मुद्दामा जेल हाल्ने र यातना दिने प्रवृत्तिलाई तीव्र व्यङ्ग्य गरेको छ । 'कामको बाँडफाँड' शीर्षकको कथाले राज्यका लागि समर्पित हुने युवाले परिवार र सन्तानको जिम्मा पत्नीलाई दिएर आफ्नो देशलाई तानाशाही निरङ्कुशताबाट मुक्त गर्न समर्पित भएको सन्दर्भलाई उठाएको छ ।

यसरी विश्वप्रेम अधिकारीद्वारा २०३१ तिर लेखिएका र विभिन्न समयमा पत्रपत्रिकामा प्रकाशित भएका कथाहरूको सङ्ग्रह हो टिमुरको झोल । यस कथासङ्ग्रहका कथाहरू समय र विषय उठानका दृष्टिले प्रजातन्त्र स्थापनापूर्वका हुन् र पनि कुनै न कुनै रूपमा तिनमा प्रयुक्त अभिव्यक्तिहरू अद्यापि सान्दर्भिक प्रतीत हुन्छन् ।

## सन्दर्भसूची


अधिकारी, विश्वप्रेम, (२०७४), **टिमुरको झोल**, स्याङ्जा : गायत्री अधिकारी (लामिछाने) र जानकी अधिकारी (तिमिल्सेना) ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु, (२०६९), **नेपाली कथाको इतिहास**, काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

**नेपाली बृहत् शब्दकोश**, पाँचौं संस्करण, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

पन्थ, टंक, **'काव्यत्रयीमाथि समीक्षात्मक टिप्पणी'**, सोपान, (वर्ष : १७, अङ्क : ६, २०७७ मंसिर) पृष्ठ ७०-७९ ।

पौड्याल, परशुराम, (२०६५), **कथाको रूपविन्यास सिद्धान्त र विवेचना**, काठमाडौं : नवराज बज्गाईं ।

०००

# निजामती पुरस्कार

✍ **अरूणबहादुर खत्री 'नदी'**
**सामाखुसी, काठमाडौं**

भाद्र २२ गतेका दिन सरकारले निजामती सेवा दिवस मनाउन थालेदेखि एक जनालाई सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार, दश जनालाई उत्कृष्ट निजामती सेवा पुरस्कार र तीस जनालाई निजामती सेवा पुरस्कार दिन थाल्यो । निजामती दिवस मनाएर निजामती सेवा पुरस्कार दिन थालेपछि हुलाकमा काम गर्ने खरिदार प्रेमकुमारले मैले पनि एकपटक जसरी भए पनि निजामती पुरस्कार पाइ छाड्छु भनी मनमनै सोच्यो । कर्मचारीले पाउने तीस दिन घरबिदा पनि उसको ल्याप्स हुने गर्दथ्यो । घरमा बस्नभन्दा कार्यालयमा गएर काम गर्न नै उसलाई ठूलो इच्छा लाग्दथ्यो ।

एकदिनको कुरा हो निजामती सेवा दिवस आउन लाग्दा उसले काम गर्ने कार्यालयको हाकिमसाहेबले उसलाई बोलाएर "यसपालि तपाईंको नाम निजामती सेवा पुरस्कारको लागि हामीले सिफारिश गरेर पठाउँदैछौं नि" भने । यसपालि मैले निजामती सेवा पुरस्कार पाउने भएँ भनेर उसको मन साह्रै नै प्रसन्न भयो । निजामती सेवा दिवसको दिनमा पुरस्कार पाउने कर्मचारीहरूको नाम सार्वजनिक गर्दा उसको नाम परेन । उसको नाम नपरेपछि उसको मन साह्रै नै अँध्यारो भयो । त्यसदिनदेखि उसको अनुहार पनि अँध्यारो देखियो । उसको नोकरी उनन्तीस वर्ष पूरा भएको थियो । तीस वर्ष पूरा भएपछि उसले कार्यालयमा हाकिमसाहेबसँग राजिनामाको निवेदन लेखेर पेश गऱ्यो । हाकिमसाहेबले उसलाई बोलाएर "जागिर किन छोड्न लाग्नुभयो नि ?" भने । उसले "सर हामीजस्तो आफूले पाउने घरबिदा एकदिन पनि नलिएर सधैंभरि कार्यालयमा आएर काम गर्नेलाई सरकारले पुरस्कार नदिएपछि मलाई काम गर्न मन लागेन । त्यसैले मैले राजिनामा दिएको हुँ" भन्यो । "राम्रोसँग काम गर्दै जाँदा अहिलेसम्म तपाईंले पुरस्कार नपाए पनि पुरस्कार पाउने दिन आएपछि एक न एक दिन पाइहाल्नु हुन्छ नि" हाकिमसाहेबले भने ।

०००

# महिला–राज्य

✍ **कृष्ण बजगाईं**
**हाल : लण्डन**

एनजिओको प्रायोजन र सभ्रान्त जस्ता देखिने कट्टरपन्थी फेमिनिष्टहरूको अगुवाइमा तारे होटेलमा महिला भेलाको आयोजना गरिएको थियो । त्यस भेलामा महिलालाई पुरुषले मात्र होइन राज्यसमेतले गरेको विभेदका बारेमा बहस चल्यो । महिलाहिंसा र बलात्कारदेखि आफ्नो शरीर आफ्नो मर्जी गर्न नपाएको विषयमा कुरा उठ्यो ।

उक्त भेलाले अलग्गै महिला राज्यको माग गर्ने निर्णय गऱ्यो । त्यस राज्यमा पुरुषहरूलाई प्रवेश निषेध हुने र त्यहाँ जानु पर्ने भए तिनले अनिवार्य भिसा लिनु पर्ने कुराले सहभागी महिलाहरू प्रभावित भए ।

महिला शासित राज्यमा राष्ट्रप्रमुख, सेना, प्रहरी, न्यायधीशलगायत शतप्रतिशत सबै पदमा महिला मात्र हुने हुनाले विभेद नहुने कुरामा सहभागीहरू विश्वस्त देखिए । पुरुषहरू नभएको राज्यमा महिलाहरूलाई पूर्ण स्वतन्त्रता प्राप्त हुने, पुरुषको शासनबाट मुक्ति पाइने र घरेलु हिंसा, बलात्कार जस्ता यातना भोग्नु नपर्ने कुरा सुन्नेबित्तिकै पुरुषबाट पीडित महिलाहरूले निकैबेर थपडी बजाएर खुसी व्यक्त गरे ।

'कुरा त ठिकै हो तर हामीलाई आमा बन्न मन लाग्ला । आमा भएपछि मात्र पूर्ण नारी भइन्छ । त्यसका लागि फेरि पुरुषकै आवश्यकता पर्दछ ।' एउटी महिलाले गम्भीर प्रश्न उठाइन् ।

आयोजक मध्येकी एक फेमिनिष्टले भनिन्–'हाम्रो महिला राज्य संसारमै नभएको उत्तरआधुनिक राज्य हुनेछ । यस राज्यमा आमा बन्न चाहने महिलाको स्वतन्त्रतालाई सम्मान गरिने छ । त्यसका लागि पुरुषसँग संसर्ग नगरी बच्चा जन्माउन सकिने सुविधा उपलब्ध गराइनेछ ।'

'त्यसका लागि उन्नत जातको वीर्य आयात गरिनेछ । त्यसलाई प्रविधिको माध्यमले सिधै महिलाको पाठेघरमा राखिने छ र बच्चा हुने छ । मैले पनि पुरुषसँग संसर्ग नगरी त्यसरी नै बच्चा जन्माएकी हुँ ।' ती फेमिनिष्टले प्रष्ट्याइन् । उनको कुरा सहभागी महिलाहरूले पत्याए । फेरि तालीको गडगडाहट सुनियो ।

'छोरी जन्मे त ठीकै छ, तर छोरा जन्मियो भने नि ?' सहभागी महिलाले अर्को प्रश्न गरिन् । महिलाको शासन चलिरहेको त्यस कार्यक्रमहलमा तुरुन्तै सन्नाटाको शासन सुरू भयो ।

ooo

# थोपा

✍ **मेघराज ढकाल (विद्यावारिधि)**
**निवुवाबोट, आँधिखोला गा.पा., स्याङ्जा**

न गन्न सकिने यस्तो न मोल तोल नै छ यो
वर्तुलाकारको विन्दु थोपा भन्ने जनाइयो
आकारमा छ यो सानो मोल मूल्य ठुलैभयो
कसरी बन्छ यो भन्दा ? मिहिनेत भयो अहो !
१
साहित्यकारको सीप मसीमा जब बग्दछ,
श्रमको पसिना थोपा किसानसँग झर्दछ,
पुर्खाको पसिनाबाट राष्ट्र हाम्रो सगौरव
बनेको देश सुन्दर राम्रो अन्त कहाँ छ र ?
२
मान्छेको जिन्दगी पनि थोपाथोपा रहेछ यो
समयको बुझे थोपा महाकाव्य रचिन्छ भो
सानो छ तर यो बुझ्दा हिराभन्दा अमूल्य छ
प्रकृति बुझेर बढ्दा अनि पो लेख्न सक्दछ ।
३
काव्य लेखिन्छ थोपाले आँसुका धार बन्दछ,
थोपा रक्तिम जो मिल्दा मान्छेका हाड बन्दछ,
दधिचिका त हाडैले हान्दा राक्षस नै मरे
त्यै सम्झेर बलैभद्र भक्ति थापा गरे मरे ।
४
नालापानी त छाडेका जल थोपा नपाउँदा,
अमरसिंह गए अन्तै चिसो थोपा नभेटिँदा
थोपाका भरमा पुर्खा बहादुर भए यहाँ
थोपा छैन भने आज हुन्छ मान्छे कहाँ यहाँ
५
आशा विश्वासमा मान्छे काम गर्न सके भने
बढ्दछ श्रमको मूल्य थोपा आँसु छ रक्तमा
शक्ति बढ्छ सुकार्यमा फरक लक्ष्यमा भने
विश्वासमा उँभो लाग्छ, शङ्का मात तलै झरे ।
६
भित्रपट्टि खनिजै छन् ढुङ्गा–माटो छ बाहिर
पानी बग्ने यसैमा झन् घाम पर्दा त आखिर
नभमा उड्छ रे माथि आकाशमा पुगेपछि
जलका बन्दछन् थोपा धरतीमा खसे पनि ।
७

वनजङ्गलको साथी धरती नै हराभरा
बल, बुद्धि, विवेकैले मान्छे बन्छ अजम्बरा
त्यसैले त खियाएर सकेजति विवेक यो
निकालेर सुना-चाँदी काम गरौं त अर्थको ।

८

सुना-चाँदी मिलाएर बन्दैछन् गहना पनि
नदीमा झरना नाँच्दै महासागरमा अनि
पुग्दा खेल्दा बने बाफ आकाशमा पुगेपछि
असिना बन्न सक्नेछ झर्दा खेती त मर्दछ ।

९

तिल जोगिन्छ बारेरै पुर्खाको सूक्ति यो बुझौँ
सान्दर्भिक छ यो अझै तर्किन्छ असिना बुझौँ
गरे जाँगर विश्वास फलाएका अनाज रे
बुद्धिले नै बढाए झन् कर्मका पसिना छरे ।

१०

मेची, काली, महाकाली थोपा नै मूल बन्दछ,
गङ्गा सागर झन् ताल थोपा मै रम्न सक्तछ,
कुण्डै कुण्ड अझै राम्रा, पोखरी ताल बन्दछन्,
तीर्थस्थान भए हाम्रा राष्ट्रियता त बोल्दछन् ।

११

माछा हौँ त धरत्रीका लोभ-पाप त गर्जने
पानीविना भए माछा उफ्रे जस्तै त उफ्रने
दुख्खको पलमा फेरि दुःखी नै रेट्न खोज्दछौ
बिर्सी कल्याणको बाटो क्षुद्र धार त रोज्दछौ ।

१२

महासागरको पानी नुनिलो बन्छ रे किन,
दुःखीको आँसुले हो कि? पसिना रक्त हो चिन
त्यसैले बुद्धिको थोपा खियाइ गम्न पर्दछ
पुर्खौली सम्झना गर्दै अगाडि बढ्नुपर्दछ ।

१३

थोपा-थोपा मिले बन्छ खोला नदी र सागर
यति मात्र कहाँ हो र ? मान्छेमा बढ्छ जाँगर
जाँगरमा अझै सीप प्रविधि बढ्न सक्दछ
विकास अनि पो हुन्छ देश उँभो त लाग्दछ ।

१४

थोपा बस्ने सबै ठाउँ धर्ती औ तीनलोकमा
अर्तीका विन्दुमा बस्ने थोपा-थोपा त हितमा
ज्ञान-गुन पढे खोजे बुद्धि विकास बढ्दछ
त्यसैको फलले मान्छे धर्तीमा रम्न सक्दछ ।

१५

ooo

# युवा उमेरमा नैतिक शिक्षाको सार

✍ **डा. नातीमैञा मानन्धर भण्डारी**
**वस्तु, धुर्कोट, गुल्मी**

"ऋणात्मक शिक्षा वा नकारात्मकतामा आधारित कुनै पनि प्रशिक्षण मृत्युभन्दा खतरा छ ।" - स्वामी विवेकानन्द

"अप्पो द्विप भव"- "आफ्नो प्रकाश आफै बन" - भगवान् बुद्ध

मानव जीवनका तीनवटा अवस्थाहरू : बाल्यावस्था, युवावस्था र वृद्धावस्था आदि हुन् । यी तीन अवस्थाहरूमध्ये युवा अवस्थालाई जीवनको सबैभन्दा मूल्यवान् समय मानिन्छ । यो अवस्था भनेकै जोस र जाँगरले भरिएको क्रियाशील समय हो । यसैले युवा अवस्था नै मानवीय जीवनको सबैभन्दा अमूल्य अवस्थाको रूपमा लिने गरेका छन् । यस उमेरमा उनीहरूलाई यौवन शिक्षा (नैतिक शिक्षा) प्रदान गर्नु आवश्यक छ । नैतिक शिक्षाले उनीहरूलाई समयमै मेहनतका साथ कार्य गर्ने र जीवनको अमूल्य क्षणलाई कसरी आफ्नो प्रकाश आफै बन्न सक्छ भन्ने ज्ञान प्राप्त गर्छन् । शिक्षा जीवन निर्वाहको लागि मात्र नभएर, जीवनमा सकारात्मक परिवर्तन ल्याउनेतिर अग्रसर हुनु आवश्यक छ । ऋणात्मक र नकरात्मक शिक्षाले कुनै पनि व्यक्तिलाई भलो हुने कुरा सिकाउनुभन्दा स्वार्थपरक शिक्षालाई मात्र जोड दिने गर्दछ । जसले गर्दा मानव जीवन नै अभिशापतुल्य बन्न सक्छ । यसैले शिक्षा जीवननिर्वाहको लागि मात्र नभएर, यसले जीवनमा सकारात्मक परिवर्तन ल्याउनेतिर अग्रसर हुनु आवश्यक छ ।

सफल जीवन मापनको लागि हामी हाम्रो स्वास्थ्यलाई शारीरिक र मानसिक रूपमा तन्दुरूस्त राख्नु आवश्यक छ । खालि शारीरिक तन्दुरूस्तीलाई मात्र प्राथमिकतामा राख्न सही मानिंदैन यदि ऊ मानसिक रूपमा स्वस्थ छैन भने । मानसिक रूपमा तन्दुरूस्ती नभएका मानिसहरू वा युवाहरूमा धैर्य हुँदैन । यसैले धैर्यलाई प्राथमिकता दिने हो भने नैतिक शिक्षा अपरिहार्य छ । नैतिकतालाई भित्री ज्ञानमा लिने चलन छ । ज्ञान "एकाग्रताबाट" मात्र प्राप्त हुन्छ । युवाहरूलाई असल ज्ञान दिनेतिर ध्यान दिनु आवश्यक छ । जति एकाग्रतामा वृद्धि हुन्छ, ज्ञान आर्जन गर्ने क्षमतामा पनि वृद्धि हुँदै जान्छ । यसैले स्वामी विवेकानन्दले भने जस्तै "नकरात्मक शिक्षा" वा ज्ञानविनाको शिक्षा युवाहरूको लागि ठीक हुने छैन । नकारात्मक शिक्षाले कहिल्यै पनि युवाहरूको लागि नैतिक अनुशासन प्रदान गर्न सक्दैन न त तिनीहरूले आफ्नो परिवार, समाज, राष्ट्र र विश्वको लागि आफ्नो गहन उत्तरदायित्व नै पूरा गर्न सक्छन् । आजभोलि शिक्षा फेशन उन्मुख भइसकेको छ । भौतिकतामा मात्र लिप्त शिक्षामा धेरै शारीरिक आकर्षण, फेशन, यौनिकता तथा अनैतिक क्रियाकलापको बोलबाला बढी पाइन्छ ।

मनग्य धन आर्जन गर्नका लागि र आफूलाई सम्पूर्ण मानव पुष्टि गर्नको लागि नै शैक्षिक डिग्री हासिल गर्ने भन्ने चलन हावी भइसकेको छ । यस किसिमको भौतीकवादी धारणाले युवाहरूलाई सफल जीवन यापन गर्न मद्दत मिल्दैन ।

युवा शिक्षा एउटा यस्तो शैक्षिक कार्यक्रम हो जसले युवा वर्गलाई असल र नैतिक ज्ञानतिर ढल्काएर विकास र शान्तितिर अग्रसर गराउन सिकाउँछ । योभन्दा पनि बढी यसले युवा वर्गलाई देशको उन्नति र शान्तिको स्थापनामा उनीहरूको के कति उत्तरदायित्व छ र कसरी आफ्नै प्रयासले जीवन यापन गर्नु पर्छ भन्ने ज्ञान पनि दिन्छ । अझ यस किसिमको शिक्षाले युवाहरूलाई खराब आचरणबाट बचाएर कसरी आत्मनिर्भर हुन विकासतिर लाग्न सकिन्छ भन्ने ज्ञान पनि प्रदान गर्छ । आजकल युवाहरूले सही युवाशिक्षा प्राप्त गर्न नसक्नाको कारण र धेरै कमाउने क्रियाकलापमा संलग्न हुनको लागि उपयुक्त शिक्षा जस्तै :- होटल म्यानेजमेन्ट, डान्स, पाक विज्ञान, फेशन डिजाइन, व्यवसायी व्यवस्थापन, भाषा विज्ञान आदिको अध्ययनमा संलग्न भई आफ्नो मातृभूमिलाई त्यागेर विदेशमा गएर धेरै धन आर्जन गर्नतिर लागेका छन् । यस्तो विचारलाई उनीहरूबाट टाढा गराउनको लागि पनि युवा शिक्षालाई यौनशिक्षाको प्रभावबाट विमुख गराउन र उनीहरूलाई सुमार्गतिर लैजानको लागि असल ज्ञानको आवश्यक भएको छ । स्वामी विवेकानन्दले हरेक मानवलाई सक्षम नागरिक र हरेक राष्ट्रलाई उच्च बनाउन तीनवटा आवश्यक कुराहरू दर्शाएका छन् । जस्तै : असल बानी बसाल्ने क्षमताको विकास, ईर्ष्या र शङ्कालाई निराकरण गर्ने र अन्तमा असल मार्गमा लाग्ने र असल कार्य गर्नेलाई मदत गर्ने ।

गौतम बुद्वले पनि नैतिक शिक्षालाई उच्च स्थानमा राखेका छन् । उनका अनुसार "नैतिक शिक्षाविना नागरिक कहिल्लै पनि असल हुन सक्दैन न त देशलाई नै उकास्न सकिन्छ ।" बुद्वले प्राथमिकताका साथ अर्को कुरा पनि भनेका छन् । "असल शिक्षाको लागि नैतिक चरित्र निर्माणको उच्च अभ्यास चाहिन्छ ।" यसका लागि उनले ६ वटा मार्गहरू बताएका छन्, जस्तै : ठीक स्वास्थ्य, असल चरित्र, विज्ञहरूको निर्देशनको पालना, शिक्षित हुने, धार्मिक भावनाको अनुसरण, आलश्यबाट टाढा हुने । ६ वर्षको बालकले बुद्धसंग "उन्नतिको मार्ग के हो ?" भन्ने जिज्ञासा राखेको थियो । गौतम बुद्धले माथिका ६ वटा मार्ग हुन् भन्ने कुरा ती बालकलाई बताएका थिए । यसका लागि "परियत्ति शिक्षा" (बुद्ध शिक्षा) ले नै मानवलाई असल बन्न सिकाउँछ । यो शिक्षा नै व्यक्तिगत विकास र सफल जीवनको लागि मार्गदर्शन हो । यसैले बुद्धको शिक्षा "अप्पो द्विप भव" अर्थात् "आफ्नो प्रकाश आफै बन" भन्ने शिक्षा ज्यादै प्रेरणादायक छ ।

यस्तै एरिक फ्रामले उनको किताब "म्यान फर हिमसेल्फ"मा लेखेका छन् , "अनैतिकता नै सबै रेगहरूको जरा हो ।" यस विचारलाई स्पष्ट पार्न यहाँ बुद्धको समयको एउटा जीवक भन्नेको जीवन गाथालाई मनन गर्नलायक छ । कथा

यसरी शुरू हुन्छ, जीवक बुद्धको समयमा एउटा चिकित्सक थियो । कथा अनुसार एउटा युवक आफ्नो आँखाको उपचारको लागि जीवक वैद्यकहाँ पुगेछ । तर युवकको आँखालाई वैद्यले निको पार्न सकेन । त्यसपछि युवक आफ्नो आँखाको उपचारको लागि बुद्धकहाँ पुगेथ्यो । गौतम बुद्धले त्यस युवकलाई सम्झाउँदै भने, "तिमीले नैतिक आज्ञालाई समान रूपले पालना गर्नुपर्छ । नैतिक नीतिहरू उमेर, स्थिति (स्थान), क्षमताअनुसार आवश्यकतालाई हेरेर निर्माण गरेका हुन्छन् । यिनै नियमहरूलाई बढी आदरका साथ अनुसरण गर्नु आवश्यक छ । त्यो मानव जसले नैतिक आज्ञाको पालन गर्दछ ऊ आफै सम्झनयोग्य बन्दछ, नत्र विपरीत परिणाम हुन सक्दछ ।"

यी बुद्धका शब्दहरू सुनेर ती युवकलाई बढो शान्ति मिल्यो र उनका मनोग्रन्थीहरू खेल्न थाले । परिणामस्वरूप उनको दाहिने आँखाको दुखाइ कम भयो । आँखा खुल्न थाल्यो । यो देखेर जीवक वैद्यलाई आश्चर्य लाग्यो । त्यसपछि बुद्धले उनलाई सम्झाउँदै भने, "नैतिक नीति - नियम नै स्वास्थ्य उपचारको लागि असल उपाय हो ।" यदि यो नीतिलाई कसैले मान्छ भने उसले स्वास्थ्य पीडालाई कहिल्यै भोग्नुपर्दैन र जसले यो कुरालाई राम्ररी बुझ्दछ उसलाई "योगः कर्मसु कौशलम्"को ज्ञान हुन्छ । (डा. प्रणम पाध्याद्वारा लिखित "रिलिजियस ट्रिटमेन्ट ओभरअल मेडिसिनबाट)"

यस्तै "फेट रिन्युद" डा. राधाकृष्णनद्वारा लिखित पुस्तकमा लेखेका छन् - "बुद्ध एउटा चिकित्सक हो ।" उनले मनोचिकित्सकको आधारमा धेरै बिरामीहरूको स्वास्थ्यलाई सामान्य स्थितिमा परिवर्तन गर्ने कोशिस गर्छन् । त्यसैले डा. राधाकृष्णनले मानव जीवनलाई सबभन्दा ठूलो आवश्यकता भनेको "भित्री ज्ञान" हो भनेका छन् । यस किसिमको ज्ञान ध्यान भावनाबाट गर्न सकिन्छ ।

गौतम बुद्धले पनि "निर्वाण नै परम सुख हो" भनेका छन् । यसैले भगवान् बुद्धले नैतिक निर्माणको लागि आठवटा मार्गहरू आवश्यक भएको बताएका छन् । यी आठओटा मार्गहरूले हाम्रा स्वार्थइच्छाहरू र दुःखहरू निवारण गर्दछन् । यी आठओटा मार्गहरू हुन् ठीक बुझाइ, ठीक संकल्प ठीक एकाग्रता आदि । यदि हामीहरूले बुद्धका यी अष्टांगिक मार्गहरूलाई समयमै ठीकसँग अनुसरण गर्न सकेको खण्डमा हामी सफल मानव बन्न सक्छौं ।

सबभन्दा प्रभावकारी तथा ठीक शिक्षा भनेको असल अभ्यास र असल मार्गको लागि हो । यदि हामीले नैतिकतामा आधारित "परियत्ति शिक्षा"युवाहरूलाई वर्तमान अवस्थामा प्रदान गर्न सकेको खण्डमा तिनीहरू एउटा असल नागरिकमा परिणत हुन सक्छन् जसबाट हाम्रो देश नेपाललाई शान्तिमय र प्रगतिपथमा ढाल्न सकिन्छ । यौवन शिक्षाले नैतिक उपदेशहरू सिकाउँछ र साथै युवाहरूलाई शारीरिक, मानसिक, सामाजिक र भावनात्मक चरित्र कसरी विकास गर्न सकिन्छ

भन्ने ज्ञान पनि दिन्छ । यसैले हामीले समयमै नैतिकता निर्माण गर्ने शिक्षा मानिसहरूको कलिलै उमेरमा नै प्रदान गर्नु जरूरी छ । जसको लागि "बौद्ध परियत्ति शिक्षा" ठूलो विकल्प हुन सक्छ ।

अज्ञानता मानवविकासको लागि ठूलो शत्रु हो । सम्पन्न जीवनपद्धति मानव विकासको लागि बाधक बन्न सक्छ । जीवनमा असल मार्ग पहिल्याउनको लागि आदर्श जीवन पद्धतिलाई अनुसरण गर्ने मार्ग अवलम्बन गर्नु जरूरी छ । यसको लागि आत्म–अनुशासन धेरै नै आवश्यक छ । जुन हामीले "ध्यान भावना" वा "मेडिटेसन"बाट मात्र पाउन सकिन्छ । ध्यान भावनाले हामीलाई कसरी बहिर्मुखीबाट अन्तर्मुखी बन्ने र मनलाई कसरी (नियन्त्रण) एकाग्रतामा ढाल्ने भन्ने ज्ञान प्राप्त गर्न सकिन्छ । यदि युवा पिंढीलाई यस्तै प्रकारको नैतिक शिक्षा तिर आकर्षण बढाउन सकेको खण्डमा देशमा शान्ति र समुन्नति सधैको लागि रहिरहन्छ । यही नै युवा उमेरमा नैतिक शिक्षाको सार हो ।

"सबै जना शान्तिपूर्ण र सुखी जीवन बिताउन सफल होऊन् ।"

ooo


## रेसुङ्गा नगरपालिकाको अनुरोध

**सम्पूर्ण नगरवासीहरूमा नववर्ष २०७८ को शुभकामनासहित हाल बढिरहेको कोरोना (कोभिड-१९)को दोस्रो लहर संक्रमण न्यूनीकरण गर्न तथा नगरको ट्राफिक व्यवस्थापन चुस्तदुरुस्त बनाउन र नगरको सौन्दर्यलाई प्रभावकारी बनाउन देहायको कार्य गर्नु/गराउनुहुन अनुरोध छ :**

- ❑ घरबाहिर निस्कँदा अनिवार्य रूपमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी हिंड्डुल गर्ने ।
- ❑ २५ जनाभन्दा बढी एकै ठाउँमा जमघट नहुने ।
- ❑ पसल व्यवसाय सञ्चालन गर्दा स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य रूपमा पालना गर्ने ।
- ❑ सडक पेटीमा व्यापारका सामग्री नराख्ने ।
- ❑ सार्वजनिक सडकमा निर्माण सामग्री नराख्ने
- ❑ आफ्नो वरिपरि सरसफाइ अनिवार्य गर्ने, फोहोरजन्य वस्तुहरू आफैले नै विस्थापन गर्ने ।
- ❑ सडकपेटीमा सवारी साधन (बस, ट्रक, जीप, कार, मोटरसाइकल) पार्किङ्ग नगर्ने ।
- ❑ मुख्य बजारक्षेत्रभित्र सामग्री अनलोड गर्दा बिहान ९:३० बजेसम्म र बेलुका ४:०० बजेपछि मात्र गर्ने ।

**रेसुङ्गा नगरपालिका, गुल्मी**

# डोरोफेरो वन, कति रुँदो हो कान्छी तिम्रो मन

✍ **हरिप्रसाद भण्डारी**
**धुर्कोट, वस्तु, गुल्मी**

मेरी आमा सुकेका दाउरा देखेपछि औधी खुसी हुनुहुन्थो । सुकेका दाउरा राम्ररी बल्ने र खाना पकाउन सजिलो हुने भएर पनि होला सायद ।

आमाको खुसी मेरो पहिलो प्राथमिकता थियो । ढिकी, भाँतो, मेलापात लगायतका घरायसी काममा म आमालाई सगाउँथेँ । पँधेराबाट पानी ल्याउने काम पनि मेरो प्राथमिकतामा पर्थ्यो । त्यो बेला गाउँमा पानीका धारा थिएनन् । काफलपानी, कालापोखरा, सीम, कामीका पँधेरा आदि ठाउँबाट पानी ल्याउनु पर्थ्यो । हिउँदको समयमा पानीको आपूर्तिभन्दा माग बढी हुन्थ्यो । त्यसैले बिहानैदेखि पँधेरामा गाग्री वा घैंटो पालो राख्नु पर्थ्यो । पानीको हाहाकार भएकाले कसैले पालो मिच्यो भने झगडा हुन्थ्यो । सानो गाग्री पालो राखेर ठूलो गाग्री भर्न पनि पाइन्नथ्यो । जुन गाग्री पालो राखेको हो, आफ्नो पालोमा त्यही गाग्री भर्न पाइन्थ्यो । पानीको पालो बस्ने र भर्ने काम निकै झन्झटिलो थियो ।

भाइबहिनीहरू साना थिए । म घरको जेठो सन्तान भएको हुनाले भाइबहिनीहरूको धरालो गर्ने जिम्मा पनि मेरै हुन्थ्यो । भाइबहिनीहरूलाई पालैपालो ढाडमा बोकेर भुलाउँथेँ । ढाडमा बोकेको बेला पिसाब गरेर पछिल्लो हरै भिजाइदिन्थे । आमा घरमा नभएको बेला दिसा गरेर हैरान पार्थे । दिसा सफा गर्न औधी घिन लाग्थ्यो । आमाले भाइबहिनीहरूलाई खुवाउन भनेर पकाएको जाउलो लुकीलुकी खान भने मजा लाग्थ्यो । जाउलो खुब मीठो हुन्थ्यो । दुईटा भाइ र दुईटी बहिनीलाई म आफैले हुर्काएँ भन्दा पनि हुन्छ । अहिले पनि कतै बच्चा रोएको देखेँ भने माया लाग्छ । भुलाउन प्रयास गर्छु ।

मङ्सिर महिनामा वार्षिक परीक्षा हुन्थ्यो । परीक्षाको रिजल्ट भएपछि पुस एक गतेदेखि लागू हुने गरी झण्डै दुई महिना हिउँदे बिदा हुन्थ्यो । त्यो बेला मेरो प्रमुख काम दाउरा जम्मा गर्ने हुन्थ्यो । दाउरा खोज्ने सिलसिलामा मैले कोलडाँडाको आँप, गैरापाटाको पिपल र लाँकुरी, कुम्लावन, खगेठाँटी, भुल्के, किमपानी, ओलडाँडा, जाउनेपोखरा, बाँझारुख आदि ठाउँका पिपल र आँपका रुखहरूको पात पात छामेको छु । त्यो बेला ती रुखबाट खसेको भए के हुन्थ्यो होला ! अहिले सम्झिँदा पनि डर लाग्छ । जुनसुकै रुखबाट खसेको भए पनि भुईंमा झर्न नपाउँदै बीचमै मर्थें होला ! भुईंमा झरेपछि शरीर छियाछिया हुन्थ्यो होला । अहिलेसम्म त सबैले बिर्सन्थे कि । धन्न बाँचियो ! त्यस्तो अवस्था आएन ।

त्यो बेला आमाबुबाले रुखमा चढ्न नदिनुपर्ने, किन रोक्नुभएन होला ? अटेरी उमेर, आमाबाले भन्दाभन्दै मैले पो नमानेको हुँ कि ! अहिले छोरालाई 'बाइकको यात्रा सुरक्षित हुँदैन, नचला न बाबू' भन्यो भने 'मरे मै मर्छु, तपाईंलाई के हुन्छ र' भनेर औँठे जवाफ लगाउँछन् । त्यो बेला आमाबुबालाई त्यस्तै जवफ पो दिइयो कि ! अहिले सम्झिँदा पनि मन सिरिङ्ग हुन्छ । ती रुख देख्यो भने तलै खुट्टा काम्छन् ।

धेरै मान्छे पिपलका दाउरा बाल्नु हुँदैन भन्थे । त्यसैले पिपलका सुकेका हाँगामा धेरैको ध्यान जाँदैनथ्यो । फेरि म जस्ता मूर्ख पनि त हुनु पर्‍यो नि पातपात चाल्न । म जस्ता मुटु नभएका मूर्खहरू कमै थिए त्यो बेला । त्यसैले जुन रुखमा चढे पनि एक डोको दाउरा सजिलै झार्न सकिन्थ्यो । छिनभरमै भारी पुराएर घरतिर लाग्थेँ ।

आँप र पिपल मात्रै होइन, साथीसाथी मिलेर दाउरा खोज्न वनमा पनि जाने गर्थ्यौँ । बिहान खाना खाएपछि नाम्लो, खुर्पा र रसी लिएर घरबाट निस्कन्थ्यौँ । वन जाने ठूलै समूह हुन्थ्यो । बहिनी जमुना, ढुङ्गाचौर गौरी, बोमलाल, ब्यारेघर चिन्तामणि, जानुका, गोपाल, पल्लाघर अधिकारीकी छोरी लाटी, लुरी आदि हुन्थ्यौँ । हाम्रा हातमा घडी नभए पनि प्रायः हिँड्ने समय सबैको एउटै हुन्थ्यो । एकैछिन ढिलो चाँडो भएमा खगेठाँटीको चौपारीमा गएर पर्खने चलन थियो । ढुङ्गाचौरबाट गौरी र बोमलाल मलाई बोलाउँदै आउँथे । म मिसिन्थेँ । एकले अर्कालाई बोलाउँदै हिँड्थ्यौँ । खगेठाँटी पुग्दा हाम्रो बगाल ठूलै हुन्थ्यो ।

हाम्रा समूहका सबैसँग मेरो राम्रो दोस्ती थियो । मलाई सबैले माया गर्थे । मलाई माया गर्नुका पछाडि दुईटा प्रमुख कारण थिए । एउटा त मैले औधी राम्रा भारी बाँध्थेँ र कहिलेकाहीँ अरूको भारी बाँध्न सगाउँथेँ । अर्को कारण मैले मजामजाका दन्त्यकथा सुनाउँथेँ । दाउराका गरुङ्गा भारी बोकेर उकालो बाटो गाउँ पुग्न सजिलो थिएन । त्यसैले दन्त्यकथा सुन्ने सुनाउने चलन थियो । कथाका स्वरमा बाटो हिँडेको पत्तै हुन्नथ्यो । कथा भन्नमा गौरी पनि सिपालु थिइन् । उनले पनि थुप्रै कथा जानेकी थिइन् तर अरूको भन्दा मेरो कथा भन्ने शैली फरक थियो । मैले हाउभाउका साथ कथा सुनाउँथेँ । मैले नयाँ नयाँ कथा खोजेर सुनाउने हुँदा पनि मलाई धेरैले मन पराउँथे ।

बिहान घरबाट हिँड्दा हामी खाना खाएर हिँड्थ्यौँ । आमाले दिउँसोका लागि खाजा हालिदिनुहुन्थ्यो । हामीले लैजाने खाजा प्रायः चिउरा, सिरम्ला, खट्टे, काँचा चामल, भुटेका मकै, रोटी आदि हुन्थ्यो । त्यो बेला चाउचाउ, नमकिन आदि उत्पादनै हुन्नथे क्यार, मैले धेरैपछि शहर आएपछि मात्रै देखेको हुँ ती वस्तु । अचम्मको कुरा दिउँसोको लागि भनेर लगेको खाजा खगेठाँटी नपुग्दै खान थाल्थ्यौँ । केटाकेटी उमेर घरबाट निस्किएको केही बेरमै तलतल लाग्थ्यो अनि थोरैथोरै खाँदा पनि खोलामा नपुग्दै सकिन्थ्यो ।

सबै जना जम्मा भएर छल्दी खोलामा पुग्दा मध्यान्ह भइसकेको हुन्थ्यो । तैपनि केहीबेर पौडी खेल्ने र माछा मार्ने काम पनि गर्थ्यौँ । पौडी खेल्ने अलग्गै कपडा हुँदैनथे । कट्टु लगाएर पौडी खेलेपछि त्यही चिसो कट्टुसितै अरू लुगा लगाउँथ्यौँ । चिसो कट्टु शरीरमै सुक्थ्यो ।

दाउरा खोज्ने हाम्रो जङ्गल कहिले पटौटी, कहिले समरान, कहिले पिपलटारीको रिपपाखो त कहिले चाँपटारीको वन हुन्थ्यो । घरदेखि चाँपटारी पुग्न झण्डै दुई घण्टा लाग्थ्यो । अन्य ठाउँको तुलनामा चाँपटारीका वनमा राम्रा दाउरा पाइने हुँदा हामी प्रायः त्यही पुग्थ्यौँ ।

खेल्दाखेल्दै जङ्गलमा पुग्दा घाम कोल्टे परिसकेका हुन्थे । त्यसपछि सबैलाई हतार हुन्थ्यो । गीत गाउँदै, आहै आहै भन्दै दाउरा खोज्न थाल्थ्यौँ । हामीले धेरै थरीका गीत गाउँथ्यौँ तर 'डोरोफेरो वन कति रुँदो हो कान्छी तिम्रो मन' बोलको गीत हामी सबैको मन पर्ने गीत थियो । मलाई पनि औधी मन पर्थ्यो । त्यसैले होला यो गीत मैले आजसम्म पनि बिर्सेको छैन । गीत गाउँदा दाजु-बहिनी, दिदी-भाइका बीचमा केही भेदभाव थिएन । हामी सबैका बीचमा वर्गीय, लैङ्गिक, जातिगत आदि कुनै विभेद थिएन । फेरि उमेर पनि कति नै पो थियो र त्यस्तै १० देखि १५ वर्ष बीचका थियौँ हामी सबै जना ।

कुनै पनि दाउरो सुरूमा जसले देख्यो उसैको हुन्थ्यो । देख्नेले भाँच्न सकेन भने बल्ल अरूले भाँच्न पाइन्थ्यो । यो हाम्रो अघोषित कानून नै थियो ।

जङ्गलमा हिँड्दा स्याल, फ्याउरो, वनबिरालो आदि जङ्गली जनावरले पिसाब फेरेको ठाउँमा गनाउँथ्यो । त्यस्तोमा हामी बाघले पो मुतेको हो कि भनेर पनि डराउँथ्यौँ । अनि सबै एकै स्वरमा चिच्याउँथ्यौँ बाघ भगाउनका लागि । कहिलेकाहीँ त बाघको गुहु पनि देखिन्थ्यो रौंसितको । त्यो देखेपछि हामी औधी डराउँथ्यौँ । सारा शरीर फुलिन्थ्यो अनि छिटोछिटो जङ्गल छोड्थ्यौँ । पछिका दिनमा पनि सकभर त्यो ठाउँमा जान्नथ्यौँ ।

प्रायः सबैभन्दा पहिले दाउराको भारी मैले नै पुराउँथेँ । अग्ला अग्ला रुखचढ्न सक्ने हुँदा पनि छिटो भारी पुराउन सजिलो हुन्थ्यो मलाई । दाउरा पुगेपछि थाकल वा अन्य नरम स्याउला जम्मा गरेर पिठ्यूँमा दाउराले नघोच्नेगरी राम्रो भारी बनाउँथेँ । आफ्नो भारी मिलाएर उभ्याएपछि सन्तोषको लामो सास फेर्थें र अरूले भारी बनाएको हेरेर बस्थेँ । त्यो बेलामा कतिपय साथीहरूले भारी बनाउन सहयोग माग्थे । आफूलाई मन परेको साथी भए सगाउँथेँ, नत्र चूप लागेर बस्थेँ ।

खालि समयमा साना र सुरिला रुख (लाउरा) काट्ने काम हुन्थ्यो– एउटाले नुगाउने, अर्कोले छिन्ने । प्रतिस्पर्धा नै चल्थ्यो । अहिले सम्झन्छु– अनजानमा त्यो बेला हामीले धेरै रुख काट्यौँ । धेरै नोक्सान गर्‍यौँ । ती साना रुख बढ्न

पाएका भए अहिले ठूला रुख हुने थिए । कठै ! हाम्रो बुद्धि ! अहिले भने वन जान लागेका केटाकेटीहरू देखिए भने लाउरा नकाट्न सल्लाह दिन्छु ।

सबैका भारी तयार भएपछि जङ्गलबाट सँगै हिँड्थ्यौँ । सुरू-सुरूमा त रमाइलो हुन्थ्यो । रोदीखोलामा झर्दानझर्दै घामले नेटो काटिसकेका हुन्थे । भोक, प्यास र थकाइले च्याप्दै जान्थ्यो । पुस माघको महिना जाडो पनि बढ्दै जान्थ्यो । फेरि हाम्रा कपडा पो के हुन्थे र ! एकसरा कमिज र चाकमा फाटेका जाङ्े । स्कूल जाँदा पनि त्यही, मेलापात जाँदा पनि त्यही अनि खोलामा पौडी खेल्दा पनि त्यही । साता पन्ध्र दिनमा धुन्थ्यौँ । नसुक्दासम्म या त नाङ्गै बस्नुपर्थ्यो या आमाको मुजेत्रो ओडेर बस्थ्यौँ । अर्को पुरानो कुनै कपडा रहेछ भने त्यही लगाउथ्यौँ । यस्तै थियो जिन्दगी, अहिले गफ लडाएर वा दराजमा मक्किएका कपडा सम्झेर भएन क्यारे !

भोको पेट, आफूभन्दा ठूला दाउराका भारी अनि उकालो बाटो । सास्ती हुन्थ्यो । छल्दीखोलो तरेर हाट्टारीबाट उकालो लागेपछि प्राण जाला जस्तो हुन्थ्यो । गाउँमा हालेका कोदाका रोटी र भुटेका मकै उहीँ तलै बसाउँथे । सम्झेर थुक निल्थ्यौँ ।

बाटा नजिकै सिस्नेरीको पाखामा खोरियाका दाजुभाइले उँखू लगाएका थिए । कहिलेकाहीँ बाटामा भारी बिसाएर उँखू चोर्न जान्थ्यौँ । मानिसहरूले नदेखेको बेला सजिलै ल्याउँथ्यौँ । कहिलेकाहीँ भने लाठी चार्जमा परिन्थ्यो । ढाड बाङ्गो बनाउँदै आउँथ्यौँ ।

जोर्ते आँपको अलि तल सिस्नेरीकै वनमा एउटा सुन्तला जस्तो फल्ने तर अति नै अमिलो बुटो थियो । त्यसलाई हामी काठे भन्थ्यौँ । कहिलेकाहीँ तिनै अमिला दाना टिपेर चुस्थ्यौँ । खाली पेटमा अमिलो कागती खाँदा कस्तो हुँदो हो । त्यसको परिणाम अहिले निस्कँदैछ ग्यास्टिकको रूपमा ।

एक दिन खोज्दै जाँदा हाट्टारीका एउटा गोठको छेउँमा पसाएको ठूलाकोसे केरा भेटियो । केरा काँचो थियो । त्यै पनि कोसा चुँढेर खान थाल्यौँ । झण्डै मरिएन गल लागेर । जाङ्गेमै पिसाब आयो डरले । काँचो केरा सुकेको मुख घाँटीबाट झर्दै झर्दोरहेनछ ।

यसो भनौँ, त्यो बेलाको हाम्रो स्वभाव ठ्याक्कै बाँदरको जस्तो थियो । त्यसमा पनि चैते बाँदर । बाँदर चारखुट्टाले हिँड्थ्यो हामी दुईखुट्टाले हिँड्थ्यौँ तर स्वभाव भने एउटै, ठ्याक्कै मिल्ने ।

पेट भर्ने केही उपाय नपाएपछि कथा सुन्ने र सुनाउने काम सुरू हुन्थ्यो । गौरी दिदीले कथाको शिलान्यास गर्थिन् । लेग्रो तानी तानी कथा सुनाउँथिन् ।

"एकादेशमा एउटा बुढो र एउटी बुढी थिए । उनीहरूका चार भाइ छोरा र तीन बहिनी छोरीहरू थिए....... । "

एउटा कथा सुरू भएपछि आधा पौने घण्टा चल्थ्यो । कथाको लहैलहैमा लागेर बाटो काटेको पनि थाहा हुन्नथ्यो । भारी बोकेर उकालोमा हिँड्दा त्यस्तो जाडोमा पनि पसिनाले शरीर लुछुप्पै भिज्थ्यो ।

गौरी दिदीले कथा सकेर "सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बित्तिकै आइजाला" भनेपछि एकादेशमा भन्ने पालो मेरो आउँथ्यो । त्यो बेलामा खै कसरी हो दर्जनौं लोक तथा दन्त्यकथाहरू कण्ठै थिए । कतिपय अवस्थामा त आफै मिलाएर पनि भन्थैँ । बडो लय मिलाएर आकर्षक शैलीमा सुनाउँथे । कथा सुन्दा होस् वा सुनाउँदा दुवै समयमा आनन्द आउँथ्यो । त्यो बेला सुने सुनाएका कथा अहिले जस्ताको तस्तै याद भैदिएका भए कति लेख्दो हुँ । पहिले ख्याल गरिएन, अहिले सबै भुलियो । एउटा अन्तर्वार्तामा यज्ञनिधि दाजुले पनि प्रशंसा गर्नुभएको थियो मेरा कथावाचन शैलीको । यो सबै श्रेय त्यही बेलाका ती घटनालाई जान्छ ।

कथा सुन्दै सुनाउँदै आधा उकालो काटिइससकेको हुन्थ्यो । रात छिप्पिइसकेको हुन्थ्यो । त्यसपछि पालैपालो बोलाउन थाल्थे घरतिरबाट । अहिले जस्तो मोवाइल भैदिएका भए फोन गर्दा हुन् क्यार तर थिएनन् । आँगनको डिल वा कुनै ढिस्कोमा चढेर चर्को आवाजमा बोलाउनुपर्थ्यो ।

"नानी हो ओ ओ ओ !" आमाले मलाई माया गर्ने सम्बोधन प्रयोग गरेर बोलाएको सुनेपछि दुई हातले नाम्लो समाएर मुखलाई घरतिर फर्काएर बोल्थैँ– "हजुर । "

दोहोरो संवाद हुँदा हामीहरू बाँभारुखतिर आइपुगेका हुन्थ्यौँ ।

भोक, प्यास, थकाइ, जाडो आदि सबै कुरा सम्झिँदा भोलिदेखि त मरिगए वन जान्न भन्ने लाग्थ्यो । तर अर्को दिन बिहान आमाले छिमेकीसँग कुरा गरेको सुन्थैँ, "ओ हो ! हाम्रा नानीले ल्याएको भारी मैले उचाल्नै सक्दिनँ । कति ठूलो भारी, कस्ता राम्रा दाउरा, दियालो जस्तै बोल्छन् । "

आमाले गरेको प्रशंसा सुनेपछि हिजोको भोक, प्यास, थकाइ सबै कुरा बिर्सिन्थैँ अनि खुसीले रमाउँदै र 'डोरोफेरो वन, कति रुँदो हो कान्छी तिम्रो मन' बोलको गीत घन्काउँदै साथीहरूसँगै वनतिर लाग्थैँ ।

ooo


# थाहा पाउनुभयो !

***'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिकाका ९० अङ्क निस्के । तपाईंले कुनै अङ्क पढ्न छुटाउनुभयो कि ?***

# शिक्षाक्षेत्रको तीतो सत्य

✍ **नारद गौतम**
**बलेटक्सार, गुल्मी**

शिक्षाक्षेत्र छ अस्तव्यस्त अहिले देखिन्छ गिर्दो स्तर
लाग्यो डम्म तमाल भित्र यसमा ढाक्यो गिदीका चर ।
हेर्दा शैक्षिक योग्यता छ क्षमता पाइन्न पर्ने जति
छन् उत्पादन किन्तु दुर्बल बने मस्तिष्कका ती गति ।

***

यस्को कारण राजनीति ठहर्‍यो यो सत्य तीतो छ नि ।
विद्यार्थी जति संघसङ्गठनमा राखिन्छ झन्डामुनि ।
भर्दिन्छन् नि दिमागमा विष यिनी के के उमाल्छन् तनि
राम्रोसङ्ग बसेर पढ्न नदिई अन्तै दमाल्छन् त नि ।

***

पढ्दामा मनचित्त ध्यान सबको एकाग्र चाहिन्छ नि
दोस्रो वस्तु दिमागभित्र नघुसोस् खाँचो त यो हुन्छ नि ।
व्यर्थैका भरियो कसिङ्गरहरू त्यो चापले थिच्चिए
पढ्ने याम गयो नि अन्त यसले गर्दा मुना किच्चिए ।

***

राख्दा शिक्षक पक्षपात छ सिधै हो हैन हाम्रो भनी
दिन्नन् घुस्न अयोग्य होस् न यिनकै मान्छे हुनै पर्छ नि ।
पार्टीभित्र पसाल्छ दिन्छ अनि ती जिम्मा अरू अन्तका
आफ्नो कीर्तन गर्न भन्छ उसले बेकामको जन्तका ।

***

यो चाला तलदेखि माथितक नै देखिन्छ यस्तो भयो
विद्यार्थी अनि पूर्ण शिक्षक त्यता तान्दा यता बिग्रियो ।
भन्दैनन् त नि शुद्ध अक्षरहरू लेख्छन् नि विध्यालय
ती लेखाइ सुनाइ सीप अहिले यिन्ले गराए क्षय ।


***

यो सञ्चारजगत् अशुद्ध लिपिमा चल्दैछ गल्ती भयो
त्यस्को छाप प्रभाव पर्छ सबमा उस्ले यिनी बिर्सियो ।
शिक्षा नै यसरी सडेपछि अरू के हुन्छ आफै गुनौं
बोली-लेख अशुद्ध व्यापक बने सुन्ने छ को यो सुनौं ।

***

०००

# सन्तोष नै दीर्घ जीवनको आधार



✍ **हीरामणि सापकोटा**

*(हीरामणि सापकोटाले २०१७ सालदेखि तम्घासमा शाकाहारी भोजनालय सञ्चालन गर्दै आइरहनुभएको छ । माछा, मासु नखाने शुद्ध शाकाहार खोज्नेका लागि तम्घासमा उहाँको होटेल प्रसिद्ध छ । ९० वर्षीय सापकोटालाई होटेल सञ्चालन गर्नमा माहिला छोराबुहारीहरू फर्सुराम सापकोटा र सावित्राले सहयोग गरिरहेका छन् । ६० वर्षदेखि सञ्चालित उक्त होटेल भविष्यमा पनि निरामिस भोजनालयकै रूपमा सञ्चालन गर्ने छोराबुहारीको योजना छ । हीरामणि सापकोटा नेपालको लोकतान्त्रिक आन्दोलनमा पनि क्रियाशील व्यक्ति हो । यसपटक हामीले उहाँका ९० वर्षका अनुभवलाई बटुल्ने प्रयास गरेका छौं ।* **-सम्पादक)**

**१. तपाईंको जन्म कहिले कहाँ भएको हो ?**

◆ मेरो जन्म वि.सं. १९८८ साल भाद्र २३ गते वामी भलेकमा भएको थियो । मेरो बुबाको नाम कलाधार सापकोटा र आमाको नाम डिलाकुमारी हो ।

**२. तपाईंको बाल्यकाल कहाँ कसरी बित्यो ?**

◆ मेरो बाल्यकाल वामी भलेकमै बितेको हो ।

**३. तपाईंले पढ्ने, शिक्षादीक्षा लिने काम पनि कहीं कतै गर्नुभयो कि ?**

◆ अङ्कअक्षर चिन्ने र दुर्गाकवच, चण्डी गाउँमै पढें । ९ वर्षमा विवाह भयो ।

**४. तपाईंहरूको पालामा पढ्ने पढाउने कहाँ के-कस्तो व्यवस्था थियो ?**

◆ वामीमा बलभद्र सापकोटा जिम्माल (जिमुवाल) का घर पाठशाला थियो । रातिमा टुकी बाल्ने तेल लिएर जानुपर्थ्यो । कवच र चण्डी मैले त्यहीं पढेको हुँ । त्यहाँ १०- १२ जना विद्यार्थी हुन्थे । त्यहाँबाट म भारतको बनारस गएर पनि केही समय अध्ययन गरें ।

**५. तपाईं वामीको मान्छे के कसरी तम्घासको बासिन्दा हुन पुग्नुभयो ?**

◆ मेरो सम्पर्क बाग्लुङतिर बढी थियो । २०१६ सालमा राजा महेन्द्र र प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला पश्चिम नेपालको भ्रमणको

सिलसिलामा बाग्लुङ्-गुल्मीतिर आउँदा स्वागत गर्ने समितिमा म पनि रहेको थिएँ । राजा र प्रधानमन्त्रीलाई बाग्लुङबाट स्वागत गर्दै तम्घास आएँ । त्यसैबेलादेखि म तम्घासमा बस्न शुरू गरेको हुँ ।

**६. तपाईं कसरी नेपाली काँग्रेसमा लाग्नुभयो ?**

◆ बनारस गएको बेलामा विश्वेश्वरप्रसाद कोइरालासँग भेट भयो । उहाँका विचारहरू मलाई निकै मन परे । उहाँका कुरा सुनेर म काङ्ग्रेसमा लागेको हुँ ।

**७. तपाईंले के-कस्तो राजनीतिक व्यवस्था भोग्दै आउनुभयो ? भोगेको राजनीतिक व्यवस्थाको राम्रो शासन कुन समयको र नराम्रो कुन समयको थियो ? कारणसहित छोटकरीमा बताउनुहोस् न ।**

◆ राणाकालीन शासन भोगियो । विश्वेश्वरप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वकालको १८ महिने शासनकाल ज्यादै थोरै समयमात्र भोगियो । पञ्चायतकाल २०१७ सालदेखि २०४६ सालसम्म पूरा ३० वर्ष भोगियो । २०३६ सालको जनमत सङ्ग्रहमा पनि सहभागी भइयो । २०४७ सालपछिको संवैधानिक राजतन्त्रको अनुभव पनि गरियो । अहिलेको गणतन्त्रात्मक शासन व्यवस्था बेहोरिरहेका छौं । पुराना व्यवस्थाहरू ठीक भएनन् भनेर नयाँ व्यवस्थाहरू हेर्दै आइयो । व्यवस्था आफैमा कुनै खराब होइनन् । हामीले राम्रो बनाउन भनेर व्यवस्था फेर्दै आयौं । कुरा गर्न, बोल्न, लेख्न पढ्न त अहिले जति पनि पाइएको छ । राम्रो काम गर्ने प्रवृत्तिको पटक्कै विकास भएन । जुनसुकै व्यवस्थामा पनि पात्र र प्रवृत्तिमा फरक परेन । व्यक्तिको प्रवृत्ति र चरित्रमा परिवर्तन नभएसम्म अरू परिवर्तनले खासै अर्थ राख्दो रहेनछ भन्ने मेरो अनुभव भयो ।

**८. पञ्चायतको पालामा तपाईंलाई के-कस्तो व्यवहार गरियो ?**

◆ पञ्चायतको पालामा काङ्ग्रेस समर्थक भनेर पटक पटक चौकीमा लैजाने, थुन्ने, पिट्ने गरे ।

**९. तपाईं कसरी शाकाहारी होटल सञ्चालन गर्ने व्यवसायमा लाग्नुभयो ?**

◆ म शुद्ध शाकाहार मन पराउने व्यक्ति हुँ । काटमार मलाई मन पर्दैन । आफूले सधैं सात्विक भोजन मन पराउने हुँदा शाकाहार भोजन ग्रहण गर्न चाहनेलाई सेवा पुर्‍याउन पनि पाइने र आफ्नो वृत्ति पनि चल्ने देखी शाकाहारी भोजनालय खोली यस व्यवसायमा लागेको हुँ ।

**१०. अब अलिकति तपाईंको पारिवारिक कुरा गरौं । तपाईंले दुई विवाह किन गर्नुभयो ? दुई श्रीमतीका छोराछोरी कहाँ कहाँ के-के गर्दैछन् ?**

- एक त त्यो बेला दुई विवाह या बहुविवाहलाई सामान्य रूपमा लिने चलन थियो । अर्को कुरा छोरा नभएका घरका छोरीहरूले बाबुआमाको सम्पत्ति पाउने हक थिएन । मैले छोरी पनि सम्पत्तिका हकदार हुन पाउनुपर्छ भनी छोरीको पक्षमा सहयोग गर्ने गर्थें । यसो गर्दा मेरो दोस्री (कान्छी) पत्नी सुन्तलीसँग देखादेख भइरह्यो र पछि विवाह भएको हो । मेरी जेठी पत्नी नर्मदा (नुमकला) तिर ५ छोरा र दुई छोरी भए । ५ छोराहरू क्रमशः दधिराम, फर्सुराम, रामप्रसाद, विष्णुप्रसाद र लक्ष्मण सापकोटा हुन् । दधिराम सापकोटा सरकारी जागिरमा लागेर कपिलवस्तु तौलिहवामा बसाइ सरे । उनी कविको रूपमा परिचित छन् । उनी दिवंगत भइसके । फर्सुरामले मेरो व्यवसाय धानेर मलाई सेवा गरिराखेका छन् । रामप्रसाद अहिले बेलायतमा बस्छन् । विष्णुप्रसाद भक्तपुरमा अध्यापन कार्यमा संलग्न छन् । लक्ष्मण सापकोटाले अधिवक्ताको रूपमा तम्घासमै कानून व्यवसाय सञ्चालन गरिरहेका छन् । छोरीहरू लक्ष्मी (पुतली) र चमेली दिवंगत भए । तिनका सन्तानहरू छन् । कान्छी पत्नी सुन्तलीतिर दुई भाइ छोराहरू छन् । जेठा छोरा शङ्कर रूपाकोट र कान्छो छोरा डिल्लीराज रूपन्देहीको मणिग्राममा आ–आफ्नै व्यवसाय सञ्चालन गरी आत्मनिर्भर भएर बसेका छन् ।

**११. तपाईंले गरेका सामाजिक कामहरू पनि केही छन् कि ?**

- समाजमा बसेपछि सामाजिक काम त गर्नैपर्छ । नेपाल रेडक्रस सोसाइटीद्वारा तम्घास खानीगाउँमा सञ्चालित खानेपानी उपभोक्ता समितिको. अध्यक्ष भई योजना सम्पन्न गराएको थिएँ । रेसुङ्गा संरक्षण समिति, भगवती मन्दिर खानीगाउँ, धागिथुम भगवती मन्दिर, तम्घासस्थान भगवती मन्दिरहरूमा मैले सहयोग गरेको छु । रेसुङ्गा बहुमुखी क्याम्पसको म आजीवन सदस्य हुँ । समाजमा आइपरेका अन्य सामाजिक काममा पनि मैले यथावसरमा यथासम्भव सहयोग गर्दै आइरहेको छु ।

**१२. तपाईंले आफ्नो जीवनका ९० वर्षमा गरेका कामहरूबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

- सन्तुष्ट छु । सन्तोषं परमं सुखम् भन्छन् नि । दुःख र सुखमा एकै रहन सके सुख भइहाल्छ । त्यसकारण मलाई सन्तोष नै दीर्घजीवनको आधार हो भन्ने लाग्छ ।

**१३. ९० वर्षको हुँदा पनि तपाईं निरोगी नै देखिनुहुन्छ, यस्तो निरोगी र दीर्घजीवी कसरी हुन सकिन्छ ?**

- खै त्यो त म कसरी भनूँ ? म शाकाहार भोजन गर्छु । आहार विहारमा ध्यान दिन्छु । नित्य पूजा, प्रार्थना, ध्यान, योग गर्छु । सन्तोष लिन्छु,

राम्रोसँग निदाउँछु । अरूको कुभलो चिताउन्नँ । दैवमा भर पर्छु । यसै गरी बाँचिरहेको छु ।

**१४. अबका इच्छाहरू के-के छन् ?**

- हाम्रो देशमा राष्ट्रियता, प्रजातन्त्र, समाजवादको सच्चा विकास भई देश आत्मनिर्भर भएको देख्न चाहन्छु ।

**१५. तपाईंले भोगेका सुख-दुःखका महत्त्वपूर्ण क्षणहरू के-के हुन् ?**

- विश्वेश्वरप्रसाद कोइरालासँग हात मिलाउँदा, आफ्ना कुरा राख्दा सबभन्दा खुशी लागेको थियो भने २०२१ सालमा तम्घासमा प्रशासकबाट पिटाइ खाई अब मर्‍यो भनी फाल्दा अत्यन्त कष्ट भोगेको थिएँ र दुःख लागेको थियो ।

**१६. समाजबाट पनि तपाईंले केही पाउनुभयो कि ?**

- नेपाल प्रजातन्त्र सेनानी संघ, केन्द्रीय कार्यालयबाट २००७ सालको प्रजातन्त्रको प्राप्ति र २०१७ सालमा गुमेको प्रजातन्त्र पुनः प्राप्तिको आन्दोलनमा अत्यन्त क्रियाशील भई त्यसपछिका संघर्षहरूमा समर्पित भएर निरन्तर रक्षाकवच बनी पुर्‍याएको योगदानका निम्ति मलाई सुशील कोइरालाबाट सम्मान-पत्र प्राप्त भयो । २०७३ साल वैशाख ८ गते मेरो चौरासी पूजा भयो । सहस्र पूर्णचन्द्र दर्शनपूर्वक गरिने सहस्रचन्द्रदर्शन व्रतोद्यापनमा रेसुङ्गा बहुमुखी क्याम्पसबाट प्राप्त अभिनन्दन, २०७३ सालमै होटेल व्यवसायी मञ्च गुल्मीबाट २०१७ सालदेखि निरन्तर दिएको सेवाका लागि प्राप्त सम्मान-पत्र मेरा लागि स्मरणीय छन् । यस्तै २०७७ श्रावण १४ गते मलाई नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाबाट नेपालको लोकतान्त्रिक आन्दोलनमा दुःखकष्ट सहेर अत्यन्त प्रतिकूल समयमा समेत राष्ट्रियता, लोकतन्त्र र समाजवादका पक्षमा अविच्छिन्न संलग्न भई गरेको निष्ठापूर्ण योगदानको कदर गर्दै ज्येष्ठ राजनीतिज्ञ सभामा सदस्य मनोनीत गरिएको छ ।

**१७. नयाँ पुस्तालाई तपाईं केही भन्न चाहनुहुन्छ ?**

- जस्तोसुकै कठिन अवस्थामा पनि मान्छे निराश हुनुहुँदैन । हिम्मत गर्नुपर्छ । गीतामा भगवान् श्रीकृष्णले कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन भनेजस्तै आफ्नो कर्तव्यकर्म गरिरहनुपर्दछ । कर्मफलको आशा नगरी निष्कामभावपूर्वक गरिएको सेवा नै राष्ट्रसेवा हो ।

**- प्रस्तोता : चन्द्रप्रकाश उपाध्याय**

०००

# चन्द्रकोट गाउँपालिकाको संक्षिप्त परिचय

✍ **चन्द्रप्रकाश उपाध्याय**
**तम्घास, गुल्मी**

## ऐतिहासिक पृष्ठभूमि

प्राचीनकालमा राज्यहरूको भौगोलिक सीमा जोडिदै र फेरिंदै आएको पाइन्छ । प्राचीनकालदेखि नै नेपालमा थुम राज्यहरू अस्तित्वमा थिए । थुमअन्तर्गत विभिन्न गाउँहरू हुन्थे । प्रशासन सञ्चालन गर्न उमराव र द्वारेको व्यवस्था गरिएको हुन्थ्यो । 'थुम'का रूपमा चन्द्रकोट पनि एउटा राज्य भएको इतिहासकारहरूले उल्लेख गरेको पाइन्छ । पञ्चायती व्यवस्था लागु हुनुभन्दा अगाडि धेरै गाउँहरूलाई 'थुम' भन्दथे । चन्द्रकोट थुमअन्तर्गत हालको गुल्मी र बाग्लुङका विभिन्न इलाकाहरू चिनिन्थे । चन्द्रकोट धेरै पहिलेदेखि प्रसिद्ध स्थान हो । रुद्रप्रताप शाहको पालामा चन्द्रकोटको विस्तार बुर्तिवाङ्को माथिल्लो भाग वराहक्षेत्रसम्म थियो भनिन्छ । उनका ५ भाइ छोरामध्ये जेठा वीरप्रतापले जुनियाँ, माहिला अमरप्रतापले दिब्रुङ्, साहिंला लोकप्रतापले चन्द्रकोट, काहिंला ललितप्रतापले लितुङ, कान्छा खड्गप्रतापले कोरेङ (खड्गकोट)मा राज्य गरेको उल्लेख गरिएको छ । चन्द्रकोट आफू कमजोर हुँदा अन्य राज्यका अधीनमा पनि परेको देखिन्छ । चौधौं शताब्दीको अन्त्यतिर पर्वतका राजाले चन्द्रकोटलाई जितेका थिए । पछि यो गुल्मी अधीनस्थ राज्य भयो । नेपालको एकीकरण अभियानमा गुल्मीसँगै यसको पनि एकीकरण भयो र वर्तमान गुल्मी जिल्लाअन्तर्गतको यो एउटा मुख्य गाउँपालिका बनेको छ । यसलाई चन्द्रकोट, सामाकोट, साम्बोट र शान्तिपुर भनेर पनि चिन्ने गरिन्छ । यस गाउँपालिकाले उपलब्ध गराएको संक्षिप्त परिचय निम्नानुसार छ :

## गाउँपालिकाको परिचय

स्थानीय तह निर्धारण तथा सिफारिस आयोग, २०७३ को सिफारिसका आधारमा नेपाल सरकारले वि.सं. २०७३ फागुन २७ गते संघीय गणतन्त्रात्मक राज्य नेपाललाई ७५३ वटा स्थानीय तहहरूमा विभाजन गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको छ । सोही अनुसार लुम्बिनी प्रदेशअन्तर्गतको गुल्मी जिल्लामा पर्ने एक स्थानीय तह चन्द्रकोट गाउँपालिका हो । प्रसिद्ध चन्द्रकोट, दिब्रुङ्, चक्रेश्वर जस्ता ऐतिहासिक एवम् धार्मिक पहिचान बोकेको र टिमुरे ताल, दह ताल, अर्जेवाको प्राकृतिक झरनाका साथसाथै थुप्रै नदीनाला, वनजंगल, प्राकृतिक सम्पदा, हुग्दी खोला हाइड्रोपावर विकासका परियोजना जस्ता सौन्दर्यले भरिपूर्ण चन्द्रकोट गाउँपालिकामा पर्यटकीय विकासको सम्भावना रहेको छ । यस

गाउँपालिकाको नामकरण प्रसिद्ध ऐतिहासिक स्थल चन्द्रकोटको नामबाट गरिएको हो ।


नौबीस चन्द्रकोट भनी चिनिने प्राचीनकालीन चन्द्रकोट राज्य, मध्यकालीन गुल्मी राज्य धैरेनीबाट करिव ५६ किलोमिटर पूर्वोत्तर महाभारत पर्वतको मध्यखण्डमा अवस्थित छ । प्राचीन राज्य चन्द्रकोटको पूर्वमा मध्यकालीन भुरे राज्य दुर्लुङ्ग ( कालीपार) पश्चिम इस्मा धुर्कोट अर्घातोस, उत्तरमा गल्कोट अनि दक्षिणमा गुल्मी र कार्कीकोट राज्य पर्दथे । हालको बरेङ्ग गाउँपालिकामा पर्ने तङराङ्ग भन्ने स्थानमा राजधानी स्थापना गरी राज्य सञ्चालन गर्थे भने राजधानीको सामाजिक दृष्टिकोणबाट महत्त्वपूर्ण स्थान हेरी छ किलोमिटर पश्चिममा पर्ने हालको चन्द्रकोटमा कोट बनाएर हातहतियार राख्ने स्थान बनाएको इतिहास रहेको छ ।

यस गाउँपालिकामा मुख्यतया ब्राह्मण, क्षत्री, मगर, नेवार, गुरुङ, विश्वकर्मा र कुमाल जातजातिहरूको बसोबास रहेको छ । यहाँ बसोबास गर्ने समुदायको मुख्य आम्दानीका स्रोतहरू कृषि, पशुपालन, वैदेशिक रोजगार र व्यापार रहेको पाइन्छ ।

## दीर्घकालीन सोच

चद्रकोट गाउँपालिकाभित्रका नागरिकको जीवनस्तरमा वृद्धि गर्ने ।

## भौगोलिक विभाजन र सीमाना




चन्द्रकोट गाउँपालिकाको भौगोलिक अवस्थालाई नियाल्दा यो २८°०६'३६.४" उत्तरी अक्षांश र ८३°२४'५१.३" पूर्वी देशान्तरमा पर्दछ । गुल्मी जिल्लामा अवस्थित यस गाउँपालिकाको पूर्वमा गुल्मी जिल्लाकै कालीगण्डकी गाउँपालिका, पश्चिममा सत्यवती गाउँपालिका र छत्रकोट गाउँपालिका, उत्तरमा बागलुङ जिल्लाको बरेङ्ग

गाउँपालिका र दक्षिणमा गुल्मी जिल्लाकै मुसिकोट नगरपालिका र गुल्मीदरबार गाउँपालिका पर्दछन् । यस गाउँपालिकाको क्षेत्रफल १०५.७३ वर्ग कि.मि. छ । २०६८ को जनगणनाअनुसार चन्द्रकोट गाउँपालिकाको कुल जनसंख्या २१८२७ छ । नेपाल सरकारको मिति २०७३ फागुन २७ मा प्रकाशित राजपत्रअनुसार साविक दिब्रुङ्, बिसुखर्क, हर्राचौर, शान्तिपुर, ग्वाघा, हरेवा, रूपाकोट र तुराङ् गा.वि.स. गरी ८ वटा गा.वि.स. मिली बनेको यस गाउँपालिकालाई ८ वटा वडामा विभाजन गरिएको छ । चन्द्रकोट गाउँपालिकाको कार्यालय साविक शान्तिपुर गा.वि.स. हाल चन्द्रकोट-४, शान्तिपुरस्थित चन्द्रकोट क्याम्पसको नयाँ भवनमा अवस्थित छ ।

## लक्ष्य

सामाजिक न्यायसहितको लोक कल्याणकारी स्थानीय तह स्थापित गर्दै चन्द्रकोट गाउँपालिकालाई आर्थिक, सामाजिक, भौतिक, शैक्षिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय रूपबाट समुन्नत, आत्मनिर्भर र स्वावलम्बी बनाउने।

## उद्देश्य

१. उत्पादनशील रोजगारी तथा स्वरोजगार उन्मुख र न्यायपूर्ण वितरणसहितको द्रुत आर्थिक वृद्धिदर हासिल गर्दै गरिबी न्यूनीकरण गरी आर्थिक, सामाजिक रूपान्तरण गर्ने ।

२. संविधान र संघीयता कार्यान्वयनमा सहयोग गर्ने ।

३. समग्र आर्थिक स्थायित्व कायम गर्ने ।

४. चन्द्रकोट गाउँपालिकाद्वारा प्रदान गरिने सार्वजनिक सेवाहरूमा आम नागरिकहरूको पहुँच वृद्धि गर्दै सुशासनको प्रत्याभूति कायम गर्ने।

५. सरकारी, निजी, सहकारी क्षेत्र एवं समुदायको संयुक्त सहभागितामा उपलब्ध स्रोत र साधनको समुचित र अधिकतम परिचालन गरी आर्थिक तथा सामाजिक असमानता कम गर्ने ।

६. पीडितहरूको संरक्षणका लागि न्यायको अनुभूति दिलाउन कानूनको शासन, कानूनी पद्धतिलाई थप सुदृढ बनाइने ।

## जनसंख्या

२०६८ को जनगणनाअनुसार चन्द्रकोट गाउँपालिकाको कुल जनसंख्या २१८२७ छ । सोमध्ये १२४३२ महिला र ९३९५ पुरुष छन् भने गाउँपालिकाले तयार गरेको वास योजनाको सर्वेक्षण गर्दा जम्मा जनसंख्या २५८४६ मध्ये १३१९३ पुरुष र १२६५३ महिला रहेको छ ।

| वडा नं. | जम्मा परिवार संख्या | जनसंख्या | | | परिवारको औसत आकार |
|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | |
| १ | ४५१ | २०८२ | ८९९ | ११८३ | ४.६२ |
| २ | ५३७ | २४१३ | १०४२ | १३७१ | ४.५ |
| ३ | ४४४ | १८२९ | ७९७ | १०३२ | ४.१२ |
| ४ | ९१० | ३८६५ | १७१० | २१५५ | ४.२५ |
| छ | ५०४ | २३२९ | ९८९ | १३४० | ४.६२ |
| ६ | ४३६ | १८६९ | ७९८ | १०७१ | ४.२९ |
| ७ | ८७८ | ३५१८ | १४४६ | २०७२ | ४. |
| ८ | ९६१ | ३९२२ | १७१४ | २२०८ | ४.०८ |
| जम्मा | ५१२१ | २१८२७ | ९३९५ | १२४३२ | ४.३ |

## मुख्य विकास

सङ्घीयताको मर्मअनुसार चन्द्रकोटवासी जनतालाई "सङ्घीयताको उपहार गाउँ-गाउँमा सिंहदरबार"को नारालाई नजिकबाट अनुभूति गराउन चन्द्रकोट गाउँपालिकाको स्थापनाकालदेखि नै जनअपेक्षाअनुरूपको आर्थिक वृद्धि र विकासलाई केन्द्रविन्दुमा राखेर विभिन्न गतिविधिहरू सञ्चालन भइरहेका छन् । जसमध्ये केही प्रतिनिधि कार्यक्रम देहायबमोजिम रहेका छन् :

- ❑ आर्थिक वर्ष २०७५/०७६ देखि अवलम्बन गरिएको एक घर एक धाराको नीति कार्यान्वयनको चरणमा रहेको र जम्मा ५१२१ घरधुरीमध्ये करिब ३२०० घरधुरीमा एक घर एक धारा पुगेको,
- ❑ खरको छाना विस्थापन कार्यक्रमअन्तर्गत वडा नं. २ मा सबै घरधुरी तथा अन्य वडामा कार्यान्वयनको चरणमा रहेको,
- ❑ गाउँपालिकाको पहुँचमार्ग अन्तरको मुख्य सडक चोरकाटे-शान्तिपुर, चोरकाटे-मजुवा-तल्लाफाँट सडक खण्ड स्तरोन्नति गर्दै कालोपत्रे हुने क्रममा रहेको, साथै शाखा तथा वडास्तरीय मोटरबाटो निरन्तर सञ्चालनमा रहेका,
- ❑ शिक्षाको स्तरोन्नति गर्नको लागि भौतिक पूर्वाधारको विकास, विज्ञान तथा ICT LAB र पुस्तकालयको स्थापना, विद्यालयहरूमा इन्टरनेटको सुविधा उपलब्ध गराइएको ।

## शिक्षा

यस गाउँपालिकाको साक्षरता दर ७४.९२% रहेको छ । गाउँपालिका क्षेत्रभित्र जम्मा ४१ वटा सरकारी, ३ वटा आवासीय विद्यालयहरू १ वटा मदरसा,१ वटा समुदायिक सिकाइ केन्द्र र उच्च शिक्षाको लागि २ वटा स्नातक तहसम्मका क्याम्पसहरू सञ्चालनमा रहेका छन् यस गाउँपालिकाभित्र २ वटा नमूना विद्यालयहरू सञ्चालनमा रहेका छन् । यहाँका विद्यालयहरूमा २६८ शिक्षक र ६२८२ विद्यार्थीहरू छन् । विद्यालयलाई सूचनामैत्री शिक्षामा जोड दिन सबै माध्यमिक विद्यालयमा निःशुल्क इन्टरनेट सेवाको व्यवस्था मिलाइनुका साथै सूचना प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्राथमिकताका साथ काम अघि बढाइएको छ ।

## पर्यटन



*टिमुरे ताल, दिब्रुङ्ग दह*

मुलुकको आर्थिक विकासको लागि अहम भूमिका रहने पर्यटन क्षेत्र चन्द्रकोट गाउँपालिकाको आर्थिक विकासमा पनि महत्त्वपूर्ण योगदान दिन सक्ने आँकलन गरिएको छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस गाउँपालिकामा धार्मिक, सामाजिक तथा साँस्कृतिक महत्त्वका स्थानहरू रहेको हुनाले आन्तरिक तथा वाह्य पर्यटनको अधिक सम्भावना देखिन्छ । जसमध्ये टिमुरे ताल र अर्जेवा झरनाको सौन्दर्यले प्रकृतिप्रेमी पर्यटकहरूलाई मोहित बनाउनुको साथै बडीगाड नदीमा सञ्चालन गर्न सकिने बोटिङ्ग र स्याप्टिङ्गले अझै पर्यटनको सम्भाव्यता बढाएको छ । ऐतिहासिक महत्त्व बोकेका चन्द्रकोट मन्दिर, सिद्धबाबा मन्दिर, धार्मिक, सामाजिक तथा साँस्कृतिक महत्त्वको दिब्रुङ्ग मन्दिर र चक्रेश्वर मन्दिरको दर्शन गर्दा मनोकामना पूरा हुने विश्वास रहेको छ । साथै हरेवास्थित जीवराज आश्रित संग्रहालय र झापाक पार्कले पर्यटन प्रवर्धनमा थप टेवा पुस्याउने विश्वास लिइएको छ ।

## जलस्रोत

यस गाउँपालिकाभित्रका मुख्य जलस्रोतहरूमध्ये बडीगाढ नदी र हुग्दीखोला पर्छन् भने अन्य साना ठूला गरी करिब एक दर्जनभन्दा बढी खोला–नालाहरू रहेका

छन् । जसमध्ये बडीगाढ नदी र हुग्दीखोलामा जलविद्युत्को उच्च सम्भावना रहेको छ भने हुग्दीखोलाबाट छ मेगावाट जलविद्युत् उत्पादन गरिएको छ ।

## जीवनस्तर र जीविका/आम्दानीका मुख्य स्रोत

कृषि, पशुपालन, वैदेशिक रोजगार, मत्स्यपालन, मौरीपालन, पर्यटन, राष्ट्रसेवा आदि यस गाउँपालिकाका नागरिकहरूको मुख्य पेशा तथा जीविकोपार्जनका मुख्य आधार हुन् ।

## पूर्वाधार विकास

नेपाल सरकारको चालु १५ औं आवधिक योजनाअन्तर्गत देशका विभिन्न ठाउँहरूमा दिगो शहर तथा बस्ती विकास गर्ने लक्ष्यअनुरूप यस गाउँपालिकाले पनि दुईवटा मुख्य शहरहरू निर्माण गर्ने जसअन्तर्गत शान्तिपुरलाई भौतिक एवम् आर्थिक रूपमा गुल्मी जिल्लाकै दोस्रो ठूलो शहर बनाउने लक्ष्य रहेको छ ।

## गाउँपालिकाका पदाधिकारीहरूको विवरण

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | द्रोणबहादुर खत्री | अध्यक्ष | ९८५७०६१७५१ |
| २ | राधिका अर्याल | उपाध्यक्ष | ९८४००२०३२८ |
| ३ | गोविन्दबहादुर बलाल | १ नं.वडा, वडाअध्यक्ष | ९८४७२३३३५० |
| ४ | टंकबहादुर क्षत्री | २ नं.वडा, वडाअध्यक्ष | ९८५७०७३३१४ |
| ५ | किरण शाह | ३ नं.वडा, वडाअध्यक्ष | ९८४७५८२२२२ |
| ६ | भरतलाल थापा | ४ नं.वडा, वडाअध्यक्ष | ९८६७१२४९४२ |
| ७ | टेकबहादुर पुन | ५ नं.वडा, वडाअध्यक्ष | ९८४४७९५५४४ |
| ८ | गोकर्णप्रसाद शर्मा | ६ नं.वडा, वडाअध्यक्ष | ९८५७०६२८२१ |
| ९ | लक्ष्मीप्रसाद भण्डारी | ७ नं.वडा, वडाअध्यक्ष | ९८५७०६४२४५ |
| १० | नन्दराम अर्याल | ८ नं.वडा, वडाअध्यक्ष | ९८६७१६००९८ |
| ११ | जमुना खरेल | महिला सदस्य | ९८०७४०४०७७ |
| १२ | लक्ष्मी राना | महिला सदस्य | ९८६७२०५०९३ |
| १३ | मीना गलामी | महिला सदस्य | ९८६७०४९०७६ |
| १४ | रेनुका श्रीष मगर | महिला सदस्य | ९८०४४७२०१० |
| १५ | पूर्णबहादुर कामी | दलित/अल्पसंख्यक सदस्य | ९८६०५३५८८४ |
| १६ | कमल सुनार | दलित/अल्पसंख्यक सदस्य | ९८६७१९०५९२ |
| १७ | अनन्तपाणि मरासिनी | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६७९२० |

०००

**पुस्तकालय परिचय**

# गृह पुस्तकालय (घरघरमा पुस्तकालय) अभियान संक्षिप्त परिचय

## नेपालमा पुस्तकालयहरूको वर्तमान अवस्था

नेपालमा पठनसंस्कृति विकासका लागि नगन्य प्रयासहरू भएको पाइन्छ । यस कार्यका निम्ति सामुदायिक, शैक्षिक स्तरका पुस्तकालयहरू स्थापना हुने क्रम आज पनि जारी छ । पुस्तकालयहरू स्थापना हुने क्रम बढिरहँदा पुस्तकालयप्रति पाठकको ध्यान भने सोचेजति बढोत्तरी हुन सकेको छैन । हिजोआज यस्ता पुस्तकालयहरू पाठक कुर्ने घरमा सीमित बन्न थालेका छन् । खुलेका पुस्तकालयहरूमा पुस्तकलगायत अध्ययन सामाग्रीहरू पाठक तथा सरोकारवालाहरूको जिज्ञासाअनुरूप व्यवस्थापन हुन नसक्नु, दश वर्षअघि स्थापना भएका पुस्तकालयहरूमा दश वर्षअघिका बाहेक थप नयाँ सामग्रीहरूको उचित प्रबन्ध नहुनु, पुस्तकालय कुर्ने कर्मचारीलाई पुस्तकालयसम्बन्धी ज्ञान सीप र दक्षता सम्बन्धी तालिमको अवसर प्रदान नगर्नु, असल, क्षमतावान् र तालिम प्राप्त कर्मचारीको हातमा पुस्तकालय सुम्पिन नसक्नु आदि कारणले गर्दा स्थापित पुस्तकालयहरू क्रमशः विस्थापित हुँदै धराशायी हुने क्रम बढ्दो छ ।

## घरघरमा पुस्तकालय अभियान

घरघरमा पुस्तकालयको जग बसाल्न, घरघरबाटै पठन संस्कार जगाउन, यस घरघरमा पुस्तकालय अभियानमार्फत नेपाल लाइब्रेरी फाउण्डेशन साढे ३ करोड नेपालीको घरघरमा पुगेर सबै नेपालीको मनमुटुमा पुस्तकालय र पुस्तकको महिमा रक्तसञ्चार प्रवाह गर्न चाहन्छ । पठनसंस्कार जहाँबाट अल्मलियो त्यहींबाट शुरूवात गरी हरेक नेपालीको घरलाई पुस्तकालयमय बनाउन यो संस्था दृढ संकल्पित छ । घरघरबाट पठनसंस्कार हराएको हुँदा घरभित्रको आचार संस्कार, मूल्य, मान्यता र कुलीनतासमेत धरापमा पर्न सक्ने खतराबाट मुक्त हुन यो घरघरमा पुस्तकालय आन्दोलन शुरू गरिएको हो ।

सबै नेपालीलाई पुस्तकरूपी ज्ञानको माला पहिस्याई ज्ञानयुक्त समाज स्थापना गर्ने चाहनाअनुरूप नेपाल लाइब्रेरी फाउण्डेशनद्वारा २०७७ माघ ५ देखि आरम्भ गरिएको गृह पुस्तकालय (Home Library) घरघरमा पुस्तकालय स्थापना अभियानको समयावधि २०७७ चैत्र ३१ गते ८६ दिन पुगेको छ । लामो समय कोरोना भाइरस (कोभिड १९) को रोकथामको सिलसिलामा मुलुक लकडाउन भएपछि यो आवधारणा फुरेको हो । जसलाई नेपाल लाइब्रेरी फाउण्डेशनको मिति २०७७ माघ ३ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकले नीतिगत प्रस्तावको

रूपमा पारित गरेको थियो । जसअनुरूप गृह पुस्तकालयको आवश्यकता, औचित्यको बारेमा बारम्बार सामाजिक सञ्जाल फेसबुकमार्फत प्रचार-प्रसार गरी बहस चलाइयो । विभिन्न व्यक्तित्वहरूको विचारलाई गृह पुस्तकालय नामक फेसबुक एकाउण्ट खोलेर पोष्ट गरी सार्वजनिकीकरण गरियो । धेरै शुभचिन्तक महानुभावहरूबाट यस अभियानलाई सशक्त ढङ्गले अगाडि बढाउने सल्लाह प्राप्त भयो । तदनुरूप यस फाउण्डेशनको कार्यालय काठमाडौँमै भएको नाताले काठमाडौँबाटै संयोजनकर्ता टिम व्यवस्था गरी अगाडि बढ्ने योजनाबमोजिम काठमाडौँ जिल्लाको संयोजन गर्ने जिम्मेवारी काठमाडौँ निवासी साहित्यकार सुशीला पौडेललाई दिइयो । दिनदिनको गतिविधि फेसबुकमार्फत प्रसारित गरी यस अभियानलाई सबैको मनमस्तिष्कमा पुर्‍याउने जमर्को गरियो । एवम्क्रमले आजको मितिसम्म १३ जिल्लामा जिल्ला संयोजकहरू मनोयन गरिसकिएको छ।

## आगामी योजना, नीति तथा कार्यक्रम

- घरघरमा पुस्तकालय अभियानलाई ७७ जिल्लामा विस्तार गर्ने,
- प्रत्येक जिल्लामा एकेक जिल्ला संयोजक, उपसंयोजक र ९९ जना सदस्य सहित १०१ सदस्यीय गृह पुस्तकालय अभियान संयोजन समिति गठन गर्ने,
- देशभरि ७,७७७ सदस्यीय अभियान्ताको घरमा गृह पुस्तकालय स्थापना गर्ने,
- एक वर्षभित्र एक व्यक्तिले ५ घरमा पुस्तकालय स्थापना गर्ने पहल गरी २०७८/०७९ भित्रमा यस अभियानलाई ३८,८८५ घरमा पुर्‍याउने,
- यस अभियानलाई व्यापक विस्तार गर्न, पठन संस्कृतिलाई टेवा पुर्‍याउन ७७ संयोजक, ७७ उपसंयोजक, ९९ सदस्यहरूद्वारा घरघरमा पुस्तकालयको बारेमा, पठन संस्कृतिप्रवर्धनका सवालमा आ-आफ्नो फेसबुक वालबाट महिनामा अधिकतम २५ वा न्यूनतम १५ पटक पोष्ट गर्ने,
- को कसको घरमा के कस्तो प्रकृतिका पुस्तकालयहरू छन् सोको बारेमा फेसबुकमार्फत नै डेटा संकलन गर्ने,
- यस अभियानमा लेखक, सर्जक, पत्रकार, प्रकाशकहरूलाई पहिलो प्राथमिकतामा समेटेर निजहरूकै राय सल्लाहमा विभिन्न गतिविधिहरू सञ्चालन गर्ने,
- पुस्तकालय नभएका घरमा पुस्तकालय वा अध्ययन कर्नर स्थापना गर्न सहजीकरण गर्ने,
- पुस्तक, पत्रपत्रिका भएका तर अन्यत्रै अव्यवस्थित रूपमा राखिएको हकमा व्यवस्थित गर्न अनुरोध गर्ने,

- यस अभियानलाई प्रभावकारी बनाउन १०१ सदस्यीय जिल्ला संयोजन समिति,३०१ सदस्यीय प्रदेश संयोजन समिति र २१ सदस्यीय केन्द्रीय संयोजन समिति निर्माण गर्ने,
- जो जसको घरमा एकै खाले पुस्तकहरू बढी प्रति छन्,सो पुस्तकहरू होम लाइब्रेरी अभियानका निम्ति सङ्कलन गर्ने,
- पठनसंस्कृति घर-घरबाट उत्थान गर्ने, पठन अभ्यासको जग घरघरबाट बसाल्न कोशिस गर्ने,
- देशव्यापीरूपमा Home Library Network सशक्त सञ्जाल निर्माण गर्ने ।

## गृह पुस्तकालयका उद्धेश्यहरू

- घरबाटै विस्थापित पठनसंस्कृति घरमै स्थापित गराएर पठनमैत्री वातावरण तयार गर्ने,
- बोरा वा कार्टुनमा थन्किएका पुस्तकहरू दराजमा पुऱ्याउने,
- दराजमा सजिएका पुस्तकहरू पठनमा सुरुचि जगाउन उपयोगमा ल्याउन प्रेरणा जगाउने,
- सिटिङ्ग कक्ष वा मिटिङ्ग कक्षमा पुस्तकालय वा वाचनालयको संरचना निर्माण गरी बालबालिका, युवा, प्रौढ, वृद्ध-वृद्धाहरूको अध्ययन स्थलको रूपमा विकास गर्ने,
- ज्ञानगुन र सीपमा आधारित सामग्रीहरू उक्त पुस्तकालयमा व्यवस्थापन गरी संरक्षण गर्ने,
- आफ्नो जाति, भाषा, संस्कार, संस्कृति झल्कने खालका ऐतिहासिक एवं पुरातात्त्विक सामग्रीहरूको संकलन गरी यसै स्थलमा व्यवस्थापन गर्ने,
- ओल्लो घर, पल्लो घर, छरछिमेकीबीच आ-आफूले पढेका पुस्तकको बारेमा समीक्षा गर्ने ।

## अपेक्षित उपलब्धिहरू

- फुर्सदको समय चियागफमा निस्कने बानी हटेर घरकै पुस्तकालयमा अधिकांश समय व्यतित हुनेछ ।
- काम धन्दा नभएको बखत मनले अनेक विकृतिजन्य कुराहरू सोच्ने मौका पाउने छैनन् र यस्तो घरमा कुनै पनि प्रकारका झोंजझमेलाको अन्त्य हुनेछ ।

- ❑ फुर्सद भयो कि आँगनमा घाम तापेर अरूको कुरा काट्ने बानी हटेर पुस्तक पढ्ने आदत बस्नेछ र छरछिमेकबीच सौहार्दपूर्ण वातावरण तयार हुनेछ ।
- ❑ परिवारका सदस्यहरूमा सोचने शक्ति, सचेतता, तर्कशील क्षमता, वस्तुवादी चिन्तन, बौध्दिकता, प्रखरता प्रकट हुनेछन्, उनीहरू बुध्दि, बर्कत र क्षमता लगाएर आफूलाई अब्बल सावित गर्न सक्षम हुनेछन् ।
- ❑ खास कामविना घरबाहिर ननिस्कने र लहैलहैमा पछिपछि लाग्ने बानीमा घटोत्तरी हुनेछ । उनीहरूलाई घरको सुन्दर लाइब्रेरी र असल किताबहरूले बाहिरी संसार भुलाइदिनेछन् ।
- ❑ घरमै अध्ययनशील व्यक्तिको उत्पादन हुने हुँदा यस्ता व्यक्तिहरू कुराको, गफको, आदर्शको, नेताको पछि नलागी सच्च्याइ, वास्तविकताप्रति बढी जिम्मेवार हुनेछन् ।
- ❑ पठनपाठनको गुणस्तर वृद्धि भएर जानेछ । परीक्षाको नतिजा अब्बल आउने छ । प्रतिस्पर्धामा हार्न जान्दैनन् । बृद्धि र विवेक प्रदर्शन गरेर कुनै पनि समस्यासँग जुध्न सामर्थ्यवान् हुनेछन् ।
- ❑ घरको वातावरण सन्तुलित, सुरम्य, सुसभ्य हुनेछ । पारिवारिक हेलमेल, समझदारीपूर्ण, आचार, संस्कारयुक्त वातावारण निर्माण हुनेछ ।

**निचोड**

घरघरमा पुस्तकालय अभियान आरम्भ भएको आज ३ महिना पुगेको छ । १३ जिल्ला संयोजकहरू, २ उपसंयोजकसहित १५ जनालाई अभियानको जिम्मेवारी प्रदान गरिएको छ । २ दर्जनको हाराहारीमा होम लाइब्रेरीको संरचना तयार भएको छ भने शोधखोज गर्नेहरूको संख्या सयौं रहेको छ । समग्रमा छोटो समयमा गरिएको परीक्षण सफल भएको छ । यस अभियानबाट भविष्यमा प्रत्येक नेपालीको घरघरमा आवश्यकताबमोजिमका पुस्तकालयहरू स्थापना गर्नमा सहयोग पुग्नेछ । घरघरबाटै विस्थापित पठनसंस्कार यस अभियानमार्फत घरघरबाटै स्थापित हुनेमा कुनै शंका छैन । पठनसंस्कृति प्रवर्धनका निम्ति यो एकमात्र विकल्परहित अभियान सावित भएको छ ।

*नेपाल लाइब्रेरी फाउण्डेशनका महासचिव धनकुमार श्रेष्ठको पत्रका आधारमा* – **भारद्वाज**

ooo

**सबै जना पुस्तकालयमा जाने र पढ्ने बानी बसालौं; पठन-संस्कृतिको विकास गरौं ।**

# पुस्तकालयका विविध गतिविधि

- आर्थिक वर्ष २०७७/०७८ मा कर्मचारी मिलन केन्द्र, गुल्मीले किरण पुस्तकालयलाई रू.२,००,०००।- (दुई लाख रूपैयाँ) सहयोग गरेकोमा ५३ औं पुस्तकालय सभाबाट उक्त केन्द्रप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गरिएको छ । उक्त रकम पुस्तकालयको अक्षयकोषमा राखिएको छ ।

- यस आर्थिक वर्षभित्रमा किरण पुस्तकालयबाट प्रकाशित पुस्तकहरूको सङ्ख्या १९ पुगेको छ । यहाँबाट प्रकाशित सन्त शशिधरको बाणोपनिषद्, रेसुङ्गाका आध्यात्मिक कृति, केही जनश्रुतिहरू र गुल्मीको ऐतिहासिक झलक दुर्लभ भइसकेका छन् । यिनीहरूको पुनर्मुद्रण गर्नुपर्ने भएको छ ।

- यस वर्ष 'हाम्रो पुरुषार्थ'को सम्पूर्णाङ्क - ८९, पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति-विशेषाङ्कको रूपमा प्रकाशनमा ल्याइएको छ । यो पुस्तकालय प्रकाशनमालाको सबैभन्दा धेरै पृष्ठ (आवारणसहित ६९२) भएको कृति हो । यस विशेषाङ्कको विमोचन २०७८ साल वैशाख १४ गते कविकै जन्मदिनमा बाणगङ्गा नगरपालिका, कपिलधाम, कपिलवस्तुमा स्थापित कविको प्रतिमा अनावरणको विशेष कार्यक्रमका अवसरमा कार्यक्रमका प्रमुख अतिथि हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीद्वारा गरिएको थियो ।

- किरण पुस्तकालयको नवनिर्मित भवनमा २०७८ साल वैशाख ११ गतेको शुभ साइतमा वेदध्वनि, शङ्खध्वनि, घण्टाध्वनिका साथ पञ्चकन्या र ब्राह्मणहरूलाई अगाडि लगाई वैदिक मन्त्रोच्चारणपूर्वक प्रमुख अतिथि माननीय गोकर्ण बिष्टद्वारा पुस्तक प्रतिस्थापन गर्ने कार्य सम्पन्न भयो ।

- किरण पुस्तकालय व्यवस्थापन समितिको मिति २०७८/०१/१० मा बसेको नवनिर्मित भवनको हस्तान्तरण र उद्घाटनको कार्यक्रम २०७८ साल वैशाख २२ गतेलाई निर्धारण गरिएकोमा वैशाख १६ गतेदेखि नै कोभिड-१९ को दोस्रो लहरको संक्रमणका कारण भेला हुन, सभा सम्मेलन गर्न निषेध गरिएको हुँदा उक्त कार्यक्रम स्थगित हुन गएको छ ।

- किरण पुस्तकालयबाट प्रत्येक वर्ष प्रदान गरिने जानकी साहित्य पुरस्कार २०७८ सालको भाद्र कृष्ण औंसीका दिन मोतीजयन्तीको अवसरमा प्रदान गरिने निर्णय भएको छ । २०७८ सालको उक्त पुरस्कार रुरुक्षेत्र गाउँपालिका-४, चौतारा निवासी गुल्मीगानका रचयिता तथा कवि नारद गौतमलाई प्रदान गरिने भएको छ । यसभन्दा अगाडि उक्त पुरस्कार २०७५

सालमा सूर्यबहादुर सेन ओलीलाई, २०७६ सालमा भागीरथी श्रेष्ठलाई र २०७७ सालमा रामप्रसाद पन्तलाई प्रदान गरिएको थियो ।

- किरण पुस्तकालयको दैनिक सञ्चालन र व्यवस्थापनका लागि नियमित कुनै स्रोत नभएको हुनाले आवश्यक स्रोत व्यवस्था गरी सहयोग गर्नका लागि रेसुङ्गा नगरपालिकालाई अनुरोध गरिएको छ ।

- किरण पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' त्रैमासिक पत्रिकाको एउटा सामान्य अङ्क प्रकाशनको लागि सहयोग गर्न गाउँ/नगरपालिकाहरूलाई अनुरोध गरिएकोमा यस पटक काली गण्डकी गाउँपालिकाले रू. १,१३,०००।- (भ्याटसहित) सहयोग गरेको छ । यसका लागि पुस्तकालयले उक्त गाउँपालिकाप्रति आभारसहित धन्यवाद प्रकट गरेको छ ।

- गुल्मी जिल्लाका सार्वजनिक पुस्तकालय र विद्यालय, महाविद्यालयस्तरीय प्रमुख पुस्तकालयहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न प्राविधिक ज्ञान र उपयुक्त तालिमको आवश्यकता महसुस गरी उक्त आर्थिक वर्ष २०७७/०७८ भित्रैमा सञ्चालन गर्ने लक्ष्य राखिएकोमा कोभिड–१९ को प्रकोपका कारण सो तालिम यस वर्ष हुन सकेन । निकट भविष्यमा उक्त तालिम सञ्चालन गरिनेछ ।

*- सचिव*

०००






**किरण पुस्तकालय प्रकाशनमालाको १९ औं पुष्प पढ्नुहोस्, पढाउनुहोस् ।**

# नौलो सृष्टि : सानो दृष्टि

## १. पाँच दशकको सहयात्रा





डा. रामप्रसाद शर्मा ज्ञवालीका चार सन्तान अञ्जु शर्मा वाग्ले, ज्योति शर्मा अधिकारी, रञ्जु शर्मा नेपाल र शरद शर्माले आफ्ना मातापिताको विवाहोत्सवको ५० औं वर्ष गाँठको अवसर पारेर पाँच दशकको सहयात्रा नामक संस्मरणात्मक कृति प्रकाशित गर्नुभएको छ । आफ्ना पूजनीय मातापिताका चरणकमलमा पस्किएको प्रस्तुत कृतिले आफ्नै छुट्टै महत्त्व बोकेको छ ।

यस कृतिलाई दुई खण्डमा बाँडिएको छ । हुन त खण्ड भनेर अलग नछुट्याए पनि पहिलो अंशतिर पाल्पा : एक परिचयसहित करिब ६ दर्जन लेखहरू छन् । यी लेखहरूमा अधिकांश वैवाहिक वर्ष गाँठको शुभकामनासँग सम्बद्ध छन् भने केही लेख संस्मरणात्मक र केही लेख डा. ज्ञवालीको विद्वतामा आधारित छन् । एउटा लेख बुबाआमाको आफ्नै भावना भनेर दम्पत्तीका भावनाहरू व्यक्त छन् भने एउटा लेखमा विद्वान् व्यक्तित्व रामप्रसाद शर्मा ज्ञवालीका बारेमा तयार पारिएको छ । यस अंशको अन्तिम लेखमा बाबुका बारेमा लेखिएका केही कुराहरू भन्ने छ । यस लेखमा विभिन्न सन्दर्भ र समयमा प्रकाशित कृतिभित्र विशिष्ट विद्वान्हरूका अभिव्यक्ति प्रस्तुत छन् । दोस्रो अंशमा आत्मानुभूति अर्थात् सन्ततिहरू तथा पारिवारिक सदस्यहरूका आत्मानुभूति प्रस्तुत गरिएको छ । यसभित्र रहेका विभिन्न १६ वटा आत्मानुभूतिहरूमध्ये सातवटा अंग्रेजी भाषा र अन्य नेपाली भाषामा छन् । यसभित्र पनि धेरैजसो शुभकामनाहरू समेटिएका छन् ।

यसरी प्रस्तुत संस्मरणात्मक कृतिमा आफ्ना मातापिताको स्मृति पचासौं वर्ष गाँठको अवसर पारेर मातापिताका जीवनका आरोह–अवरोह एवं उल्लेखनीय कार्यहरूलाई पुस्तकाकार रूपमा एउटा छुट्टै कृतिको जन्म दिनुहुने डा. रामप्रसाद शर्मा ज्ञवालीका सन्ततिहरू धन्यवादका पात्र हुनुहुन्छ । नेपाली साहित्यको इतिहासमा प्रस्तुत कृतिले छुट्टै स्थान ओगट्ने अपेक्षा राख्न सकिन्छ । उहाँहरूका सन्ततिहरूबाट सबैले प्रेरणा लिनुपर्ने देखिन्छ ।

## २. आरोहण





वि.सं. २०३१ सालमा कक्षा ३ सम्म स्वीकृति लिएर सञ्चालित उपल्लो तम्घास मा.वि.ले हाल कृषितर्फ विशिष्टीकरण गरेर शिक्षाका क्षेत्रमा उल्लेखनीय कार्य गर्न थालेको छ । यस विद्यालयले आफ्नो वार्षिकोत्सवको अवसर पारेर आरोहण वर्ष १, अङ्क १, पुस २०७७ प्रकाशित गरेको छ । संरक्षक पिंकी घिमिरे भुसाल (प्र.अ.), सल्लाहकार नारान सुनार, बाबुलाल मरासिनी, राममणि पन्थी (पूर्व प्र.अ.) समेत रहेको उक्त स्मारिकाका सम्पादक मण्डलमा मधुप्रसाद गौतम, सविता पन्थी, पाराश्वर मरासिनी, कृष्णबहादुर पाण्डे र आविष्कार खत्री रहनुभएको छ ।

जम्मा २०६ पृष्ठमा तयार पारिएको आरोहणमा १२७ पेजसम्म विभिन्न विद्वान्हरूका साथै विद्यार्थीहरूका लेखरचनाहरू समावेश गरिएको छ । १२७ देखि १७४ सम्म अध्यक्षको मन्तव्य तथा प्रधानध्यापकको प्रतिवेदन तयार पारिएको छ । बाँकी रहेका १४ रंङ्गीन पृष्ठमा संस्थापक, विशिष्ट, अतिविशिष्ट र आजीवन सदस्यहरूको फोटोसहितको विवरणका साथै विभिन्न पुरस्कार, अक्षयकोष दाताहरूको परिचय राखिएको छ । आवरणमा विद्यालय भवन, खेलमैदानसहित प्रार्थनाका लागि पङ्क्तिबद्ध विद्यार्थीहरू र तल्लो खण्डमा पनि विद्यालय भवनको सुन्दर तस्वीर तयार पारिएको छ ।

प्राथमिक तहबाट माध्यमिक तह (कृषि/बाली विज्ञान) सम्म आरोहण गरेको प्रस्तुत विद्यालयले सिद्धहस्त लेखकहरूलाई मात्र होइन सिकारू विद्यार्थीहरूका कलमलाई पनि स्थान दिएर विद्यार्थीहरूका सिर्जनात्मक प्रतिभाको सम्मान गर्ने प्रयास गरेको छ । कच्ची माटे भवनबाट यो अवस्थासम्म ल्याइपुर्‍याउन सहयोग गर्ने सम्पूर्ण सहयोगी मनलाई हार्दिक धन्यवाद ! आरोहण एक खुट्किला मात्र होइन सयौं खुट्किला पार गर्दै उत्तरोत्तर प्रगतिमा अघि बढोस् हार्दिक शुभेच्छा ।

## ३. लकडाउनको उपहार

नेपाल सरकारको निजामती सेवामा कार्यरत मित्र उराठी गौतम, गुल्मीको अमरपुरमा जन्मी हाल तिलोत्तमा-२ मा बसोबास गर्नुहुन्छ । उहाँ कोभिड-१९




महामारीको कारण लकडाउन भएर बस्दा २०७६ चैत्रदेखि २०७७ भाद्रसम्म घरमा बन्दाबन्दीको अवस्थामा रहँदा प्रस्तुत कृतिले जन्म पाएको स्वीकारोक्ति स्रष्टाकै कलमबाट बुझ्न सकिन्छ ।


यस उपहारभित्र विभिन्न २७ ओटा कविता रहेका छन् । लकडाउनका कारण यन्त्रवत् मान्छेबाट वास्तविक मान्छे भएको यथार्थ प्रस्तुत गरिएको छ । विशेष गरी शहर पसेकाहरू आफ्नै गाउँघरमा गएर रमाएका प्रसङ्ग, पिञ्जराको सुगाजस्तै बन्नुपरेका बाध्यता, मानवजीवनका सुख–दुःखका प्रसङ्गहरू, समाजका बेथिति आदिका अनुभूतिहरू आलङ्कारिक ढङ्गबाट प्रस्तुत गरिएको छ । हरेक कवितामा कल्पनाको जीवन्त चित्रण छ । कविले गाउँघर, पाखा पखेरा, खेत–खलाका भावहरू अत्यन्त जीवन्त रूपमा चित्रण गरेका छन् । कतै करुणाका स्वरहरू छन् त कतै प्रेमप्रणयमा कवि रमाएका छन् । हरेक कविताले मानवजीवनको शाश्वत सत्यलाई छुने प्रयास गरेको छ । २७ औं अर्थात् अन्तिम कवितामा कविले लुम्बिनी प्रदेशभित्रका मुख्य पर्यटकीय स्थलहरूमा घुमेर जीवन्त शब्दचित्र उतारेका छन् । यो कविता धार्मिक, प्राकृतिक दुबै पर्यटकका लागि हाते नक्सा बनेको छ । कविको भावनामा सुन्दर निखार छ । लघु आकारमा रहेको प्रस्तुत कृति साहित्यानुरागी हरेक पाठकका लागि पोषिलो खुराक बनेको छ । लकडाउनका अवधिमा रचना गरेका कविताहरू हुनाले स्रष्टाले यसको शीर्षक पनि लकडाउनको उपहार नै दिएर सुनमा सुगन्ध थपिएिको छ । प्रस्तुत कृतिले कविलाई अब्बल कविको रूपमा स्थापित गरेको कुरामा सन्देह छैन ।

दायित्व वाङ्मय प्रतिष्ठान प्रकाशक रहेको प्रस्तुत उपहारमा उक्त प्रतिष्ठानको अध्यक्षको सारगर्भित प्रकाशकीय भूमिका र डा. नवराज लम्सालको बधाइ तथा शुभकामनाले कृतिलाई अझ ओजिलो बनाएको छ ।

### ४. वेदनाका फूलहरू

रेसुङ्गा नगरपालिका उपल्लो तम्घास सोतामा जन्म भई हाल बाणगङ्गा न.पा.–७, बनगाई कपिलवस्तु बस्दै आउनुभएका ज्योतिषी कृष्णप्रसाद पाण्डेले वेदनाका

फूलहरू कविता-सङ्ग्रह रचना गर्नुभएको छ । प्रकाशक इन्द्रमणि पाण्डे रहनुभएको प्रस्तुत कृतिको समर्पण स्व. पिता गंगाराम पाण्डे र माता स्व. मतिकला पाण्डेप्रति गरिएको छ । डा. मोदनाथ प्रश्रितको भूमिका रहेको यस सङ्ग्रहभित्र विभिन्न प्रकृतिका १३ वटा रचनाहरू समावेश गरिएको छ ।





"सर्वे भवन्तु सुखिनः"को भाव समेटेर शुभकामनाबाट शुरू गरिएको प्रस्तुत कृतिको दोस्रो शीर्षक तपोभूमि रेसुङ्गासँग सम्बद्ध छ । यसअन्तर्गत रेसुङ्गा क्षेत्रको ऐतिहासिक, धार्मिक, प्राकृतिक एवम् सांस्कृतिक महत्त्वलाई डा. टीकाराम पन्थी र योगी नरहरिनाथका ग्रन्थहरूबाट विषयवस्तु लिएर झल्काइएको छ । कविले धेरै ठाउँ र शीर्षकहरूमा दोशभक्तिका भावनाहरू प्रस्तुत गरेका छन् । त्यस्तै वर्तमान युवापुस्ताको विदेश पलायनको यथार्थलाई पनि कविले चित्रण गर्ने प्रयास गरेका छन् । नेपालीको गौरवगाथालाई गाउनमा पनि कविको कलम डुलेको छ ।

वेदनाका फूलहरूमा कविको वैयक्तिक वेदना छैन । सामाजिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक एवम् समसामयिक विषयसन्दर्भलाई कविले वेदनाका फूलहरूको रूपमा सजाएका छन् । साहित्यसाधनामा रत कविबाट आगामी दिनमा अझ परिस्कृत एवम् उत्कृष्ट कविताका साथै अन्य विधामा पनि आफ्ना भावनाहरू पस्किने प्रेरणा प्राप्त हुँदै जाओस् । यही शुभेच्छा ।

## ५. बुद्धिको पाइला

त्रिभुवन विश्वविद्यालयको प्राध्यापन पेशामा संलग्न हुँदै आउनुभएका ज्ञाननिष्ठ ज्ञवाली विभिन्न विधामा दर्जनौं कृतिहरू प्रकाशित गर्ने व्यक्तित्व हुनुहुन्छ । उहाँको बुद्धिको पाइला कविता विधातर्फको प्रथम पाइलाको प्रथम संस्करण २०७७ मा सविता भट्टराईको प्रकाशनमा प्रकाशित भएको छ । पिता ब्रह्मलीन डिल्लीराज ज्ञवाली (धर्मनिष्ठ सरस्वती) र माता इन्दिरा ज्ञवालीमा समर्पित प्रस्तुत कवितात्मक कृतिमा राष्ट्रकवि स्व. माधवप्रसाद घिमिरेको संक्षिप्त भूमिका, कविकै

भूमिकाको भूमिका अनि आफ्नै बुद्धिको पाइला खोज्दै शीर्षकमा कविता कृतिको नामकरण र यसभित्र समेटिएका कविताहरूका बारेमा संक्षिप्त प्रकाश पारिएको छ ।




प्रस्तुत कृतिभित्र विभिन्न प्रकृतिका २२ वटा कविताहरू समावेश छन् । नेपाल बज्ने मुरली म भेटूँ शीर्षकको राष्ट्रभक्तिको भावनाले भरिएको कविताबाट शुरू गरिएको यस सङ्ग्रहमा अधिकांश शीर्षक र भावनाहरू देशभक्तिको भावनाले भरिएका छन् । २१ औं शीर्षकले प्रस्तुत कृतिको शीर्षकलाई बोलेको छ । कवि कतै प्रकृतिको मनोरम दृश्यमा रमाएका छन् भने कतै स्वाभीमानी र स्वावलम्बी बन्न प्रेरित गर्दछन् । कविको कलम समसामयिक सन्दर्भमा पनि रमाएको छ । कविले आञ्चलिक परिवेशलाई पनि आत्मसात् गर्दै व्यङ्ग्यात्मक अभिव्यक्ति पनि प्रस्तुत गरेका छन् ।

यस सङ्ग्रहलाई बौद्धिकतामा भावको स्वच्छन्दता घोलेर लघु आकारको उत्कृष्ट रचनाका रूपमा तयार गरिएको छ । कृति पठनीय छ । स्तरीय छ । सङ्ग्रहको अन्त्यमा कविले आफ्नो परिचय र आफूले समीक्षा गरेका, सम्पादन गरेका अनि भूमिका लेखेका कृतिहरूको विवरण प्रस्तुत गरेका छन् । यसका साथै शैक्षिक अनुभव तालिम, सम्मान, पुरस्कार लगायतका सन्दर्भहरू प्रस्तुत गरिएको छ । ८० पृष्ठको प्रस्तुत कृति सबै वर्गका लागि पठनीय छ ।

**- अकिञ्चन**

ooo

**सबै प्रकारका सिलाइसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।**

**भावना सर्टिङ्ग सुटिङ्ग एण्ड टेलरिङ्ग सेन्टर**

रेसुङ्गा न.पा.–१, क्याम्पसरोड, तम्घास, गुल्मी

**प्रो. तिलक परियार**

यताउताबाट

# ५ नं. प्रदेशस्तरीय पुस्तकालय भेलाको अनुभव

**बुद्धिराम गैरे,**
**भूमिकास्थान, अर्घाखाँची**

२०७५ भाद्र २८ गते ५ नम्बर प्रदेशस्तरीय पुस्तकालय भेला किरण पुस्तकालय गुल्मी तम्घासले सम्पन्न गरेको छ । गुल्मी जिल्लामा जन्मिएर देश विदेश जहाँ बसेका भए पनि यस कार्यक्रममा अग्रजहरू छुटेनन् । यी बाहेक ५ नं. प्रदेशका पुस्तकालयका प्रमुखदेखि प्रतिनिधिसम्मको बाक्लो उपस्थिति रहेको उक्त भेलाको अध्यक्षता समाजसेवी वयोवृद्ध नरप्रसाद श्रेष्ठले गर्नुभएको थियो भने प्रमुख अतिथिमा ५ नं. प्रदेश सभासद कमलप्रसाद श्रेष्ठ र खड्कबहादुर केसी हुनुहुन्थ्यो । विशिष्ट अतिथिमा साहित्यकार विष्णु भण्डारी, सुब सेन, प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेललयागतका व्यक्तित्व हुनुहुन्थ्यो । हामी पनि अतिथिको दर्जामा थियौं । किरण पुस्तकालयका संस्थापक तथा क्याम्पसप्रमुख शशि पन्थी बडो हँसिलो मुद्रामा मञ्चको पछाडि बस्नुभएको थियो ।

किरण पुस्तकालयको गरिमा र समग्र साहित्य विधालाई नियाल्दा गुल्मी जिल्लाको मात्र नभई छिमेकी जिल्ला र सिङ्गो राष्ट्रमै 'हाम्रो पुरुषार्थ'को नामबाट प्रकाशित पत्रिकाले लेखक साहित्यकारदेखि आलोचक समालोचकसम्मलाई स्थान दिंदै आएको कुरा कसैको नजरबाट छिपेको छैन । अझ यसको अर्को महत्त्वपूर्ण आयाम के पनि छ भने गुल्मी जिल्लामा जन्मिएर अन्यत्र ठाउँमा कर्मथलो बनाएर पेशा, व्यवसाय गरी साहित्यिक गतिविधिमा लागेका गुल्मेलीहरूको सिर्जनालाई महत्त्व दिएर सम्मान, पुरस्कार दिने परम्पराको विकासका साथै अन्यत्र बसोबास गर्नेहरूलाई समेत जमघट गराएर पुनर्मिलन र साहित्य क्षेत्रमा नयाँ आयाम थप्नेमा गुल्मी जिल्ला अग्रपंक्तिमै देखिन्छ ।

सचेतनाका हिसाबले शशिधर स्वामीदेखि हालसम्मका सर्जकहरूले गुल्मी जिल्लामा छुट्टै खाले पहिचान बनाएको इतिहास पनि भनिरहँदा प्राज्ञिक विद्वान्हरूका साथै कवि कवयित्रीहरूको अवमूल्यन होला । यो गर्विलो संस्कारलाई जीवन्त राख्नेमा शशि पन्थी पनि औंलामा गन्नेमा पर्दछन् । सिंगो नेपालमा यति मात्र होइन, हाम्रो पुरुषार्थले ५० औं वर्ष पार गरेर अझै तन्नेरी नै रहिरहनुमा पुनः शशि सरलाई धन्यवाद नदिइरहन सकिन्न ।

मैले एउटा कुरा सुनेको थिएँ, कुनै नेताले भाषणको क्रममा इतिहासले इतिहास जन्माउँछ । यसलाई अर्को भाषामा भन्नुपर्दा पुनरावृत्ति र पुनरुत्थान यी शब्द वास्तवमा गहकिला छन् । इतिहासले इतिहास बनाउँछ भन्नुमा आफ्नो रीतिरिवाज, संस्कार, कला, संस्कृति र साहित्यविना यहाँ अरू कुनै पथप्रदर्शन

गर्ने उपाय नै छैन । पुनरावृत्ति भनेको अग्रजहरूले स्वीकार गरेको नीति वा कार्यसिद्धिका लागि गरिने कार्यहरू पूर्ण गराउनु हो । पुनरुत्थान वा पुनर्निर्माण जसरी भने पनि हुन्छ । कला, संस्कृति, साहित्य एक रथका दुई पाङ्ग्रा हुन् । एकआपसमा यिनीहरूको घनिष्ठ सम्बन्ध रहिआएको परिवेशमा किरण पुस्तकालय अग्रगामी फड्को मारिरहेको छ ।

अर्घाखाँची जिल्ला व्याकरणशास्त्रका प्रणेता पाणिनि ऋषि, दूर्वासा ऋषि र दधिराम मरासिनी जसले हरिहर संस्कृत विद्यालय स्थापनार्थ हरिहर गौतमजस्ता धनाढ्यको उज्यालो इतिहास निर्माण गराउन, समग्र मुलुकको शैक्षिक मार्ग फराकिलो बनाउन र शिक्षाको उज्यालो घामबाट देशै झलमल्ल तुल्याउन सफल आध्यात्मिक एवम् साहित्यिक नक्षत्रका रूपमा उदाउँदो तारा बनेर समाज सुधार, अशिक्षालाई गुरुकुलदेखि औपचारिक शिक्षामा प्रशस्त आफ्नो बुद्धि, विवेक खर्चे, राज्यसत्ताका सञ्चालकदेखि राष्ट्र निर्माणका प्राविधिक उत्पादन गर्ने पौरखी दधिराम मरासिनीजस्ता पनि यही भूमिले जन्माइन्, तापनि त्यो गर्विलो इतिहास निर्माणमा भने अलि पछौटेपन रहिआएको छ ।

हुन त, सभ्यता, संस्कारका कुरा गर्दैगर्दा अग्रजबाट पाएका संस्कारलाई श्रीसम्पत्तिको रूपमा लिनैपर्छ भने समाज अल्मल्याउने र कुसंस्कारहरूलाई तिलाञ्जलि पनि दिनुपर्छ । यसो भनिरहँदा दोधारे कुरा गरेको भनेर पनि भन्नेहरूलाई मुख बुझो लाउने तर्कसंगत प्रमाण पनि चाहिन्छ । हाम्रो संस्कार सनातन धर्मसंस्कारसित सम्बन्धित रहेको छ । पूर्वीय दर्शनको परिधिभित्र रहेर अन्य दर्शन पनि मानिआएको अवस्था पनि नभएको होइन । हामीले मानिआएका विधिहरू आ–आफ्नै छन् तर पनि अनेकतामा एकताको लगाव रहनु नै हाम्रो संस्कृति हो ।

अब कुरा उहीं १५३ औं मोती जयन्ती र प्रथम ५ नं. प्रदेशस्तरीय पुस्तकालय भेला २०७५ भाद्र २८ गते किरण पुस्तकालय र प्राज्ञिक व्यक्तित्व शशि पन्थीको तस्वीरतर्फ आकर्षित गराउन सान्दर्भिक नै होला । गुल्मी जिल्ला तम्घास बजारको मुटुमा रहेको किरण पुस्तकालयलाई आत्मसात गर्दा यो पंक्तिकार देशका विभिन्न जिल्लामा साहित्यिक कार्यक्रममा जाँदा कुनै साहित्यकार र साहित्यिक प्रतिष्ठानहरू पूर्ण रूपमा सम्पन्न कहीं देखिएन । कहीं खुला चौरमा, कहीं स्कूल कलेजमा यस्तो कार्यक्रम हुने गर्थे । तर गुल्मी तम्घासमा यो अवस्था देखिएन । राम्रो काम गर्दा दोष पनि पाउने हुन्छ, प्रशंसा पनि पाइन्छ । तर यो मनोरम रेसुङ्गाको काखमा रहेको किरण पुस्तकालय सुविधासम्पन्न हुनुमा शशि सरको अतुलनीय योगदान रह्यो । सहयोगीहरूको मद्दतविना यो पक्कै हुनसकेन । सहयोग र सल्लाहकारको उच्च मूल्याङ्कन त छँदैछ । समाजसेवी नरप्रसाद श्रेष्ठसमेत लाग्नुले सुनमा सुगन्ध थपेको मैले महसुस गरें ।

यी कुरालाई यहीं थाती राखी कविता वाचन र संस्कृतिक कार्यक्रम र नृत्यतर्फ ध्यानाकर्षण गराउन सान्दर्भिक होला । कविता वाचनमा मर्मस्पर्शी कविताहरू, मुक्तक, गजल आदिका प्रस्तुतिले किरण पुस्तकालयको हल गुञ्जायमान रह्यो । विभिन्न कवि कवियित्रीहरूको मन छुने कविताले कविहरू मात्र होइन दर्शकदीर्घामा समेत गर्विलो ऊर्जा थपिदियो । उता मञ्चको पछाडिबाट मुस्कुराइरहेका शशि पन्थी सरको अनुहारले अरू वास्तविकता झल्काउँथ्यो । यो दृश्यावलोकन गर्न जो कोहीलाई नजुरेको पनि छ । यो पंक्तिकार भने उही दिन बिहान छ बजे सन्धिखर्कबाट हिंडी साढे नौ बजे नपुगेको भए आजीवन पछुतो लाग्ने थियो । तर पनि ऊ अघिल्लो दिनको रमाइलो दिन हेर्ने अवसरबाट वञ्चित भएकामा दुःखी नै रह्यो ।

अब स्रष्टा सम्मान र कदरपत्र प्रदानको समय ।

पीडा र दर्दमा साहित्यको जन्म हुन्छ भनेझैं जानकी गौतम ज्ञवाली प्रतिष्ठान गुल्मीले अक्षयकोषको व्यवस्था गरी ३९ वर्षको कलिलो उमेरमा मृत्यु हुनुभएकी साहित्यकार जानकी गौतम ज्ञवालीको नाममा स्थापित यो धनराशीले साहित्यकार सूर्यबहादुर सेनलाई यस वर्षको साहित्यिक पुरस्कार तथा सम्मान गर्ने निधो गरेको रहेछ । सोही मुताविक उनका श्रीमान् र प्रदेश ५ का सभासद् कमलप्रसाद श्रेष्ठ र खड्गबहादुर केसीले प्रदान गर्नुभयो । दोसल्ला ओढाएर सम्मान गर्नुभयो ।

यो पंक्तिकारलाई खुसीको सीमा रहेन । अरूलाई के भयो भन्न सक्दिनँ । मलाई एउटा चाणक्य नीतिको श्लोक यहाँ प्रस्तुत गर्नु आवश्यक लाग्यो । उनले लेखेका रहेछन्, "स्वदेशे पूज्यते राजा, विद्वान् सर्वत्र पूज्यते" अर्थात् राजा आफ्नै देशमा पुजिन्छ तर विद्वान् संसारमै पुजिन्छ । त्यहीं दर्जामा मैले कर्मठ साहित्यकार सूव सेनलाई भन्न मन लाग्यो । गीतामा 'कर्म गर्नू फलको आशा नगर्नू' यो भनाइलाई चाणक्यको भनाइले ओझेलमा पारेको महसुस भयो ।

स्रष्टा सम्मानको अवसरमा जानकी ज्ञवाली गौतमका श्रीमान्ले सम्मान-पत्र र नगदराशि प्रदान गर्नुभयो । यस हिसाबले पनि साहित्यप्रतिको अपार माया सम्मानको कुरालाई यो पंक्तिकार आत्मसात गर्दै अगाडि बढ्न खास गरी साहित्यजस्तो सञ्जीवनी खुराक सबका मगजमा पुस्याउनुबाट साहित्यकार मुलुकका चम्किला तारा बृहस्पति हुन् भन्नेमा दुईमत रहनै नसक्ने कुरा जगजाहेर गर्न चाहन्छु । यस्तो उज्यालो प्रकाश दिने चम्किला कुनै मान सम्मान राणाकालदेखि अहिलेसम्म राज्यस्तरबाट खासै सहयोग भए गरेको पाइँदैन ।

उदाहरणको लागि, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, भानुभक्त आचार्य, भूपी शेरचनलगायतका दार्शनिकहरूलई पनि जीवित अवस्थामा सम्मान गरेको

पाइन्न । देशको गाथा समाजको यथार्थ चित्रण गर्नेहरूको मानसम्म गर्नुपर्थ्यो तर गरिएन । जीउ धान्न कठिन र कष्टकर जीवन अवस्था यथावत् छ साहित्यकारलाई ।

सारांशमा किरण पुस्तकालयको ५ नम्बर प्रदेशस्तरीय पुस्तकालय भेला र शशि पन्थी र दीन पन्थीलगायतको चर्चा गर्नुपर्दा न कुनै बजेट छ न कुनै सरकारी निकायबाट सहयोग । तर पनि साहित्यको उन्नयनका लागि उहाँहरूले गरेको सत्प्रयास निश्चय नै अनुकरणीय छ ।

**- बुद्धिराम गैरे**

भूमिकास्थान, अर्घाखाँची, **(पाणिनि, ११ औं अङ्क, २०७६ बाट साभार)**

०००

काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप नजिकै बागबजार, काठमाडौंमा रहेको

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**

**(फोन नं. ०१-४२४१४८५/२६०९०६)**

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

**रेसुङ्गा नगरपालिकामा ११८ मिटर लामो विद्युत्चोक झोलुङ्गे पुल**

सिर्जनशील सामुदायिक विकास केन्द्र, गुल्मीको सामाजिक तथा प्राविधिक सहयोग, रेसुङ्गा नगरपालिका, गुल्मीको झोलुङ्गे पुलक्षेत्रगत कार्यक्रमबाट आर्थिक सहयोग, टी.बी.एस्.यु. (हेल्भेटास नेपाल)को लट्ठा तथा बोल्डग ग्रीप सहयोगमा सम्पन्न झोलुङ्गे पुल ११८ मिटर लामो र ४० मिटर उचाइमा रहेको छ । उक्त पुलबाट रे.न.पा. ७ र ९ का ५८४ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन् । यसको लागत इस्टिमेट रू.५३,२७,२६१।- रहेको छ । यस सिर्जनशील सामुदायिक विकास केन्द्र, गुल्मीले २०७७/०७८ को आर्थिक वर्षमा १४ वटा पुलको निर्माण कार्य सम्पन्न गरेको छ । जसमध्ये सबैभन्दा लामो र उचाइमा रहेको विद्युत्चोकको झोलुङ्गे पुल हो ।



**सिर्जनशील सामुदायिक विकास केन्द्र**

**तम्घास, गुल्मी (फोन : ०७९-५२०५८६)**

# हाम्रो पुरुषार्थ जसरी मैले देखें ।

संयोग भनौं वा भगवान्‌को कृपा भनौं, केही दिन पहिले मलाई गुल्मी जिल्लाको सदरमुकाम तम्घासस्थित किरण पुस्तकालयमा पुग्ने अवसर मिल्यो ।

विगत ४/५ वर्षपहिलेदेखि नेपालका चार धाम श्री वराह क्षेत्रधाम, श्री पशुपति क्षेत्रधाम, श्री मुक्तिक्षेत्रधाम र श्री रुरुक्षेत्रधाममध्ये अत्यन्तै पवित्र पुण्यधाम गुल्मी जिल्लाअन्तर्गत रहेको श्री रुरुक्षेत्रधाममा रहेर आफ्नो साधना तपस्या गर्दै थिएँ । रिडी बजार स्थित श्री पशुपति धर्मशालामा रहेर (जुन धर्मशाला रुरुक्षेत्र-१, रिडी बजार निवासी स्व. श्री पशुपतिप्रसाद अमात्यज्यूद्वारा निर्माण गरिएको हो ।) मेरो साधनाकै अवसरमा ममाथि भगवान् श्री कृष्णको कृपा प्राप्त भयो । परिणामस्वरूप ६२ वर्षको उमेरमा पहिलो चोटि एकै पटक दुईवटा पुस्तकहरू एउटा "मैले बुझेको भागवत' र अर्को "अनिर्णयको बन्दी" नामका पुस्तकहरू प्रकाशन गर्न सफलता मिल्यो । तिनै पुस्तकहरू पुस्तकालयमा अभिलेखीकरण गरिदिन अनुरोध गर्न किरण पुस्तकालय तम्घासमा गएको थिएँ । सौभाग्यवश पुस्तकालयका सम्बन्धित विद्वान् वरिष्ठ व्यक्तित्व परम आदरणीय श्री शशि पन्थीज्यू र श्री दीन पन्थीज्यूसँग दर्शन भेट हुन सक्यो । करिब डेढ घण्टाको समयसम्म उहाँहरूसँग अत्यन्त सौहार्दपूर्ण वातावरणमा विविध विषयमा कुराकानी भयो । मप्रति उहाँहरूले दर्शाउनुभएको सदासयता र प्रेमभाव अविस्मरणीय त छ नै, यसको लागि उहाँहरूमा म हार्दिक आभार व्यक्त गर्दछु ।

पुस्तकालयको नयाँ भवन अब छिट्टै सम्पन्न हुन गइरहेको दृश्य पनि मैले देखें । सोही भवनको निकटमै पुस्तकालय सञ्चालित रहेछ । व्यवस्थापन पनि अत्यन्तै राम्रो देखें । धेरै पुस्तकहरू संगृहीत रहेछन् । बसिरहौं लागिरहने तर के गर्नु, आफ्नो गन्तव्यमा लाग्नै पर्ने ।

हाम्रो वार्तालाप सकिनै लाग्दा पुस्तकालयबाट त्रैमासिक रूपमा प्रकाशन भइरहने "हाम्रो पुरुषार्थ" नामक पुस्तकहरूका तीनवटा प्रति, अङ्क ४ (साउन-असोज, अङ्क १, (कात्तिक-पुस र अङ्क २ (माघ-चैत)सम्मका पुस्तक आदरणीय शशि पन्थीज्यू र श्री दीन पन्थीज्यूबाट मलाई प्रेमपूर्वक प्रदान गर्नुभयो । मैले तीनवटै पुस्तकहरू सबै जसो हेरें । पढें पनि तर म पनि विस्मृति हुने खालको अवस्थाको भएको कारण अध्ययन गरेका विषयहरू हरहमेशा स्मरणमा राख्न सक्दिनँ । यो नै मेरो कमजोर पक्ष हो । यसको लागि क्षमा प्रार्थी छ ।

अब मैले जसरी देखें, त्यसरी नै आफ्नो विचार व्यक्त गर्दछु । गुल्मी जिल्ला निकै पौराणिक एवम् ऐतिहासिक महत्त्व बोकेको जिल्ला रहेछ भन्ने यसभन्दा अगाडि नै केही अनुभूत मलाई भएको थियो तर मेरो खोजविन थिएन । जसको

कारण आधार प्रमाणको अभावमा मैले गुल्मी जिल्लाको ऐतिहासिक एवम् पौराणिक महत्त्व बारेमा विस्तार व्याख्या गर्न सकिनँ र पनि यस जिल्लाप्रति मेरो अत्यन्त आगाध प्रेम छ । किनकि मेरो तप-साधना यहीं भयो ।

मैले मेरो पहिलो कृति "मैले बुझेको भागवत" पुस्तकको उपसंहारमा गुल्मी जिल्लाको पौराणिक एवम् ऐतिहासिक महत्त्व बोकेको जिल्ला हो भन्ने थोरै दर्शाएको छु । त्यो यस जिल्लाप्रतिको मेरो सच्चा प्रेम हो ।

पुस्तकालयबाट प्रकाशन हुने हाम्रो पुरुषार्थ त्रैमासिकले यस जिल्लाको ऐतिहासिक, पौराणिक महत्त्व, भौगोलिक अवस्था, राजनैतिक जानकारी र गुल्मी जिल्लाका स्रष्टाहरू, साहित्यकार, लेखक, कवि, इतिहासकार जस्ता महत्त्वपूर्ण विशेषताहरूको परिचय-चिनारी त गराएकै छ । पूरा नेपालकै बारेमा नेपालको ऐतिहासिक, पौराणिक महत्त्वपूर्ण विशेषताहरूको परिचय, चिनारी पनि गराएकै छ । देशकै स्रष्टा, कवि, साहित्यकार, विद्वान् व्यक्तित्व र देशभित्रका शक्तिपीठहरू, यावत् कुराहरूको जानकारी यस पत्रिकाले गराएको देखें । त्यसैले यी पुस्तकहरू साँच्चिकै हाम्रो पुरुषार्थ रहेछन्, मलाई यस्तो महसुस भयो ।

हाम्रो पुरुषार्थ त्रैमासिकका बारेमा व्याख्या गर्न त मेरो लागि कठिन विषय हो । सबै क्षेत्रमा यसले छोएको छ । किन भन्दा विभिन्न विषयका विज्ञज्यूहरूले यसमा आ-आफ्ना लेख राख्नुभएको छ । यसले विश्वकै अवस्था जनाउँछ । पूर्वीय दर्शन, संस्कृति, साहित्य, मानव सभ्यता, रहन-सहन, मानव मात्रको लागि चाहिने ज्ञान, सूचना, जानकारीमूलक विभिन्न विषयहरू समेट्ने गरेको मैले देखें ।

म विभिन्न विज्ञहरू, कवि, साहित्यकार, इतिहासविद्, राजनीतिज्ञ, नाटककार, कथाकार, संस्कृतविद्, जति पनि हाम्रो पुरुषार्थमा आफ्नो लेखद्वारा सबैलाई ज्ञान बाँड्नुभएको छ, जानकारी गराउनुभएको छ; उहाँहरू सबैमा नमन गर्दछु । साथै पुस्तकालयप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

समग्रमा मैले प्राप्त गरेका तीनवटा अङ्कका सबै लेख अत्यन्त मननयोग्य छन् । यसबारेमा मैले अन्य टिप्पणी गर्न चाहन्न । एक दुई विषयमा मलाई आफूलाई लागेको भाव व्यक्त गर्न चाहन्छु ।

### १. स्वर्गद्वारी महाप्रभु

अङ्क ४ (साउन-असोज) यस अङ्कमा स्वर्गद्वारी महाप्रभुको विषयको लेख पढें । लेख आदरणीय तेजनिधि पौडेलज्यूले लेख्नुभएको रहेछ । राम्रो लाग्यो । त्यसै विषयमा मेरो थप भनाइ के छ भने म २०६३ साल भदौ महिनामा स्वर्गद्वारी दर्शन गर्न गएको थिएँ । धरमपानीमा प्रभुका माइला भाइका नातिसँग भेट भयो । उहाँले प्रभुको बाल्यकालदेखि ब्रह्मलीनसम्मका घटनाहरू बताउनुभयो । त्यसै

सिलसिलामा प्रभु रहने बस्ने कुटीमा प्रभुलाई लेप्रोसी रोग लागेको कारण मेरै हजुरबुबाले आगो लगाइदिनुभएको रहेछ । प्रभुलाई आज बाहिर देश विदेशका धेरैले चिने जाने तर आफ्ना भाइ भतिजाहरूले चिन्न सकेनन् । प्रभुमाथि अपराध गरे । जसको कारण अहिले हामी सन्ततिलाई दुःख भोल्नुपरिरहेको छ भन्ने धेरै कुराहरू भन्नुभएको थियो ।

अर्को बेला त्यहाँ गणेशको रूपमा रहने एक जना ब्राह्मणले भन्नुभएको विशेषता यस्तो छ : भगवान् श्रीकृष्णले पुतनाको स्तनपान गर्दा आफ्ना गोडाले पुतनाको पेट-छातीमा पनि हान्नुभयो । दूध चुस्दा चुस्दै पुतनालाई बध गर्नुभयो । पछि भगवान् शिवसँग मैले यो पाप कसरी मोचन गर्ने भनी सोध्नुभयो । तब भगवान् शिवले कलियुगमा उक्त उत्तरापन्थमा मेरो अंश धारण गर्दै नराम्रो कुरूप तपाईंको जन्म हुनेछ र अखण्ड कोटिहोम हजुरबाट प्रारम्भ हुनेछ । त्यसबाट धेरैको उद्धार पनि हुनेछ र हजुर पनि दोषमुक्त हुनुहुनेछ भन्दै भगवान् श्रीकृष्ण उपर शिवकृपा भएर भगवान् श्रीकृष्ण शिवअंशस्वरूप प्रकट भएको प्रभुको अवतार हो भन्दै उहाँले जस्तो भन्नुभएको थियो त्यस्तै यहाँ प्रस्तुत गरें । मसँग अन्य आधार प्रमाण छैनन् । यो मैले श्रवण गरेको ब्यहोरा मात्र हो । यसमा मेरो आफ्नो कुनै टिप्पणी छैन ।

## अब अर्को प्रसङ्ग

प्रतिक्रिया आदरणीय देवीप्रसाद वनवासीज्यूको अन्तर्वार्ता अध्ययन गर्दा उहाँले एउटा पंक्तिमा कसै कसैले पैसा खर्च गरेर किताब छापेर सित्तैमा बाँड्दै हिंड्छन् । त्यसो गर्नुभन्दा त त्यो पैसाले देशका विभिन्न पुस्तकालयमा हुलाकबाट पोष्ट गरेर पठाइदिनुभए हुन्थ्यो भन्नुभएको रहेछ । साह्रै राम्रो भावना पाएँ । केही पुस्तक व्यक्तिहरूलाई पनि दिन मन त लागिहाल्छ । आफ्नो कृति भर्खरै मैले पनि त्यस्तै गरेको छु । उहाँप्रति हार्दिक नमन गर्न चाहन्छु ।

## मेरो अब अन्तिम प्रतिक्रिया

के छ भने मेरो भावनाभित्र पनि भएको तर व्यक्त गर्न मैले नसकेको मेरो भावनासँग मिल्ने, वास्तविक जस्तो भइरहेको छ । त्यसको चित्रण प्रष्ट पार्दै आदरणीय श्री पन्थी रामप्रसादज्यूले "मान्छे कसरी सर्वश्रेष्ठमा दरियो ?" भनी लेख्नुभएको रहेछ । लेखकज्यूप्रति नमन गर्दछु ।

मान्छेले आफूलाई सबै प्राणीहरूमा सवश्रेष्ठ ठान्ने तर कर्म, व्यवहार सर्वश्रेष्ठ गर्नुपर्ने नगर्ने । त्यस अर्थमा कसरी मानिस सर्वश्रेष्ठ हुन्छ भन्ने नै लेखकको मनाशय हो । यो संसरमा भइरहेकै त्यस्तै छ । हुनुपर्ने एउटा थियो, भइरहेको छ अर्को ।

हुन त सबै प्राणीहरूमा माननिस सर्वश्रेष्ठ हो नै तर सर्वश्रेष्ठ प्राणीले गर्नुपर्ने कर्म व्यवहार मानिसले गरेन र पनि मानिसलाई नै सर्वश्रेष्ठ प्राणी भन्न परिरहेको छ । उहाँको लेखले धेरैको चेत खुल्न पर्ने हो । हेरौं कत्तिको चेत खुल्छ ?

यसैमा एउटा प्रसङ्ग जोड्न मन लाग्यो । त्यो के भने सम्भवतः इटालियन शासक हुनुपर्छ, मुसोलिनी । उनको सिद्धान्त थियो साना राष्ट्र राष्ट्र होइनन् । ठूलो राष्ट्रले भनेको मान्नुपर्छ, सानो मान्छे मान्छे नै होइन, ठूलो मान्छेले भनेको मान्नुपर्छ । यो भनाई अत्यन्त तानाशाह, निरंकुश सामन्ती पाराको खराब भनाइ हो, तर आज संसारमा भएकै त्यस्तै छ । गलत यथार्थ हो यो ।

तसर्थ पन्थीज्यूको लेखबाट सबैले सिकौं । मानिस वास्तविक सर्वश्रेष्ठ बनौं । अन्तमा किरण पुस्तकालय परिवारज्यूहरूप्रति र देश विदेशका विभिन्न विधाका विज्ञ स्रष्टाज्यूहरूप्रति हृदयदेखि नै नमन गर्दै विश्राम लिन्छु ।

**– साधक : दुर्गादत्त पौडेल**

**हाल : श्री पशुपति धर्मशाला, रुरुक्षेत्र-१, रिडी, गुल्मी**

# सम्पूर्णाङ्क ८९ मा महाकवि भीमकान्त

२०२५ सालमा स्थापित किरण पुस्तकालय, गुल्मीले साहित्यिक पत्रिकाको रूपमा हाम्रो पुरुषार्थ प्रकाशन शुरू गर्‍यो । पत्रिका शुरूमा वार्षिक रूपमा प्रकाशित हुँदै २०३६ सालदेखि अर्धवार्षिक र २०७० सालदेखि त्रैमासिक साहित्यिक पत्रिकाको रूपमा निरन्तरता पाएको छ । दुर्गम पहाडी जिल्ला भए पनि गुल्मी जिल्लाको यो पत्रिका टिकाउनको लागि मात्र होइन, यसले आफ्नो गुणस्तरीयतामा पनि विकास गरेको छ । हाल यसले राष्ट्रियस्तरको 'क' वर्गमा वर्गीकृत पत्रिकाको रूपमा मान्यता पाएको छ । पछिल्लो माघ-चैत्र २०७७ को सम्पूर्णाङ्क ८९ पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्कको रूपमा प्रकाशित भई पाठकहरूको हातहातमा पुगिसकेको छ । भानु विशेषाङ्क, किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क, डा. टीकाराम पन्थी विशेषाङ्क जस्ता किरण पुस्तकालयबाट प्रकाशित हाम्रो पुरुषार्थका विशेषाङ्कहरूमध्ये यो ८९ अङ्क (पेज सङ्ख्या ६९२ को) सबैभन्दा ठूलो आकारमा छ । संस्कृत विश्वको सबैभन्दा जेठो भाषा हो । तापनि हाल संस्कृत लेख्ने, पढ्ने र बोल्ने नेपाली अति नै न्यून सङ्ख्यामा छन् । संस्कृत भाषा नै ओझेलमा परिरहेको अवस्थामा संस्कृतका दुई महाकाव्य लेख्ने पं. भीमकान्त पन्थी लुम्बिनी क्षेत्रकै पहिलो संस्कृत महाकवि बन्नुभएको छ । विशेषाङ्कका अरू प्रकाशनहरूभन्दा पृथक् यसमा पत्रिकालाई चार खण्डमा विभाजन गरी व्यवस्थित गरिएको छ ।

प्रथम संस्मरण खण्डमा कविको परिचय, जीवनी, वंशवृत्त, जन्म-बाल्यकाल-शिक्षादीक्षा, विवाह, सन्तान, दिनचर्या, स्वभाव, व्यक्तित्व, सत्सङ्ग, पेशा-व्यवसाय कृति एवं जीवन दर्शन, प्राप्त मान सम्मान, जीवनका अन्तिम दिनहरू, देहावसान आदि विषयमा कविका सबै छोराहरू, सबै छोरीहरू, तीन बुहारीहरू, भाइभाइका छोराछोरी, नातिनातिना, भाञ्जा, साला, आफन्त र छिमेकी एवम् अन्य जानकार व्यक्तित्वहरूका विचारप्रधान लेखहरू, कान्छा भाइ र धर्मपत्नीका दुई अन्तर्वार्ता, दुई कविता र शोधकतृको शोधपत्र समेत समावेश छन् ।

दोस्रो समीक्षा खण्डमा कविको जीवनी, व्यक्तित्व, कृतित्वका विषयमा, कविका महाकाव्य जगदम्बिकावैभवम् र जगदीश्वरवैभवम्का विषयमा, उहाँकै कृति विविध पद्यावलिका विषयमा र उहाँकै विषय सन्दर्भको सेरोफेरोभित्र रहेर धर्म, श्रीमद्भागवत, भारद्वाज परिचय आदि लेख रचना समावेश छन् ।

तेस्रो संस्कृतखण्डमा विशेषतः कविका दुई कृति "जगदम्बिकावैभवम्", "जगदीश्वरवैभवम्" महाकाव्य परिचय, कथावस्तु र काव्यको विवेचना गरिएका विद्वान्हरूका संस्कृत भाषाका लेखले प्राथमिकता पाएका छन् । यसमा नेपालका महाकाव्यकारहरू, कविको जन्मकुण्डली, गुरु, पिता, प्रकाशकीय, अभिनन्दन-पत्र आदि लेखले पनि स्थान पाएका छन् ।

चौथो तथा अन्तिम खण्डका रूपमा परिशिष्टखण्ड रहेको छ । कविका केही प्रकाशित, अप्रकाशित सामग्रीहरू उहाँलाई बुझेका जनको विचार, कविका हस्तलिखित, पितृवन्दना र केही छाया चित्रहरू यसभित्र छन् ।

अब प्रथम संस्मरण खण्ड, दोस्रो ठूलो खण्ड हो । संस्मरणात्मक खण्ड भएकाले यसमा निकटस्थ व्यक्तिहरूका संस्मरणले प्राथमिकता पाउनु स्वाभाविकै छ । यसमा पनि सबै पढेलेखा शिक्षित परिवार सदस्य हुँदा प्रस्तुत लेखमा बाबु, बाजे, जन्मस्थल, शिक्षा दिने निकाय, शिक्षा, पेशा, आदि केही विवरण पुनरावृत्ति भए पनि कविको बारेमा र कविका उपदेशरूपी ज्ञानगुनका कुरा प्रत्येक लेखबाट थप जानकारी लिन सकिन्छ । कविका छिमेकी एवम् नेपाल सरकारका पूर्व सचिव युवराज भुसालले भने आफ्नो लेखको शुरू पृष्ठभूमिमा देवतादेखि मनुष्यसम्मको सृष्टिक्रम, सृष्टिको आयु, वैदिक सभ्यताको विकासक्रम, त्यसपछि क्रमशः आफ्नो कवि परिवारसँगको तदात्म्यता (सम्पर्क), भारद्वाज गोत्रीय पन्थीका आनुवंशिक गुण आदिको बारेमा चर्चा गर्दै कविको बहुआयामिक व्यक्तित्वको बारेमा विवेचना गर्नुभएको छ ।

पं. भीमकान्त पन्थीको बारेमा मेरो जानकारी एवम् अनुभव यस्तो छ : नेपालमा संसदीय व्यवस्था असफल भनी राजा महेन्द्रले २०१७ सालमा प्रथम जननिर्वाचित सरकारलाई अपदस्थ गरेपछि उहाँका भाइ काँग्रेस सांसद नीलाम्बर पन्थीलाई

जेल पठाए । सांसदको दाजु पनि काँग्रेस नै हो, राजनीति गर्छ होला भनी २०१८ साल पुषमा कविलाई जिल्लामा झिकाइएछ । अड्डामा हाजिर भएपछि उहाँलाई दैनिक हाजिर हुनुपर्ने र तम्घासबाट बाहिर जान नपाउने गरी तारेख तोकिएछ । त्यसपछि उहाँलाई तम्घासमा कहाँ बस्ने भन्ने भएछ । मेरो जेठा मामा इस्मा दर्लामचौर सिम्पानीका पं. डिल्लीराज अर्यालले उहाँसँग पढ्नुभएको रहेछ । के-कसरी हो उहाँहरू बीच दाइभाइको नाता रहेछ । मेरो मामाले उहाँसँग आफ्नी बहिनी तम्घास छिन् पनि भन्नुभएको रहेछ । यहीं सम्झनामा उहाँले इस्माका डिल्लीराजकी बहिनीको घर कहाँ हो भन्दै खोज्दै खोज्दै गर्दा साँझ झमक्क हुँदा मेरो घरमा आइपुग्नुभएछ । मेरो आमासँग भेट भएपछि उहाँले बहिनी मलाई बास दिनुपर्‍यो भनी आफ्नो सबै कुरा बताउनुभएछ । त्यसबेला राजाका विरोधी (व्यवस्थाका विरोधीलाई राजा विरोधी भनी बुझिन्थ्यो) लाई सहयोग नगर्नू भन्ने हाक उर्दी भएको रहेछ । उर्दीमा त्यस्तालाई खान बस्न नदिनू भनिएको रहेछ । आफ्ना बाबु कृपारामले घरमा पाहुना नआएको दिन बाखेछेडातर्फ चौतारोमा गई पाहुना खोजेर ल्याएर पनि सत्कार गर्ने (हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ५५ सामाजिक सेवाका प्रेरक व्यक्तित्व पं. कृपाराम पेज १२७) का छोरा मेरा पिताजीले यी सबै कुरा सुन्नुभएछ । त्यसैले सम्झेसाँझमा आएका अतिथिलाई बास हुन्न, छैन भन्ने कुरा उहाँबाट भएन । पिताजीले भन्नुभएछ - साँझका पाहुना देवता हुन्, जे पर्ला सहुँला । तपाईं मेरो घरमा ससम्मान बास बस्न सक्नुहुन्छ । यसरी मेरो घरमा बसेका कविले तम्घास बस्दा बिहान सबेरै उठ्ने, तत्काल हामी सबैको पानी लिने स्थान महेन्द्र मा.वि. खेलमैदान चिदीचौरमुनिको गौमुखे धारा भएकोले त्यहाँ गई स्नान गर्ने, सन्ध्या, पूजा-पाठ गरेर मात्र खाना खाने र दिनमा अड्डमा हाजिर हुने उहाँको नित्यकर्म बनेछ । उहाँका गतिविधिको चियोचर्चो गर्न एकजना प्रहरी गोप्य रूपमा खटाइएको रहेछ । कविका दैनिक काम व्यवहारबाट उहाँमा कुनै पनि राजनीतिक क्रियाकलाप नपाएपछि उहाँको गोप्य कार्य बुझ्न खटिएको प्रहरी कर्मचारीबाट यस्ता सात्विक महापण्डितलाई दुःख दिनुहुन्न भन्ने सिफारिसमा तत्कालीन वडाहाकिमले उहाँलाई रिहा गरेछन् । त्यस्ता कर्मेष्ठी बडाचौरे दाइलाई मैले करिब एक महिना खुवाएकी हुँ भनी मेरी आमाले भन्नुहुन्थ्यो ।

उक्त कुरा मैले सम्झिरहेको थिएँ । २०३२-२०३४ सालतिर होला, त्यस्तै साँझपख कविजी मेरो घर आउनुभयो । यसपटक पनि उहाँले इस्मा डिल्लीराजकी बहिनीको घर यही हो भनेर सोध्नुभयो । मैले हो भनें । तिमी को हौ ? उहाँले सोध्नुभयो । मैले म उहाँको छोरा हुँ भने । उहाँले भन्नुभयो । २०१८ सालमा अड्डाले मलाई दैनिक तारेखमा राखेको बेला यहीं तिम्रोमा म बसेको हुँ । आज पनि बस्न आएँ । त्यसबेला तिमी भर्खरको सानो बच्चा भएकाले कहिलेकाहीं काखमा राखेर भुलाएको पनि छु । यी कुरा सुनेपछि मेरो आमा खुशी हुनुभयो ।

केही बेरका कुराकानीपछि नै उहाँले सोधेर हो या के हो ? त्यसबेला हामी सुत्काहा (सूतक) परेको कुरा आमाले गर्नुभयो । त्यो सुन्नासाथ उहाँले मेरो लागि खानेकुरा बनाउनु परेन भन्नुभयो । खाना नखाई कसरी बस्ने-बसाउने भनी मेरो आमाले अप्ठ्यारो मान्नुभयो । त्यसैबीच आमाले आफ्नोमा भैसी दुहुनो भएको कुरा पनि गर्नुभयो । त्यो सुनेर कविजीले भन्नुभयो - मेरो खाने कुरा रहेछ त । उहाँले भन्नुभयो - दूध भए त भइहाल्यो तर तिमीले पानी नपरेको दूध मलाई दिनू, मैले आफै तताएर खान्छु । यस्तो आदरणीय दाजुको कुरा सुनेपछि आमा पनि खुशी हुनुभयो । गोठबाट गाबुमा दुहेर ल्याएको दूध तताउन मिल्ने भाँडामा उहाँको लागि बाहिर नै राखी छाड्नुभयो । कविले त्यो दूध उरिमभित्रको खुल्ला भागमा आफै तताई खानुभयो । त्यो रात मेरो कोठामा सँगै बस्यौं । अर्को दिन बिहान सबेरै घरतर्फ जान खोज्नुभयो । हाम्रोमा खाना नखाने भएपछि बसौं भन्न सकिएन । शायद उहाँ काठमाडौंबाट आउनुभएको थियो । यो घटनाबाट उहाँसम्बन्धी अन्य लेखहरूमा समेत उल्लेख भए झैं कवि आहार विहार र खान पानको कुरामा कुनै सम्झौता नगर्ने कट्टर हुनुहुन्थ्यो भन्ने स्पष्ट हुन्छ । त्यसपछि उहाँसँग सम्पर्कमा हुन सकिनँ, उहाँको विषयमा थप जान्ने जिज्ञासा बढेको थियो । यो विशेषाङ्कले त्यो केही हदसम्म पूरा गरायो ।

२५६ पृष्ठ भएको समीक्षाखण्ड विशेषाङ्कको सबैभन्दा ठूलो खण्ड हो । समीक्षा खण्डमा विशिष्टतम विद्वान्हरूले माथि उल्लिखित विषयमा विहङ्गम दृष्टि राखी आ-आफ्नो लेखमार्फत उच्चस्तरको विश्लेषणात्मक समीक्षा गर्नुभएको छ । यसमा कविको शतवार्षिक स्मृति-विशेषाङ्कको लागि नै भनी तयार गरिएका लेखहरूका अतिरिक्त विविध पद्यावलिलाई "विविध रत्नावलि" भनी सम्बोधन गर्न रुचाउने प्रा.डा. वेणिमाधव ढकालको विविध पद्यावलिमा पूर्व प्रकाशित लेख, कविका कृति दुई संस्कृत महाकाव्यका भूमिकाबाट उद्धृत प्रा.डा. विष्णुप्रसाद आत्रेयका लेख, शोधकर्तृ सीता रिजालको शोधपत्रबाट लेख आदि लेखहरू र अपर्णा पत्रिकाबाट साभार उद्धृत लेख पनि छन् । कविको कृति जगदम्बिकावैभवम् महाकाव्यबाट 'जगदम्बिकावैभवम् महाकाव्यस्य साहित्यिकमनुशिलनम्' शीर्षकमा विद्यावारिधि गर्ने प्रा.डा.को लेख, कविका कुनै बेलामा छात्रसमेत भई उहाँलाई नजिकबाट नियालेका प्रा.डा.को लेख पनि यसै खण्डमा छन् । यसप्रकार कविलाई वैयक्तिकरूपमा चिन्ने जान्ने बुझ्ने विशेष सान्निध्यमा रहेका व्यक्तित्वदेखि कविका कृतिबाट जानकार व्यक्तित्वका लेखले पनि स्थान पाएको पाइन्छ ।

कविका छोरीहरूमा धेरै स्थानमा गेहलक्ष्मी, विजया र कमला भनिएको छ । कविपुत्र प्रा.डा. लक्ष्मीकान्त पन्थीको "पितुर्जीवनमीदृशम्"को अन्तिम स्लोकमा र अन्य दुई लेखकको लेखमा पनि शान्ता, विजया र कमला भन्ने उल्लेख भएको पाइन्छ । जेठी छोरीलाई गेहलक्ष्मी तथा शान्ता दुबै भन्ने नभन्नेबारे कतै स्पष्ट पारिएको छैन ।

समीक्षाखण्डभित्र पेज ३६६ र पेज ३७३, पेज ३६९ का अन्तिम दुई अनुच्छेद तथा पेज ३७० र पेज ३७७ का अन्तिम दुई अनुच्छेद तथा पेज ३७८ का कुराहरू अक्षरशः दोहोरिएको पाइन्छ । यसो हुनुमा दुई पुस्तकका छुट्टाछुट्टै शुभकामना लेख एउटै खण्डमा समावेश गरिएकोले पनि हो ।

संस्कृत लेखहरूबाहेकका अन्य लेखहरूमा प्रा.डा. भेषराज अर्यालका चार लेखबाट कविका विषयमा धेरैभन्दा धेरै जानकारी लिन सहज भएको छ । एउटै लेखकका धेरै लेखहरू अरूका पनि परेका छन् । विशेषाङ्कका सबै लेखहरू स्तरीय छन् । यी सबैको अध्ययनबाट महाकवि पं. भीमकान्त पन्थीका विषयमा सबै कुराको जानकारी पाइन्छ ।

संस्कृतखण्डमा रहेका संस्कृत विधाका लेखहरू संस्कृतका जानकार विद्वान्हरूका लागि बढी उपयोगी छन् । संस्कृतको सामान्य पनि जानकार नभएकालाई भने बुझ्न सहज छैन ।

पेज ६५२ मा दिइएको छायाचित्रलाई महाकवि पं. भीमकान्त पन्थी भनी प्रष्टाइएको छ । त्यसपछि पेज ६५३-६५६ सम्मका छायाचित्रहरूलाई क्रमशः पितामाता एकसाथ, पिताजीका साथ जेठा छोरा, अभिनन्दन कार्यक्रममा पिताजी, दुई नातिनीसहित मातापिता, बुबाआमाका साथ पाँचै भाइहरू, ठूली आमाका साथमा पिताश्री, दुई भाइहरूका साथमा पिताश्री भनी छोराहरूको सम्बोधनहरूबाट प्रष्टाइएको पाइन्छ । कविका पुत्रको छपाइसम्ममा पनि सहभागिता रहेकोले सो सम्बोधन पर्न गएको बुझ्न सकिन्छ ।

विश्व ब्रह्माण्ड सञ्चालिका जगत्जननी भगवतीका अनन्य भक्त कविको नाममा प्रकाशित विशेषाङ्क पत्रिकाको आवरणपृष्ठमा भगवती ईश्वरीको मन्दिर चारपाला दरबारको साथमा कविको तस्विर राखिनुले संयोग, दैवीकृपा र प्रकाशनको चयन सबै जुटेको पाइन्छ ।

हाम्रो पुरुषार्थको स्थायी स्तम्भअन्तरगत पालिका-परिचयमा गुल्मी जिल्लाकै महत्त्वपूर्ण गुल्मीदरबार गाउँपालिकाको संक्षिप्त परिचय, चन्द्रप्रसाद उपाध्यायको लेखबाट मिल्यो । ऐतिहासिक गुल्मीदरबारको समीप १०० मी. जति तल रहेको गुल्मी जिल्लाको सबैभन्दा पुरानो तथा प्रसिद्ध शिवालय मन्दिरको बारे लेख र दिइएका छायाचित्रमा उल्लेख पाइएन । यस्ता छुटेका ऐतिहासिक धरोहर तथा तथ्यगत कुराहरू सबै समावेश गरी एकीकृत गा.पा. परिचय अद्यावधिक हुनु जरुरी छ ।

राष्ट्रका गौरव महाकविलाई राष्ट्रिय रूपमै समुचित कदर हुनुपर्ने, त्यो भएको पाइँदैन । उहाँका कृति प्रकाशनमा पनि राज्यको सहयोग परेको देखिंदैन । कविका पितृभक्त पुत्रद्वारा उहाँका सबै कृति प्रकाशित हुनु र किरण पुस्तकालय

गुल्मीबाट कोरोनाको कहरबीच असहज अवस्थामा पनि कविलाई थप प्रकाश पार्ने उद्देश्यले कवि विशेषाङ्क प्रकाशित गरिनु दुबै कार्य प्रशंसनीय छन् । यस्तो सत्प्रयासको लागि खटिने सबैप्रति आभार र अमर कविप्रति श्रद्धासुमन प्रकट गर्दछु ।

**- रामचन्द्र पन्थी**
**रेसुङ्गा न.पा.-१, आदर्श निकेतन, गुल्मी**

# हाम्रो पुरुषार्थ-८९ का बारेमा

श्रीमान् सम्पादकज्यू,
हाम्रो पुरुषार्थ (त्रैमासिक)
किरण पुस्तकालय, गुल्मी
महोदय,

हालै मात्र यस किरण पुस्तकालयबाट प्रकाशित हाम्रो पुरुषार्थ पत्रिका वर्ष ४८, अंक २, सम्पूर्णाङ्क ८९ (माघ-चैत्र, २०७७) हेर्ने, पढ्ने अवसर पाएँ ।

विशेष कारणवश लकडाउनको बेला परेको हुनाले गृहबन्दी जस्तै घरमा बसिरहेको अवस्थामा यो पत्रिका आदिदेखि अन्त्यसम्म पढिसकियो । त्यसैले आफ्नो मनमा लागेका केही कुराहरू अति संक्षेपमा पाठक प्रतिक्रियाका रूपमा लेख्दैछु । कृपया मेरो लेखाइलाई अन्यथा नसम्झनुहोला भन्ने अनुरोध छ ।

२०२५ सालमा स्थापित किरण पुस्तकालयले आफू पाँचै वर्षको हुँदा २०३० सालदेखि नै हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाको प्रकाशनको थालनी गरेर गुल्मी जिल्लाका साथै समग्र लुम्बिनी अञ्चल एवम् त्योभन्दा परपरसम्म पनि पिछडिएको र अशिक्षित नेपाली समाजमा साहित्यिक चेतना बढाउँदै समाजलाई अग्रसर हुन प्रेरणा दिने काम गरेको यथार्थ जानकारी मैले बताइरहनु पर्दैन । नियमित रूपमा प्रकाशन हुँदै आएको यस पत्रिकाका विशेषांकहरू पनि समयसमयमा समाजका अगाडि पस्किएर किरण पुस्तकालयले अतुलनीय र अनुकरणीय कार्य गरेको कुरा सर्वविदितै छ । यसै परम्परालाई कायम राख्दै अहिले महाकवि पं. भीमकान्त पन्थीका स्मृतिमा उहाँको जन्मशताब्दी विशेषांक प्रकाशन गरेर स्तुत्य एवम् प्रशंसनीय काम गरेको देखियो । यस अर्थमा सम्पादक मण्डलका सबै सदस्यहरू धन्यवादका पात्र छन् ।

यस विशेषांकले महाकवि पं. भीमकान्त पन्थीज्यूका विषयमा समग्र जानकारी (उहाँको जीवनी, वंशपरम्परा, कृतित्व, वैशिष्ट्य, महत्त्व, गुरुत्व एवम् गुणगौरव आदि) दिएको छ । यति मात्र नभई उहाँको व्यक्तिगत चरित्र, क्षमता, दक्षता, कुशलता एवम् समाजमा उहाँले गरेका राम्रा कार्यहरूको समेत उल्लेख गरेर

पाठकहरूको साहित्यिक जिज्ञासा र पिपासा मेटाउने काम गरेको छ । यी सबै कुरा किरण पुस्तकालयले गरेको उदारता हो र उक्त विशेषांकको विशेषता पनि हो ।

यति हुँदाहुँदै पनि मेरा मनमा लागेका केही खसखस भन्न बाँकी नै छन् । तिनलाई पनि यथार्थ रूपमा प्रस्तुत गर्दैछु । ती के हुन् भने-यसमा प्रकाशित भएका सबैजसो लेखरचनाहरू विज्ञ तथा योग्य व्यक्तिहरूद्वारा लेखिएका हुँदाहुँदै पनि कतैकतै प्रूफ हेराइको कमजोरीले भनौं अथवा दृष्टिदोषले गर्दा छुटेका या अशुद्ध भनौं अस्पष्ट हुन गएका ठाउँहरूको क्रमशः उल्लेख गर्दैछु । तिनलाई आगामी अंकमा प्रकाशन गरेर पाठकहरूलाई शुद्ध पाठ पढ्ने चेतना जगाइदिनुहुनेछ भन्ने अपेक्षा लिएकी छु । मैले देखेका त्रुटिहरू यसप्रकार छन् :

| हुनुपर्ने | पृष्ठ, हरफ | भएको |
|---|---|---|
| २०१० | ४, हरफ १२ | १०१० |
| उहाँले | ११, हरफ ५ | उहाँ |
| फक्किकाहरूसम्म | ५२, हरफ १२ | फट्टिकाहरूसम्म |
| गर्नुहुन्नथ्यो | ५८, हरफ १८ | गर्नुहुन्थ्यो |
| यो देवः | ६६, हरफ ११ | या देवः |
| मीनप्रसाद नेपाल | ७१, हरफ ३ | भीमप्रसाद नेपाल |
| सप्तानाभृषीणा .. | ८१, हरफ ३३ | सम्तानामृषीणा |
| पाठशालाको | ८९, हरफ ११ | पाठशालको |
| आङ्गिरस | ९३, हरफ २२ | अङ्गिरस |
| यदा कदा | ९५, हरफ १६ | यदायदा |
| शिवसायुज्यको | ९५, हरफ २९ | शिवसामुज्यको |
| चौथो गर्भ | १००, हरफ १७ | चाथो गर्भ |
| उहाँको पढ्न जाने | १०२, हरफ २१ | उहाँलाई पढ्न जाने |
| खगेश्वरका | १०४, हरफ १० | खगेश्वराका |
| स्वाध्ययन | १०५, हरफ ९ | स्वाध्यायन |
| पिताजीसँग | १११, हरफ ३२ | पिताजीलाई |
| पिताजीमा | १२३ हरफ ९ | पिताजीम |
| माहिलो बुबाको | १४३, हरफ १६ | महिलो बुबाको |
| भने | १४३, हरफ १० | भन |
| स्वाध्ययन | १४७, हरफ २८ | स्वध्ययन |
| श्रीमद्भगवद्गीताको | १४९, हरफ २३ | श्रीमद्भागवतगीताको |
| सप्तशती | १५६, हरफ ५ | सप्तसती |
| बन्लान् तीव्र विद्वान् पढेर | १५८, हरफ ११ | बन्लान् तीव्र विद्वान बनेर |

| हुनुपर्ने | पृष्ठ, हरफ | भएको |
|---|---|---|
| प्रतिबद्ध | १७७, हरफ २९ | प्रतिवद्ध |
| उहाँ | १७९, हरफ २ | उहाँको |
| धान्याचल | १९१, हरफ ३० | धन्यान्चल |
| आफन्तजनको | १९६, हरफ २५ | आफन्तको जनको |
| बि. एल. | २०१, हरफ ७ | वि. एल |
| दुःख | २०१, हरफ १० | दुख |
| बाल्यकालमा प्रायः | २०१, हरफ १२ | बाल्यकाल प्रायः |
| वेदमन्त्र | २०३, हरफ २३ | देवमन्त्र |
| पद्मनाभ | २०७, हरफ २ | पद्मनाम |
| पाशुपत | २५९, हरफ २८ | पशुपत क्षेत्रस्थित |
| षट्कर्म | २६२, हरफ २९ | सद्कर्म |
| प्राध्यापन गरी | २७३, हरफ२४ | प्राधध्यापन गरी |
| राजनीतिक | २७८, हरफ १८ | राजीतिक |
| ५ महिनासम्म | २७८, हरफ २६ | ३ महिनासम्म |
| मातः शिवे | ३०७, हरफ १७ | मातः । शिवे |
| जगतो | ३२४, हरफ ३१ | जगतो |
| कविको भगवान्प्रति | ३२९, हरफ २७ | कविले भगवान् प्रति |
| ब्रह्मीभूय | ३५२, हरफ ९ | बह्मीभूय |
| छुट्टाछुट्टै | ३५३, हरफ ८ | छुट्टाटुट्टै |
| ऽधरनासा | ३५३, हरफ ११ | ऽधरानासा |
| प्राथमिक | ३६६, हरफ १७ | प्रथमिक |
| नदिंदै | ३६६, हरफ २६ | नदिदै |
| अध्यवसाय | ३७३, हरफ ८ | अध्यवासाय |
| सब सहू | ३८४, हरफ २ | सह सहू |
| जगतोऽर्कवत् | ३८९, हरफ १३ | जगत्ोऽर्कवत् |
| कमनीयम् | ३९०, हरफ २१ | कमनीमम् |
| उच्चित्योच्चित्यनूत्नं | ३९४, हरफ ८ | उच्चित्योच्चित्यनूत्नं |
| यद् वाणीविनोदक्षमं | ३९४, हरफ १७ | यद्वाणीविनोदक्षमं |
| यस्तै कोही आआफ्नो | ३९६, हरफ २१ | यस्तै आआफ्नो |
| गुरूनजस्रं | ४००, हरफ २६ | गुरुनजस्रं |
| खोजी गर्नू | ४०१, हरफ १३ | खोजि गर्नू |
| भएर रहनुमा | ४०४, हरफ ३ | भएर रहनु |
| यहाँ | ४०७, हरफ २२ | उहाँ |
| प्राचीनकालका | ४१२, हरफ २२ | प्राचीनकालमा |

| हुनुपर्ने | पृष्ठ, हरफ | भएको |
|---|---|---|
| पन्नगा | ४१२, हरफ २३ | पन्नागा |
| कविद्वारा | ४१६, हरफ ४ | कविले |
| उपमा | ४२४, हरफ १० | उपमामा |
| मैले सानै छँदा | ४२९, हरफ ७ | म सानै छँदा |
| बाह्र र आठ | ४३३, हरफ २३ | आठ र बाह्र |
| जगतो | ४३४, हरफ ३१ | जगत् |
| भीमकान्त | ४४६, हरफ १ | भमिकान्त |
| भीमकान्त | ४४६, हरफ १२ | डा. भीमकान्त |
| अवरोहहरू | ४४६, हरफ २४ | अबरोहहरू |
| बेतारका पनि खबर् | ४४८, हरफ २९ | बेतारका खबर् |
| सम्बोधन गर्दै | ४५३, हरफ ३० | सम्बोाधन गर्दै |
| वासिष्ठ | ४५७, हरफ ३ | वाशिष्ठ |
| परिस्थिति | ४६०, हरफ२० | परिस्थिसत |
| पद्यावलि हो | ४६०, हरफ २६ | अपवद्यावलि हो |
| सप्तमीसम्म | ५०२, हरफ २१ | सप्तमीपछि |
| साहित्यको | ४६३, हरफ २ | साहित्यिको |
| तु नैकाभिः | ५०८, हरफ २४ | नु नैकाभिः |
| अत एव | ५१०, हरफ ११ | अत स्व |
| रिपुरल्पकोऽ पि वा | ५११, हरफ २० | रिपुरल्पकोऽपि वा |
| न हि दृश्यम् | ५१३, हरफ १६ | नहि दृश्यम् |
| न कोऽपिजानाति | ५१५, हरफ १९ | न कोऽपिजानति - |
| विष्णुरिति | ५१६, हरफ ९ | विणुरिति |
| जगदम्बिका | ५१७, हरफ ३ | जचदम्बिका |
| देवीं तुतोष | ५१७, हरफ १२ | देवी तुतोष |
| भगवतीं प्रार्थयति | ५१७, हरफ १४ | भगवर्तीप्रार्थयति |
| भाविसर्गकथासंकेतञ्च | ५१९, हरफ १९ | भाविसर्गकथासकेतञ्च |
| ध्रुवस्तुतिं विहायान्या | ५२०, हरफ २८ | ध्रुवस्तुति विहायान्या |
| तन्न हि मोक्षजं | ५२१, हरफ २७ | तन्नहिमोक्षजं |
| तथाऽनेकैर्हायनैः | ५२२, हरफ १७ | तथाऽनैकैर्हायानैः |
| ध्रुवस्यैश्वर्यं | ५२३, हरफ २३ | ध्रुवस्यैश्वर्य |
| दण्डवत्प्रणेमतुः | ५२९, हरफ २२ | दाण्डवत्प्रणेमतुः |
| षण्मासं | ५३३, हरफ ४ | पण्मासं |
| जगत् | ५३४, हरफ ९ | जागत् |
| मतस्तच्चरित्रं | ५३५, हरफ २० | मतस्च्चरित्रं |

| हुनुपर्ने | पृष्ठ, हरफ | भएको |
|---|---|---|
| यजुर्वेदे प्राप्यते | ५३७, हरफ १६ | यजुर्वेदेऽप्राप्यते |
| शिवाराधादुर्गादिषु | ५४४, हरफ ४ | शिवारादुर्गादिषु |
| निर्मितम् | ५४७, हरफ २० | निर्मितम |
| सत्वरजस्तमोगुणमय्या | ५४९, हरफ २५ | सत्वरजोतमोगुणमय्या |
| धार्मिकं | ५५२, हरफ २३ | धार्मिक |
| समर्थाः सन्ति | ५५२, हरफ २८ | समर्था सन्ति |
| चर्चां विदधाति | ५५४, हरफ ८ | चर्चा विदधाति |
| ऋषीनृषिपत्नींश्चाभिवादयते | ५६१, हरफ ९ | ऋषीनृषिपत्नीश्चभिवादयते |
| २. २. १ भक्तिरसः | ५६२, हरफ १ | भक्तिरसः |
| भक्तिरससम्प्रदायानुसारं | ५६२, हरफ २६ | भक्तिरसाम्प्रदायानुसारं |
| पुत्र्याः सफलं | ५६६, हरफ ९ | पुत्र्या सफलं |
| एतेषां गुरूणां | ५६९, हरफ १३ | एतेषां गुरुणां |
| बाग्लुङ्मण्डलवास्तव्यः | ५८०, हरफ २ | वाग्लुङमण्डलवास्तव्यः |
| रत्नाद्युपाधिविभूषितः | ५८५, हरफ ५ | रत्नाद्युपादिविभुषितः |
| माधव भट्टराईः | ५८४, हरफ ५ | माधवभट्टराई |
| पन्नगायाः | ५८५, हरफ ८ | पन्नगयाः |
| शक्यविश्वविभूतिमत्वस्यास्य | ५८६, हरफ १३ | शक्यविश्वविभूतिमात्वस्यास्य |
| श्रीर्यशोविद्यांवित्तं | ५८६, हरफ १८ | श्रीर्यशो विद्यावित्त |
| श्रीभीमकान्तमभिनन्दति | ५९२, हरफ १२ | श्रीभीमकान्तभिनन्दति |
| कदार्कं त्वांलब्ध्वा | ५९२, हरफ १९ | कदार्कं त्वा लब्ध्वा |
| कमनीयकथं | ५९३ | कमनीय! कथं |
| ज्योतिःशास्त्रं | ५९६, हरफ २२ | ज्योतिषस्य |
| सतीर्थ्यांश्चतुतोष | ५९७, हरफ २८ | सतीथ्यांश्व तुतोष |
| ग्रन्थेऽस्मिन्नङ्कितानिच | ५९९, हरफ १० | परिशिष्टेऽङ्कितानि च |
| तपोमयम् | ६०२, हरफ ५ | तमोमयम् |
| सर्वेषां प्राणिनां | ६०६, हरफ २ | सर्वेषां प्रणिनां |
| काव्यामृतदेशिकाय | ६०८, हरफ २७ | काव्यमृतदेशिकाय |
| चन्दनार्चितभालेन | ६०९, हरफ १३ | चन्दनार्चिनभालेन |
| त्वयिकृपामूर्तौ | ६११, हरफ २३ | त्वपिकृपामूर्तौ |
| ब्राह्मणको कर्तव्य | ६२१, हरफ १४ | ब्राह्ममणको कर्तव्य |
| पाञ्चायनपूजा | ६२१, हरफ १४ | पाञ्चयनपूजा |
| भारतीं मे नियन्तुं | ६२१, हरफ २५ | भरतीं मे नियन्तुं |
| यसको अर्थ | ६२१, हरफ २९ | यसकको अर्थ |
| हाम्रो पाप नाश गरोस् | ६२२, हरफ १८ | हाम्रोनाश गरोस् |

| हुनुपर्ने | पृष्ठ, हरफ | भएको |
|---|---|---|
| पछि यो अर्थ | ६२२, हरफ १८ | पछि यो अर्थे |
| भ्रूयुगान्तर विषे गई पस्दा | ६२३, हरफ ३ | भ्र्युगान्तर विषे गडपस्दा |
| उतारें भन्ने | ६२३, हरफ २३ | उतरें, भन्ने |
| शास्त्रीतैलङ्गलाई | ६२३, हरफ ३० | शास्त्रीनैलङ्गलाई |
| अर्धश्लोक यस्तो छ - | ६२३, हरफ ३२ | अर्घश्लोक यस्तो छ - |
| शिवसायुज्यमगाच्छिरोमणिः | ६२४, हरफ १ | शिवसायुज्यगाच्छिरोमणिः |
| पद्मिन्येकासहस्रच्छद | ६२४, हरफ १२ | पद्भिन्येकासहस्त्रच्छद |
| तत्रगङ्गाप्रवाहः ॥ | ६२४, हरफ १४ | तन्न गङ्गाप्रवाहः ॥ |
| गर्नुपर्दछ | ६२४, हरफ १६ | गर्नुपर्छछ |
| विद्वद्वरेण्यगणमस्तकरत्नपुष्प | ६२४, हरफ २२ | विद्वद्वरेयण्गणमस्तकरन्तपुष्प |
| परिपूजितपादपद्म ! | ६२४, हरफ २३ | परिपूजितपादपद्य |
| वियोगमवाप्य | ६२८, हरफ १८ | वियोगमयाप्य |
| घर नजिकैबाट | ६२९, हरफ ९ | घर जनिकैबाट |

यसरी धेरै ठाउँमा अशुद्ध पदहरू छापिएर प्रकाशित भएको देखेकी हुनाले तपाइँहरूको लोकप्रिय हाम्रो पुरुषार्थ पत्रिकाका पाठक महोदयहरूलाई पनि मेरो विनम्र अनुरोध यो छ कि शुद्ध र अशुद्धको ख्याल गरेर त्यसको अर्थसमेत विचार गरेर पढिदिनुहोला । किमधिकम् ।

भवदीय,

**- भक्ति उपाध्याय**

चाबहिल, गंगाहिटी, काठमाडौं

ooo


**सडक हामी सबैको साझा सम्पत्ति हो ।**

**सडक अतिक्रमण दण्डनीय अपराध हो ।**

**सडक पूर्वाधार विकास कार्यालय**

गुल्मी

# किरण पुस्तकालयका आजीवन सदस्यको परिचय



नाम : **सीता सुवेदी पन्थी**
पिता/माता : लोकनाथ सुवेदी/केसरी सुवेदी
पति : चन्द्रशेखर पन्थी
जन्ममिति : वि.सं. २०३० फागुन २० गते
ठेगाना : रेसुङ्गा न.पा.-९, गुल्मी
हाल : सूर्यविनायक-३, बालकोट, भक्तपुर
फो.नं. : ९८४१४१०७०६
इ-मेल : sitasubedi7@gmail.com
शिक्षा : एम्.ए., एम्. एड्.
संलग्नता : शिक्षक : पृथ्वीनारायण मा.वि., तारकेश्वर-५, काठमाडौं ।
आजीवन सदस्य : बाल साहित्य समाज, जनमत पत्रिका, जनमत साहित्यिक संस्था ।
संस्थापक कोषाध्यक्ष : बाल सिर्जना मञ्च, सहसचिव : बालकोट बौद्धिक समाज, सचिव : बुद्ध सामुदायिक सिकाइ केन्द्र, केन्द्रीय सदस्य : सामुदायिक विद्यालय अभिभावक संघ ।
कृति : पुतलीको साथी, शैक्षिक भ्रमण (बाल कविता-सङ्ग्रह), फट्फटे र कमिला (बाल कथा-सङ्ग्रह), तरङ्ग, दुई किनार (कविता-सङ्ग्रह)

---



नाम : **श्यामप्रकाश खनाल**
पिता/माता : कृष्णराज खनाल/मनकुमारी खनाल
धर्मपत्नी : सरस्वती खनाल
जन्ममिति : २२-१२-१९७९ ई.
ठेगाना : रेसुङ्गा न.पा.-५, भुवनपानी, गुल्मी
फो.नं. : ९८५११३५१०५
इ-मेल : shyamkhanal1989@gmail.com
शिक्षा : एम्.एस्सी. त्रिभुवन विश्वविद्यालय, काठमाडौं ।
संप्रति-विद्यावारिधिको शोधकार्यमा संलग्न ।
कार्यरत : उप-प्राध्यापक : मेघा कलेज, काठमाडौं ।
संलग्नता : उप-प्राध्यापक : नेशनल स्कूल अफ साइन्स, काठमाडौं (२००६-२०११), उप-प्राध्यापक (आंशिक) - सेन्ट्रल डिपार्टमेन्ट अफ फिजिक्स (त्रि.वि. २००६-२००७), आजीवन सदस्य : नेपाल फिजिकल सोसाइटी (NPS), विज्ञान र प्रविधिसँग सम्बद्ध विभिन्न गोष्ठी र सम्मेलनमा सहभागिता र कार्यपत्रहरू प्रस्तुत । विविध विषयका लेखहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित ।



नाम : **डा. किरणकुमार खनाल**

पिता/माता : कृष्णराज खनाल/मानकुमारी खनाल

धर्मपत्नी : महिमा पन्थी

जन्ममिति : वि.सं. २०४० वैशाख १५ गते

ठेगाना : रेसुङ्गा न.पा.-५, भुवनपानी, गुल्मी
हाल : नागार्जुन न.पा., रानीवन, काठमाडौं ।

फो.नं. : ९८५७०५९५५५

इ-मेल : kiransbmc@yahoo.com

शिक्षा : एम्.बी.बी.एस्. (ढाका विश्वविद्यालय, बङ्गलादेश),
एम्.डी. (चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल),
डी.एम्.ग्यासमेण्ट्रोलोजी चि.वि.रा.प्र., वीर अस्पताल ।

संलग्नता : मेडिकल अधिकृत : नेपाल सरकार (वीर अस्पताल, काठमाडौं)।

---

**हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू**

| क्र.सं. | ग्राहकको नाम | ठेगाना |
|---|---|---|
| ९२९. | श्री डा. उत्तम पच्या | रेसुङ्गा नगरपालिका-१४, पराल्मी, गुल्मी । मो.नं.: ९८५११८८८२६ |
| ९३०. | श्री सीता सुवेदी पन्थी | रेसुङ्गा नगरपालिका-९, उपल्लो तम्घास, गुल्मी । हाल : सूर्यविनायक-३, बालकोट, भक्तपुर । मो.नं.: ९८४१४१९७०६ |
| ९३१. | श्री श्यामप्रकाश खनाल | रेसुङ्गा नगरपालिका-५, भुवनपानी, गुल्मी । मो.नं. ९८५११३५१०५ |
| ९३२. | श्री रोहितप्रसाद ज्ञवाली | तानसेन नगरपालिका-२, मेहलधारा, पाल्पा । मो.नं.: ९८४७०२८८२७ |
| ९३३. | श्री डा. किरणकुमार खनाल | रेसुङ्गा नगरपालिका-५, भुवनपानी, गुल्मी । मो.नं. ९८५७०५९५५५ |

ooo

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
## प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
|---|---|---|
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा(२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |
| १७. | अमृतपान (२०७६) | विष्णुप्रसाद खनाल |
| १८. | गजल चालिसा (२०७७) | मनबहादुर खत्री 'मनु' |
| १९. | बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र (२०७७) | प्रा.डा. बाबुराम ज्ञवाली |






२०७८ वैशाख ११ गतेको शुभ साइतमा नवनिर्मित किरण पुस्तकालयमा वैदिक मन्त्रोच्चारणका साथ कन्या, ब्राह्मण अगाडि लगाई माननीय गोकर्ण बिष्टको प्रमुख आतिथ्यमा पुस्तक स्थानान्तरण




नवनिर्मित किरण पुस्तकालयमा माननीय गोकर्ण बिष्टद्वारा पुस्तक स्थानान्तरण कार्यक्रम सम्पन्न



हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क-८९ को सम्पादक शशि पन्थीद्वारा कपिलधाममा विमोचन



पं. भीमकान्त पन्थीका सुपुत्रहरू बायाँबाट क्रमश: विष्णुकान्त, डा.लक्ष्मीकान्त र चन्द्रकान्त पन्थीद्वारा कार्यक्रमको जानकारी गराइँदै



विष्णुकान्त पन्थीद्वारा 'हाम्रो पुरुषार्थ'का केही रचनाहरूको वाचन

# भाइरसले भेदभाव गर्दैन, हामीले पनि नगरौं

जुनसुकै जात, धर्म, लिङ्ग, क्षेत्र, उमेर वा वर्णका मानिसहरुलाई
कोभिड-१९ संक्रमण हुनसक्छ

## कोभिड-१९ संक्रमितलाई अपहेलना र भेदभाव नगरौं

कोभिड-१९ संक्रमण भएर आइसोलेशसनमा बसिरहनुभएका हाम्रा
आफन्त र छिमेकीहरूको नजिक जान नमिले पनि टाढैबाट

## माया र हौसला बाडौं।




कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं।



मास्क लगाऔं।




भौतिक दूरी कायम गरौं।



बेलाबेलामा साबुनपानीले हात धोऔं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

सुशिला प्रिन्टर्स, गुल्मी (५३०४५०)